शिक्षा र बजेट

(नेपालको शिक्षा क्षेत्रमा लैंगिक तथा गरिबी न्यूनीकरण बजेट)



FREEDOM FORUM

PRAN
Program for Accountability in Nepal

CECI
CENTRE FOR INTERNATIONAL STUDIES AND COOPERATION

शिक्षा र बजेट

नेपालको शिक्षा क्षेत्रमा लैंगिक तथा गरिबी न्यूनीकरण बजेट

(शिक्षा बजेटको स्रोत तथा राजस्व विश्लेषणसमेत)

FREEDOM FORUM

PRAN
Program for Accountability in Nepal

CECI
CENTRE FOR INTERNATIONAL STUDIES AND COOPERATION

यो प्रतिवेदन विश्व बैंकको नेपालमा जवाफदेहिता कार्यक्रम (PRAN) अन्तर्गत अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) द्वारा सञ्चालित कार्य सिकाइका लागि अनुदान सुविधाबाट प्राप्त सहयोगमा कार्यान्वयन भएको परियोजनाको उपज हो । यस दस्तावेजमा प्रस्तुत सूचना तथा व्यक्त गरिएका नतिजा, व्याख्या र निष्कर्षहरुले विश्व बैंक, PRAN अथवा CECI का धारणालाई प्रतिविम्बित गर्दैनन् ।

© सर्वाधिकार फ्रिडम फोरम

प्रकाशन : वैशाख २०७१
प्रति : ५०० प्रति
ISBN : 978-9937-8884-0-0

अध्यता/प्रतिवेदक
डा. राम प्रसाद ज्ञवाली
अनिरुद्र न्यौपाने

प्राक्कथन

नेपालको केन्द्रीय बजेटलाई पारदर्शी र पहुँचयोग्य बनाउने उद्देश्यले फ्रिडम फोरम विभिन्न रचनात्मक गतिविधिमा क्रियाशील छ । यस क्रममा शिक्षा क्षेत्रको बजेटमा केन्द्रित रहेर अध्ययन र विश्लेषणको कार्य गरिएको छ । आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको बजेटका तथ्यांकहरूका आधारमा नेपालको शिक्षा क्षेत्रको बजेटको गरिबमुखी र लैंगिक दृष्टिकोणबाट विश्लेषण गरी प्राप्त नतिजालाई बजेट सूचनामा नागरिकको पहुँच विस्तार गर्न र राज्यको स्रोत र साधनलाई गरिब र पछाडि परेका समुदायको हितमा प्रयोग गर्नमा तथ्यपूर्ण सुझाब दिन सकियोस् भन्ने ध्ययले यो अध्ययन गरिएको हो ।

यो अध्ययन र बजेट विश्लेषणको समग्र कार्यको संयोजन गर्नुहुने सामाजिक जवाफदेहिता अभ्यासकर्ता मित्र अनिरूद्र न्यौपाने, विशेषज्ञका रूपमा सहभागी हुनुहुने त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख डा. रामप्रसाद ज्ञवाली, अध्ययनमा आवश्यक मार्गदर्शन प्रदान गर्नु हुने प्राध्यापक डा. श्रीकृष्ण श्रेष्ठ, डा. विष्णु कार्की, शिक्षा नीति, बजेट र स्रोतसम्बन्धी आवश्यक सूचना संकलन र विश्लेषणमा महत्वपूर्ण भूमिका खेल्ने तथ्यांकशास्त्री मित्र संवेदन कोइरालालाई धन्यवाद व्यक्त गर्छु । यो अध्ययनको योजना निर्माणमा संलग्न हुनुभएका मित्र कृष्ण सापकोटा, सूचना संकलनका क्रममा विभिन्न निकायसँग समन्वय गर्ने संस्थाका उपाध्यक्ष हरिविनोद अधिकारी, अध्ययनमा महत्वपूर्ण सूचना र अमूल्य सुझाव उपलब्ध गराउने शिक्षा मन्त्रालायका सहसचिव हरि लम्साल, उपसचिव दुर्गा कँडेललगायत शिक्षा विभागका पदाधिकारीहरू, जिल्ला शिक्षा कार्यालय बाजुराका लेखा अधिकृत वसन्त थापा, विश्लेषणको खाका तयार गर्न आयोजित बैठकमा सहभागी शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र विभिन्न संस्थाका प्रतिनिधि सबै प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्छु ।

कार्य सिकाइका लागि अनुदान सुविधाअन्तर्गत बजेट विश्लेषणलगायत विभिन्न क्रियाकलापमा फ्रिडम फोरमलाई सघाउने विश्व बैंकको नेपालमा सामाजिक जवाफदेहिता कार्यक्रम (PRAN) एवं अनुदान सञ्चालन संस्था अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) प्रति आभार व्यक्त गर्छु ।

यो प्रतिवेदन मूलतः अर्थ मन्त्रलाय, राष्ट्रिय योजना आयोग र शिक्षा मन्त्रलायले निर्माण र प्रकाशन गरेका सूचनामा आधारित छ । शिक्षा क्षेत्र आफैंमा अत्यन्त ठूलो क्षेत्र भएकाले शिक्षा क्षेत्रको सम्पूर्ण बजेटका गरिब र लैंगिक पक्षलाई गहिराइमा पुगेर केलाउन नसकिएको भए पनि शिक्षा बजेटको गरिब र लैंगिक झुकावको अवस्था चित्रण गर्न तथा लैंगिक र गरिबमुखी बजेटको वर्तमान अभ्यासका सवल र दुर्वल पक्ष केलाउन यो अध्ययनबाट प्राप्त नतिजा उपयोगी हुने हाम्रो विश्वास छ । यो अध्ययन नेपालमा शिक्षा बजेटमा केन्द्रित रहेर आगामी दिनमा गरिने जुनसुकै अध्ययनका लागि पूर्वाधार तयार गर्नमा पनि सहयोगी हुने विश्वास गर्न सकिन्छ ।

धन्यवाद ।

तारानाथ दाहाल
अध्यक्ष
फ्रिडम फोरम

सारांश

नेपालमा शिक्षा क्षेत्रको बजेट मुख्य गरी शिक्षा मन्त्रालय र सो मन्त्रालयअन्तर्गतका निकायहरुमार्फत खर्च हुने बजेट हो । शिक्षा क्षेत्रमा अन्य धेरै मन्त्रालयहरुमार्फत पनि खर्च भइरहेको हुन्छ तर बजेट विश्लेषण मूल रूपमा शिक्षा मन्त्रालयमार्फत सञ्चालित शैक्षिक नीति र कार्यक्रम तथा बजेटमा केन्द्रित रहेर गरिएको हो । साथै, नेपालको शिक्षाको खर्च जुटाउने स्रोत तथा शिक्षा क्षेत्रबाटै जुट्ने विभिन्न किसिमका राजस्व तथा आन्तरिक एवं वाह्य स्रोतबाट सञ्चालित कार्यक्रमका बारेमा पनि विश्लेषण छैट्टौं अध्यायमा प्रस्तुत गरिएको छ ।

सामान्यतया बजेटले गरिबी न्यूनीकरणमा योगदान गर्न सक्छ वा सक्दैन भन्ने कुराले बजेटको गरिबोन्मुखपन निर्धारण हुन्छ । नेपालको सन्दर्भमा लैंगिक उत्तरदायी बजेट भन्नाले महिलालाई प्रत्यक्ष वा परोक्ष रूपमा फाइदा पुऱ्याउने बजेट भनेर वुझ्नुपर्ने हुन्छ । यो अध्ययनमा शिक्षा मन्त्रालयको बजेटको के-कति हिस्सा गरिब र लैंगिक मैत्री छ र कुन-कुन कार्यक्रमहरु गरिब र लैंगिक पक्षप्रति बढी उत्तरदायी छन् भन्ने विश्लेषण गरिएको छ । शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालन भइरहेका कार्यक्रमको गरिबी र लैंगिक दृष्टिकोणका आधारमा विश्लेषण गरी केन्द्रीय बजेटको तर्जुमा र खर्चमा सामाजिक जवाफदेहिताको पक्ष उजागर गर्ने प्रयास यो अध्ययनमा गरिएको छ ।

बजेट तथा स्रोत विश्लेषको प्रयोजनका लागि आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको नेपाल सरकारको केन्द्रीय बजेटअन्तर्गत शिक्षा मन्त्रालयको बजेट विनियोजन र खर्चलाई आधार मानिएको छ । बजेट वक्तव्यसँगै नेपाल सरकारले प्रकाशन गर्ने अनुमानित व्यय विवरणको सारांश (रातो किताब) मा उल्लिखित आँकडाहरु, बजेट वक्तव्यका अनुसूचीहरु र शिक्षाका स्वीकृत कार्यक्रमलाई बजेट विश्लेषणका लागि मुख्य सूचनाको रूपमा लिएको छ । लैंगिक र गरिबोन्मुख झुकाव विश्लेषणका लागि राष्ट्रिय योजना आयोगको वार्षिक विकास कार्यक्रममा प्रस्तुत संकेत तथा कार्यक्रमहरुको विवरण तथा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय र शिक्षा विभागबाट प्राप्त सूचनालाई आधार मानिएको छ । शिक्षा बजेटको विनियोजन र खर्चको विश्लेषण गरिएको छ । आर्थिक वर्ष २०६९/७० को हकमा यथार्थ खर्चको आँकडा आइनसकेकाले संशोधित अनुमानलाई प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा प्रयोग गरिएका बजेटका आँकडालाई वेग्लै अनुसूचीमा राखिएको छ ।

गरिबोन्मुख र लैंगिक उत्तरदयी बजेट विश्लेषणकै एउटा अङ्गका रूपमा नेपाल सरकारले विद्यालय तहका विद्यार्थीहरुका लागि प्रदान गर्ने छात्रवृत्ति रकमको प्रभावकारिताका सन्दर्भमा कपिलवस्तु जिल्ला र त्यहाँका केही सामुदायिक विद्यालयलाई लक्षित गरी सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधिद्वार गरिएको मामिला अध्ययनको प्रतिवेदनलाई बजेट तथा राजश्व विश्लेषणको एक भागका रूपमा वेग्लै अनुसूचीमा समावेश गरिएको छ ।

अध्ययनका प्रमुख नतिजाहरू

- नेपाल सरकरको बेग्लै शिक्षा नीति नभएको तर संविधान, ऐन, नियमावली तथा आवधिक योजनाहरुमा शिक्षाका नीतिगत प्राथमिकता झल्किएको पाइयो । तर, गरिबी र लैंगिक दृष्टिकोणले शिक्षाका नीतिहरु प्रस्ट देखिएनन् । आवधिक योजना तथा वार्षिक बजेटमा उल्लेखित कार्यक्रममा भने धेरै हदसम्म सामन्जस्यता कायाम भएको देखियो ।
- राष्ट्रिय योजना आयोगको गरिबी र लैंगिक संकेतलाई आधार मानेर आ.व. ०६५/६६ देखि आ.व. ०६९/७० सम्मको खर्च स्थिति हेर्दा सरकारी परिभाषाअनुसार कुल शैक्षिक वजेटेको ६७.४२ प्रतिशत देखि २५.८४ प्रतिशत सम्म गरिबीलाई प्रत्यक्ष प्रभाव वा

लाभ पुग्ने गरी विभिन्न वर्षहरूमा खर्च गरिएको देखियो । जबकि अर्थ मन्त्रालयको तथ्यांकअनुसार सो हिस्सा ६७ देखि ९१.३८ प्रतिशतसम्म देखियो । योजना आयोगको तथ्यांकअनुसार गरिबलाई प्रत्यक्ष लाभ पुग्ने वजेटको हिस्सा क्रमशः घट्दै गएको देखियो भने अर्थमन्त्रालको आँकडामा यो बढिरहेको देखियो ।

- अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगजस्ता राज्यका महत्वपूर्ण निकायका विचमा नै गरिवमुखी बजेटबारेको बुझाइमा अन्तर पाइयो । उपलब्ध आँकडाका आधारमा लैंगिक र गरिबमुखी बजेटको हिस्सामा विभिन्न वर्ष र निकायपिच्छे भएको घटबढको कारण पहिचान हुन सकेन ।

- बजेटको कार्यक्रमगत आधारमा विश्लेषण गर्नका तोकिएका सूचक र उपलब्ध आँकडा अपर्याप्त देखिए । लैंगिक बजेटका सन्दर्भमा सूचकहरु स्पष्ट रूपमा परिभाषित भएको देखिए पनि कार्यक्रमलाई विश्लेषण गर्नमा ती सूचकको के कसरी प्रयोग भयो भन्ने कुराको परीक्षण गर्न सकिएन । शिक्षा बजेटको निर्माण र कार्यान्वयनमा संलग्न हुने शिक्षा मन्त्रालय र विभाग जस्ता निकाय स्वयंले गरिबी र लैंगिक बजेटको परिभाषा नगर्ने गरिएको जानकारी बजेटमा संलग्न अधिकारीहरूसँगको अन्तर्वार्ताका क्रममा पनि प्राप्त भयो । अर्थात् विषयगत मन्त्रालयलाई कार्यक्रमको लैंगिक र गरिबमुखीपन बिश्लेषणमा सहभागी गराउने गरेको पाइएन ।

- गरिबी न्यूनीकरण बजेटको आठवटा सूचकमध्ये क) ग्रामीण क्षेत्रमा लगानी हुने सरकारी रकम ख) स्थानीय निकायमा जाने अनुदान रकम ग) सामाजिक क्षेत्रमा लगानी गरिने रकम जस्ता सूचकहरु अत्यन्त अवैज्ञानिक देखिए । यी तीनवटा सूचकका आधारमा शिक्षा, स्वास्थ, स्थानीय विकासजस्ता मन्त्रालयका सबै बजेट स्वतः गरिबी न्यूनिकरण बजेट हुनुपर्ने देखिन्छ । त्यसैले बजेटलाई नतिजासँग आवद्ध गर्ने पद्धति विकास नगरी यी सूचकको प्रयोग गर्दा बजेट वर्गीकरण गर्नुको औचित्य पुष्टि हुन सक्ने देखिएन ।

- शिक्षा क्षेत्रका कार्यक्रम लैंगिक र गरिबमुखी देखिए तर बजेटको प्रभाव र परिणाम मापन भएको देखिएन ।

- गरिबी न्यूनीकरणको दृष्टिकोणबाट विश्लेषण गर्दा विद्यालय क्षेत्र सुधार कार्यक्रम, प्राथमिक शिक्षा, प्राथमिक शिक्षा अन्तर्गतका शिक्षाका लागि खाद्य, अनौपचारिक शिक्षा र साक्षरता अभियानजस्ता कार्यक्रम, सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम बढी लैंगिक उत्तरदायी देखिए ।

- बजेट लैंगिक उत्तरदायी वा गरिबमुखी भए वा नभएको विश्लेषण गर्दा शिक्षा क्षेत्रको बजेट समग्र बजेटभन्दा बढी मात्रा लैंगिक र गरिबमुखी देखियो । तर, बजेटको लैंगिक र गरिवमुखीपनका वारेमा राज्यका विभिन्न निकायका बीचमा फरक बुझाई देखियो ।

- शिक्षा बजेटको अधिकांश हिस्सा चालू खर्च अन्तरगतका शीर्षकहरूले लिएको देखिन्छ । पुँजीगत खर्च नगन्य मात्रामा हुँदा गरिबको स्तर उकास्न तथा महिलाको मूलप्रावाहीकरण र विकासमा शिक्षा बजेटको कम भूमिका रहने देखिन्छ । त्यसैले नतिजाका आधारमा हेर्दा शिक्षा बजेट कम लैंगिक उत्तरदायी र गरिवमुखी देखिन्छ ।

- लैंगिक बजेटका हकका महिला र पुरूषलाई समान रूपमा योगदान गर्ने बजेटलाई प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट भनी गरिएको व्याख्याले कतै तटस्थ बजेटलाई पो लैंगिक उत्तरदायी बजेट भनिएको होइन ? भन्ने प्रश्न उब्जाउने देखियो । थोरै महिला र बढी पुरूषमा जाने बजेटलाई अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेट भनिएको पाइयो ।

- प्राथमिक शिक्षा अन्तर्गतका शहीद तथा द्वन्द्वपीडित बालबालिका शिक्षा, शिक्षाका लागि खाद्य कार्यक्रम (प्रा.वि पौष्टिका आहार), अनौपचारिक शिक्षा, पूर्वप्राथमिक शिक्षा तथा बालविकास कार्यक्रमले पुरूष र महिलालाई समान वा महिलालाई बढी लाभ पुग्ने हुनाले यी कार्यक्रमा हुने खर्चलाई लैंगिक उत्तरदायी बजेटको खर्च भन्न सकिने देखिन्छ ।

- विनियोजित बजेट र खर्च बजेटको स्थिति हेर्दा खर्च बजेटमा गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश विनियोजित बजेटमा भन्दा घटेको देखिन्छ (तालिका नं. ५.४)

- राष्ट्रिय योजना आयोगले शिक्षा बजेटका उपशीर्षकहरूलाई एउटा वर्षमा गरिबमुखी र अर्को वर्षमा अन्य वा तटस्थ तथा त्यसको विपरीत हुने गरी गरिबी संकेत प्रदान गरेकोले बजेटको अंक घटी बढी भएको वा कुनै-कुनै वर्षमा प्रत्यक्ष लाभ हुने वर्गमा कुनै बजेट नभएको पनि देखियो । यसरी परिवर्तन हुनाको कारणबारे अध्ययनका क्रममा राष्ट्रिय योजना आयोग वा अर्थ मन्त्रालयबाट थप जानकारी प्राप्त भएन ।

- प्राथमिक शिक्षाअन्तर्गतका शीर्षकहरूको अध्ययन गर्दा, बजेटको अधिकांश हिस्सा शिक्षाका लागि खाद्य कार्यक्रम तथा अनौपचारिक शिक्षा र सक्षरता अभियानले ओगटेको देखिन्छ । बजेटको अधिकांश हिस्सा ओगटेका यी दुई शीर्षकहरूको सार्थकताले प्राथमिक शिक्षाको गरिबी न्यूनीकरणको सार्थकतालाई प्रतिविम्बित गर्छ ।
- सबैका लागि शिक्षाः प्राथमिक शिक्षाअन्तर्गतका केही कार्यक्रमहरु जस्तै जिल्ला शिक्षा कार्यालय निर्माण, कक्षा कोठा निर्माण, आदि कार्यक्रमले आय गरिबीलाई हटाउन मदत नपुऱ्याए तापनि शिक्षाको अभावमा व्याप्त भएको मानवीय गरिबी न्यून गर्न सफल भएको मान्न सकिन्छ ।
- अनौपचारिक शिक्षा राष्ट्रिय साक्षरता अभियान, सामुदायिक विद्यालय क्षेमता अभिबृद्धि कार्यक्रम, विशेष शिक्षा परिषद्अन्तर्गत हुने खर्चले मानवीय गरिबी, सामाजिक वञ्चितीकरणको गरिबी तथा केही हदसम्म आमगरिबी समेतमलाई न्यून गर्न सहयोग गर्न सक्ने देखिन्छ ।
- जिल्ला शिक्षा कार्यालयहरूमार्फत खर्च हुने जिल्ला स्तरीय कार्यक्रमहरु तुलनात्मक रूपमा गरिबमुखी रहेको अध्ययनबाट देखियो तर यसरी हुने खर्चको अभिलेख पूर्ण वैज्ञानिक हुन नसकेको र नतिजासँग आबद्ध नभएको पाइयो ।
- गरिबी न्यूनीकरण भनी विनियोजन गरेको बजेटको ८२ देखि ९० प्रतिशतसम्म मात्रै उपयोग गर्न सकेको देखिन्छ ।

स्रोत र राजस्व विश्लेषणको नतिजा

- शिक्षा क्षेत्रको कुल बजेटमा आन्तरिक र वाह्य स्रोतको हिस्सा विभिन्न वर्षहहरूमा फरक-फरक देखिन्छ । आर्थिक वर्ष २०६५/६६ मा कुल बजेटको २८.१७ प्रतिशत वैदेशिक सहायताबाट बेहोरिएको देखिन्छ भने आर्थिक वर्ष २०६९/७० मा १९.१९ प्रतिशत हिस्सा मात्र वैदेशिक सहायताबाट बेहोरिएको छ । यसबाट शिक्षा क्षेत्रको बजेटको आकारमा वैदेशिक सहायताको प्रभाव रहने देखिन्छ ।
- शिक्षा क्षेत्रमा वैदेशिक सहायतामध्ये अनुदानको हिस्सा निरन्तर बढेको र ऋणको हिस्सा घटेको देखिन्छ । आर्थिक वर्ष २०६५/६६ मा अनुदानको मात्रा ७३.९४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा यो हिस्सा सतप्रतिशत पुगेको देखिन्छ ।
- आर्थिक वर्ष २०६६/६७ मा झन्डै ४० प्रतिशत वैदेशिक सहयोगको हिस्सा रहनुले आधारभूत शिक्षाका लागि समेत सरकार दातृ निकायको भर पर्नुपर्ने अवस्था दर्शाउँछ ।
- शिक्षा क्षेत्रले सरकारी राजस्वमा उल्लेखनीय योगदान गरेको पाइएन । विभिन्न किसिमका शुल्कहरूलाई राष्ट्रिय लेखामा आबद्ध नगरिएकोले शिक्षा क्षेत्रको योगदानको एकिन तथ्याङ्क प्राप्त हुन सकेन । तर, शिक्षा क्षेत्रले आफ्नै स्रोतबाट शिक्षाको खर्चको महत्वपूर्ण हिस्सा बेहोरिरहेको जानकारी प्राप्त भयो ।
- विभिन्न शैक्षिक संस्थाले उठाउने शुल्कहरु नेपाल सरकारको केन्द्रीय लेखा प्रणालीमा देखिने व्यवस्था छैन । कसले कति रकम उठायो र केमा खर्च गऱ्यो भन्ने बारेमा स्पष्ट सूचना छैन । यस शीर्षकअन्तर्गत उठ्ने रकम गैरकर शीर्षकमा राखिनुपर्ने भए तापनि यसबाट उठेको रकम केन्द्रीय प्रणालीमा देखिँदैन ।
- शिक्षा क्षेत्रअन्तर्गत राजस्वको योगदान शिक्षा सेवा शुल्क र गैरकर राजस्वअर्न्तगत विभिन्न शीर्षकहरूबाट हुने गरेको देखिन्छ । शिक्षा क्षेत्रमा राजस्वमा योगदान गर्ने गैरकर राजस्व पनि हो यसअन्तर्ग
- त विभिन्न किसिमका सेवा शुल्क, दस्तुर जरिवाना पर्छन् । गैरकर राजस्वमा शिक्षा क्षेत्रको सेवा शुल्क वा दस्तुरको हिस्सा के कति छ भन्ने एकिन तथ्याङ्क भने अध्ययनका क्रममा भेटिएन ।
- कुल राजस्वमा शिक्षा सेवा शुल्कको हिस्सा ०.०१ प्रतिशतदेखि ०.११ प्रतिशतसम्म पुगेको देखिएको छ । यसबाट शिक्षा क्षेत्रले राजस्वमा थोरै भए पनि योगदान गरेको देखिन्छ ।

सुझाव

- बजेट विश्लेषणका नतिजा तथा तथ्यगत आधारमा के भन्न सकिन्छ भने गरिबमूखी र लङ्गिक पक्ष मापन गर्ने विद्यमान अभ्यास र सूचकहरूमा परिमार्जन आवश्यक छ । बजेट उपशिर्षकलाई सिंगै रूपमा वर्गीकरण गर्नेभन्दा पनि त्यसभित्रका क्रियाकलापहरूलाई छुट्टाछुट्टै रूपमा वर्गीकरण गरी त्यसको आधारमा एउटा बजेट शीर्षक के कति मात्रामा प्रत्यक्ष प्रभाव पार्ने, अप्रत्यक्ष प्रभाव पार्ने र तटस्थ भनेर छुट्याउँदा त्यो ज्यादा वास्तविक र वस्तुनिष्ठ बन्न सक्दछ । यसले हालका क्रियाकलापहरूको पुनरावलोकन गर्न पनि सहयोग गर्छ ।
- सूचकहरूलाई वैज्ञानिक र व्यवहारमा सबैले एउटै अर्थमा प्रयोग गर्न सकिने खालको बनाइनु आवश्यक छ । बजेट प्रक्रियामा संलग्न सबै निकायको बुझाइमा एकरूपता हुने गरी वर्तमान प्रणाली सुधार गर्नुपर्छ जसले बजेट लाई गरिबउन्मूख र लैंगिक आधारमा वर्गीकरण गर्नुको औचित्य स्थापित गर्छ ।
- बजेट तथा कार्यक्रम निर्माण गर्दा पर्याप्तता, समन्यायिकता, कार्यसक्षमता जस्ता पक्षहरूमा ध्यान दिनुपर्छ । गरिबी, लैंगिक पक्ष, दुर्गम र सामाजिक सांस्कृतिक पक्ष जस्ता विषयहरु यिनै माथिका तीनओटा सिद्धान्तभित्र रहि तय गर्नुपर्छ । कार्यक्रम र बजेटको गरिबमुखी र लैंगिक पक्ष विकास कार्यक्रमहरूमा लागू गर्नुपर्ने हुन्छ । संरचना नै गरिबमुखी र लैंगिक उत्तरदायी वनाएपछि कार्यक्रमहरु स्वतः समावेशी बन्न सहयोग पुग्ने हुनाले त्यसतर्फ ध्यान पुऱ्याउन आवश्यक छ ।
- बजेट तथा कार्यक्रम के कति गरिब तथा लैंगिकमुखी बनाउने भन्ने विषय विद्यमान नीति, कार्यरत जनशक्तिको क्षमता र संरचना आदिमा समेत निर्भर रहने हुनाले यसतर्फ पर्याप्त ध्यान दिनुपर्छ । साथै, व्यक्तिगत, संगठनगत र प्रणालीगत क्षमता वृद्धि आवश्यक हुन्छ ।
- वस्तुगत तथ्याङ्क र सूचना नै वस्तुगत योजना तथा कार्यक्रम र बजेट निर्माणको आधार हुन्छ । बजेट तथा कार्यक्रमलाई गरीबमुखी र लैंगिक उत्तरदायी बनाउन यससँग सम्वन्धित खण्डीकृत सूचनाहरु तयारी अवस्थामा राख्नुपर्छ । सो को विश्लेषण पनि आवश्यक हुन्छ, जसले आगामी बाटो तय गर्न समेत दबाब सिर्जना हुन पुग्छ ।
- एउटै कार्यक्रमको निरन्तरता भइरहँदा लैंगिक र गरिबोन्मुख बजेटको हिस्सामा धेरै हेरफेर देखिनुले त्यस्तो फरकको कारण माग गर्दछ । आगामी वर्षहरूमा वर्तमान पद्धतिलाई व्यापक सुधार गर्नुपर्ने हुन्छ । सरकारले नै लगानी, प्रतिफललाई आधार मानेर शिक्षा बजेटको विश्लेषण गर्नु आवश्यक देखिन्छ जसले नीतिगत सुधारमा सघाउन सक्छ ।
- सामुदायिक विद्यालयहरूले विभिन्न उठाउने गरेका शुल्क वा सहयोगको अभिलेखको अभावमा शिक्षामा यो क्षेत्रबाट कति योगदान भइरहेको छ भन्ने एकिन गर्न सकिने अवस्था नरहेकाले यसमा सुधार आवश्यक छ ।
- विद्यालय शिक्षमा वैदेशिक सहयोगबाट सञ्चालित कार्यक्रहरूको दिगोपनका वारेमा पर्याप्त गृहकार्य गर्नुपर्ने आवश्यकता देखिन्छ । प्राथमिक शिक्षालाई वैदेशिक सहयोगले प्रभावित गर्ने अवस्था रहँदा शिक्षामा गरिबमुखी कार्यक्रमको निरन्तरता र प्रभावकारितामा समेत असर पर्नसक्ने भएकोले त्यस्ता कार्यक्रमहरु आन्तरिक स्रोतबाटै सञ्चालन गर्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।
- शिक्षा सेवा शुल्कको प्रभावकारी कार्यान्वयन गर्नसके शिक्षा क्षेत्रले शिक्षा बजेटको उल्लेख्य हिस्सा बेहोर्न सक्ने देखिन्छ । यो शुल्कलाई गरिवका लागि शिक्षामा खर्च गर्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।
- शिक्षा क्षेत्रमा उठ्ने विभिन्न किसिमका शुल्क तथा सहयोगहरूलाई राष्ट्रिय लेखामा आवद्ध गर्नु आवश्यक छ । यसले शैक्षिक शुल्कबाट सरकारी खर्च धान्नमा पुगेको योगदान आंकलन गर्न सकिन्छ ।

विषय सूची

क्र.सं.	विषय	पृष्ठ
१.	तालिकाहरूको सूची	
२.	चार्टहरूको सूची	
३.	अध्याय एक	
	लैंगिक उत्तदायी र गरिबी न्यूनीकरण बजेट विश्लेषणको परिचय	१
४.	अध्याय दुई	
	अवधारणा र पूर्वकार्य समीक्षा	६
५.	अध्याय तीन	
	बजेट विश्लेषण विधि	१४
६.	अध्याय चार	
	नेपालको शैक्षिक बजेटः गरिब उन्मुख र लैंगिक विश्लेषण	१६
७.	अध्याय पाँच	
	शिक्षा बजेट : राजस्व र स्रोत विश्लेषण	४८
८.	अध्याय छ	
	निष्कर्ष र सुझाव	६१
९.	अनुसूचीहरू	
	अनुसूची १ः बजेटका आँकडाहरू	
	अनुसूची २ः छात्रवृत्तिमा छात्रा र दलित विद्यार्थीको पहुँच (मामिला अध्ययन २०७०)	

तालिकाहरूको सूची

तालिका नं. ४.१	: शिक्षा बजेट बाँडफाँडको अवस्था	१७
तालिका नं. ४.२	: गरिबी न्यूनीकरणसम्बन्धी सूचक (सहस्राब्दी विकास लक्ष्य)	१८
तालिका नं. ४.३	: मुख्य-मुख्य उपलब्धि	१९
तालिका नं. ४.४.	: शिक्षकसम्बन्धी विवरण	२०
तालिका नं. ४.५	: कुल केन्द्रीय बजेटमा शिक्षा बजेट	२१
तालिका नं. ४.६	: बजेटमा शिक्षाका शिर्षकहरूको अंश	२४
तालिका नं. ४.७	: कुल बजेटमा लैंगिक उत्तरदायी बजेट	२५
तालिका नं. ४.८	: शिक्षा क्षेत्रको बजेटमा लैंगिक उत्तरदायी बजेट	२६
तालिका नं. ४.९	: कुल बजेटमा गरिबमुखी बजेट	२७
तालिका नं ४.९.१	: शिक्षा बजेटमा गरिबमुखी बजेट	२८
तालिका नं. ४.९.२	: प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट	३०
तालिका नं. ४.९.३	: प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको हिस्सा	३१
तालिका नं. ४.९.४	: प्राथमिक शिक्षाअन्तर्गतका उपशीर्षकहरूको हिस्सा	३२
तालिका नं. ४.९.५	: शैक्षिक विकासका उपशीर्षकहरूको हिस्सा	३३
तालिका नं. ४.९.६	: विनियोजित प्रत्यक्ष लैंगिक बजेटको उपयोगस्थिति	३४
तालिका नं. ४.९.७	: अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेट	३४
तालिका नं. ४.९.८	: विविध शीर्षकहरूको अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा हिस्सा	३५
तालिका नं. ४.९.९	: अप्रत्यक्ष लैंगिक बजेटको उपयोग स्थिति	३६
तालिका नं. ४.१०	: शिक्षाको लैंगिक उत्तरदायी वजेट (खर्च)	३६
तालिका नं. ५.१	: शिक्षामा विनियोजित बजेट र गरिबी न्यूनीकरण	३८
तालिका नं. ५.२	: शिक्षा क्षेत्रको बजेटको खर्च रकम र गरिबी न्यूनीकरण	३९
तालिका नं. ५.३	: शिक्षा क्षेत्रको विनियोजित बजेट	३९
तालिका नं. ५.४	: शिक्षा क्षेत्रको खर्च वजेट	४०
तालिका नं. ५.५	: गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान दिने शैक्षिक बजेट	४१
तालिका नं. ५.६	: शिक्षा क्षेत्रका विविध शीर्षक गरिबी न्यूनीकरण बजेटमा हिस्सा प्रतिशत	४१
तालिका नं. ५.७	: शैक्षिक विकास र गरिबी न्यूनीकरण	४२
तालिका नं. ५.८	: प्राथमिक शिक्षाका विविध शीर्षकहरूमा गरिबी न्यूनीकरण बजेट	४३
तालिका नं. ५.९	: विनियोजित गरिबी न्यूनीकरण बजेटको उपयोग स्थिति	४५
तालिका नं. ५.१०	: बाजुरा जिल्लामा शिक्षा बजेट र खर्च	४६
तालिका नं. ६.१	: नेपाल सरकारको राजस्व तथा अनुदान	४८
तालिका नं. ६.२	: कुल बजेटका आन्तरिक र वाह्य स्रोतको हिस्सा	४९
तालिका नं. ६.३	: शिक्षा बजेटमा आन्तरिक र वाह्य स्रोत	५१
तालिका नं. ६.४	: शिक्षा बजेटमा वैदेशिक सहयोगको प्रकृति	४२
तालिका नं. ६.५	: कुल राजस्वमा शिक्षा सेवा शुल्क	५९

चार्टहरूको सूची

चार्ट नं. ४.१	: नेपालको कुल बजेटमा शिक्षा बजेट	२२
चार्ट नं. ४.२	: शिक्षा बजेट (वास्तविक मूल्यमा)	२२
चार्ट नं ४.३	: शिक्षा क्षेत्रमा बजेट र खर्चको अनुपात	२३
चार्ट नं. ४.४	: शिक्षा क्षेत्रको बजेटमा पुँजीगत र चालू खर्चको अंश	२३
चार्ट नं. ४.५	: पुँजीगत र चालू खर्चको उपयोग अनुपात	२४
चार्ट नं. ४.६	: कुल बजेटमा लैंगिक उत्तरदायी बजेटको हिस्सा	२५
चार्ट नं. ४.७	: शिक्षा बजेटमा लैंगिक उत्तरदायी बजेटको	२६
चार्ट नं. ४.८	: कुल बजेटमा गरिबमुखी बजेटको हिस्सा	२७
चार्ट नं. ४.९	: शिक्षा बजेटमा गरिबमुखी बजेटको हिस्सा	२८
चार्ट नं. ४.१०	: शिक्षा बजेटमा प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट	२९
चार्ट नं. ४.११	: शिक्षामा गरिबोन्मुख बजेट	३०
चार्ट नं. ५.१	: गरिबमुखी बजेट र तटस्थ बजेटको खर्च	४०
चार्ट नं. ६.१	: नेपाल सरकारको राजस्व तथा अनुदान	४९
चार्ट नं. ६.२	: कुल बजेटका विभिन्न स्रोतको हिस्सा	५०
चार्ट नं. ६.३	: शिक्षा बजेटमा नेपाल सरकार तथा वैदेशिक सहयोगको अंश	५१
चार्ट नं. ६.४	: शिक्षा बजेटमा वैदेशिक अनुदान र ऋणको हिस्सा	५२
चार्ट नं. ६.५	: शिक्षा बजेटमा वैदेशिक अनुदान र ऋणको अनुपात	५३
चार्ट नं. ६.६	: राजस्वमा शिक्षा सेवा शुल्कको योगदान	६०

अध्याय
एक

लैंगिक उत्तरदायी र गरिबी न्यूनीकरण बजेट विश्लेषणको परिचय

१. पृष्ठभूमि

आर्थिक बर्ष २०६४/६५ देखि नेपाल सरकारले केन्द्रीय बजेटलाई लैंगिक र गरिबमुखी दृष्टिकोणबाट वर्गीकरणको अभ्यास सुरू गरेको देखिन्छ । सरकारको कार्यक्रम तथा बजेट लैंगिक मैत्री छ वा छैन तथा गरिबीको रेखामुनी रहेका जनताको जीवनस्तर उकास्न बजेटले के-कति योगदान गरिरहेको छ भन्ने आधारमा बजेट वर्गिकरणको यो अभ्यासलाई गरिब र लैंगिक पक्षप्रतिको नेपाल सरकारको जिम्मेवारी बोधका रूपमा लिन सकिने देखिन्छ ।

नेपालजस्तो कम विकसित मुलुकको सरकारी बजेट गरिब र महिला लगायतका पक्षमा लक्षित नभई स्रोत साधनको न्यायपूर्ण वितरणसहितको विकसित र जनउत्तरदायी राज्य स्थापना गर्न कठिन छ । बजेटमा त्यस्ता पक्षको पहुँचको अवस्था, लैंगिक र गरिबमुखी बजेट वर्गीकरणको वर्तमान अभ्यासको सैद्धान्तिक र व्यावहारिक पक्ष, सरकारको नीति तथा कार्यक्रम र बजेट विनियोजनवीचको तादम्यता, विनियोजन र खर्चको अवस्था तथा गरिब र महिलाको हितमा गरिने खर्चको मौद्रिक मूल्य सार्थकता जस्ता विषयले सरकारी बजेटको लैंगिक र गरिबप्रतिको यथार्थ झुकाव निर्धारण गर्छ, जसको विश्लेषण आवश्यक छ ।

गरिबी न्यूनीकरण, समावेशी विकास जस्ता सरकारी लक्ष हाँसिल गर्नमा मुलुकको बजेटले सहयोग गरिरहेको छ वा छैन भन्ने कुराको समय-समयमा समीक्षा गरी आवश्यक सुधार गर्नुपर्ने हुन्छ । त्यसमा कुनै न कुनै रूपमा सहयोग पऱ्याउने उद्देश्यले यो बजेट विश्लेषण गरिएको हो । यसमा आर्थिक बर्ष २०६५/६६ देखि २०६९/७० सम्मको नेपाल सरकारको केन्द्रीय बजेटअन्तर्गत शिक्षा बजेटको लैंगिक तथा गरिबमुखी विश्लेषण गरिएको छ । नेपाल सरकारले तयार गरेको लैंगिक र गरिबमुखी बजेटका सूचकहरु, बजेट शीर्षक र उपशीर्षकहरुबाट हुने खर्च र सम्वन्धित कार्यक्रमको प्रकृतिलाई आधार मानेर बजेटका उपलब्ध आँकडाहरुको प्रयोग गरी यो अध्ययन र विश्लेषण गरिएको हो ।

नेपाल सरकार (अर्थ मन्त्रालय) ले प्रकाशन गर्ने वार्षिक व्यय अनुमान अर्थात् रातो किताबमा उपलब्ध विनियोजन र खर्चका आँकडा, राष्ट्रिय योजना आयोगले बजेट उपशीर्षकहरुमा दिएको लैंगिक र गरिबमुखी संकेत तथा शिक्षा मन्त्रालयबाट प्राप्त शिक्षाका कार्यक्रमसम्वन्धी विवरणमा यो अध्ययन केन्द्रित छ । शिक्षा क्षेत्रको बजेटका स्रोत तथा शिक्षा क्षेत्रले मुलुकको राजस्वमा गर्ने योगदानको विश्लेषण पनि यो अध्ययनको अभिन्न अंगका रूपमा छ ।

१.१ बजेटको परिचय

सामान्यतया बजेट सरकारी खर्च र त्यस्तो खर्च धान्ने स्रोतको वार्षिक अनुमान हो । बजेटमा सरकारका नीति र प्राथमिकता प्रतिविम्बित हुन्छ । सरकारको वार्षिक योजनाबद्ध खर्च, आउँदो वर्षको नीति र प्राथमिकतालाई बजेटमार्फत अभिव्यक्त गरिन्छ । सरकारले आफ्नो खर्च धान्नका लागि के कस्ता कर उठाउँछ ? के कस्ता कार्यक्रमहरुमा खर्च गर्छ ? र खर्च गर्नका लागि के कत्ति वैदेशिक सहायता वा आन्तरिक ऋण लिन्छ ? जस्ता प्रश्नको जवाफ बजेटमा समेटिएको हुन्छ ।

नेपालमा हरेक वर्षको साउन १ गतेदेखि अर्को वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष मान्ने गरिएको छ । यही अवधीलाई आधार बनाएर सरकारले बजेट निर्माण गर्दछ । बजेट निर्माणमा सबै विषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगको महत्वपूर्ण भूमिका हुन्छ तर बजेट निर्माणको मुख्य जिम्मा अर्थ मन्त्रालयको हो । नेपालको अन्तरिम संविधान २०६३ अनुसार त्यसरी तयार गरिएको बजेट संसदमा अनुमोदनका लागि पेश गर्नुपर्छ । संसदले बजेट अनुमोदन गरेपछि संवैधानिक अंगहरु तथा विभिन्न मन्त्रालयअन्तर्गतका निकायहरुद्वारा स्वीकृत बजेटको अधिनमा रही विभिन्न शीर्षकहरुबाट खर्च गरिन्छ ।

सामान्यतय बजेट गर्दा देहायका दस्तावेजहरु प्रयोग गरिएका हुन्छन् ।

१ नेपालको अन्तरिम संविधान, शिक्षा क्षेत्रको आवधिक योजना, शिक्षा क्षेत्रका विभिन्न ऐन कानुन नियमावली एवं निर्देशिकाहरु ।

२ नेपाल पक्ष भई अन्तर्राष्ट्रिय मञ्चहरुमा हस्ताक्षर गरेका विभिन्न दस्तावेजहरु समझदारीहरु जस्तै सताब्दी विकास लक्ष्य, सबैका लागि शिक्षा, मानव अधिकार घोषणा पत्र ।

३ सरकारवाट समय-समयमा जारी भएका महत्वपूर्ण मार्गदर्शन एवं सोचपत्रहरु ।

४ दातृ निकायसँग सम्झौता भएका दस्तावेजहरु ।

५ सरोकारवालाहरुसंगको छलफल एवं आन्तरक्रियाबाट समय-समयमा प्राप्त भएका सुझाव तथा राय ।

६ विज्ञहरुको धारणा, मत एवं राय ।

यी दस्तावेजहरुका साथै आवधिक योजना, मध्यमकालीन बजेट ढाँचा निर्धारण (Medium Term Budgetary Framework), मध्यमकालीन खर्च ढाँचा निर्धारण (Medium Term Expenditure Framework) र व्यावसायिक योजना (Business Plan) लाई आधार मानिएको हुन्छ । बजेट तयार गर्दा देहायका पक्षहरुमा समेत सन्तुलनको अवस्था सिर्जना गर्न प्रयास गरिएको हुन्छ ।

चालू (उपभोग) र पुँजीगत खर्चः सेवा तथा कार्यहरु संचालनका लागि नियमित रुपमा आवश्यक पर्ने बजेटलाई चालूअन्तर्गत राख्ने गरिन्छ । यो रकम सामान्यतया उपभोगसँग सम्वन्धित हुन्छ । एक अर्थमा भन्नुपर्दा सेवा तथा कार्य सञ्चालनका लागि यो नभई नहुने हुन्छ । यसको मात्रा बढ्दै जानुलाई त्यति राम्रो मानिंदैन । यसैगरी पुँजी निर्माणमा हुने खर्चलाई पुँजीगत शीर्षकमा राख्ने गरिन्छ । यसमा भएको खर्चले केही समयका लागि लाभ वा सेवा प्रदान गर्न सक्छ । तसर्थ यस शीर्षकमा भएको रकमलाई लगानी भनेर मान्न पनि सकिन्छ । तर कुनै-कुनै पुँजीगंत रकम उपभोगको प्रकृतिसँग पनि मिल्ने खालका हुन्छन् ।

नियमित र विकास खर्चः निरन्तरका सेवा तथा कार्यहरु सञ्चालनका लागि आवश्यक पर्ने रकमलाई नियमित शीर्षकअन्तर्गत राख्न सकिन्छ भने नयाँ-नयाँ सेवा तथा कार्य सिर्जना गर्ने रकमलाई विकास शीर्षकअन्तर्गत राख्ने गरिन्छ । विकास बजेटबाट नयाँ अवसरहरु, नयाँ-नयाँ सेवा तथा सुविधाहरु सिर्जना हुन्छन् । बजेटबाट प्राप्त हुने यस सेवा तथा अवसरबाट आम नागरिकले लाभ प्राप्त गर्न सक्छन् ।

नियमित प्रकृतिको खर्चलाई साधारण तथा प्रशासनिक खर्चसमेत भन्न सकिन्छ । यस खर्चका कार्यक्रमहरुलाई जनतालाई प्रत्यक्ष सेवा प्रदान गर्न सहयोग गर्ने, सुशासन कायम गर्न योगदान पुऱ्याउने, राजस्व वृद्धि गर्न सहयोग गर्ने, विकास कार्यमा योगदान पुऱ्याउने र मानव संसाधन विकास, वातावरण संरक्षण तथा क्षेत्रीय सन्तुलनमा योगदान पुऱ्याउने गरी पाँच आधारमा वर्गीकरण गर्ने गरिन्छ ।

१.२. लैंगिक उत्तरदायी र गरिबमुखी बजेट

सामान्यतयाः महिला र पुरूष दुवैका लागि बराबर योगदान गर्ने बजेटलाई लैंगिक उत्तरदायी बजेट गरिबको जीवनस्तर उकास्न वा गरिबी घटाउन योगदान गर्ने बजेटलाई गरिबमुखी बजेट भन्न सकिन्छ । नेपालको सन्दर्भमा महिलाको जीवनयापनमा सघाउने बजेटलाई लैगिक उत्तरदायी बजेट भनिन्छ भने गरिबी घटाउन सघाउने बजेटलाई गरिबमुखी बजेट भन्न सकिन्छ । नेपाल सरकारले लैंगिक उत्तरदायी बजेटको परिक्षणका लागि महिलाको क्षेमता अभिबृद्धि, योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता, लाभको बाँडफाँडमा महिलाको हिस्सा, महिलाको रोजगार र आय बढाउनमा सहयोग तथा महिलाको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा कमी जस्ता पाँचवटा सुचक निर्धारण गरेको छ ।

त्यसैगरी गरिबमुखी बजेट मापनको प्रयोजनका लागि १) ग्रामीण क्षेत्रमा लगानी हुने सरकरी रकम २) ग्रामीण क्षेत्रको आय आर्जनमा सघाउ पुऱ्याउने कार्यक्रमहरुको रकम ३) ग्रामीण क्षेत्रमा क्षेमता विकासका कार्यक्रम सम्वन्धि रकम ४) सामाजिक क्षेत्रमा लगानी गरिने रकम ५)

सामाजिक सुरक्षाका कार्यक्रमहरु विशेषगरी शिक्षा स्वास्थ्य आदिका रकम ६) स्थानीय निकायलाई जाने अनुदानका रकम ७) सामाजिक परिचालनका लागि खर्च गरिने सरकारी रकम र ८) गरिबी निवारणमा केन्द्रित सरकारी रकम जस्ता सूचकहरुका आधारमा बजेटको गरिबमुखीपन मापन गर्ने गरिएको देखिन्छ । (व्यय अनुमानको विवरण २०६८/६९, अर्थ मन्त्रालय)

१.३ स्वतन्त्र बजेट विश्लेषण

स्वतन्त्र बजेट विश्लेषण भनेको सरकारको बजेटको स्वतन्त्र बजेट विष्लेषकबाट गरिने परीक्षण वा मूल्यांकन हो । बजेटले मुलुक र जनताका वास्तविक आवश्यकता पूर्ति गर्नमा के कति योगदान गर्न सक्छ वा सकेको छ, बजेट राज्यले अख्तियार गरेका नीति र प्राथमिकतासँग कत्तिको मेल खाने खालको छ भनेर गरिने विश्लेषण नै बजेट विश्लेषण हो । बजेट विश्लेषण कुनै खास क्षेत्रको बजेट वा मुलुकको पूरै बजेटको पनि हुनसक्छ ।

हरेक किसिमका बजेट विश्लेषणको आफ्नै उद्देश्य क्षेत्र र सीमा हुन्छ । यो बजेट विश्लेषण नेपालको शिक्षा क्षेत्रको बजेटको स्वतन्त्र मूल्यांकन हो । सरकारी बजेटको विश्लेषणका विभिन्न आधार हुन सक्छन् । जस्तै, गरिबी, लैंगिक पक्ष, वातावरणीय पक्ष, प्राथमिकता पक्ष, दिगो विकासको पक्ष आदि ।

१.४ नेपालमा शिक्षा बजेट

नेपालको शैक्षिक क्षेत्रका सरकारी प्राथमिकता, नीति तथा कार्यक्रमहरु र तीनमा राज्यले विनियोजन गरेको बजेट शिक्षा क्षेत्रको बजेट हो । शिक्षा क्षेत्रको बजेट हरेक तह र किसिमका शिक्षामा राज्यले गर्ने खर्च र तीनको स्रोतको विषय समेटिन्छन् । नेपालको सन्दर्भमा शिक्षा क्षेत्रको बजेट मुख्य गरी शिक्षा मन्त्रालय अन्तर्गतका निकायहरुमार्फत खर्च हुने गर्छ । तर, शिक्षा क्षेत्रमा अन्य धेरै मन्त्रालयहरुले पनि खर्च गरिरहेका हुनसक्छन् । तर, यो अध्ययन वा बजेट विश्लेषण शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित शैक्षिक नीति र कार्यक्रम तथा बजेटमा केन्द्रित रहेर गरिएको छ । मुलतः यो विश्लेषण शिक्षा मन्त्रालयबाट शिक्षा क्षेत्रमा सरकारी तहबाट खर्च हुने बजेटमा केन्द्रित छ ।

१.५ नेपालको शिक्षा क्षेत्रको गरिब एवं लैंगिक उत्तरदायी बजेट

सामान्यतया बजेटले गरिबी न्यूनीकरणमा योगदान गर्न सक्छ वा सक्दैन भन्ने आधारमा भन्ने कुराले बजेटको गरिबोन्मुखपन निर्धारण हुन्छ । नेपालको सन्दर्भमा लैंगिक उत्तरदायी बजेट भन्नाले महिलालाई प्रत्यक्ष वा परोक्ष रुपमा फाइदा पुऱ्याउने बजेट भनेर बुझ्निुपर्छ । यो अध्ययनमा शिक्षा मन्त्रालयको बजेटमध्ये के-कति हिस्सा गरिब र लैंगिक मैत्री छ तथा कुन-कुन कार्यक्रमहरु गरिब र लैंगिक पक्षप्रति बढी उत्तरदायी छन् भन्ने विश्लेषण गरिएको छ ।

यो बजेट विश्लेषणमा शिक्षा क्षेत्रको नीति तथा उद्देश्यहरु तथा ती उद्देश्यसँग समग्र शिक्षा बजेट एवं शिक्षा क्षेत्रभित्रका विभिन्न कार्यक्रमका लागि विनियोजन भएको बजेटको तादम्यता तथा बजेट विनियोजन र खर्चका बीचमा रहेका फरकको पनि विश्लेषण गरिएको छ । मूलतः शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालन भइरहेका कार्यक्रमको गरिबी र लैंगिक दृष्टिकोणका आधारमा विश्लेषण गरी केन्द्रीय बजेटको तर्जुमा र खर्चमा सामाजिक जवाफदेहिताको पक्ष उजागर गर्ने प्रयास यो अध्ययनमा गरिएको छ ।

सरकारी तवरबाट लैंगिक र गरिबमुखीपनका आधारमा बजेट वर्गीकरणको अभ्यास सुरू भएको ६ बर्ष पुरा भईसकेको तथा राज्यको ध्यान पुग्नुपर्ने बर्ग र लिंगका जनताको सरकारी बजेटमाथिको पहुँच स्थापित हुनुपर्ने विषयलाई सरकारले नै बोध गरेको देखिएको सन्दर्भमा राज्यको पक्षको उपयोग गरिबी घटाउन र लैगिक सशक्तीकरण गर्नमा कुन हदसम्म सक्षम भईरहेको छ भन्ने कुराको यथार्थ समीक्षा र स्वतन्त्र विश्लेषण आवश्यक देखिन्छ । यो अध्ययन यही अनुभूतिको उपज हो ।

२. अध्ययनको उद्देश्य

यो अध्ययन तथा विश्लेषणको साधारण उद्देश्य नेपालको शिक्षा बजेटको विश्लेषण गर्नु हो । तर, यसको निर्दिष्ट उद्देश्यहरु निम्न छन् ।

१) शिक्षा बजेटको लैंगिक विश्लेषण गर्नु

२) शिक्षा बजेटको गरिबमुखी विश्लेषण गर्नु

३) शिक्षा क्षेत्रको राजश्व तथा स्रोत विष्लेणण गर्नु

३. अध्ययनको महत्व

नेपालमा समय-समयमा सरकारी र गैरसरकारी तवरबाट बजेटका बारेमा टिप्पणी तथा बजेटको विश्लेषण हुने गरेको भएपनि लैंगिक र गरिबमुखी दृष्टिकोणबाट बजेटको व्यवस्थित अध्ययन र विश्लेषणको सुरूवात आफैंमा महत्वपूर्ण छ । यसबाट प्राप्त भएका नतिजा र निष्कर्षहरुले नीति निर्माण र परिमार्जनका लागि पृष्ठपोषण प्रदान गर्नुका साथै कार्यान्वयनमा रहेका कार्यक्रमहरु कति लैंगिक र गरिबमुखी छ भन्ने एकिन गर्न तथा सुधार र परिमार्जनका लागि आवस्यक तथ्यपूर्ण सुझाव प्रदान गर्न यसले सघाउनेछ ।

विभिन्न निकायमा रहेका वजेट सूचनालाई एकीकृत गरी विश्लेषण गरिएकोले बजेट सूचनाका नागरिकको पहुँचको वर्तमान अवस्थामा केही हदसम्म सुधार गर्नमा पनि यो अध्ययनले सहयोग गर्नेछ । अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा शिक्षा लगायतका विषयगत मन्त्रालयका विचमा लैंगिक र गरिबमुखी बजेट वारेको बुझाइमा रहेको अन्तर हटाउन, बजेट वर्गीकरण र विश्लेषणको वर्तमान अभ्यासलाई थप वैज्ञानिक एवं व्यवहारिक बनाई आगामी दिनमा गरिने यस्ता अध्ययनहरुको लागि जग निर्माण गर्नमा पनि यो बजेट विश्लेषणले सघाउने छ । त्यस अतिरिक्त राष्ट्रिय लेखामा आवद्ध नभएका राजश्वका स्रोतका बारेमा सूचना राख्न सक्ने अवस्थामा सरकारलाई पु¥याउन पनि यो अध्ययनले सघाउने छ ।

४. अध्ययन विधि

यो अध्ययनमा आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको नेपाल सरकारको केन्द्रीय बजेटअन्तर्गत शिक्षा मन्त्रालयको बजेट विनियोजन र खर्चलाई आधार मानी लैंगिक र गरिबमुखी दृष्टिकोणबाट बजेट बिष्लेषण गरिएको छ । बजेट वक्तव्यसँगै नेपाल सरकारले प्रकाशन गर्ने अनुमानित व्यय विवरणको सारांस (रातो किताब) मा उल्लिखित आँकडाहरु र शिक्षाका स्वीकृत कार्यक्रमलाई बजेट विश्लेषणका लागि मुख्य सूचनाको रुपमा लिएको छ । लैंगिक र गरिबोन्मुख झुकाव विश्लेषणका लागि राष्ट्रिय योजना आयोगको वार्षिक विकास कार्यक्रममा प्रस्तुत संकेत तथा कार्यक्रमहरुको विवरण तथा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय र शिक्षा विभागबाट प्राप्त थप सूचनालाई आधार मानिएको छ ।

नेपाल सरकार अर्थ मन्त्रालयले प्रकाशन गर्ने रातो किताबमा कार्यगत लैंगिक र गरिबोन्मुख बजेटलाई बेग्लै खण्डमा प्रस्तुत गरिएको छ । तर, कार्यक्रमगत आधारमा सो बजेट के कति गरिब र महिलामैत्री छ भन्ने अध्ययनका लागि आवश्यक आधारभूत जानकारी त्यसबाट प्राप्त हुन सकेन । त्यसैले कार्यक्रमगत अध्ययन र विश्लेषणका लागि राष्ट्रिय योजना आयोगले प्रकाशन गर्ने वार्षिक विकास कार्यक्रममा उल्लिखित आँकडा र लैंगिक र गरिबमुखी संकेतलाई सन्दर्भका रुपमा यो अध्ययनमा प्रयोग गरिएको छ ।

बजेट लैंगिक मैत्री भए वा नभएको विश्लेषण गर्ने प्रयोजनका अर्थ मन्त्रालयको लैंगिक बजेट तर्जुमा दिग्दर्शन, २०६९ मा उल्लेख गरेका सूचक र तीनको व्याख्या तथा गरिबोन्मुख बजेट विश्लेषणका लागि रातो किताबमा सूचक हो भनी उल्लेख गरिएका विषयलाई बजेट विश्लेषणको मुख्य आधार बनाएको छ । गरिबोन्मुख बजेटको हकमा अर्थ मन्त्रालयको बजेट दिग्दर्शनलाई सन्दर्भका रुपमा प्रयोग गरिएको छ । गरिब र लैंगिक बजेटका लागि निर्धारित सूचकको अध्याय दुईमा चर्चा गरिएको छ । ती सूचकमाथिको स्वतन्त्र धारण पनि यस अध्ययनमा प्रस्तुत छ ।

५. अध्ययनको सीमा

यो केन्द्रीय बजेटको विश्लेषण हो । यो मुलतः नेपाल सरकारले प्रकाशन गरेका बजेट सूचनाहरुमा आधारित भएर गरिएको विश्लेषण भएकाले सबै कार्यक्रमको शुक्ष्म जानकारी लिन जिल्ला वा कार्यान्वयन तहमा अध्ययनकर्ताहरु नपुगेकाले कतिपय धारणाहरु निर्माणमा प्रयोग भएको

सूचना अपर्याप्त पनि हुन सक्छन् । यसले विगत पाँच वर्षको शिक्षा बजेटकोमात्र विश्लेषण गरेको हो । त्यसमा पनि शिक्षा क्षेत्रमा शिक्षा मन्त्रालयभन्दा बाहिरबाट भएका र हुनसक्ने अनुमान गरिएका बजेट तथा खर्चहरुलाई अध्ययनमा समेट्न सकिएको छैन । त्यसैले यो शिक्षा मन्त्रालयको बजेटमा केन्द्रित भएर गरिएको शिक्षा क्षेत्रको बजेट विश्लेषण हो । यो समाजिक जवाफदेहिताका उपकरणको प्रयोगको सिकाइका क्रममा गरिएको विश्लेषण हुनाले प्राज्ञिक अध्ययनका सबै नियमको पूर्ण पालना यस अध्ययनमा गर्न नसकिएको पनि हुनसक्छ ।

शिक्षा बजेटको गरिब र लैंगिक विश्लेषण गर्ने सन्दर्भमा शिक्षाका बजेट उपशीर्षकअन्तर्गत रहेका क्रियाकलापहरुको प्रकृति, लाभग्राही, त्यस्ता क्रियाकलाप गर्नमा संलग्न हुने पक्षलगायत बारेका सूचनाको महत्व रहन्छ । शिक्षाका कार्यक्रमअन्तर्गत हरेक क्रियाकलाप तथा कार्यक्रमलाई स्थलगत सर्वेक्षण गरी विश्लेषण गरिएको छैन । कार्यक्रमको प्रकृति र स्वरूपको आधारमा समग्र कार्यक्रम तथा बजेटको विश्लेषण गरिएको छ ।

६. अध्ययनको संगठन

यो अध्ययन तथा विश्लेषण प्रतिवेदनलाई निम्नानुसार विभिन्न अध्यायहरुमा बाँडिएको छ ।

अध्याय एक : लैंगिक उत्तरदायी र गरिबी न्यूनीकरण बजेट विश्लेषणको परिचय

अध्याय दुई : अवधारणा र पूर्वकार्य समीक्षा

अध्याय तीन : बजेट विश्लेषण विधि

अध्याय चार : नेपालको शिक्षा बजेट गरिब उन्मूख र लैगिक विश्लेषण

अध्याय पाँच : शिक्षा बजेट : राजश्व र स्रोत विश्लेषण

अध्याय छ : निष्कर्ष र सुझाव

अध्याय
दुई

अवधारणा र पूर्वकार्य समीक्षा

लैंगिक तथा गरिबी न्यूनीकरण बजेटको अवधारणा र पूर्वकार्य समीक्षा सरकारको योजना तथा कार्यक्रमहरु, नीति र प्राथमिकताहरु र बजेटका सिद्धान्तहरुको समीक्षा र मूल्यांकन, बजेट र खर्चको तुलना, खर्च र उपलब्धिको मापनजस्ता विषयहरु बजेट विश्लेषणका क्षेत्र हुन् । यो अध्ययन नेपाल सरकारको शिक्षा बजेटको गरिब र लैंगिक उत्तरदायीपनको निश्चित सूचकका आधारमा विश्लेषण गरिएको छ ।

नेपालमा शिक्षा क्षेत्रको कार्यक्रम र बजेटलाई प्रभाव पार्ने संवैधानिक, नीतिगत र कानुनी व्यवस्था एवं कार्यक्रमहरुबारे तल उल्लेख गरिएको छ ।

२.१. नेपालमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम

नेपालमा बेग्लै शिक्षा नीति नभएको अध्ययनका क्रममा जानकारी भयो । नेपालको अन्तरिम संविधान, शिक्षा ऐन, नियम र निर्देशिकाहरु तथा कार्यक्रमहरुमा शिक्षा नीति प्रतिविम्बित भएको देखिन्छ, जसलाई तल प्रस्तुत गरिएको छ ।

२.१.१. शिक्षामा संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था

क. नेपालको अन्तरिम संविधान २०६३

संविधानमा विद्यालय वा शिक्षाको वित्तका सम्बन्धमा स्पष्ट रुपमा कुनै बुँदा उल्लेख नगरिएको भए तापनि यसमा उल्लेख गरिएका प्रावधानहरुले सार्वजनिक वित्तको क्षेत्रमा ठूलो प्रभाव एवं असर पार्ने गर्छन, ठूलो अर्थ राख्ने गर्छन् । संविधानमा उल्लेख गरिएका प्रावधानहरुबाट नै राज्यले वित्त व्यवस्था निर्धारण गर्न आवश्यक मार्गदर्शन प्राप्त गर्न सक्छ । तसर्थ शिक्षाको सार्वजनिक वित्तका सम्बन्धमा संविधानलाई मुख्य नीतिगत दस्तावेजका रुपमा लिने गरिएको पाइन्छ ।

नेपालको संविधानको धारा १७ मा शिक्षा तथा संस्कृतिसम्बन्धी हकको व्यवस्था गरिएको छ, जसअनुसार उपधारा (१) मा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृ भाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । उपधारा (२) मा प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । यसैगरी (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

यसका साथै यही संविधानको भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु खण्डमा शिक्षाका सम्बन्धमा उल्लेख गरिएका छन् । यससँग सम्बन्धित धाराहरुमा धारा ३३ (ज), धारा ३५(१), धारा ३५(१०) र धारा ३५ (१६) छन् । यी धाराहरुमा शिक्षामा लिनुपर्ने नीतिका बारेमा राज्यको दृष्टिकोण देहाय बमोजिम प्रष्ट रुपमा उल्लेख गरिएको छ ।

- धारा ३३ राज्यको दायित्व : राज्यको दायित्व देहायबमोजिम हुनेछ :- (ज) शिक्षा, स्वास्थ्य, आवास रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने,
- धारा ३५ राज्यका नीतिहरु: (१) देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरुको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्ने । (८) महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी

बनाउने नीति राज्यले अवलम्बन गर्ने । (१०) शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनीका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने । (१६) किसान, मजदुरलगायत श्रममा आश्रितवर्गको विकासको लागि प्राविधिक शिक्षा, तालिम, प्रशिक्षणको आवश्यक पूर्वाधारको व्यवस्था गरी उनीहरुलाई राज्यको विकास प्रक्रियामा सहभागी गराउने नीति राज्यले अवलम्बन गर्ने ।

ख. शिक्षा ऐन २०२८ (सातौं संशोधन २०५८) तथा नियमावली २०५९

शिक्षाको वित्तमा प्रभाव पार्ने अर्को महत्वपूर्ण दस्तावेज शिक्षा ऐन तथा नियमावलीहरु हुन् । शिक्षा ऐनमा उल्लेख गरिएका प्रावधानहरुले सार्वजनिक वित्तको आकार र मात्रा निर्धारणमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । यसले सार्वजनिक वित्तका क्षेत्रमा सरकार र अन्य पक्षहरुका लागि बाध्यात्मक र अनिवार्य अवस्था सिर्जना गरेको हुन्छ । राज्यले आफ्ना नागरिकका लागि के कस्तो प्रकारको शिक्षा के कसरी उपलब्ध गराउने, सो क्रममा के कस्तो सहयोग र सुविधा उपलब्ध गराउने, शिक्षणको माध्यम के कस्तो हुने, शिक्षकको योग्यता, दक्षता र अन्य न्यूनतम पूर्वाधारको अवस्था कस्तो हुने भन्ने सम्बन्धमा सरकारलाई निर्देशित गरिरहेको हुन्छ ।

विद्यालय शिक्षाको सन्दर्भमा चर्चा गर्दा शिक्षा ऐन मूलत राष्ट्रिय शिक्षा प्रणालीअनुरुप विद्यालयहरुबाट दिइने शिक्षाको व्यवस्था गर्न बनेको महत्वपूर्ण मार्गदर्शक एवं बाध्यकारी दस्तावेज हो । यसले राष्ट्रिय विकासको लागि चाहिने जनशक्ति तयार गर्न, बहुदलीय प्रजातान्त्रिक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न मुलुकमा स्थापना हुने र स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न सहयोग गर्छ । यसकै सहयोगमा विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन र नियमनका क्षेत्रहरु समेटी सोहीबमोजिम प्रावधान, संरचना, संस्थागत व्यवस्था र जिम्मेवारी प्रदान गरेको छ । यी र यस्तै अन्य प्रावधानहरुले वित्त निर्धारणका कारक तत्वको रुपमा काम गरेका हुन्छन ।

शिक्षा ऐन २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले शिक्षा नियमावली जारी भएको देखिन्छ । यस नियमावलीमा ऐनमा उल्लेख गरिएका प्रावधानहरु जस्तै विद्यालय शिक्षाको संचालन, व्यवस्थापन र नियमनका लागि गर्नुपर्ने कार्यहरु, जिम्मेवारी बाँडफाँड र कार्यान्वयन प्रक्रिया आदिका बारेमा थप प्रष्ट गरेको छ । ऐन र यसको कार्यान्वयनका लगि बन्ने नियमावलीले शिक्षाको सार्वजनिक वित्तको प्रकृति, प्रवृत्ति, आकार र मात्रा निर्धारण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । यसैगरी यिनीहरुले साधनको रुपमा सार्वजनिक वित्त व्यवस्थापन र कार्यान्वयनमा सहजता पनि प्रदान गरिरहेका हुन्छन् । शिक्षामा गरिब र लैंगिकमैत्री कार्यक्रमको कार्यान्वयनका लागि यी ऐन र नियमावली महत्वपूर्ण उपकरण हुन् ।

ऐन र नियमका साथै विभिन्न विनियम, निर्देशिका एवंकार्यविधिले पनि माथि उल्लेख गरिएजस्तै सार्बजनिक वित्तको प्रकृति, मात्रा, प्रवृत्ति र आकार निर्धारण र यिनीहरुको नियमन एवं प्रभावकारी सदुपयोगमा सहयोग गरिरहेका हुन्छन् । यी दस्तावेजहरुले स्रोतको संकलन, विनियोजन, प्रयोग र सदुपयोगका सम्बन्धमा सरकारी र अन्य निकायहरुलाई मार्गदर्शनसमेत प्रदान गरिरहेका हुन्छन । शिक्षाको सन्दर्भमा हालसम्म विभिन्न विनियम र निर्देशिकाहरु तयार भएका छन् । विभिन्न किसिमका समितिहरुको गठन भई कार्यादेशअनुसार क्रियाशील छन् । यी सबैले कुनै न कुनै रुपमा शिक्षा वित्त र त्यसको लैंगिक र गरिबोन्मुख पक्षमा प्रभाव पारिरहेका छन् ।

२.१.२. शिक्षा क्षेत्रका नीतिगत व्यवस्था तथा लैंगिक तथा गरिबोन्मुख बजेट

नेपालको शिक्षामा लैंगिक तथा गरिबोन्मुख बजेट, वित्त व्यवस्था र यसको कार्यान्वयनका बारेमा जानकारी हासिल तथा विश्लेषण गर्नका लागि विद्यमान नीतिगत व्यवस्था, वित्तका स्रोतहरु, नीतिगत व्यवस्थाबाट स्रोतको परिचालन र विनियोजनमा परेको प्रभाव, सरकारी बजेटको विनियोजन र कार्यान्वयन आदिका बारेमा गहन अध्ययन एवंविश्लेषण आवश्यक देखिन्छ । यीमध्ये कुनै एकपक्षको अभावमा यसको अध्ययन अपुरो हुनसक्ने देखिन्छ ।

त्रिवर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) र त्रिवर्षीय योजना (२०६७/६८– २०६९/७०) योजनाले शिक्षा क्षेत्रका लागि लिएको उद्देश्य, रणनीति र अपेक्षित उपलब्धिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

	एघारौं योजना (त्रिवर्षीय अन्तरिम योजना) (२०६४/६५ – २०६६/६७)	बाह्रौं योजना (त्रिवर्षीय योजना) (२०६७/६८ – २०६९/७०)
उद्देश्य	• शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरी साक्षर बनाउनु र गुणस्तरयुक्त तथा रोजगारीमूलक शिक्षा प्रदान गर्नु । • सबैका लागि समानगुणस्तरको निःशुल्क र सर्वसुलभ आधार भूत शिक्षाको प्रत्याभूति गर्नु । • उच्च शिक्षालाई अनुसन्धानमूलक तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नेतर्फ विकसित गर्नु । • सबै तहको शिक्षालाई समतामूलक एवं समावेशी बनाउनु ।	• साक्षरता शिक्षालाई जीवन पद्धतिसँग आबद्ध गरी सीप र कामको अन्तरसम्बन्ध स्थापित गर्दै सबै नेपाली र विशेष गरी महिला तथा विपन्न समुदायका व्यक्तिहरुलाई साक्षरता र निरन्तर शिक्षाका अवसरहरु उपलब्ध गराउने । • प्रारम्भिक बालविकास शिक्षाको विकास तथा विस्तार गर्ने । • सबैलाई निःशुल्क, अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षा (कक्षा १-८) प्रदान गर्ने र माध्यमिक शिक्षा (९-१२) र उच्च शिक्षामा समन्यायिक एवं समावेशी पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने । • सीपमूलक र रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्ने । • सबै तहको शिक्षालाई गुणस्तरीय, सान्दर्भिक, जीवनोपयोगी एवं समसामयिक बनाउँदै सकारात्मक सामाजिक परिवर्तनको माध्यमको रुपमा विकसित गर्ने ।
रणनीति	• लक्षित वर्ग विशेषगरी महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित तथा अपाङ्गलगायत द्वन्द्व प्रभावित समूह केन्द्रित साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षालाई अभियानका रुपमा सञ्चालन गर्ने । • आधारभूत तहको शिक्षालाई निःशुल्क, सर्वसुलभ र अनिवार्य बनाउँदै लैजाने । • खुला शिक्षाको समेत प्रयोग गरी शिक्षाको अवसर सबै नेपाली नागरिकको पहुँचभित्र सुनिश्चित गर्ने । • प्रत्येक नागरिकका लागि माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने अधिकार स्थापित गर्दै लग्ने ।	• योजना अवधिमा निरक्षरतामा उल्लेख्य रुपले कमी ल्याउने । साक्षरता कार्यक्रमलाई जीवनोपयोगी सीपसँग आबद्ध गरी सञ्चालन गर्ने । • प्रारम्भिक बालविकास शिक्षालाई विस्तार गर्नुका साथै यसको व्यवस्थापनमा सुधार ल्याउने । • निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट कार्ययोजनासहित लागू गर्ने । • विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । • प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई अलग-अलग धारका रुपमा विकास गरी व्यावसायिक तालिममा अधिकाधिक युवाहरुलाई अवसर प्रदान गर्दै रोजगारोन्मुख बनाउने ।
अपेक्षित उपलब्धि	• विद्यालय तथा उच्च शैक्षिक संस्थाहरु वृद्धि भै मुलुकको समग्र शैक्षिक सूचकहरुको स्थिति सुधार हुने । • दुर्गम क्षेत्र, महिला, दलित तथा मधेसी समुदायमा सेवा बढ्न गै उनीहरुको जीवनस्तरमा सुधार हुने । • शिक्षा स्थानीय आवश्यकतामा आधारित भई रोजगारमूलक हुने । • शिक्षामा क्षेत्रीय सन्तुलनको अवधारणाअनुरुप कार्यक्रम सञ्चालन हुने । • शैक्षिक संस्थाहरुको संरचनागत सुधार हुने । • गुणस्तर सुधार आउने ।	• विद्यालयदेखि उच्च शिक्षासम्म खुला शिक्षा कार्यक्रमको संस्थागत व्यवस्था हुनेछ । • उच्च शिक्षाको स्पष्ट नीति र छाता ऐन आइसकेको हुनेछ । • सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसएलसी) उत्तीर्ण हुनेको प्रतिशत बढेको हुनेछ । • विद्यालय शिक्षा कक्षा १० को सिकाइ उपलब्धि परीक्षण गरिएको हुनेछ ।

त्रिवर्षीय अन्तरिम योजना (२०६४/६५ – २०६६/६७) मा भन्दा त्रिवर्षीय योजना २०६७/६८ – २०६९/७०) मा विभिन्न लक्षित समुदायका लागि लाभ पुग्ने किसिमले उद्देश्य रणनीति र अपेक्षा निर्धाराण गरिएको माथिको तालिकाबाट देखिन्छ ।

२.१.३. शिक्षा क्षेत्रको सार्वजनिक वित्तका सन्दर्भमा नेपाल सरकारले लिएको नीतिगत व्यवस्था

सार्वजनिक वित्तका सम्बन्धमा सरकारले लिएका मुख्य-मुख्य नीतिगत पक्षहरुलाई यस क्षेत्रको नीतिको रुपमा पनि लिन सकिन्छ । यस किसिमका नीतिहरु सरकारको योजना, बजेट वक्तब्य तथा अन्य कुनै माध्यमबाट सार्वजनिक जानकारीमा आउने गर्छ । हालसम्मका मुख्य-मुख्य नीतिहरु देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

- बाल विकास कार्यक्रमको रुपमा सञ्चालनहुने । यसका लागि सरकारले एकमुष्ठ अनुदान दिने प्रावधान छ । तर निजी लगानीमा एक वर्ष पूर्वप्राथमिक शिक्षा दिन सकिने भनिए तापनि निजीक्षेत्रबाट सञ्चालित विद्यालयहरुमा तीन वर्षको पूर्वप्राथमिक शिक्षा (नर्सरी, Lower Kindergarten/Upper Kindergarten) मा लागत आपूरणको अवधारणा बमोजिम सञ्चालन भइरहेको ।
- आधारभूत (कक्षा १-८) तहको शिक्षा निःशुल्क (प्रत्यक्ष खर्चमात्र बेहोरिने प्रावधान) हुनेछ ।
- माध्यमिक (माध्यमिक तहः कक्षा ९-१०) तहको शिक्षामा सरकारले मुख्यतः लागत साझेदारी हुने । तर लक्षित समूह खासगरी कर्णाली अञ्चलका विद्यार्थी, दलित विद्यार्थी, लोपोन्मुख तथा सीमान्तकृत समूहका विद्यार्थीहरुका लागि निःशुल्क ।
- कक्षा १-१० मा अध्ययन गर्ने सबै छात्राहरुको लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था । यसैगरी माध्यमिक (उच्च माध्यमिक तहः कक्षा (११-१२) तहमा लक्षित समूहका विद्यार्थीहरुका लागि निःशुल्क शिक्षा अन्य सबै विद्यार्थीहरुका लागि लागत साझेदारी ।
- उच्च शिक्षा लागत आपुरणको अवधारणामा सञ्चालित ।
- कक्षा १ देखि आठसम्म सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्रा र दलित विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था । यसैगरी कक्षा १ देखि १० सम्म सबै अपाँग विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था । कक्षा १ देखि १२ सम्म लक्षित समूहका लागि छात्रवृत्तिको व्यवस्था ।
- साक्षरता कार्यक्रम निरक्षरता उन्मूलन गर्ने अभियानअन्तर्गत सञ्चालित कार्यक्रमको रुपमा सञ्चालन ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमअन्तर्गत व्यावसायिक तालिम र प्राविधिक शिक्षाका प्रमाणपत्र तह र डिप्लोमा तहका कार्यक्रममा लक्षित समूहका विद्यार्थीहरुलाई निःशुल्क शिक्षा ।

२.१.४. २०६५/२०६६ देखि २०६९/७० सम्म अख्तियार गरेका मूल नीतिहरू

शिक्षा क्षेत्रको विकाससम्बन्धी मूल नीतिको दस्तावेज आवधिक योजनालाई मान्ने गरिन्छ । आवधिक योजनामा समावेश गरिएका नीतिहरुलाई मार्गदर्शक नीतिको रुपमा लिने गरिन्छ । नेपालले हालसम्म १२ वटा आवधिक योजना कार्यान्वयन गरिसकेको छ भने हाल कार्यान्वयनमा रहेको तेहैरै योजनाको आधारपत्र मात्र छ । शिक्षा क्षेत्रका कतिपय नीतिहरु विभिन्न आवधिक योजनामा निरन्तर रुपमा छन् भने कतिपय नीतिहरुले निरन्तरता पाएका छैनन् । उदाहरणका लागि निःशुल्क प्राथमिक शिक्षा हासिल समूहका विद्यार्थीका लागि छात्रवृत्ति, दिवा खाजा, शिक्षक तालिम विकेन्द्रित शैक्षिक व्यवस्थापन, विद्यालयमा आधारित व्यवस्थापन प्रणाली आदि जस्ता नीतिहरु विगतदेखि नै निरन्तर रुपमा छन् ।

गरिब र लैंगिक बजेटको सूचक तथा यो अध्ययनमा सन्दर्भका रुपमा लिन सकिने पूर्व अध्ययनहरुका बारेमा तल उल्लेख गरिएको छ ।

२.२. लैंगिक उत्तरदायी बजेट

लैंगिक समानता र आर्थिक विकासका बीचमा अर्थपूर्ण सम्बन्ध हुन्छ । आर्थिक विकासका लागि दीर्घकालीन योजना राष्ट्रिय योजना आयोगले निर्माण गर्छ । दीर्घकालीन योजनाहरुले तय गरेका कार्यक्रमको कार्यान्वयन तथा लक्ष्यहरुको प्राप्तिका लागि सरकारले वार्षिक रुपमा खर्चको व्यवस्था गर्नुपर्ने हुन्छ जुन बजेटमार्फत हुन्छ । बजेट सरकारको एक वर्षभित्र गरिने खर्च तथा आम्दानीहरुको खुला विवरण हो । बजेटले वार्षिक रुपमा योजनाहरुमा दिइएका कार्यक्रमहरुलाई कार्यान्वयन गर्दै लैजान्छ । अतः बजेटमार्फत गरिने खर्च तथा लगानीहरुले महिला तथा पुरूषलाई न्यायपूर्ण रुपमा प्रभावित गरुन् र त्यस्तो खर्च तथा लगानीबाट हुने आर्थिक उपलब्धिमा महिला तथा पुरूषको न्यायपूर्ण पहुँच रहन सकोस् भन्ने अवधारणामा तयार भएको बजेट नै लैंगिक बजेट हो । लैंगिक बजेटले विकास र लगानीका उपलब्धिमा महिला र पुरूषको समान पहुँच पुर्‍याउन विशेष कार्यक्रम तथा स्रोत परिचालन गर्छ ।

सरकारले वार्षिक रुपमा बजेट ल्याउँछ र विभिन्न कार्यक्रमहरु सञ्चालन गर्छ । त्यसरी आउने बजेटलाई लैंगिक दृष्टिकोणबाट मापन गर्नका लागि विभिन्न सूचक तथा उपसूचकहरुको व्यवस्था गरिएको छ । लैंगिक बजेटको कार्यगत व्यवस्थाका लागि सूचक तथा उपसूचकको निर्माण गरिएको हो । अर्थमन्त्रालयका अनुसार ती सूचकहरु निम्नानुसार छन् ।

१. योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता

२. महिलाको क्षमता अभिवृद्धि

३. लाभको बाँडफाँडमा महिलाको हिस्सा

४. महिलाको रोजगारी तथा आय आर्जनमा सहयोग

५. महिलाको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यवोझमा कमी

उपरोक्त सूचकहरुका आधारमा सरकारबाट प्रस्तुत बजेट लैंगिक उत्तदायी बजेट हो या होइन भन्ने कुराको मापन गरिन्छ । प्रत्येक सूचकका लागि २०/२० अंकभार दिइएको छ । समग्रमा अंकभार १०० हुन आउँछ । पाँचवटै सूचकहरुको कुल योग ५० वा सोभन्दा वढी भएमा कार्यक्रम तथा बजेट प्रत्यक्ष लैंगिक उत्तरदायी, २० वा सोभन्दा माथि र ५० भन्दा कम भएका कार्यक्रमहरुलाई अप्रत्यक्ष लैंगिक उत्तदायी र २० भन्दा कम अंकभार भएका कार्यक्रमहरुलाई तटस्थ भनी वर्गीकरण गरिएको पाइन्छ । हरेक सूचकहरुलाई अंकभार दिने काम विषयगत भएको हुँदा कर्मचारी पिच्छे अंक भार दिने काममा बिचलन हुन सक्ने र हरेक मन्त्रालयका कर्मचारीहरुको फेरबदल हुँदा विनियो जित बजेटमा दिने अंकभार पनि फरक-फरक हुन सक्ने हुँदा एकरुपता कायम गर्नका लागि उपसूचकहरुको निर्माण गरिएको छ । सूचकअन्तर्गतका उपसूचकहरुको व्यवस्थाले गर्दा अंकभारमा बिचलन आउने संभावना कम रहन्छ ।

सूचक १: योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता

यस सूचकले सरकारबाट गरिने योजना तर्जुमा तथा कार्यान्वयनमा महिलाहरुको सहभागिता खोज्छ । यस्तो सहभागिता संख्यात्मक तथा गुणात्मक दुवै हुनसक्छ । महिलाहरुको दैनिकी तथा सम्पूर्ण जीवनमा प्रभाव पार्ने विषयसँग सम्बन्धित निर्णय प्रक्रियामा महिलाहरुको संलग्नता हुन अत्यन्त जरूरी छ । यसले महिला सशक्तीकरणमा सहयोग पुऱ्याउँछ । महिलाहरुलाई प्रभाव पार्ने विषयमा उनीहरुको धारणा लिनु राम्रो पक्ष हो, यसैलाई महिला सहभागिता भनिन्छ । यस सूचकको अंकभार २० छ । यस सूचकलाई मापन गर्न तीन उपसूचकहरु राखिएको छ र ती हुन्: (क) योजना कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा महिलाहरुको सहभागिता, (ख) कार्यान्वयनमा महिला सहभागिताको सुनिश्तिता र (ग) महिलाहरुको अनिवार्य उपस्थितिको व्यवस्था । यी उपसूचकको अंकभारको आधारमा यो सूचकको कुल अंक मापन गरिन्छ । यी उपसूचकहरुको अंकभारका बारेमा भने लैंगिक बजेट तर्जुमा दिग्दर्शनमा उल्लेख गरिएको छैन ।

सूचक २: महिलाहरूको क्षमता अभिवृद्धि

क्षमता अभिवृद्धि लैंगिक उत्तरदायी बजेटको नतिजा मापन गर्ने अर्को सूचक हो । बजेट तथा कार्यक्रमवाट महिलाहरुले पुरूष समान उपयोग गर्न नसक्नु महिलाहरुमा रहेको क्षमताको कमी पनि हो । महिलालाई पर्याप्त ज्ञान र सीप उपलब्ध गराई निर्णायक तहमा पुऱ्याउन र सही निर्णय गर्न सक्ने बनाउन सरकारबाट कार्यान्वयन गरिने बजेटले महिलाहरुको क्षमता अभिवृद्धि गर्नुपर्छ । अर्थ मन्त्रालयका अनुसार यो सूचकका पनि तिन उपसूचकहरु राखिएको छ । ती उपसूचकहरुमा क) नीति निर्माण तथा कार्यान्वयनका तहका महिलाहरुको क्षमतामा अभिवृद्धि ख) क्षमता अभिवृद्धिका कार्यक्रममा महिलाको सहभागिता र ग) कार्यशाला, तालिम, जनचेतना अभिवृद्धि र सीपविकास आदिका कार्यक्रममा लैंगिक संवेदनशीलता पर्छन् ।

सूचक ३: कार्यक्रममा महिलाहरूको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता

राज्यबाट गरिने लगानीवाट उत्पन्न हुने लाभमा महिलाहरुले जनसंख्याको समानुपातिक आधारमा लाभान्विन हुन पाउनु महिलाहरुको अधिकार हो । महिलाहरुमा लक्षित नगरी अन्य आधार जस्तै दलित, जनजाती, अपांग, विपन्न आदि प्रति लक्षित कार्यक्रमहरुमा पनि महिलाहरुलाई समान अवसर प्रदान गर्नुपर्छ । जस्तै दलितलाई छात्रवृत्ति, तोकिएमा दलितभित्र पनि बालक कति र बालिका कति निश्चित हुनु पर्दछ । कार्यक्रमहरुबाट सिर्जित लाभको उपयोग महिलाहरुले स्वविवेकबाट गर्न पाउनुपर्छ । यस सूचकअन्तर्गत ५ उपसूचक राखिएका छन्, जसमा क) महिलालाई लाभको सुनिश्चितता ख) महिलाका विशेष आवश्यकता र अवरोधको पहिचान र सो को सम्बोधन ग) लैंगिकमैत्रि कार्यान्वयन संयन्त्र तथा वातावरण घ) महिलाका लागि लाभको सुनिश्चितताका लागि बजेटको सुनिश्चितता र ङ) महिलाका लागि लाभको अनुगमन र मूल्यांकनको व्यवस्था जस्ता सहायक सूचक पर्छन् ।

सूचक ४: आय-आर्जन तथा रोजगारी

विभिन्न कार्यक्रम तथा परियोजना सञ्चालनगर्दा सिर्जना हुने रोगजारी तथा आय आर्जनमा महिलाहरुको पहुँच समान हुनुपर्छ। यसको अर्थ महिलाले चाहेमा, यी अवसरहरुको समानरुपमा उपयोग गर्न पाउनुपर्छ भन्ने हो।

परियोजना सञ्चालन गर्दा कतिपय अवस्थामा सीधै रोजगारी सिर्जना नहुन सक्छ तर त्यस्ता परिस्थितिहरुलाई अप्रत्यक्ष रुपमा रोजगारी सिर्जना गर्न र आय आर्जनका अवसरहरु प्रदान गर्न हुनसक्छ। जस्तै जलविद्युत् आयोजनाका लागि सडक निर्माण गर्दा, स्थानीय वस्तुहरु बजारसम्म लैजाने अवसर प्राप्त हुँदा आय-आर्जनका अवसरहरु बढ्न जाने हुन्छ। जलविद्युत्को बाँधबाट सिँचाइ सुधिवा उपलब्ध हुन जाँदा कृषि उत्पादनमा अभिवृद्धि हुन गई आय वृद्धि हुन जान्छ। कतिपय अवस्थामा बजेटमार्फत सञ्चालन हुने परियोजनाहरुले सीधै रोजगारीमाको सिर्जना गर्छन्। यिनै प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावलाई ध्यानमा राखी लैंगिक उत्तरदायी बजेटको मापनका लागि ३ उपसूचक निर्माण गरेको पाइन्छ, जसमा क) ती महिलाहरुका लागि रोजगारीको अवसरको उपलब्धता ख) आयआर्जनका वैकल्पिक अवसर तथा वृद्धि विकासका अवसर ग) उपलब्ध रोजगारीमा महिला र पुरूषको समान ज्याला जस्ता सहायक सूचक पर्छन्।

सूचक ५: महिलाको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी

सरकारबाट सञ्चालित कार्यक्रम तथा परियोजनाहरुले महिलाको काममा सहजता, परम्परागत लैंगिक भूमिकाको रुपान्तरण, नयाँ प्रविधिको प्रयोग र समय बचत हुने भएमा त्यस्ता कार्यक्रमहरुलाई लैंगिक उत्तरदायी भनिन्छ। खासगरी नयाँ प्रविधिको प्रयोग भएका त्यसले काम गर्ने समय बचत गर्छ र महिलाको कार्यबोझमा कमी आउँछ। त्यस्तै परम्परागत सोचमा परिवर्तन आएर महिलाको कामको आर्थिक मूल्यांककन हुने, महिलाको काममा सहयोग पुऱ्याउने भएमा पनि उनीहरुको कार्यबोझमा कमी आएको भन्न सकिन्छ। यस सूचकलाई पनि अंक भार २० दिइएको छ। यसमा दुई उपसूचक राखिएका छन् क) कार्य सम्पादनमा सहजता एवं समयको बचत र ख) परम्परागत भूमिकामा परिवर्तन।

अंकभार तथा बजेट वर्गीकरण

विभिन्न कार्यालय तथा सरोकारवाला पक्षहरुले बजेट निर्माण प्रक्रियामा निर्धारित उपसूचकहरुको आधारमा अंकभार प्रदान गरी बजेटलाई प्रत्यक्ष लैंगिक उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ भनी निर्धारण गर्नुपर्छ। प्रत्यक्ष उत्तरदायी भन्नुको अर्थ कार्यक्रम वा परियोजनाले महिलालाई विशेष सेवा प्रदान गरेको अथवा महिला र पुरूषलाई समान लाभ पुऱ्याएको भन्ने बुझिन्छ। त्यस्तै महिलालाई कम लाभ र पुरूषलाई बढी लाभ भएको अवस्थालाई अप्रत्यक्ष लैंगिक उत्तरदायी भनिन्छ। यसको विपरीत परियोजनाका बारेमा लैंगिक विश्लेषण नगरि एको, लाभको लैंगिक लेखाजोखा नभएको र लाभको सुनिश्चितता नगरिएको स्थितिलाई तटस्थ बजेट भनिन्छ। अर्थ मन्त्रालयको लैंगिक बजेट तर्जुमा दिग्दर्शनअनुसार अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेट भनेको असन्तुलित बजेट नै हो, जसअनुसार तटस्थ बजेटलाई लैंगिक रुपमा अनुत्तरदायी बजेट हो वा होईन भन्ने यकिन गर्न नसकिने बजेट हो।

२.२. गरिबोन्मुख बजेट

विगत लामो समयदेखि नेपालका आवधिक योजनाहरुमा गरिबी न्यूनीकरणलाई सम्बोधन गर्ने प्रयास गरिएको भएता पनि मूलतः नवौं योजना (आर्थिक वर्ष २०५४/५५-२०५८/५९) देखि गरिबी न्यूनीकरणलाई प्रमुख उद्देश्यको रुपमा लिइएको छ। नवौ योजनामा गरिबीलाई आय गरिबीको रुपमा परिभाषित गरिएको थियो। दसौँ योजनाकालदेखि गरिबीलाई आय गरिबी, मानवीय गरिबी र सामाजिक बञ्चितीकरण गरी ३ आयाममा विश्लेषण गर्न थालिएको छ। गरिबीको दर विश्लेषण गर्दा आय गरिबीलाई आधार मानेर विश्लेषण गर्ने गरिएको छ। आ.व. २०६६/६७ मा नेपालमा गरिबीको रेखामुनी रहेको जनसंख्या २५.१६ प्रतिशत थियो। नेपाल जीवनस्तर मापन २०६६/६७ ले प्रतिवर्ष रू. १९ हजार २ सय ६१ को आम्दानीलाई गरिबीको रेखा मानेको छ। त्यही आधारमा कुल जनसंख्याको २५.१६ प्रतिशत हिस्सा गरिबीको रेखामुनी छ भनिएको हो (अर्थमन्त्रालय, २०६९)। सरकारबाट वार्षिक रुपमा प्रस्तुत हुने बजेट र सो बजेटमार्फत हुने सरकारी खर्चले गरिबीको रेखामुनी रहेको जनसंख्यालाई कम गराउने भूमिका खेलेमा त्यस्ता बजेटलाई गरिबी न्यूनीकरण बजेट भनिन्छ। यो गरिबी न्यूनीकरणको सैद्धान्तिक आधार हो। सरकारले वार्षिक रुपमा प्रस्तुत गर्ने बजेटमा गरिबी न्यूनीकरण बजेट भनि छुट्टै किटान गरी प्रकाशन गर्न गरिएको छ। गरिबी न्यूनीकरणको बजेट भनी वर्गिकरण गर्नुका आधार अथवा सूचकहरु निम्न छन्।

१. ग्रामीण क्षेत्रमा लगानी हुने सरकारी खर्च

२. ग्रामीण क्षेत्रको आय आर्जनमा सघाउ पुऱ्याउने कार्यक्रमहरुका रकम

३. ग्रामीण क्षेत्रको क्षमता विकाससम्बन्धी कार्यक्रमहरुका रकम

४. सामाजिक क्षेत्रमा लागनी गरिने रकम

५. सामाजिक सुरक्षाका कार्यक्रमहरु विशेषगरी शिक्षा, स्वास्थ्य आदिका रकम

६. सामाजिक परिचालनका लागि जाने सरकारी रकम

७. स्थानीय निकायलाई जाने अनुदानको रकम

८. गरिबी निवारणमा केन्द्रित सरकारी रकम (अर्थमन्त्रालय, २०७०/७१, व्यय अनुमानको विवरण पृ. ६३०)

यी माथिका शीर्षकहरुमा गरिएको खर्चलाई गरिबी न्यूनीकरणको बजेट भनिन्छ। यो गरिबी न्यूनीकरणको कार्यगत परिभाषा हो। यो कार्यगत परिभाषाले गरिबीको सैद्धान्तिक आधारलाई पूर्ण रुपमा प्रतिनिधित्व गर्छ भन्ने त छैन तर यी सूचक तथा शीर्षकहरुमा गरिएको खर्चले कुनै न कुनै रुपमा गरिबी न्यूनीकरणमा सहयोग गरेको हुन्छ। यस्तो सहयोग प्रत्यक्ष पनि हुन सक्छ र अप्रत्यक्ष पनि हुनसक्छ।

२.३ पूर्वकार्यको पुनरावलोकन र समीक्षा

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा लैंगिक उत्तरदायी तथा गरिबी न्यूनीकरण बजेटको बारेमा निकै कम अध्ययन भएको पाइन्छ। राष्ट्रिय तहमा भने लैंगिक तथा गरिबी न्यूनीकरण बजेटको सम्बन्धमा केन्द्रित रहेर गरेको अध्ययन कमै अध्ययन भएको पाइयो। केही अध्ययनहरुले सिधै लैंगिक तथा गरिबी न्यूनीकरणसम्बन्धी कुराहरु नगरे पनि छिटफुट रुपममा यस्ता विषय ती अध्ययनमा परेका हुन सक्छन्। कुनै अध्यायहरु भित्र कुनै अंशमा यिनको बारेमा चर्चा भएको हुन सक्छ। तीमध्ये केही अध्ययनहरुलाई यहाँ पुनरावलोकन तथा समीक्षा गरिएको छ।

Mahdi (२००८) ले सुडानको बजेटको गरिबी न्यूनीकरणको आधारमा विश्लेषण गरेका थिए। यो बृहत् अध्ययन थियो। यसमा कृषि, पानी, शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेका सरकारी खर्चको अध्ययन गरिएको थियो। पहिला उक्त अध्ययनले सुडानको अर्थतन्त्रको बृहत् अर्थशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गरी सरकारको आम्दानी तथा खर्चको संरचना सम्बन्धमा प्रकाश पारेको पाइन्छ। पछिबाट मात्र ई.सं. २०००-२००७ सम्मको तथ्यांक प्रयोग गरी कृषि, पानी, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सरकारले गरेको खर्चको स्वरुप सम्बन्धमा प्रकाश पार्दै गरिबी न्यूनीकरणको बजटेको खोज तथा आंकलन गरेको थियो।

शिक्षा क्षेत्रमा, उक्त अध्ययनपत्रले शैक्षिक बजेटको खर्च, लाभ, तलब तथा ज्याला, वस्तु तथा सेवाहरु र राष्ट्रिय (Federal) विकास परियोजनामा गरेको खर्चहरुमा वर्गीकरण गरी विश्लेषण गरेको थियो। यी शीर्षकहरुलाई साधारण र प्राविधिक शिक्षामा विभक्त गरी विश्लेषण गरिएको थियो। यसले राज्य सरकार (State Government) को शैक्षिक बजेटको पनि लेखाजोखा गरेको थियो। अन्ततः अध्ययनमा सरकारलाई राष्ट्रिय स्तरमा सबैलाई ग्राह्य हुने गरिबी बजेट परिभाषा गर्न सुझाव दिँदै बजेट समायोजन तथा विनियोजन गर्दा सहभागितामूलक प्रक्रिया अवलम्बन गर्न आग्रह गरिएको थियो।

पटेल (२००८) ले भारतको लैंगिक बजेट सम्बन्धमा अध्ययन गरेका थिए। भारतको "महाराष्ट्र" राज्यको प्रोफाइलको पुनरावलोकन गर्दै महिला, स्वास्थ्य, महिला माथिको हिंसा, महिलाहरुको कार्यबोझसम्बन्धी सरकारी नीतिहरुको आँकलन तथा व्याख्या गरेको पाइन्छ। यो अध्ययन प्रतिवेदनले भारत सरकारको राष्ट्रिय बजेट (Union Budget) को २००१-२००२ का विविध कार्यक्रमहरु जस्तै महिला, शिक्षा, स्वास्थ्य, परिवारकल्याण, महिला तथा बालविकास, सामाजिक न्याय तथा सशक्तीकरण, श्रम तथा रोजगार, आदिको व्याख्या तथा विश्लेषण गरेको पाइन्छ। यसका अलावा महिलाहरुलाई अप्रत्यक्ष रुपमा लाभ पुग्ने कार्यक्रमहरु जस्तै कृषि, वन तथा वातावरण आदिको पनि व्याख्या तथा विश्लेषण गरेको पाइन्छ।

अन्तत: उक्त अध्ययनले, गरिबी न्यूनीकरणको बजेट, लैंगिक बजेट, हरित बजेट आदि तयार गर्दा सहभागितामूलक प्रणाली अवलम्बन गर्न सुझाव प्रस्तुत गरेको थियो। साथै बजेट निर्माण तथा खर्चमा ज्यादा पारदर्शिता हुनुपर्ने र निर्णायक तहमा कार्यरत कर्मचारीहरुलाई क्षमता विकाससम्बन्धी तालिम प्रदान गर्नुपर्ने आवश्यकतामा जोड दिएको थियो।

Rusimbi (२००९) ले तान्जनियाको बजेटको लैंगिक तथा गरिबी न्यूनीकरणको दृष्टिकोणबाट विश्लेषण गरेका थिए। यो कार्यपत्र (Working Paper) थियो। East African Gender Budget Network नामक संस्थाको एकदिने बैठकमा यो कार्यपत्र प्रस्तुत भएको हो। पहिला तान्जानियको बृहत् अर्थव्यवस्थाको विश्लेषण गरिएको थियो। उत्तरार्धमा उक्त कार्यपत्रले एउटा सही गरिबी न्यूनीकरणको बजेटले पारिवारिक आय वृद्धि गर्ने, समतामूलक वितरण प्रणाली अपनाउने, साधन र स्रोत माथिको पहुँच बढाउने, र आय विनाको गरिबी हटाउने खालका परिसूचकहरु निर्माण गर्ने र सोही अनुसारका उद्देश्य राखी बजेट निर्माण गर्नुपर्ने कुरामा जोड दिएको थियो।

देशले लिने ऋणका सम्बन्धमा उक्त कार्यपत्रले ऋण तथा कुल ग्राहस्थ उत्पादनको अनुपात स्थिर रहनुपर्ने कुरामा अडान रखेको थियो । सामान्यतया ऋणहरु चर्को मूल्यमा लिनुपर्ने हुँदा यस्ताहरु सार्वजनिक चासो (Public Scrutiny) को विषय हुनुपर्ने र लिएका ऋणहरु अधिकतम सदुपयोग हुनुपर्ने कुरामा जोड दिएको थियो ।

राष्ट्रिय स्तरका अध्ययनहरू

यो अध्ययनमा संलग्न अनुसन्धानकर्तालाई थाहा भएसम्म राष्ट्रिय स्तरमा लैंगिक उत्तरदायी बजेटसम्बन्धी अध्ययन अत्यन्त कम मात्र भएको देखियो । गरिबमुखी बजेटबारेमा भने विश्लेषण भएको पाइएन ।

चितवनको सहभागी (२०१२) ले युरोपीयन युनियन र यूएन बिमेनसँगको सहकार्यमा नेपालमा शान्ति स्थापना र स्वास्थ्यसम्बन्धी कार्यक्रममा लैंगिक बजेटको कार्यान्वयनसम्बन्धी एक अध्ययन गरेको देखिन्छ, जसमा शान्ति तथा पुनःनिर्माण मन्त्रालय र स्वास्थ मन्त्रालयको आर्थिक वर्ष २०६४/६५ देखि २०६७/६८ सम्मको बजेटको समग्रतामा विश्लेषण गरिएको पाइयो । उक्त मन्त्रालयअन्तर्गतका कार्यक्रम तथा बजेटको लैंगिक उत्तरदायीको विश्लेषण भने पाइएन । उक्त अध्ययनमा लैंगिक बजेटको कार्यान्वयनका सन्दर्भमा पहिचान भएका समस्या र चुनौति औंल्याइएको छ, जसअनुसार, बजेट निर्माणमा महिलाको सहभागिताको स्तर निराशाजनक रहेको, सवाको माग र आपूर्तिमा अन्तर देखिएको, बजेट निकाशामा समस्याहरु रहेको, लैंगिक रुपमा शूक्ष्म रुपमा वर्गीकृत बजेट सूचना उपलब्ध नभएको, लैंगिक बजेट बजेट प्रक्रियामा पूर्ण रुपमा जोडिन नसकेको जस्ता समस्या र ती समस्या समाधानका लागि सुझाव दिइएको छ ।

प्राड नेपाल (२०१२) ले गरेको शिक्षा क्षेत्रमा लाभ प्राप्तिको अवस्थासम्बन्धी अध्ययन गरेको पाइयो । आर्थिक वर्ष २०६३/६४ देखि २०६६/६७ सम्मको बजेटका आँकडा लिएर गरिएको सो अध्ययनले गरिब र पछाडि परेका समुदायको साक्षरतादर वृद्धि गर्नु चुनौतिपूर्ण रहेको, शिक्षामा पुँजीगत खर्चको हिस्सा कम रहेकोले शिक्षाका पूर्वाधारको कमजोर गुणस्तर कायम रहेको, विद्यालय क्षेत्र सुधार कार्यक्रम पनि निश्चित लक्ष्यमा केन्द्रीत नभई साधारण प्रकृतिको भएको जस्ता समस्या औंल्याएको छ भने आधारभूत शिक्षामा तल्लो तहको पहुँच विस्तारमा जोड दिनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, पुँजीगत खर्च बढाउनुपर्ने, उच्च शिक्षामा भएको खर्च माथिल्लो वर्गमा गएकाले त्यसलाई गरिबको हितमा उपयोग हुने व्यवस्था गर्नुपर्ने जस्ता विषयमा जोड दिएको छ । यो अध्ययनमा पनि कार्यक्रमहरु के कति गरिब र लैंगिकमुखी छन् भन्नेमा केन्द्रित रहेर बजेट विश्लेषण भएको छैन ।

सन् २०१२ मा राष्ट्रिय योजना आयोगले प्राथमिक शिक्षामा सार्वजनिक खर्च पच्छ्याउने सर्वेक्षण गरेको थियो, जसको उद्देश्य लैंगिक तथा गरिबी न्यूनीकरणसँग नभई प्राथमिक शिक्षामा हुने खर्च कसरी र कहाँबाट प्राथमिक शिक्षासम्म पुग्छ भन्ने कुरासँग सम्बन्धित थियो । केन्द्रीय स्तर तथा स्थानीय निकायबाट हुने खर्च कसरी लक्षित वर्गमा पुग्छ र कहाँबाट चुहावट हुन्छ भन्ने तथ्यमा केन्द्रित थियो । खासगरी यो “प्राथमिक शिक्षा” सम्बन्धी अध्यायन भएको र प्राथमिक शिक्षाको अधिकांश रकम लैंगिक तथा गरिबी न्यूनीकरण बजेट हुने हुँदा मात्रै यहाँ पर्यावलोकन गरिएको हो । यस अध्ययनको खासगरी तेस्रो अध्यायमा कसरी विभिन्न कार्यक्रमअन्तर्गतका बजेटहरु केन्द्रबाट प्राथमिक शिक्षामा पुग्छ भन्ने लेखिएको छ । शिक्षा मन्त्रालयबाट प्राथमिक शिक्षामा पुग्ने बजेटलाई “प्रत्यक्ष वा सम्बन्धित कोष” र अर्थमन्त्रालयबाट प्राथमिक शिक्षामा पुग्ने बजेटलाई “अप्रत्यक्ष सम्बन्धित कोष”मा सवैका लागि शिक्षा : प्राथमिक शिक्षा, विद्यालय क्षेत्र सुधार कार्यक्रम, अनौपचारिक शिक्षा केन्द्र, विशेष शिक्षापरिषद्, विद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रम आदि पर्छन् । त्यस्तै अप्रत्यक्ष सम्बन्धित कोषमा शिक्षक पेन्सन सुविधा, दलित तथा बालबालिकाका लागि छात्रवृत्ति, आदि पर्छन् ।

उक्त अध्ययनले विनियोजन गरिएको बजेट कार्यक्रमअनुसार के कति खर्च हुन सक्यो र त्यसको उपयोग स्तर कति थियो भन्ने विषयको पनि अध्यनय गरेको थियो । अध्याय चारमा यस अध्ययनले कसरी अर्थमन्त्रालयबाट शिक्षा मन्त्रालयमा जान्छ, शिक्षामन्त्रालयबाट शिक्षा विभाग, शिक्षा विभागबाट, जिल्ला शिक्षा कार्यालयहरुमा पुग्छ भन्ने कुराको व्याख्या गरेको पाइन्छ ।

एसिया साउथ प्यासिफिक ब्यूरो अफ अडिट एजुकेसन र शिक्षाका लागि राष्ट्रिय अभियान (२०११) ले संयुक्त रुपमा शिक्षामा सार्वजनिक खर्च पच्छ्याउने सर्वेक्षण गरेको पाइयो । यसमा पनि शिक्षामा हुने खर्चको तरिका, समय जस्ता विषयमा केन्द्रित रहेर अध्ययन गरिएको छ । शिक्षा क्षेत्रको बजेट र खर्चको लैंगिक तथा गरिबीन्यूनीकरणको दृष्टिबाट भएको अध्ययन पाउन सकिएन ।

अध्याय तीन

बजेट विश्लेषण विधि

यो नेपालको केन्द्रीय बजेटको विश्लेषण हो । यसका सरकारले जारी गर्ने वार्षिक बजेटको अभिन्न अंगका रुपमा रहने शीर्षक गत व्यय अनुमानको सारांस अर्थात् बजेट रातो किताबलाई सूचनाको मुख्य स्रोतका रुपमा प्रयोग गरिएको छ । लैंगिक र गरिबोन्मुख बजेट विश्लेषणको प्रयोजनका लागि सरकारद्वारा प्रस्तुत बजेटको आधारमा राष्ट्रिय योजना आयोगले तयार गरी प्रकाशन गर्ने केन्द्रीयस्तरको वार्षिक विकास कार्यक्रममा समेटिएका सूचना यो अध्ययनको अर्को महत्वपूर्ण सूचनाको स्रोत हो । शिक्षा बजेटको सन्दर्भमा प्राथमिक शिक्षा, माध्यमिक शिक्षा, शैक्षिक विकास, अनुगमन तथा मूल्यांकन जस्ता बजेटका मुख्य-मुख्य कार्यक्रममा वर्गीकरण गर्ने प्रयोजनका लागि शिक्षा मन्त्रालयबाट थप सूचना लिइएको छ । यो अध्ययनमा तीनवटै निकायबाट प्राप्त सूचनालाई एकीकृत गरी प्रस्तुत गरिएको छ भने आवश्यकताअनुसार बेग्ला-बेग्लै स्रातको बेग्ला-बेग्लै विश्लेषण पनि गरिएको छ ।

नेपालको अन्तरिम संविधान, बजेटसम्वन्धी नीतिगत व्यवस्था, शिक्षासम्बन्धी नीतिहरु, शिक्षासम्बन्धी अन्य सूचनाहरु, आवधिक योजनाजस्ता दस्तावेज, आर्थिक सर्वेक्षण जस्ता प्रकाशित दस्तावेजहरुलाई पनि यो अध्ययनमा प्रयोग गरिएको छ ।

यो अध्ययनको सुरूमा शिक्षा र बजेटसम्बन्धी काम गर्ने सरकारी निकायका प्रतिनिधिहरुसँग गरिएको अन्तरक्रियाका क्रममा उनीहरुबाट व्यक्त विचार तथा अर्थ मन्त्रालय, शिक्षामन्त्रालय र विभाग, राष्ट्रिय योजना आयोगजस्ता निकायका प्रतिनिधिहरुसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त सूचनालाई पूरक स्रोतका रुपमा अध्ययनमा प्रयोग गरिएको छ ।

अध्ययनको ढाँचा

आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको बजेट र खर्च, लैंगिक र गरिबमुखी बजेटका लागि प्रयोग भएका संकेतहरु जस्ता सूचना संकलन र ती आँकडाको तालिकीकरण यो अध्ययनको पहिलो चरण हो । उपलब्ध तालिकाका आधारमा बजेट र खर्चको लैंगिक र गरिबमुखी दृष्टिकोणबाट स्वतन्त्र रुपमा विश्लेषण अध्ययनको दोस्रो चरण हो । अध्ययनबाट प्राप्त नतिजा र सुझावसहिताको मस्यौदा प्रतिवेदनमाथि विशेषज्ञहरुको राय लिई यो अध्ययन प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको हो ।

सूचना संकलन विधि

सूचना निम्न तरिकाबाट संकलन भए

क) अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र शिक्षा मन्त्रालयले प्रकाशन गरेका बजेटसम्बन्धी दस्तावेजहरु छापाप्रति संकलन गरियो । संकलन गरिएका मुख्य दस्तावेजहरु यसप्रकार थिए ।

- अर्थ मन्त्रालयः वार्षिक व्यय अनुमानको विवरण, बजेट वक्तव्य, लैंगिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, आर्थिक सर्वेक्षण आदि ।
- राष्ट्रिय योजना आयोगः वार्षिक विकास कार्यक्रम, अवधिक योजना आदि ।
- शिक्षा मन्त्रालयः शैक्षिक सूचना, वार्षिक कार्यक्रम तथा बजेट आदि ।

ख) प्रकाशित भएका तर पुस्तक वा पुस्तिकाका रुपमा उलब्ध नभएको दस्तावेजहरु सम्बन्धित निकायका वेवसाइटमार्फत संकलन गरियो । मुख्यरूपमा प्रयोग गरिएका वेबसाइटहरु निम्नानुसार थिए ।

- www.mof.gov.np, www.npc.gov.np, www.moe.gov.np, www.doe.gov.np

ग) वेबसाइटबाट पनि प्राप्त हुन नसकेका दस्तावेजको पुस्तकालयबाटै प्रतिलिपि प्राप्त गरियो ।

घ) सूचनाको हकसम्बन्धी ऐनको प्रयोग गरी केही सूचना संकलन गरियो ।

ङ) माथि उल्लेखित विधिबाट प्राप्त हुन नसकेका सूचना प्राप्तिका लागि सम्बन्धित निकायका जिम्मेवार अधिकारीहरुसँगको अन्तर्वार्ता तथा अनौपचारिक कुराकानीबाट थप सूचना प्राप्त गरियो ।

सूचना विश्लेषण विधि

प्राप्त सूचनालाई अध्ययन समूहले तथ्याङ्कशास्त्री समेतको संलग्नतामा अध्ययनमा समेटिएको पाँचवटै आर्थिक वर्षको बजेट र खर्चको विश्लेषण गरियो । कार्यक्रमहरुको लैंगिक र गरिबमुखी विश्लेषणको प्रयोजनका लागि बजेट र अन्य सूचनालाई सँगसँगै राखेर अध्ययन गरी त्यसका आधारमा विश्लेषण गरियो । कार्यक्तमको विश्लेषण गर्दा बजेटका आँकडाहरुको अपर्याप्तता रहेको अवस्थामा लैंगिक बजेट र गरिबमुखी बजेटका सूचकलाई ख्याल गरी विश्लेषण गरिएको छ । प्राथमिक शिक्षा जस्ता बढी रकम खर्च हुने बजेट क्षेत्रको विश्लेषणका लागि जिल्ला तहमा कार्यान्वयनमा रहेका क्रियाकलापको समेत केही मात्रामा अध्ययन गरिएको छ ।

अध्याय
चार

नेपालको शैक्षिक बजेटः गरिबोन्मुख र लैंगिक विश्लेषण

नेपाल सरकारले बजेटलाई रणनीति कार्यन्वयन तथा विभिन्न प्राथमिकता सार्वजनिक गर्ने गरेको छ । विकास आयोजना/कार्यक्रमहरुमध्ये प्रथम प्राथमिकता प्राप्तलाई P1, द्वितीय प्राथमिकता प्राप्तलाई P2 र तृतीय प्राथमिकता प्राप्तलाई P3 गरी ३ वटा प्राथमिकतामा वर्गीकरण गर्ने गरिन्छ । आयोजना/कार्यक्रमहरुको प्राथमिकताक्रम निर्धारण गर्नका लागि ९ वटा मुख्य आधारहरु विकास गरिएका छन् । ती आधारहरु गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिलाई योगदान पुऱ्याउने, शान्ति प्रवर्द्धनमा योगदान पुऱ्याउने, सहस्राब्दी विकास लक्ष्यमा सहयोग पुऱ्याउने, समावेशीकरण तथा लैंगिक सशक्तीकरणमा योगदान पुऱ्याउने, उत्पादन र रोजगारीमा योगदान पुऱ्याउने, सहभागिता, भौतिक पुँजी निर्माणमा योगदान पुऱ्याउने, वातावरणीय दिगोपनामा योगदान पुऱ्याउने र आयोजनाको कार्यान्वयन स्थितिसमेत छन् । प्राथमिकीकरण गर्ने प्रयोजनका लागि अति उत्तम ठहरिएकोलाई ३ अंक, उत्तम मानिनेलाई २ अंक, सन्तोषजनक/सामान्यलाई १ अंक र न्यून मानिनेलाई ० अंक प्रदान गरिन्छ । (स्रोतः राष्ट्रिय योजना आयोग)

गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिलाई योगदान पुऱ्याउने कार्यक्रमलाई लाई १५ अङ्क दिने व्यवस्था छ । गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिलाई योगदान पुऱ्याउने आधारमा उत्पादन वृद्धि, आय वृद्धि, गरिबी न्यूनीकरण, समतामूलक वितरण र उत्पादनका साधनहरुमा सुधारलाई प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने मानी तिनीहरुलाई अति उत्तम श्रेणीमा राख्ने गरिन्छ । माथिका कुराहरुमा अप्रत्यक्ष तथा उल्लेखनीय रुपमा योगदान पुऱ्याउनेलाई उत्तम, माथिका कुराहरुमा अप्रत्यक्ष तथा सामान्यरुपमा योगदान पुऱ्याउने सन्तोषजनक/सामान्य र माथिका कुराहरुमा अति कम वा योगदान नपुऱ्याउनेलाई न्यून श्रेणीमा राख्ने गरिन्छ । (स्रोतः राष्ट्रिय योजना आयोग)

क्षेत्रीय समावेशीकरणअन्तर्गत समग्र सूचकांकका आधारमा 'ग' वर्गमा पर्ने जिल्लाहरुमा कार्यक्रम कार्यान्वयन हुने भएमा अति उत्तम, समग्र सूचकांकका आधारमा 'ख' वर्गमा पर्ने जिल्लाहरु भएमा उत्तम, समग्र सूचकांकका आधारमा 'क' वर्गमा पर्ने जिल्लाहरु भएमा सन्तोषजनक/सामान्य र क्षेत्रीय सन्तुलनमा स्पष्ट योगदान नपुऱ्याउने भए न्यून प्रभाववाला मान्ने गरिन्छ । (स्रोतः राष्ट्रिय योजना आयोग)

यसैगरी सामाजिक समावेशीकरणमा योगदान पुऱ्याउनेको हकमा समावेशीकरणलाई प्रत्यक्ष तथा उल्लेख्य रुपमा वढावा दिने भएमा अति उत्तम, समावेशीकरणलाई अप्रत्यक्ष तथा उल्लेख्य रुपमा योगदान पुऱ्याउने भएमा उत्तम, समावेशीकरणलाई अप्रत्यक्ष तर सामान्य योगदान पुऱ्याउने भए सन्तोषजनक/सामान्य र माथिका कुराहरुमा अत्यन्त कम योगदान पुऱ्याउने वा योगदान नपुऱ्याउने भए न्यून प्रभाव भएको मान्ने गरिन्छ । लैंगिकीकरणको हकमा लैंगिकीकरणलाई प्रत्यक्ष र उल्लेख्य योगदान दिने भए अति उत्तम, माथिका कुराहरुमा अप्रत्यक्ष तथा उल्लेख्य रुपमा योगदान पुऱ्याउने भए उत्तम, माथिका कुराहरुमा अत्यन्त कम योगदान पुऱ्याउने वा योगदान नपुऱ्याउने भए सन्तोषजनक/सामान्य र माथिका कुराहरुमा अत्यन्त कम वा योगदान नपुर्‍याउने भए न्यून मानिने गर्छ । (स्रोतः राष्ट्रिय योजना आयोग)

उपयुक्त अभ्यासका आधारमा नेपाल सरकारले आफूले कार्यान्वयन गर्ने योजना तथा कार्यक्रम तथा बजेट गरिबमुखी वा लैंगिकमैत्री भए वा नभएको मापन गर्ने प्रयास गरेको दखिन्छ ।

शिक्षा क्षेत्र बजेटको महत्वपूर्ण सामाजिक क्षेत्र हो । स्वतन्त्र र संवैधानिक निकायहरु तथा नेपाल सरकारबाट नेपालको बजेट खर्च हुने गर्छ । शिक्षा क्षेत्रको बजेटको मूल हिस्सा शिक्षा मन्त्रालयमार्फत खर्च हुन्छ । अन्य विभिन्न निकाय र माध्यमबाट पनि शिक्षा क्षेत्रमा खर्च हुने भए पनि यो अध्ययनमा मूलतः शिक्षा मन्त्रालयको बजेट र त्यसअन्तर्गत हुने खर्चको लैंगिक र गरिबी उन्मुख दृष्टिकोणका आधारमा बजेट विस्लेषणको प्रयास गरिएको छ ।

यो अध्यायको पहिलो खण्डमा शिक्षा क्षेत्रका कार्यक्रम, तीनको क्षेत्र र उपलब्धिको विश्लेषण गरिएको छ भने दोस्रो खण्डमा आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको शिक्षा बजेटको लैंगिक र गरिबोन्मुख पक्ष दर्शाइएएको छ ।

४. शिक्षा बजेट विश्लेषण

४.१. नेपाल सरकारको बजेट र शिक्षा

नेपाल सरकारले सन् १९७५ देखि लगभग सन् १९९० सम्म कुल बजेटको १० प्रतिशतको हाराहारीमा मात्र शिक्षामा विनियोजन गरेको थियो । सन् १९९२ देखि सन् १९९७ को आठौं योजनामा आएर शिक्षा बजेटको मात्रा १३ प्रतिशतको हाराहारीमा पुऱ्याइएको थियो । सन् १९९० पछि भने शिक्षा बजेटमा उल्लेख्य मात्रामा बढाइएको देखिन्छ । हाल कुल बजेटको लगभग १६ प्रतिशत शिक्षाक्षेत्रमा बजेट विनियोजन भएको पाइन्छ । शिक्षामा खास गरेर द्विपक्षीय र बहुपक्षीय दातृ निकायहरुको सहयोग पनि उल्लेख्य मात्रमा रहेको छ । शिक्षा बजेटको लगभग २२ प्रतिशतको हाराहारीमा दातृ निकायको बाह्य स्रोत परिचालन गरिएको छ । शिक्षा बजेट बाँडफाँडको अवस्था देहायबमोजिम छ ।

तालिका नं. ४.१ : शिक्षा बजेट बाँडफाँडको अवस्था

शिक्षाका उपक्षेत्रहरु	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९	२०६९/७०
प्राथमिक शिक्षा	६२.८७	६७.२२	६८.४७	६८.८६	६७.६२
माध्यमिक शिक्षा	२३.०८	१८.४७	१७.०८	१६.६९	१८.२४
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम	१.२१	१.६५	२.३६	३.६२	२.०६
उच्च शिक्षा	१०.९६	१०.६५	१०.०४	९.०२	१०.१७
शैक्षिक व्यवस्थापन तथा प्रशासन	१.८४	१.९५	१.९९	१.७७	१.८८
अन्य	०.०५	०.०५	०.०६	०.०४	०.०३

स्रोत: अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

शिक्षा क्षेत्रलाई सरकारले उच्च प्राथमिकतामा राखेको देखिन्छ। शिक्षाक्षेत्र भित्रका उपक्षेत्रहरुमध्ये आधारभूत शिक्षालाई पहिलो प्राथमिकता राखिएको छ। यसैगरी अन्य उपक्षेत्रहरुको प्राथमिकताक्रम आवधिक योजनामा उल्लेख गरिएको छ। यिनै प्राथमिकताका आधारमा सरकारले विभिन्न कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयनमा ल्याउने गरेका शिक्षा मन्त्रालयका अधिकारीहरुबाट जानकारी प्राप्त भयो। यसमा दातृ निकायहरुको सहयोग पनि रहँदै आएको छ। यसैगरी निजी क्षेत्र र गैरसरकारी संघसंस्थाहरुले पनि शिक्षाको विकासमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्। यसका अक्तिरिक्त स्थानीय निकाय र अभिभावकको पनि उल्लेख्य मात्रामा सहयोग र सहभागिता पनि रहँदै आएको छ। (स्रोत: शिक्षा मन्त्रालय र विभाग)

देशको शिक्षा क्षेत्रमा विनियोजन हुने गरेको बजेट सबैभन्दा ठूलो हिस्सा आधारभूत शिक्षाले पाउने गरेको देखिन्छ। शिक्षामा विनियोजन भएको बजेटको लगभग ८० प्रतिशत हिस्सा शिक्षक तथा कर्मचारीको तलब भत्तामा खर्च हुन्छ। विद्यालय शिक्षाको कुल बजेटको ठूलो हिस्सा तलब भत्तामा खर्च हुन्छ । (शिक्षा विभाग, २०११) । विद्यालय शिक्षा बजेटमा विद्यालय शिक्षक तलब भत्ताका लागि ६२.२७ प्रतिशत विनियोजन गरिएको पाइन्छ । माध्यमिक शिक्षाका लागि विनियोजन भएको बजेटमा शिक्षक तलब भत्ताका लागि ९९.५२ प्रतिशत विनियोजन भएको पाइन्छ। बालविकासका सहजकर्ता, अनौपचारिक शिक्षाका सहजकर्ता र शिक्षक सबैको तलब भत्ता एकमुष्ट हिसाब गर्दा यो अंक विद्यालय शिक्षा बजेटको जम्मा ६७.३ प्रतिशत हुन आउँछ। (शिक्षा विभाग, २०६८)

शिक्षा क्षेत्रमा उपलब्ध बजेटमध्ये लगभग ८६ प्रतिशत बजेट विद्यालय शिक्षाको क्षेत्रमा विनियोजन हुने गरेको छ। सो बजेटमध्ये आधारभूत शिक्षाले मुख्य प्राथमिकता पाउने गरेको छ। शिक्षा बजेटको लगभग १० प्रतिशत बजेट उच्च शिक्षामा विनियोजन हुन गरेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा लगभग ३.६२ प्रतिशत बजेट विनियोजन हुने गरेको छ। (शिक्षा विभाग, २०६८)

विद्यालय क्षेत्र सुधार कार्यक्रमको बजेटमा विद्यालय भौतिक सुधार बजेटको मात्रा ७.१३ प्रतिशत, छात्रवृत्तिको बजेटको मात्रा २.९९ प्रतिशत, पाठ्यपुस्तकको बजेटको मात्रा २.५८ प्रतिशत, विद्यालय व्यवस्थापन र सञ्चालन बजेटको मात्रा ३.०४ प्रतिशत, विद्यालय गैरतलबीय अनुदान बजेटको मात्रा २.६८ प्रतिशत, अनौपचारिक शिक्षा (वैकल्पिक र विस्तारित कक्षातर्फ) सहजकर्ताका लागि अनुदान बजेटको मात्रा ०.१५ प्रतिशत र बालविकास कार्यक्रमको बजेटको मात्रा १.०६ प्रतिशत रहेको छ। (शिक्षा विभाग, २०६८)

चालु तेह्रौ योजनाको आधारपत्रले मुलुकको आर्थिक वृद्धिदर वार्षिक औसत ६.० प्रतिशत हुने लक्ष्य निर्धारण गरेको छ । कुल आर्थिक वृद्धिदरमा कृषिक्षेत्रतर्फ ६.७ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । यस आधार पत्रले शिक्षा क्षेत्रमा सरकारी र निजी क्षेत्रको लगानी अभिवृद्धि भई ८.२ प्रतिशतले वृद्धि हुने अपेक्षा गरेको छ ।

अर्थ मन्त्रालयले प्रकाशन गर्ने रातो किताबमा गरिएको वर्गीकरण र शिक्षा मन्त्रालयले वार्षिक योजना तथा कार्यक्रमका लागि आन्तरिक रुपमा गरेको वर्गीकरणमा अन्तर देखिएको छ । शिक्षा मन्त्रालयको वर्गीकरणमा शैक्षिक विकासलाई वेग्लै बजेट शीर्षकअन्तर्गत राखिएको पाइएन ।

४.२. उपलब्ध बजेटको सदुपयोग र उपलब्धि विश्लेषण

शिक्षा क्षेत्रका लागि आवश्यक रकम विभिन्न स्रोतबाट हुन्छ । नेपालको सन्दर्भमा शिक्षा क्षेत्रमा प्राप्त हुने रकमलाई सरकारी, निजी र गैर सरकारी क्षेत्रबाट प्राप्त भएको भनी वर्गीकरण गर्न सकिन्छ । यी शीर्षकमध्ये सरकारी स्रोतबाट विनियोजन गरिएको रकम मात्र राष्ट्रिय लेखाप्रणालीमा समावेश भएको छ । निजी क्षेत्र, गैरसरकारी क्षेत्रबाट के कति रकम विनियोजन र खर्च भएको छ भन्ने सम्बन्धमा एकिन तथ्यांक छैन । यसको भरपर्दो सूचना उपलब्ध छैन । साथै यसका बारेमा उपयुक्त अध्ययन भएको पनि देखिएन । तसर्थ सरकारी क्षेत्रबाहेक अन्य क्षेत्रबाट के कति रकम प्रयोग भएको छ, के मा खर्च भएको भने आधार देखिँदैन ।

शिक्षामा विनियोजित रकम खर्चलाई आन्तरिक र बाह्य स्रोतको आधारमा पनि वर्गीकरण गर्ने गरेको पाइन्छ । सैद्धान्तिक रुपमा यो वर्गीकरण ठीकै देखिए पनि यस सम्बन्धमा वस्तुगत सूचना प्राप्त गर्ने कुनै आधार छैनन् । यससम्बन्धी सूचना प्राप्त गर्न शिक्षामा कहाँ-कहाँबाट रकम प्राप्त हुन्छ सो रकम के कस्ता शीर्षकमा खर्च गरिन्छ भन्ने विषयमा तथ्यगत सूचना आवश्यक पर्छ । यस किसिमको विवरण राख्ने संयन्त्र नै छैन । यस्तो अवस्था रहेसम्म कार्यमा दोहोरोपन, चुहावट, प्राथमिकता प्राप्त क्षेत्रभन्दा अन्यत्र खर्च गर्ने परिपाटी अन्त हुन सक्दैन र वित्तीय अनुशासन कायम गर्न कठिन हुन्छ । खर्च हुने तर उपलब्धि हासिल नहुने अवस्थाको निरन्तरता रहन्छ ।

शिक्षामा विनियोजन र खर्चको चर्चा गर्दा वैदेशिक सहायताको पनि ठूलै स्थान छ । कम विकसित मुलुकमा वैदेशिक सहयोग सरकार र अन्तराष्ट्रिय संघसंस्थामार्फत सरकारलाई दिने सहयोग अनुदान, ऋण, प्राविधिक सहायता, वस्तुगत सहायता आदिजस्ता माध्यमद्वारा सार्वजनिक जानकारी आउने गर्छ । अनुदान र ऋण सहयोग रकम रातो किताबमार्फत सार्वजनिक जानकारीमा आउनेगर्छ । यसमा समन्वय गर्न सहज हुन्छ । तर प्राविधिक सहायताको रमक र सहयोग विभिन्न रुपमा आउने हुनाले समन्वय र त्यसको प्रभावकारी कार्यान्वयनमा प्रश्न चिन्ह आउनेगर्छ । हालसम्मको उपलब्धि देहायबमोजिम छ ।

क) गरिबी न्यूनीकरणसम्बन्धी सूचक (सहस्राब्दी विकास लक्ष्य)

तालिका नं. ४.२: गरिबी न्यूनीकरणसम्बन्धी सूचक (सहस्राब्दी विकास लक्ष्य)

सूचकहरू	१९९०	२०००	२००५	२०१०	२०१३	२०१५
दैनिक १ अमेरिकी डलरभन्दा कम आयमा बाँच्ने जनसंख्याको प्रतिशत	३३.५४	-	२४.१	१९.७	१६.४	१७
राष्ट्रिय गरिबीको रेखामुनिको जनसंख्याको प्रतिशत	४२	३८	३१	२५.४	२३.८२	२१
अमेरिकी डलर १ मा गरिबी खाडल (प्रतिशतमा)	-	११.७५	७.५५	६.१	५.६०	-
सबैभन्दा तलको समूहको राष्ट्रिय उपभोगमा साझेदारी	-	७.६	६.२	-	८.३	-
प्राथमिक तहमा छात्रा-छात्र अनुपात	०.५६	०.७९	०.९०	१.०	१.०२	१.०
माध्यमिक तहमा छात्रा-छात्र अनुपात	०.४९	०.७०	०.३४	०.९३	०.९९	१.०
उच्च शिक्षामा महिला पुरूष अनुपात	०.३२	०.२८	०.५०	०.६३	०.७१	१.०
साक्षरता (१५-२४ उमेर समूह) महिला पुरूष अनुपात	०.४८	-	०.७३	०.८३	०.८५	१.०
गैरकृषि क्षेत्रमा ज्याला पाउनेगरी रोजगार महिला (प्रतिशत)	१८.९	१७.७	-	१९.९	४४.८	-
राष्ट्रिय संसदमा महिलाको संख्या (प्रतिशतमा)	३.४	५.८	-	३२.८	-	-

स्रोतः संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, २०१३

ख) त्रिवर्षीय अन्तरिम योजना २०६४/६५-२०६६/६७ को अवस्था र अपेक्षित लक्ष्य देहायबमोजिम छ ।

- दसौं योजना अवधिभरमा साक्षरता दरमा (६ वर्ष माथि, १५ वर्ष माथि र लैंगिक समता सूचक) क्रमश ७० प्रतिशत, ६३ प्रतिशत र उपलब्ध नभएको अनुपात लक्ष्य हासिल गर्ने अपेक्षा गरेकोमा सो उपलब्धि क्रमशः ६३ प्रतिशत, ५२ प्रतिशत र ०.७ अनुपात भएको देखिन्छ । यसपछिको तीनवर्षीय अन्तरिम योजनाले यसमा क्रमशः ६३ प्रतिशत, ५२ प्रतिशत र ०.७ अनुपात हासिल गर्न खोजेको देखियो ।
- यसैगरी पूर्वप्राथमिक तथा प्रारम्भिक बालविकास केन्द्रतर्फ दसौं योजनामा ३२ प्रतिशत लक्ष्य हासिल गर्न खोजिएकोमा आ.व. २०६३/०६४ मा ४१.४ प्रतिशत हासिल भयो र आ. व. २०६६/०६७ मा ५१ प्रतिशत हासिल गर्ने अपेक्षा लिइएको थियो ।
- प्राथमिक तहतर्फ खुद भर्नादर, छात्राको प्रतिशत र महिला शिक्षक संख्या (प्रतिशत) मा दसौं योजनामा क्रमशः ९०, ४७ र ३० प्रतिशत लक्ष्य हासिल गर्न खोजिएकामा आ. व. २०६३/०६४ मा क्रमशः ८७.४, ४८ र ३० प्रतिशत हासिल भयो र आ. व. २०६६/०६७ मा ९६, ५० र उल्लेख नभएको प्रतिशत हासिल गर्ने अपेक्षा लिइएको थियो ।
- निम्नमाध्यमिक तहतर्फ सहजै देखिने भर्नादर र छात्राको प्रतिशत दसौं योजनामा क्रमशः ६५ र ४५ प्रतिशत लक्ष्य हासिल गर्न खोजिएकोमा आ. व. २०६३/०६४ मा क्रमशः ७१.५ र ४६.६ प्रतिशत हासिल भयो र आ. व. २०६६/०६७ मा ७५ र ५० प्रतिशत हासिल गर्ने अपेक्षा लिइएको थियो ।
- माध्यमिक तहतर्फ सहजै देखिने भर्नादर र छात्राको प्रतिशत दसौं योजनामा क्रमशः ४५ र ४५ प्रतिशत लक्ष्य हासिल गर्न खोजिएको मा आ. व. २०६३/०६४ मा क्रमशः ५६.७ र ४६.६ प्रतिशत हासिल भयो र आ. व. २०६६/०६७ मा ६० र ४८ प्रतिशत हासिल गर्ने अपेक्षा लिइएको थियो ।
- उच्च माध्यमिक तहतर्फ सहजै देखिने भर्नादर दसौं योजनामा २३ प्रतिशत लक्ष्य हासिल गर्न खोजिएकामा आ. व. २०६३/०६४ मा २३ प्रतिशत हासिल भयो र आ. व. २०६६/०६७ मा लक्ष्य उल्लेख भएको पाइएन । यो अवस्था उच्च शिक्षातर्फ ६ प्रतिशतमा रहेको देखिन्छ ।

तालिका नं. ४.३ : तीन वर्षीय योजना २०६७/६८ - २०६९/७० को परिणात्मक लक्ष्य

क्र.स	विवरण	आ.व.०६६/०६७ को स्थिति	आ. वं. २०६९/७० को लक्ष्य
१.	प्रौढ साक्षरता दर	६३.०	६७.०
२	१५ देखि २४ वर्ष उमेर समूहको साक्षरता	८६.५	९०.०
३	कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको दर	४९.९	५७.०
४	आधाभूत तह (कक्षा १-५) खुद भर्ना दर	९३.७	९८.०
५	आधाभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर	६३.२	७५.०
६	माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर	४०.८	५०.०
७	आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर	८३.२	९१.३
८	कक्षा ५ सम्म टिकाउ दर	७७.९	८५.५
९	कक्षा ८ सम्म टिकाउ दर	६२.०	७०.०
१०	माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर	२३.९	३५.०
११.	उच्च शिक्षामा सहजै देखिने भर्नादर	७.५	१०.०

स्रोतः राष्ट्रिय योजना आयोग (२०६६-२०६९)

।विद्यालय शिक्षाको क्षेत्रमा हासिल भएका अन्य उपलब्धिहरुलाई उपक्षेत्रगतरुपमा देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

विद्यालय शिक्षा (शिक्षा विभाग, २०६९) :

- पूर्वप्राथमिक शिक्षाः नेपालमा हाल बालविकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरु कुल ३४,१७४ रहेका छन् । तीमध्ये २९, २७३ सामुदायिक र ४,९०७ निजीस्तरमा सञ्चालित छन् । ती बालविकास केन्द्रहरुमा कुल १०,५३,०५१ विद्यार्थीहरु अध्ययनरत छन्, जसमध्ये ४८.१ प्रतिशत छात्रा रहेका छन् । यस तहमा सहजै देखिने भर्ना दर ७३.७ प्रातिशत छ, जसमध्ये बालिकाहरुतर्फ जम्मा ७३.१ प्रतिशत छ । कक्षा १ मा भएकामध्ये जम्मा ५५.६ प्रतिशत वालवालिकाहरुसँग पूर्वप्राथमिक शिक्षाको अनुभव रहेको देखिएको छ ।

- विद्यालय शिक्षाः नेपालमा कुल ४५,७६,६९३ विद्यालयहरु सञ्चालनमा छन् । यीमध्ये प्राथमिक तहमा ३४,२९८ विद्यालय तहहरु र ४५, ७६ ६९३ विद्यार्थीहरु अध्ययनरत छन्, जसमध्ये ५०.५ प्रतिशत छात्राहरु छन् । निम्नमाध्यमिक तहमा जम्मा १४,४४७ विद्यालय तहहरु र १८, २३, १९२ विद्यार्थीहरु छन् । आधारभूत र माध्यमिक तहमा क्रमशः ३४,४८४ र ८,४१६ विद्यालय तहहरु छन् । आधारभूत तहमा ६३,९९,८८५ विद्यार्थीहरु अध्ययनरत छन्, जसमध्ये छात्राहरु ५०.६ प्रतिशत रहेका छन् माध्यमिक तह (कक्षा ९ र १०) मा् ८,७८,०४७ विद्याथीहरु छन् । माध्यमिक तहमा छात्राहरु ४९.८ प्रतिशत छन् ।

- विद्यालय शिक्षामा पहुँच र प्रभावकारिताः देशका कुल ९५ प्रतिशत घरधुरीका बालबालिकाहरु आधा घण्टा पैदल हिँडेर विद्यालयसम्म पुग्न सक्छन् । आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर ९५.३ प्रतिशत र कक्षा (६-८)मा ७० प्रतिशत पुगेको छ । माध्यमिक तह कक्षा (९-१०) मा खुद भर्ना दर ५२.१ पुगेको छ । आधारभुत तह (कक्षा १-८) मा लैंगिक अनुपात लगभग समदरमा पुगेको छ । खुद भर्नादर आधारभूत तह ८७ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा ३१ प्रतिशत पुगेको छ । कक्षा १मा विद्यालय छाड्ने विद्यार्थीहरुको अनुपात ७.७ प्रतिशत छ भने कक्षा दोहोऱ्याउने दर १९.९ प्रतिशत छ । यसैगरी कक्षा ५ मा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर क्रमशः ६.० प्रतिशत र ५.३ प्रतिशत छ । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरु कक्षा ५ सम्म टिकिरहने दर ८४.२ रहेको छ । छात्राको टिकाउ दर ८४.९ प्रतिशत र छात्रको टिकाउ दर ८३.१ प्रतिशत छ ।

- विद्यालय शिक्षामा शिक्षकः प्राथमिक तहमा कार्यरत शिक्षकहरुमध्ये ४१.५ प्रतिशत तहमा कार्यरत शिक्षकहरुमध्ये ४१.५ प्रतिशत महिला शिक्षक छन् । निम्नमाध्यमिक तहमा २७.४ प्रतिशत र माध्यमिक तहमा १७.६ प्रतिशत महिला शिक्षक कार्यरत छन् । हाल विद्यार्थी र शिक्षकको अनुपात प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा क्रमशः ३८.१ प्रतिशत, ६०.१ प्रतिशत र ३१.१ प्रतिशत रहेको छ । तर तहगत रुपमा सरकारीस्तरबाट स्वीकृत शिक्षक दरबन्दी र राहत अनुदानको विवरण देहायबमोजिम छ ।

तालिका नं. ४.४. शिक्षकसम्बन्धी विवरण

क.स	तह	स्वीकृत दरबन्दी	राहत अनुदान	जम्मा
१.	प्राथमिक	८०,१७६	२२,२११	१,०२,३८७
२.	निम्न माध्यमिक	१६,२०४	९,६६०	२४,८६४
३.	माध्यमिक	१२,७१८	५,६४०	१८,३५८
४.	उच्च माध्यमिक	०	४,०००	४,०००
	जम्मा	१,०९,०९८	४१,५११	१,४९,६०९

स्रोतः शिक्षा विभाग

ख) उच्च माध्यमिक विद्यालयः उच्च माध्यमिक तहमा जम्मा ३,५९६ विद्यालयहरु सञ्चालनमा छन् । निजी क्षेत्रबाटै थप १५९ वटा कक्षा ११ र १२ मात्रै सञ्चालित संस्था छन् भने १३६ वटा उच्च माध्यमिक कक्षाहरु क्याम्पसहरुमा सञ्चालित छन् । उच्च माध्यमिक तह (कक्षा ११र १२) मा जम्मा ६,१६,६८७ विद्यार्थीहरु छन्, जसमध्ये छात्राहरुको संख्या ४६.०१ प्रतिशत छ (उच्च माध्यमिक शिक्षापरिषद्, २०६९) ।

ग) उच्च शिक्षाः यसतर्फ ९ वटा विश्वविद्यालय तथा अन्तर्गतका ९० वटा आंगिक र १०४४ वटा सम्बन्धन प्राप्त क्याम्पसहरु गरी कुल ११३४ क्याम्पस एवं शैक्षिक संस्थाहरु क्रियाशील छन्। कुल क्याम्पसमध्ये सबैभन्दा बढी अर्थात् ९२१ वटा क्याम्पस त्रिभुवन विश्वविद्यालयअन्तर्गत

सञ्चालित छन् । नयाँ खोलिएका तीनवटा विश्वविद्यालय (सुदूरपश्चिम, मध्यपश्चिमाञ्चल र कृषि तथा वन विश्वविद्यालय) मा कक्षा सञ्चालन गर्ने क्रममा छन् । हाल उच्च शिक्षामा कुल ४,१२,५४० विद्यार्थी अध्ययनरत छन्, जसमध्ये ४१.६ प्रतिशत छात्राहरु छन् । विश्वविद्यालयअन्तर्गतका उच्च शिक्षण संस्थाबाहेक ३ वटा प्रतिष्टानअन्तर्गत तीनवटा चिकित्साशास्त्रमा उच्च शिक्षा दिने संस्थाहरु पनि सञ्चालनमा छन् । उच्च शिक्षामा सहजै देखिने भर्ना दर १३ प्रतिशत पुगेको छ । उच्च शिक्षामा छात्राहरुको भर्ना प्रतिशत ४१.६ छ । (विश्वविद्यालय अनुदान आयोग, २०६९)[४]

घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः प्राविधिक एसएलसी (Technical School Leaving Certificate TSLC) र डिप्लोमा तहका आंगिक १०० (ऐनेक्स ७३ प्रतिशत) र सम्बन्धन प्राप्त ३४६ गरी जम्मा ४४६ वटा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरुबाट यस उपक्षेत्रमा विभिन्न कार्यहरु कार्यान्वयन भइरहेका छन् । ती संस्थाहरुमा कुल २५,३१३ विद्यार्थीहरु भर्ना भएका छन् । (**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम** , २०१२) । शैक्षिक वर्ष २०७० देखि माध्यमिक तहको कक्षा ९ देखि प्राविधिक र व्यावसायिक शिक्षा सञ्चालन गर्ने गरी एक जिल्लामा न्यूनतम् रुपमा एक विद्यालय पर्ने गरी मुलुकभरबाट १०० वटा माध्यामिक विद्यालयहरु छनोट गरिएका छन् ।

ङ) साक्षरता : वि.सं.२०६८ को जनगणनाअनुसार पाँच वर्षभन्दा माथि उमेर समूहकाहरुको कुल साक्षरता ६५.९ प्रतिशत (पुरूष साक्षरता ५७.४ प्रतिशत) छ । (केन्द्रीय तथ्यांक विभाग, २०६९) ।

विगत आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको बजेट र खर्चमा केन्द्रित रहेर गरिएको शिक्षा बजेटको लैंगिक र गरिबमुखी बजेट विश्लेषण यसपछि प्रस्तुत गरिएको छ ।

४.३. नेपालको कुल बजेटमा शिक्षा बजेटको हिस्सा

नेपाल सरकारले आफ्ना नीति तथा कार्यक्रमसहित प्रस्तुत गरेको वार्षिक बजेटमा शिक्षा क्षेत्रले के कति हिस्सा लिएको छ भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.५

कुल केन्द्रीय बजेटमा शिक्षा बजेट (रू. हजारमा)

आर्थिक वर्ष	जम्मा केन्द्रीय बजेट	शिक्षा बजेट	अघिल्लो वर्षको तुलनामा शिक्षा बजेटमा परिवर्तन (प्रतिशतमा)
२०६५/६६	२३६,०१५,८९७	३९,०८६,४०७	
२०६६/६७	२८५,९३०,०००	४६,६१६,६७२	१९.२७
२०६७/६८	३३७,९००,०००	५७,८२७,५४२	२४.०५
२०६८/६९	३८४,९००,०००	६३,९१८,८३९	१०.५३
२०६९/७०	४०४,८२४,७००	६३,४३१,३९७	(०.७६)

स्रोत: अर्थ मन्त्रालय (२०६५-२०६९)

माथिको तालिकामा शिक्षा आर्थिक वर्ष २०६५/६६ देखि अर्थिक वर्ष २०६९/७० सम्म नेपाल सरकारले शिक्षा मन्त्रालयमार्फत खर्च हुने गरी विनियोजन गरको बजेट रकमलाई प्रस्तुत गरिएको छ । तालिका अनुसार आर्थिक वर्ष २०६५/६६ बाट २०६८/६९ सम्म शिक्षा बजेटको वृद्धिदर क्रमशः १९.२७ प्रतिशत, २४.०५ प्रतिशत र १०(५३ प्रतिशत देखिन्छ । आर्थिक वर्ष २०६८/६९ को तुलनामा २०६९/७० मा भने विनियोजित बजेट ०.७६ प्रतिशतले घटेको देखिन्छ । कुल बजेटमा शिक्षा मन्त्रालयको बजेटको हिस्सालाई तलको चार्टमा प्रस्तुत गरिएको छ ।



चार्ट नं. ४.१

नेपालको कुल बजेटमा शिक्षा बजेट

चार्ट ४.१ मा देखाइएअनुसार शिक्षा क्षेत्रले कुल बजेटको १५-१७ प्रतिशतसम्म हिस्सा ओगटेको छ। विगतका पाँच वर्षहरुमा कुल बजेटको औसतमा १६.२५ प्रतिशत हिस्सा शिक्षा क्षेत्रले ओगटेको पाइन्छ। अतः शिक्षामा लैंगिक तथा गरिबी न्यूनीकरण बजेटको विश्लेषण गर्नु बजेटको आकारको दृष्टिकोणले पनि अर्थपूर्ण देखिन्छ।



चार्ट ४.२

शिक्षा बजेट (बास्तविक मूल्यमा)

माथिको चार्टमा अर्थमन्त्रालयले प्रकाशन गर्ने वार्षिक व्यय अनुमानको विवरण तथा नेपाल राष्ट्र बैंकबाट उपलब्ध मुद्रास्फीतिको आँकडाका आधारमा वास्तविक मूल्यमा शिक्षा बजेटको अवस्था प्रस्तुत गरिएको छ। शिक्षा बजेट आर्थिक वर्ष २०६५/६६ बाट २०६९/७० सम्म आइपुग्दा मौद्रिक मूल्यमा ३९ अर्बबाट बढेर ६३ अर्ब पुगेको देखिन्छ। मौद्रिक मूल्यलाई आधार मान्दा पाँच वर्षको अन्तरालमा यो करीव ६२ प्रतिशतको वृद्धि हो। तर, मूल्यवृद्धिलाई ध्यान दिँदा बजेटको वास्तविक वृद्धि त्योभन्दा कम छ। नेपाल राष्ट्र बैकको मुद्रास्फीतिको तथ्यांकलाई अधार मान्ने हो भने शिक्षा बजेटको वास्तविक वृद्धि पाँच वर्षमा केवल ८.१ प्रतिशत मात्र देखिन्छ। अझ, २०६८/६९ को तुलनामा २०६९/७० मा बजेट विनियोजनमा बास्तविक वृद्धि ९.४५ प्रतिशतले नकरात्मक दखिन्छ। यसबाट गरिबी र लैंगिक कार्यक्रममा बढी लाभ हुनसक्ने कार्यक्रममा समेत नकारात्मक प्रभाव पर्न सक्छ।

चार्ट नं ४.३

शिक्षा क्षेत्रमा बजेट र खर्चको अनुपात



स्रोत: अर्थ मन्त्रालय (२०६५-२०६९)

नेपालको शिक्षामा हुने बजेट विनियोजन र खर्चको अनुपात हेर्दा विगत पाँच आर्थिक वर्षमा बजेटको कम्तिमा ९२ प्रतिशत रकम खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०६६/६७ मा त बजेटको ९९.५ प्रतिशत खर्च भएको छ। यसबाट नेपालको शिक्षा बजेटको उपयोग सन्तोषजनक देखिन्छ। जसका आधारमा गरिब र लैगिंक बजेटको अधिकांश हिस्सा पनि खर्च भएको अनुमान गर्न सकिन्छ। तथापी, गरिब र महिलालाई त्यसबाट प्रत्यक्ष लाभ भए वा नभएको हेर्न भने अन्य आँकडा पनि हेर्नं आवस्यक छ।

चार्ट नं.४.४

शिक्षा क्षेत्रको बजेटमा पुँजीगत र चालू खर्चको अंश



स्रोत: अर्थ मन्त्रालय (२०६५-२०६९)

चार्ट ४.४ ले के देखाउँछ भने नेपालको शिक्षा बजेटको ठूलो हिस्सा तलब, भत्ता, पानी बिजुली, मर्मत संभार जस्ता चालू खर्चमा केन्द्रित छ। आ.व. २०६५/६६ देखि २०६६/६७ सम्म ९ देखि १० प्रतिशतको हाराहारीमा रहेको पुँजीगत खर्च तर्फको विनियोजन २०६९/७० मा आइपुग्दा ०.३ प्रतिशतमा झर्नुले दीर्घकालीन हितका कार्यक्रममा हुने खर्चको अंश कम हुँदै गएको दखाउँछ, जसले लामो समयसम्म गरिब र महिलालगायतका लक्षित समूहको हित गर्ने गरी पुँजी निर्माण गर्न बजेटले कम सहयोग गर्ने देखिन्छ। अर्थ मन्त्रालयले अवलम्बन गरेको बजेट वर्गीकरणको वर्तमान पद्धतिअनुसार सरकारले विभिन्न स्थानीय निकाय र विद्यालयलाई दिने अनुदान चालू खर्चमा समावेश हुने भएकोले चालू खर्चका शीर्षकबाट केही मात्रामा विकासका कार्यक्रम सञ्चालन भएको हुनसक्छ। तर, अर्थ मन्त्रालयको सूचनाको आधारमा यसरी हुने विकास खर्चको बेग्लै लेखाजोखा गर्ने अवस्था रहेन। । शिक्षा मन्त्रालय सबैभन्दा धेरै चालू खर्च भएको मन्त्रालय हो। शिक्षा मन्त्रालयले कुल बजेटको १६ प्रतिशत जति हिस्सा प्राप्त गर्ने भए पनि नेपाल सरकारको चालू खर्चको २५ प्रतिशत हिस्सा यो मन्त्रालायको छ। (स्रोत: आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय)

चार्ट : ४.५

पुँजीगत र चालू खर्चको उपयोग अनुपात



स्रोतः अर्थ मन्त्रालय (२०६५-२०६९)

चार्ट ४.५ ले के देखाउँछ भने शिक्षामा भएको पुँजीगत खर्चको सानो अंश पनि पूर्णरुपमा खर्च हुन सकिरहेको छैन जबकी कतिपय अवस्थामा चालू बजेटको विनियोजित रकमभन्दा पनि ज्यादा खर्च भएको छ। पुँजीगत बजेटतर्फ भने २०६५/६६ मा ८१.८ र २०६६/६७ मा ९० प्रतिशतसम्म बजेट खर्च भएकामा २०६७/६८ मा केवल ९.३ प्रतिशत, २०६८/६९ मा ४७.६ प्रतिशत र २०६९/७० मा ७७.२ प्रतिशत खर्च भएको देखिन्छ। बजेट उपयोग अन्य क्षेत्रको तुलनामा शिक्षामा बढी देखिए पनि कुल उपयोगको तुलनामा पुँजी निर्माणको कार्यक्रममा छुट्याइएको बजेट कम खर्च हुँदा गरिब र महिलालगायतका लक्षितवर्गको दीर्घकालीन हितमा समेत आशातीत सकारात्मक प्रभाव पर्न सक्ने देखिँदैन ।

तालिका नं. ४.६ : बजेटमा शिक्षाका शीर्षकहरूको अंश

आर्थिक वर्ष/ बजेट शीर्षक	२०६५/६६		२०६६/६७		२०६७/६८		२०६८/६९		२०६९/७०	
	विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च
प्राथमिक शिक्षा	६०.१	६०.७	३६.९	४०.८	३३.३	३५.०	३४.५	३५.१	३६.४	३४.२
माध्यमिक शिक्षा	२३.३	२४.२	१८.८	२०.४	१७.५	१८.५	१७.१	१८.७	१८.७	१८.१
उच्च शिक्षा	११.०	१०.४	१०.७	१०.४	१०.०	९.८	९.०	१०.०	१०.२	१०.१
शैक्षिक विकास	०.३	०.३	२७.९	२२.७	३०.९	२६.८	२९.६	२६.६	२४.२	२२.०
अनुगमन तथा मूल्यांकन	४.२	३.४	४.१	४.२	५.९	७.६	६.२	६.७	८.५	८.४
प्रविधिक शिक्षा	१.२	१.१	१.७	१.५	२.४	२.३	३.६	२.९	२.१	२.०
खर्च र विनियोजनको(%)	९२		९९.५		९५		९७.१		९४.८	

स्रोतः अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र शिक्षा मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

नेपालको शिक्षा बजेटको ठूलो हिस्सा प्राथमिक शिक्षा, माध्यमिक शिक्षा र शैक्षिक विकासमा विनियोजन र खर्च भएको देखिन्छ। कतिपय वर्षहरुमा प्राथमिक र माध्यमिक शिक्षाको यथार्थ खर्च विनियोजित बजेटभन्दा पनि ज्यादा देखिन्छ। शिक्षा बजेटको बढी हिस्सा ओगटेका यी शीर्षकमा आर्थिक वर्ष २०६५/६६ देखि २०६८/६९ सम्म विनियोजनभन्दा बढी खर्च देखिन्छ। सामान्यतया यस्तो अवस्था शिक्षकको तलब भत्ता जस्ता चालू खर्चका हकमा भएको हुनसक्ने विश्लेषण तालिका ४.६ का आधारमा गर्न सकिन्छ। सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि लक्षित गरिएका यी कार्यक्रममा बढी विनियोजन र खर्च हुनुले निम्न र मध्यमवर्गका छात्र र छात्राको क्षमता विकासमा बजेटले सकारात्मक प्रभाव पार्न सक्ने अपेक्षा पनि गर्न सकिन्छ। यसले शिक्षा बजेटलाई गरिब र लैंगिक मैत्री मान्ने एउटा आधार पनि प्रदान गर्छ। तर, महत्वपूर्ण कुराचाहिँ यस्ता खर्चले लक्षितवर्गको जीवनमा सकारात्मक प्रभाव पारेको छ कि छैन भन्ने नै हो ।

शिक्षा क्षेत्रको बजेटको GDP सँगको अनुपात हेर्दा आ.व. ०६५/६६ मा GDP को ३.६ प्रतिशत रकम शिक्षामा खर्च गरिएको थियो। यो र कम आ.व.. ०६७/६८ मा बढेर ४.५ प्रतिशत पुग्यो भने आ.व. ०६८/६९ मा ४.३२ प्रतिशत तथा आ.व. २०६९/७० मा करिब ३.८ प्रतिशत देखिन्छ (आर्थिक सर्वेक्षण २०६९ र लेखकको अणनामा आधारित)। अघिल्लो वर्षको तुलनामा आ.व. २०६९/७० मा यो अंश केही घटेको देखिए तापनि समग्रमा सरकारले शिक्षा क्षेत्रलाई बढी प्राथमिकता दिएर लगानी बढाउँदै लगेको देखिन्छ।

यस्तो महत्वपूर्ण क्षेत्रमा सरकारले गरेको ठूलो लगानी कति लैंगिक समानता ल्याउने र गरिबी न्यूनीकरण गर्ने खालको छ ? यो खर्चले महिला र गरिबलाई कति प्रत्यक्ष वा अप्रत्यक्ष लाभ प्रदान गरेको छ ? र कति बजेट तटस्थ छ ? यी प्रश्नहरुको उत्तर खोज्ने प्रयास यस अध्यायमा गरिएको छ।

अध्ययनका लागि नेपाल सरकारको वार्षिक बजेटका तथ्यांक समेटेर प्रकाशन गर्ने बार्षिक व्यय अनुमान अर्थात् रातो किताबमा उल्लेख भएका आँकडाहरु र राष्ट्रिय योजना आयोगले प्रकाशन गर्ने वार्षिक विकास कार्यक्रम नामक पुस्तकमा समेटिएका तथ्यांकहरु, शिक्षा विभागले आन्तरिक प्रयोजनका लागि तयार गर्ने वार्षिक कार्ययोजना तथा बजेट र शिक्षा मन्त्रालयले प्रकाशन गर्ने वार्षिक कार्यक्रम र बजेटलाई अध्ययनका आधार बनाइएको छ। आर्थिक वर्ष २०६९/७० मा चैत मसान्तमा मात्र पूर्णबजेट आएकोले योजना आयोगले बार्षिक विकास कार्यक्रम प्रकाशन नै नगरेकोले लैंगिक उत्तरदायी र गरिबी न्यूनीकरण बजेटको संकेतका लागि आर्थिक वर्ष २०६९/७० का हकमा २०६८/६९ र ७०/७१ मा दिइएका संकेतहरुलाई आधार बनाएका छौं।

नेपाल सरकारले आर्थिक वर्ष २०६४/६५ देखि अर्थमन्त्रालयल रातो किताबमा लैंगिक उत्तरदायी बजेट र गरिबी न्यूनीकरण बजेटलाई बेग्लै खण्डमा प्रस्तुत गर्ने गरेको छ। रातो किताबमा प्रस्तुत लैंगिक र गरिबोन्मुख बजेट तलका तालिका र चार्टहरुमा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.७ : कुल बजेटमा लैंगिक उत्तरदायी बजेट (रु. हजारमा)

आर्थिक वर्ष	प्रत्यक्ष लैंगिक उत्तरदायी	प्रतिशत	अप्रत्यक्ष लैंगिक उत्तरदायी	प्रतिशत	तटस्थ बजेट	प्रतिशत
२०६५/६६	३२९०९४३०	१३.९४	८३५७७५२१	३५.४१	११९५२८९४६	५०.६४
२०६६/६७	४९४५६८३०	१७.३०	१०४१५७५७८	३६.४२	१३२३१५५९२	४६.२८
२०६७/६८	६०६०९९९३	१७.९४	१२२६४६१५५	३६.३०	१५४६४३८५२	४५.७७
२०६८/६९	७३३३३१५४	१९.०५	१७६२१३४१८	३५.१७	१३५३५३४२८	४५.७८
२०६९/७०	८७०७८७५६	२१.५१	१७८६३१०४०	३४.३६	१३९११४९०४	४४.१३

स्रोतः अर्थ मन्त्रालय (२०६५-२०६९)

माथिको तालिकामा अर्थ मन्त्रालयले जनाएअनुसारको नेपाल सरकारको कुल केन्द्रीय बजेटमध्ये प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट, लैंगिक उत्तरदायी बजेट र तटस्थ बजेटको रकम प्रस्तुत गरिएको छ, जसलाई तलको चार्टका आधारमा विश्लेषण गरिन्छ।

चार्टः ४.६

कुल बजेटमा लैंगिक उत्तरदायी बजेटको हिस्सा



चार्ट ४.६ मा देखाइएअनुसार आर्थिक वर्ष २०६५/२०६६ मा नेपाल सरकारको केन्द्रीय बजेटको १३.९४ प्रतिशत हिस्सा प्रत्यक्ष लैंगिक उत्तरदायी अर्थात् ५० प्रतिशत वा सोभन्दा बढी महिलालाई लाभ दिने अर्थात् महिला र पुरूषलाई समान रुपमा लाभ दिने खालको देखिन्छ। यो अंश हरेक वर्ष वृद्धि भई आर्थिक वर्ष २०६९/७० सम्म आइपुग्दा २१.५१ प्रतिशत पुगेको देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०६५/६६ मा कुल बजेटको ३५.४१ प्रतिशत हिस्सा अप्रत्यक्ष रुपमा लैंगिक उत्तरदायी अर्थात् २० प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा कम महिलालाई लाभ दिने अर्थात् पुरुषभन्दा महिलालाई कम लाभ दिने कार्यक्रम देखिन्छ। यो हिस्सा आर्थिक वर्ष २०६७/६८ सम्म स्थीर रहेको र त्यसपछि बढेर आर्थिक वर्ष २०६८/६९ मा ४५.७८ र २०६८/६९ मा ४४.१३ प्रतिशतमा देखिन्छ। यसरी बर्गीकरण गर्न नसकिने अर्थात् तटस्थ बजेटको हिस्सा भने आर्थिक वर्ष २०६५/६६ मा ५०.६४ प्रतिशत रहेकोमा क्रमशः घट्दै गई आर्थिक वर्ष २०६९/७० मा ३४.३६ प्रतिशत पुगेको छ।

तालिका ४.८

शिक्षा क्षेत्रको बजेटमा लैंगिक उत्तरदायी बजेट (रु हजारमा)

आर्थिक वर्ष	प्रत्यक्ष लैंगिक उत्तरदायी	प्रतिशत	अप्रत्यक्ष लैंगिक उत्तरदायी	प्रतिशत	तटस्थ बजेट	प्रतिशत
२०६५/६६	१,४९६,२८२.००	३.८४	३०,९१४,३७५.००	१६.८५	६,५६६,६४७.००	७९.३१
२०६६/६७	१,३००,६५९.००	२.८०	२२,१८७,४८६.००	४९.५२	२३,०३८,७६७.००	४७.६९
२०६७/६८	१२,३३९,६६७.००	२३.९४	१३,८०२,७८४.००	५४.६५	३१,५०३,९०२.००	२१.४१
२०६८/६९	१७,७०८,३११.००	२७.७०	४२,०५३,७९७.००	६५.७९	४,१५६,७३१.००	६.५०
२०६९/७०	३९,५३४,७००.००	६२.३३	२३,८२७,२९५.००	३७.५६	६९,४०२.००	०.११

स्रोतः अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

माथिको तालिकामा अर्थ मन्त्रालयले जनाएअनुसारको नेपाल सरकारले शिक्षा क्षेत्र[1] मा विनियोजन गरेको बजेटमध्ये प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट, लैंगिक उत्तरदायी बजेट र तटस्थ बजेटको रकम प्रस्तुत गरिएको छ, जसलाई तलको चार्टका आधारमा विश्लेषण गरिन्छ।

चार्टः ४.७

शिक्षा बजेटमा लैंगिक उत्तरदायी बजेटको



चार्ट ४.७ मा देखाइएअनुसार आर्थिक वर्ष २०६५/२०६६ मा नेपाल सरकारले शिक्षा क्षेत्रमा विनियोजन गरेको बजेटको ३.८४ प्रतिशत हिस्सामात्र प्रत्यक्षा रुपमा लैंगिक उत्तरदायी रहेको वा महिला र पुरूषलाई समान रुपमा लाभ दिने खालको देखिन्छ। यो अंश आर्थिक वर्ष २०६६/६७ मा आफ्न घटेर २.८० प्रतिशत पुगेको र हरेक वर्ष वृद्धि भई आर्थिक वर्ष २०६९/७० सम्म आइपुग्दा ६२.३३ प्रतिशत पुगेको दे खिन्छ। अप्रत्यक्ष रुपमा उत्तरदायी बजेटको हिस्सामा भने विभिन्न वर्षहरुमा उत्तरचढाव देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा कुल बजेटको

१ यहाँ शिक्षा क्षेत्रको बजेट भन्त्रालयले बजेटको कार्यगत वर्गीकरणमा उल्लेख गरेको रकमलाई लिइएको छ। जसमा अन्य मन्त्रालयबाट शिक्षा क्षेत्रमा हुने खर्च पनि सामेल भएको हुनसक्छ।

७९.३१ प्रतिशत हिस्सा अप्रत्यक्ष रुपमा लैंगिक उत्तरदायी अर्थात् २० प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा कम महिलालाई लाभ दिने अर्थात् पुरूषभन्दा महिलालाई कम लाभ दिने कार्यक्रम देखिन्छ। यो अंश घटेर आर्थिक वर्ष २०६७/६८ मा २१.४१ प्रतिशत पुगेको, आ.व. २०६८/६९ मा बढेर ६५.७९ प्रतिशत पुगेको र पुनः घटेर आर्थिक वर्ष २०६९/७० मा ३७.५६ प्रतिशत हुन आएको देखिन्छ। यी वर्षहरुमा एउटै निकायले उही सूचकका आधारमा प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको अंशमा २.८ प्रतिशतदेखि ६२.३३ प्रतिशतसम्म पुग्नु र अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको अंशमा उत्तार चढाव आउनुले बजेटलाई लैंगिक र गरिबोन्मुख दृष्टिकोणबाट गरिने मूल्यांकनको वर्तमान पद्धतिको वैज्ञानिकताबारे पर्याप्त रुपमा प्रश्न उठ्छ।

तालिका नं. ४.९ : कुल बजेटमा गरिबमुखी बजेट (रु.हजारमा)

आर्थिक वर्ष	गरिबोन्मुख बजेट	प्रतिशत	तटस्थ बजेट	प्रतिशत	जम्मा
२०६५/६६	९५७७६५१५	४०.५८	१४०२३९३८२	५९.४२	२३६०१५८९७
२०६६/६७	१३२०२८४४५	४६.१८	१५३९०१५५५	५३.८२	२८५९३००००
२०६७/६८	१५८३३४०४५	४६.८६	१७९५६५९५५	५३.१४	३३७९०००००
२०६८/६९	१८६६३०७३३	४८.४९	१९८२६९२६७	५१.५१	३८४९०००००
२०६९/७०	१९८१३२२८८	४८.९४	२०६६९२४१२	५१.०६	४०४८२४७००

स्रोतः अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

माथिको तालिकामा अर्थमन्त्रालयले जनाए अनुसारको नेपाल सरकारको कुल विनियोजित केन्द्रीय बजेटमध्ये गरिबमुखी बजेट र तटस्थ बजेको बजेटको रकम प्रस्तुत गरिएको छ, जसलाई तलको चार्टका आधारमा विश्लेषण गरिन्छ।

चार्टः ४.८

कुल बजेटमा गरिबमुखी बजेटको हिस्सा



चार्ट ४.८ मा देखाइएअनुसार आर्थिक वर्ष २०६५/२०६६ मा नेपाल सरकारको केन्द्रीय बजेटको ४०.५८ प्रतिशत हिस्सा गरिबमुखी अर्थात् गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने खालको देखिन्छ। यो अंश हरेक वर्ष सामान्य रुपमा वृद्धि भई आर्थिक वर्ष २०६९/७० सम्म आइपुग्दा ४८.९४ प्रतिशत पुगेको देखिन्छ।

तालिका नं ४.९.१

शिक्षा बजेटमा गरिबमुखी बजेट (रु.हजारमा)

आर्थिक वर्ष	गरिबोन्मूख बजेट	प्रतिशत	तटस्थ बजेट	प्रतिशत	जम्मा
२०६५/६६	३२,२२६,४२३.००	८२.६८	६,७५०,८८१.००	१७.३२	३८,९७७,३०४.००
२०६६/६७	४०,५०९,३३८.००	८७.०७	६,०१७,५७४.००	१२.९३	४६,५२६,९१२.००
२०६७/६८	३८,६२९,६०६.००	६७.०१	१९,०१६,७४७.००	३२.९९	५७,६४६,३५३.००
२०६८/६९	५१,३३७,७६०.००	८०.३२	१२,५८१,०७९.००	१९.६८	६३,९१८,८३९.००
२०६९/७०	५७,९६६,३४०.००	९१.३८	५,४६५,०५७.००	८.६२	६३,४३१,३९७.००

स्रोतः अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

माथिको तालिकामा अर्थ मन्त्रालयले जनाएअनुसारको नेपाल सरकारले शिक्षा क्षेत्रमा विनियोजन गरेको बजेटमध्ये गरिबमुखी बजेट र तटस्थ बजेटको हिस्सा प्रस्तुत प्रस्तुत गरिएको छ, जसलाई तलको चार्टका आधारमा विश्लेषण गरिन्छ।

चार्टः ४.९

शिक्षा बजेटमा गरिबमुखी बजेटको हिस्सा



माथिको चार्टमा शिक्षा क्षेत्रको बजेट नेपाल सरकारको समग्र बजेटभन्दा बढी गरिबमुखी देखिन्छ। तर, गरिबमुखी बजेटको हिस्सामा पनि सामान्य उत्तरचढाव भने देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा शिक्षा क्षेत्रमा कुल विनियोजित बजेटको ८२.६८ प्रतिशत हिस्सा गरिबमुखी वा गरिबी निवारणमा प्रत्यक्ष योगदान गर्ने खालको देखिन्छ। यो अंश आ.ब. २०६७/६८ मा घटेर ६७ प्रतिशतमा आईपुगेको र आर्थिक वर्ष २०६९/७० सम्म आइपुग्दा पुनः वृद्धि भई ९१.३८ प्रतिशत पुगेको देखिन्छ।

माथिका तालिका र चार्टहरुबाटसमग्र बजेटको तुलनामा शिक्षा क्षेत्रको बजेट बढी मात्रामा लैंगिक र गरिबमुखी देखिन्छ। तर, अर्थमन्त्रालयले प्रस्तुत गरेको आँकडामा देखिएको उत्तारचढावका कारणले वर्तमान वर्गीकरण प्रणालीलाई थप व्यावहारिक र वैज्ञानिक बनाउनुपर्ने देखिन्छ। अन्यथा, बजेट वर्गीकरणले सार्थकता पाउँदैन।

रातो किताबमा कुल बजेटलाई गरिबी न्यूनीकरण बजेट र लैंगिक बजेटको हिस्सा (रकममा) मात्र प्रस्तुत गरिएको र कार्यक्रमगत आधारमा बजेट र खर्च हेर्न सकिने गरी सूचना प्रकाशन नगरेकाले यस पछाडिका पृष्ठहरुमा राष्ट्रिय योजना आयोगले प्रकाशन गर्ने वार्षिक विकास कार्यक्रमलाई महत्वपूर्ण सन्दर्भ सामग्रीका रुपमा प्रयोग गरिएको छ। यस पछाडि गरिने बजेट विश्लेषणमा निकायगत बजेट बजेट विनियोजनअन्तर्गत शिक्षा मन्त्रालयमार्फत खर्च हुने गरी विनियोजन गरिएको रकमलाई मात्र प्रस्तुत गरिएको छ।

४.४. लैंगिक उत्तरदायी दृष्टिकोणबाट शिक्षा बजेट विश्लेषण

कुनै पनि कार्यक्रमले महिलाहरुलाई विशेष योगदान पुऱ्याएको भए सिद्धान्ततः यसलाई प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट भनिन्छ । त्यस्तै परियोजनाले महिलाहरुलाई प्रत्यक्ष रुपमा बढी लाभ नदिए पनि कुनै न कुनै रुपमा लाभ दिएको छ भने त्यसलाई अप्रत्यक्ष उत्तरदायी भनिन्छ । लैंगिक रुपमा झुकाव नभएका अन्य कार्यक्रममा छुट्याइएको बजेटलाई तटस्थ बजेट भनिन्छ । लैंगिक बजेटको कार्यगत परिभाषा अध्याय दुईमा गरिसकिएको छ ।

नेपाल सरकार, अर्थ मन्त्रालयले प्रकाशन गर्ने वार्षिक व्यय अनुमानको विवरणमा लैंगिक बजेटको सन्दर्भमा प्रत्यक्ष लैंगिक उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ गरी तीन भागमा बजेटलाई वर्गीकरण गरेको छ । राष्ट्रिय योजना आयोगले बार्षिक विकास कार्यक्रममा केन्द्रीय स्तरका सबै कार्यक्रमहरुलाई लैंगिक उत्तरदायी संकेत (१ देखि ३ सम्म) प्रदान गरेको छ, जसका आधारमा कूल बजेटमा प्रत्यक्ष लैंगिक उत्तरदायी अप्रत्यक्ष लैंगिक उत्तरदायी र तटस्थ बजेटको रकम र हिस्साको जानकारी हुन्छ । अध्ययनबाट यी दुई निकायले प्रस्तुत गरेको लैंगिक उत्तरदायी बजेटको आँकडा र हिस्सा फरक-फरक देखियो ।

यो फरक गरिबोन्मुख बजेटका सन्दर्भमा पनि देखिएको छ । अर्थ मन्त्रालयले गरिबोन्मुख बजेट र तटस्थ बजेट गरी दुई भागमा बर्गीकरण गरेको छ । योजना आयोगले गरिबोन्मुख बजेट र अन्य बजेट भनेर बजेटलाई दुई भागमा वर्गीकरण गरी संकेत (१ र २)[1] प्रदान गरेको छ । दुई निकायका विचमा देखिएको अन्तरलाई चार्ट ३.६ र ३.७ मा देखाइएको छ ।

चार्ट ४.१०

शिक्षा बजेटमा प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट (प्रतिशतमा)



चार्ट ४.६ मा हेर्दा आर्थिक वर्ष २०६५/६६ मा योजना आयोगका अनुसार शिक्षा बजेटको ६५.३४ प्रतिशत हिस्सा प्रत्यक्ष रुपमा महिलाप्रति उत्तरदायी देखिन्छ भने सो वर्ष अर्थ मन्त्रालयको आँकडाअनुसार शिक्षा बजेटको ३.८४ प्रतिशत हिस्सामात्र प्रत्यक्ष रुपमा लैंगिक उत्तरदायी भएको देखिन्छ । २०६९/७० मा आइपुग्दा अर्थ मन्त्रालयले शिक्षा बजेटको ६२.३३ प्रतिशत प्रत्यक्ष लैंगिक उत्तरदायी भएको देखाएको छ, जबकी योजना आयोगले सो वर्ष शिक्षा बजेटको २५.२२ प्रतिशत मात्र प्रत्यक्ष रुपमा लैंगिक उत्तरदायी भएको जनाएको छ ।

त्यसैगरी तलको चार्ट ४.७ मा देखाइएअनुसार आर्थिक वर्ष २०६५/६६ मा राष्ट्रिय योजना आयोगले शिक्षा बजेटको ६८.२९ प्रतिशत बजेट गरिबोन्मुख भएको देखाएको छ भने अर्थ मन्त्रालयले शिक्षा ८२.६८ प्रतिशत बजेट गरिबोन्मुख रहेको देखाएको छ । अर्थमन्त्रालयले विगत ५ वर्षमा गरिबोन्मुख बजेटको हिस्सा सवैभन्दा कम ६७.१ प्रतिशत आर्थिक वर्ष २०६७/६८ मा रहेको र आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा सो हिस्सा ९१.३८ प्रतिशत पुगेको देखाएको छ । योजना आयोगले गरिबोन्मुख बजेटको अंश कम हुँदै गएको देखाएको छ । आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा सो अंश २६.९३ प्रतिशतमा झरेको देखिन्छ ।

१ योजना आयोगको वर्गीरणमा कतै-कतै संकेत ३ पनि फेला परेको भएपनि यो अध्ययनमा त्यसलाई अन्य अर्थात् तटस्थ बजेटकै रूपमा गणना गरिएको छ ।

चार्ट ४.११

शिक्षामा गरिबोन्मुख बजेट (प्रतिशतमा)



यसरी दुई महत्वपूर्ण निकायका बीचमा नै बजेटको लैंगिक झुकाव र गरिबोन्मुखपन बारेको बुझाइमा अन्तर रहनुले गरिब र लैंगिक बजेटको परिभाषा गर्न बनाइएका क्रमशः पाँच र ८ वटा सूचकहरुको बुझाइ व्यक्ति र संस्थापिच्छे हुनसक्ने अवस्थाको संकेत मिल्छ । त्यसैले बर्गीकरणको आधार र सूचक तयार गर्दा त्यसलाई सबैले समान रुपमा बुझ्न सक्ने बनाउनु आवश्यक हुन्छ । अन्यथा मात्र वर्गीकरणको औचित्य र बजेट सूचनाको विश्वसनीयतामा प्रश्न उठ्न सक्तछ ।

अर्थ मन्त्रालयको रातो किताबमा लैंगिक बजेटलाई कार्यक्रम नै पिच्छेको विश्लेषण गर्न र धारणा बनाउन पर्याप्त जानकारी प्राप्त गर्न नसकिएकोले योजना आयोगको तथ्यांकलाई हामीले विश्लेषण महत्वपूर्ण आधार बनाएका छौं । तर, आयोगको तथ्यांकले कार्यक्रम र बजेटलाई प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ के भनेको छ भनेर प्रस्तुत गर्नुमात्र यो अध्ययनको उद्देश्य नभई बजेट वास्तवमा लैंगिक मैत्री छ कि छैन भन्ने विश्लेषण गर्नु भएकाले हामीले अन्य स्रोतबाट प्राप्त तथ्यांकलाई पनि उत्तिकै महत्व दिएका छौं ।

४.४.१. प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट

प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट, अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेट र तटस्थ बजेटको योग कुल बजेट हुन जान्छ । यहाँ शिक्षा क्षेत्रको मात्रै चर्चा गरिएको छ । शिक्षा क्षेत्रमा खर्च गरिएको प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको रकम तथा तिनको खर्चका शीर्षकहरु निम्नानुसार भएको पाइन्छ ।

तालिका नं. ४.९.२

प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट (रु.हजारमा)

क्र.सं.	शीर्षक	०६५/६६	६६/६७	६७/६८	६८/६९	६९/७०
१	प्राथमिक शिक्षा	२०२५२०६३	२४२५९८३	५१८६५१	२८८२५१	७१४३८६
२	माध्यमिक शिक्षा	१७३२१५८	५९२८०८	-	-	-
३	उच्च शिक्षा	६४६२७४	८४१८०९	-	-	-
४	प्राविधिक शिक्षा	९९५९१	२२७११०	-	-	-
५	शैक्षिक विकास	६३२२५	१०४१६४९९	१५८२८०१८	१६३५७४३१	१३८३००२४
	कुल योग	२२७९३३११	१४५०४२०९	१६३४६६६९	१६६४५६८२	१४५४४४१०

स्रोतः राष्ट्रिय योजना आयोग (२०६५-०६९)

माथिको तालिकाबाट शिक्षा क्षेत्रमा खर्च गरिएको बजेटमा प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको रकम दिएको छ । उदाहरणका लागि आ.व. ०६५/६६ मा शिक्षामा प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट २२ अरब ७९ करोड ३३ लाख ११ हजार थियो । उक्त तालिकामा, प्रत्यक्ष लैंगिक

उत्तरदायी बजेट प्रथमिक शिक्षा, माध्यमिक शिक्षा (नि.मा.वि. सहित), उच्चशिक्षा, प्राविधिक शिक्षा र शैक्षिक विकासमा आ.व. ०६५/६६ देखि ०६९/७० सम्म गरिएको खर्चको विवरण दिइएको छ। उक्त खर्च रकम मध्ये प्राथमिक शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा आदिमा के कति हिस्सा खर्च गरिएको छ सो को विवरण तल दिइएको छ।

तालिका नं. ४.९.३

प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको हिस्सा (प्रतिशत)

क्र.सं.	शीर्षक	०६५/६६	६६/६७	६७/६८	६८/६९	६९/७०
१	प्राथमिक शिक्षा	८८.९	१६.७	३.२	१.७	४.९
२	माध्यमिक शिक्षा	७.६	४.१	०.०	०.०	०.०
३	उच्च शिक्षा	२.८	५.८	०.०	०.०	०.०
४	प्राविधिक शिक्षा	०.४	१.६	०.०	०.०	०.०
५	शैक्षिक विकास	०.३	७१.८	९६.८	९८.३	९५.१
	कुल योग	१००	१००	१००	१००	१००

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

तालिका नं. ४.९३ का अनुसार प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको अधिकांश हिस्सा प्राथमिक शिक्षामा तथा शैक्षिक विकासमा गरिएको पाइन्छ। आ.व. ०६५/६६ मा शिक्षाको प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट खर्चको ८८.९ प्रतिशत हिस्सा प्राथमिक शिक्षाले ओगटेको देखिएको छ। तर आ.व. ०६६/६७ पछि भने प्राथमिक शिक्षाको बजेटमा प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको हिस्सा क्रमश घट्दै गएको राष्ट्रिय योजना आयोगको तथ्यांकमा देखिन्छ। त्यसपछिका वर्षहरुमा प्राविधिक शिक्षा बाहेक अन्य शीर्षकको बजेटमा प्रत्यक्ष लैंगिक उत्तरदायी खर्चको मात्रा कम भएको र प्रत्यक्ष उत्तरदायी बजेटको अधिकांश हिस्सा शैक्षिक विकास शीर्षकमा पाइन्छ। अतः प्राथमिक शिक्षा र शैक्षिक विकास शीर्षकहरु मूलभूत रुपमा बजेटको हिस्सा उपभोग गर्ने शीर्षकका रुपमा देखिन्छन्। राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०६५/६६ देखि शैक्षिक विकासका खर्चहरुलाई लैंगिक उत्तरदायी भएको देखाएको छ भने पछिल्ला वर्षहरुमा अन्य शीर्षकहरुका कार्यक्रमहरु प्रत्यक्ष उत्तरदायी नभएको देखाएको छ।

प्राथमिक शिक्षाअन्तर्गत द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रमअन्तर्गत गरिएको खर्च, सबैका लागि शिक्षा- प्राथमिक शिक्षाअन्तर्गतको खर्च, सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम, शिक्षाका लागि खाद्य कार्यक्रम (प्रा.वि. पौष्टिक आहार), अनौपचारिक शिक्षा केन्द्रमा भएको खर्च, अनौपचारिक शिक्षा तथा राष्ट्रिय शिक्षा अभियान, सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम, विद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रम (School Transfer and Incentive Programme) विशेष शिक्षापरिषद् (Special Education Council) आदि पर्छन्।

त्यसैगरी शैक्षिक विकास शीर्षकअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्र, विद्यालय क्षेत्र सुधार कार्यक्रम र सीप विकास परियोजना पर्दछ। आ.व. ०६७/६८ पछि प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको ९० प्रतिशत भन्दा अधिक रकम शैक्षिक विकास शीर्षक अन्तर्गत खर्च भएको देखिन्छ र लगभग ५ प्रतिशतको हाराहारीमा प्राथमिक शिक्षामा खर्च भएको पाइन्छ।

लैंगिक उत्तरदायी र गरिबीको दृष्टिकोणबाट प्राथमिक शिक्षाअन्तर्गतका कार्यक्रमहरू

शहीद तथा द्वन्द्वपीडित शिक्षा: यो द्वन्द्वपीडित परिवार शिक्षाअन्तर्गतको कार्यक्रम हो। द्वन्द्वकालमा शहीद भएका, घाइते भएका, अपांग भएका बालबालिकालाई विद्यालय शिक्षा दिने उद्देश्यले सहिद प्रतिष्ठान स्थापना भई शिक्षा प्रदान गर्दै आइएको छ। हालसम्म ५ वटा सिहद स्मृति आवासीय विद्यालयहरु स्थापना भएका छन्। ती विद्यालयहरु सुनसरी, दोलखा, कास्की, दाङ र डोटीमा छन् (आर्थिक सर्वेक्षण, २०६८/६९)।

अर्को प्राथमिक शिक्षाअन्तर्गतको चर्चित कार्यक्रम शिक्षाका लागि खाद्य कार्यक्रम (प्रा.वि पौष्टिका आहार) हो। खाद्यान्न अभाव र शिक्षाको पहुँच कम भएका जिल्लाहरुमा यो कार्यक्रम सञ्चालित छ। हालसम्म १७ जिल्लामा यी कार्यक्रम लागू गरिएको छ। विद्यालयको अध्यापन क्षमता वृद्धि गर्ने, छात्राहरुको भर्ना प्रतिशतमा वृद्धि गर्ने, स्वाथ्य स्थितिमा सुधार ल्याउने जस्ता उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो। (आर्थिक सर्वेक्षण, २०६८/६९)।

यस कार्यक्रमअन्तर्गत दिवा खाजा कार्यक्रम, छात्रा उत्प्रेरणा कार्यक्रम मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम पर्छ । मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम र छात्रा उत्प्रेरणा कार्यक्रमले स्वभावैले महिलाहरुलाई प्रभाव पारेको हुन्छ । दिवा खाजा कार्यक्रम छात्र तथा छात्रालाई समान रुपमा उपलब्ध गराइने हुँदा यसले पनि महिलालाई (छात्रालाई) पनि लाभ पुगेको हुन्छ । दिवा खाजा नगद अनुदान कार्यक्रमअन्तर्गत कर्णाली अञ्चलका ५ जिल्लाहरुमा ०-५ कक्षामा अध्ययन गर्ने सबै बालबालिकालाई दैनिक रू. ५ देखि रू. १२ का दरले विद्यालयमार्फत वितरण गरेको देखिन्छ (आर्थिक सर्वेक्षण, २०६९/७०)

अर्को चर्चित शीर्षक अनौपचारिक शिक्षा हो । औपचारिक शिक्षाको अवसरबाट वञ्चित भएका विभिन्न उमेर समूह तथा निरक्षर प्रौढहरुलाई आधारभूत साक्षरता शिक्षा दिने उद्देश्यले अनौपचारिक शिक्षा केन्द्र स्थापना गरिएको छ । यसले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यस्ता कार्यक्रमहरुले महिलाहरुको क्षमतामा अभिवृद्धि गर्ने, रोजगारी तथा आय-आर्जनमा अप्रत्यक्ष योगदान पुऱ्याउने भएको हुँदा यसलाई लैंगिक उत्तरदायी बजेटको रुपमा लिन सकिन्छ ।

यी कार्यक्रमहरुमा साक्षरता मात्रै नभएर सीपसम्बन्धी अल्पकालीन तालिमहरु, पशुसम्बन्धी तालिम, कृषिसम्बन्धी तालिम, स्वास्थ्यसम्बन्धी तालिम बचत तथा ऋण तालिम आदि पनि दिइन्छ । यस्ता कार्यक्रमहरुले महिलाहरुको दक्षता अभिवृद्धि गर्न सहयोग पुऱ्याएको हुन्छ ।

पूर्वप्राथमिक शिक्षा तथा बालविकास कार्यक्रम अर्को महत्वपूर्ण कार्यक्रम हो । अन्य वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरी बालबालिकाको सर्वाङ्गिण विकास हेरचाह सामाजीकरण उद्देश्यले यो कार्यक्रम राखिएको हो । आ.वं. २०६९/७० प्रथम आठ महिलासम्म २९ हजार ५ सय ३५ समुदायमा आधारित बालविकास केन्द्रहरु स्थापना भएका छन् (आर्थिक सर्वेक्षण २०६९/७०) । यी केन्द्रहरुको स्थापनाले एकातर्फ बालबालिकाको विकासमा योगदान पुऱ्याएको छ भने अर्कोतर्फ आमाहरुलाई समयको बचत भई अन्य उत्पादनमूलक कार्यमा सहभागी हुन पाएका छन् । त्यसैले यो महिलाहरुलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम भनिएको हुनसक्छ ।

प्राथमिक शिक्षाअन्तर्गतका शीर्षकहरु र ती शीर्षकहरुको कुल प्राथमिक शिक्षाको प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा रहेको हिस्सा प्रतिशत तालिका नं. ४.९४ मा देखाइएको छ ।

तालिका नं. ४.९.४

प्राथमिक शिक्षाअन्तर्गतका उपशीर्षकहरूको हिस्सा (प्रतिशतमा)

शीर्षक	०६५/६६	२०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
द्वन्द्वपीडित परिवार सन्तति शिक्षा	०.२४	२.३०	-	-	-
सबैका लागि शिक्षा : प्राथमिक शिक्षा	५९.५३	-	-	-	-
सबैका लागि शिक्षा कार्यक्रम	३४.८९	३८.८२	-	-	-
शिक्षाका लागि खाद्य	३.०४	२१.८३	९०.१४	५९.११	६३.६१
एकीकृत विद्यालय शिक्षा संरचना कार्यक्रम	०.३७	-	-	-	-
अनौपचारिक शिक्षा केन्द्र	०.०३	०.२६	०.९८	३.१६	१.२५
अनौपचारिक शिक्षा : साक्षरता अभियान	-	३०.४९	-	-	-
विद्यालय क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम	१.६७	४.२७	१.१४	११.३९	२२.८६
विद्यालय हस्तान्तर तथा प्रोत्साहन कार्यक्रम	०.०५	-	-	-	-
विशेष शिक्षा परिषद्	०.१९	२.०४	७.७४	२४.३४	१२.२८
कुल	१००	१००	१००	१००	१००

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

प्राथमिक शिक्षा शीर्षकअन्तर्गत खर्च गरिएको प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको अंक तालिका नं. ४.९४ मा दिइएको छ । उक्त खर्चमध्ये यसका उपशीर्षकहरुमा के कति प्रतिशत खर्च गरिएको छ भन्ने कुरा तालिका नं. ४.५ मा देखाइएको छ । यो तालिकाको अध्ययन गर्दा खास गरी शिक्षाका लागि खाद्य, विद्यालय क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम, तथा विशेष शिक्षा परिषद्ले प्राथमिक शिक्षाको बजेटको अधिकांश हिस्सा

ओगटेको पाइन्छ । यी उपशीर्षकहरुले पाँचैवर्षसम्म निरन्तरता पाइएको छ । अत : यी तीन उपशीर्षकहरुको महत्व तथा यिनले लैंगिक समानता र मूलप्रवाहीकरणमा देखेको भूमिकाले प्राथमिक शिक्षाको बजेटले लैंगिक समानतामा पारेको प्रत्यक्ष प्रभावलाई इंकित गर्छ ।

विद्यालय क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रममा विद्यालयलाई दिने अनुदान, गाउँ तथा नगर शिक्षा योजनालाई दिइने अनुदान, क्षमता विकास, कार्यक्रमहरु, छात्रवृत्ति वितरण, कक्षा कोठा निर्माण, फर्निचर व्यवस्था, आदि कार्यक्रम पर्छन् । यी यस्ता कार्यक्रमले महिलालाई बढी प्रभाव पार्दछ भन्न सकिँदैन । कक्षा कोठा निर्माण भयो भने त्यसको उपभोग गर्ने संभावना छात्र तथा छात्रा, महिला तथा पुरूष दुवैलाई समान रहन्छ ।

त्यसैगरी माध्यमिक शिक्षाअन्तर्गत नि.मा.वि. तथा मा.वि. तहको शिक्षामा लिइएको छ । उच्च शिक्षाअन्तर्गत दश जोड दुई (११ र १२ कक्षा) तथा दोस्रो उच्च शिक्षा परियोजनालाई लिइएको छ ।

महिलाहरुलाई प्रत्यक्ष लाभ पुग्ने बजेट शीर्षकमा अर्को महत्वपूर्ण शीर्षक “शैक्षिक विकास” हो । यस शीर्षकअन्तर्गत “शैक्षिक जनशक्ति विकास केन्द्र” एक हो । विद्यालय तहमा कार्यरत शिक्षकहरुको क्षमता अभिवृद्धि, प्रधानाध्यापकको नेतृत्व तथा क्षमता विकाससम्बन्धी तालिमहरु यस केन्द्रले निरन्तरता दिँदै आएको छ । यस्ता कार्यक्रमहरुले पुरूष तथा महिला शिक्षकहरुको कार्यदक्षतामा अभिवृद्धि गर्ने हुँदा यसले लैंगिक समानता र लैंगिक मूलक प्रवाहीकरणमा योगदान पुऱ्याएको हुन्छ । लैंगिक उत्तरदायी बजेटको एक महत्वपूर्ण सूचक महिलाको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम पनि हो ।

शैक्षिक विकासअन्तर्गत अर्को महत्वपूर्ण उपशीर्षक “विद्यालय क्षेत्र सुधार कार्यक्रम” हो । यो कार्यक्रम “विद्यालय क्षेत्र सुधार योजना (२००९-१०) को उपज हो । कार्यक्रमहरु मध्ये लैंगिक समानता र समावेशीकरण एउटा प्रमुख कार्यक्रम हो । यस कार्यक्रमले विद्यालयलाई दलित लैंगिक मैत्री बनाउन जोड दिएको छ । बहिष्करणमा परेका छात्रा र अन्य बालबालिकालाई विद्यालय शिक्षामा ल्याउन यसले अनुकूल वातावरण सिर्जना गर्छ । छात्रालाई छुट्टै सरसफाइ कक्षको सुविधा प्रदान, व्यक्तिगत सुरक्षाको प्रत्याभूति, छुट्टै सौचालयको व्यवस्था आदि यसका उदाहरण हुन् । बालबालिका सवैलाई पिउने पानी, सरसफाई, शौचालय आदिको व्यवस्था गर्ने प्रावधान भएको हुँदा यस कार्यक्रमअन्तर्गत भएको सरकारी खर्चले महिलाहरुलाई प्रत्यक्षलाभ पुऱ्याउन सहयोग गर्छ (MOE, 2009) । त्यस्तै सीप विकास परियोजनाले कार्यक्षमता अभिवृद्धि गर्ने हुँदा यस उपशीर्षकअन्तर्गत गरिएको खर्चलाई समेत लैंगिक उत्तरदायी बजेटको रुपमा लिन सकिन्छ ।

आ.व. ०६५/६६ देखि २०६९/७० सम्मको प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटअन्तर्गतको “शैक्षिक विकास शीर्षकको उपशीर्षक अध्ययन गर्दा आ.व. २०६५/६६ मा यस शीर्षकको सतप्रतिशत खर्च शैक्षिक जनशक्ति विकास केन्द्रमा भएको देखिन्छ । आ.व. ०६६/६७ र ०६९/७० का वर्षहरुमा यस शीर्षकको सतप्रतिशत खर्च “विद्यालय क्षेत्र सुधार कार्यक्रममा खर्च भएको पाइन्छ । फेरि सीपविकास परियोजनामा ०६५/६६ देखि ०६९/७० सम्म खर्च सून्य थियो । (रा.यो आ. ०६५) प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट अधिकांश हिस्सा शैक्षिक विकासमा खर्च हुने र शैक्षिक विकासको रकम आ.व. ०६६/६७ - ०६९/७० सम्म विद्यालय क्षेत्र सुधार कार्यक्रममा खर्च भएको पाइन्छ ।

तालिका नं. ४.९.५ शैक्षिक विकासका उपशीर्षकहरूको हिस्सा (प्रतिशतमा)

शीर्षक	०६५/६६	२०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
शैक्षिक जनशक्ति विकास केन्द्र	१००	–	–	–	–
विद्यालय क्षेत्र सुधार कार्यक्रम	–	१००	१००	१००	१००
सीप विकास परियोजना	–	–	–	–	–
कुल बजेट	१००	१००	१००	१००	१००

स्रोत: रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

माथिको तालिकामा शैक्षिक विकासको खर्च विभिन्न उपशीर्षकहरुमा के कति प्रतिशत खर्च गरिएको छ भन्ने कुरा देखाइएको छ ।

बजेट विनियोजन तथा खर्च स्थिति

प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट भनि विनियोजित बजेट कति हदसम्म कार्यान्वयन हुन सक्यो त्यसको यहाँ विवेचना गरिएको छ । विनियोजित बजेट कहिले खर्च नहुनसक्छ र कहिले ज्यादा पनि खर्च हुनसक्छ त्यसैले यसको यहाँ स्थिति आंकलन गरिएको छ ।

तालिका नं. ४.९.६

विनियोजित प्रत्यक्ष लैंगिक बजेटको उपयोग स्थिति (प्रतिशतमा)

क्र.सं.	शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
१	प्राथमिक शिक्षा	९१.६२	७५.३९	५०.५०	२६.७९	९४.०९
२	माध्यमिक शिक्षा	९०.४२	९५.६१	०.००	०.००	०.००
३	उच्च शिक्षा	५३.६४	६५.४७	०.००	०.००	०.००
४	प्राविधिक शिक्षा	४०.१२	७३.६७	०.००	०.००	०.००
५	शैक्षिक विकास	९२.७३	८०.९२	८९.२८	८७.१५	९०.७४
समग्र उपयोग स्थिति		८९.२४	७९.२४	८७.१५	८३.८८	९०.९०

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

विनियोजन गरिएको प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट के कति खर्च हुन सक्यो भन्ने कुरा तालिका नं. ४.९६ मा प्रस्तुत गरिएको छ। आ.व. ०६५/६६ मा कुल विनियोजित रकमको ८९.२४ प्रतिशत रकम खर्च हुन सकेको देखिन्छ। बाँकी १०.७६ प्रतिशत रकम खर्च गर्न नसकेको देखिन्छ। विनियोजित रकम के कति उपयोग गर्न सकियो भन्ने कुरा मापन गर्नका लागि निम्न सूत्र प्रयोग गरिएको छ।

बजेटको उपयोग स्थिति = (खर्चित रकम ÷ विनियोविजत रकम) x १००

आ.व. ०६५/६६ को तुलनामा विनियोजित बजेटको उपयोग स्थिति आ.व. ०६६/६७ मा घटेर ७९.२४ प्रतिशत पुगेको छ भने आ.व. ०६९/७० मा फेरि बढेर ९०.९ प्रतिशत पुगेको छ। उपशीर्षकहरुको स्थिति आंकलन गर्दा सबैभन्दा कम उपयोगस्थिति उच्च शिक्षामा भएको पाइन्छ। यो कुरा आ.व. ०६५/६६ र ०६६/६७ दुवैमा लागू हुन्छ। माध्यमिक शिक्षा र शैक्षिक विकासमा अन्य क्षेत्रमा भन्दा प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको उपयोग सन्तोषजनक देखिन्छ।

४.४.२. अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेट

शिक्षाक्षेत्रको विभिन्न परियोजना तथा कार्यक्रमहरुमा खर्च गरिएको रकमले महिला तथा पुरूष दुवैलाई लाभ पुऱ्याए तापनि महिलालाई कम लाभ र पुरूषलाई बढी लाभ पुगेको स्थितिलाई अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेट भनिन्छ। विभिन्न सूचक तथा उपसूचकहरुले मापन गर्दा पनि मापनको कुल अंक ५० प्रतिशतभन्दा कम र २० प्रतिशतभन्दा माथि भएको स्थिति हो। नेपालको शैक्षिक बजेटको विभिन्न उपशीर्षकहरुमा गरिएको खर्च जसले लैंगिक समानतालाई अप्रत्यक्ष योगदान पुऱ्याएको हुन्छ, लाई तालिका नं. ४.९७ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.९.७ अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको खर्च (रु. हजारमा)

क्र.सं.	शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
१	प्राथमिक शिक्षा	१२९९९२८	२७४४४	७९६०६१	८१५०५७	७५६२९२
२	माध्यमिक शिक्षा	४३८२६८	४२९०५१	८१५४३५	९७८३९७	९२२३०५
३	उच्च शिक्षा	–	–	३२०७०५	८४६६४६	११०४८५४
४	प्राविधिक शिक्षा	२५२८०८	४८४६३२	१२५७५५५	१७७७२७९	१२७६१९१
५	शैक्षिक विकास	७९७४	६४३७३	६४९९२	७६७३४	७४४५१
६	अनुगमन र प्रशासन	३५८०७	–	–	–	–
कुल योजना		२०३४७८५	१००५५००	३२५४७४८	४४९४११३	४१३४०९३

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

माथिको तालिकामा अप्रत्यक्ष लैंगिक उत्तरदायी बेजट आ.व. ०६५/६६ देखि आ.व. ६९/७० सम्म शिक्षाअन्तर्गतका विभिन्न शीर्षकहरु जस्तै प्राथमिक शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षा आदिमा खर्च भएको रकम देखाइएको छ । यी कुल शीर्षहकहरु प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटका जस्तै छन् । यी माथि उल्लेखित शीर्षकहरुले कुल अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा के कति प्रतिशत हिस्सा ओगटेको छ भन्ने कुरा तालिका नं. ४.९८ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.९.८

विविध शीर्षकहरूको अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा हिस्सा (प्रतिशत)

क्र.सं.	शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
१	प्राथमिक शिक्षा	६२.८३	२.७३	२१.६१	१८.१४	१८.२९
२	माध्यमिक शिक्षा	२१.८	४२.६७	२१.९३	२१.७७	२२.३१
३	उच्च शिक्षा	०.०	०.०	२१.८०	१८.८४	२६.७३
४	प्राविधिक शिक्षा	१२.२०	४८.२०	३२.४४	३९.५५	३०.८७
५	शैक्षिक विकास	०.३७	६.४०	२.२२	१.७१	१.८०
६	अनुगमन र प्रशासन	२.८१	०.०	०.००	०.००	०.००
कुल		१००	१००	१००	१००	१००

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

तालिका नं. ४.९८ का अनुसार अप्रत्यक्ष लैंगिक उत्तरदायी वजटेको अधिकांश हिस्सा प्राथमिक शिक्षा तथा प्राविधिक शिक्षाअन्तर्गत खर्च भएको देखिन्छ । यहाँ प्राथमिक शिक्षाअन्तर्गत का उपशीर्षकहरु प्रत्यक्ष उत्तरदायी बजेटका भन्दा कम छन् । यहाँ प्राथमिक शिक्षाअन्तर्गत द्वन्द्वपीडित परिवारमा शिक्षा कार्यक्रम, सबैका लागि शिक्षा, शिशु विकास कार्यक्रम, अनौपचारिक शिक्षा र राष्ट्रिय साक्षरता अभियान, भौतिक सुविधा सुधार परियोजना, जनसंख्या शिक्षा र शिक्षक शिक्षण आयोजना (Teachers Education project) पर्छन् । प्रत्यक्ष उत्तरदायी बजेटभन्दा अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा जनसंख्या शिक्षा र शिक्षक शिक्षण आयोजना नामक उपशीर्षकहरु भिन्न छन् । अन्य उपशीर्षकहरुको बारेमा अगाडि नै व्याख्या भइसकेको छ । जनसंख्या शिक्षा पुरूष तथा महिला दुवैलाई उपयोगी शिक्षा हो । तापनि जनसंख्या शिक्षाका विविध शीर्षकहरु (प्रजनन् दर, मातृस्वास्थ्य, बालमृत्युदर आदि) ले महिलाहरुलाई ज्यादा प्रभाव परेको हुन्छ । त्यसले जनसंख्या शिक्षालाई लैंगिक उत्तरदायी बजेटअन्तर्गत राखिएको हो । जनसंख्या शिक्षासम्बन्धी कार्यक्रम नेपाल सरकार तथा UNFPA को अनुदानमा सञ्चालित कार्यक्रम हो । यसमा जनसंख्या शिक्षासम्बन्धी सन्दर्भ सामग्री निर्माण, छपाइ तथा वितरण, पाठ्यक्रम परिमार्जन, र अनुगमन तथा नीरिक्षण जस्ता कार्यक्रमहरु पर्छन् (रा.यो.आ., २०६५) ।

अर्कातर्फ शिक्षक शिक्षण परियोजनाले शिक्षकहरुको कार्यदक्षतामा अभिवृद्धि गर्ने र जसमा महिला शिक्षकसमेत रहने हुनाले पनि यसलाई अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको रुपमा राख्नु वर्तमान परिभाषाअनुसार उपयुक्त नै देखिन्छ । यो नेपाल सरकार तथा ए.डी.बी. को ऋण सहयोगमा सञ्चालित आयोजना हो । आ.व. २०५९/६० बाट सञ्चालित यो कार्यक्रम आ.व. ०६५/६६ मा समाप्त हुने भनिएको थियो । विद्यालयहरुको विषयगत आवश्यकताको आधारमा शिक्षकका लागि सेवाकालिन, पूर्वसेवाकालिन तथा पुनर्ताजगी तालिका कार्यक्रम यसले सञ्चालन गर्छ । दूर शिक्षाबाट समेत तालिमा प्रदान गरी शिक्षक, शिक्षिकाहरुको क्षमता अभिवृद्धि तथा शिक्षाको गुणस्तर सुधार गर्ने कार्य गर्छ (रा.यो.आ., २०६५) ।

तालिका नं. ४.९ ले देखाएअनुसार, आ.व. २०६५/६६ मा ६२.८३ प्रतिशत अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको रकम प्राथमिक शिक्षामा भएको देखिन्छ भने दोस्रो ठूलो अंक २१.८ प्रतिशत रकम माध्यमिक शिक्षामा खर्च भएको देखिन्छ र तेस्रो ठूलो अंश प्राविधिक शिक्षाले लिएको छ । आ.व. ०६५/६६ लाई छाडेर विश्लेषण गर्दा अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको अधिकांश रकम (४८.२%) देखि ३०.८७%) सम्म प्राविधिक शिक्षाले ओगेको देखिन्छ । माध्यमिक शिक्षामा ४२.६७ प्रतिशतदेखि २१.७७ प्रतिशतसम्म बजेट परेको देखिन्छ । प्राविधिक शिक्षाको हिस्सा आ.व. ०६६/६७ देखि आ.व. ०६९/७० सम्म क्रमशः घट्दो छ, तर यसको अंक भने अन्य शीर्षकहरुभन्दा बढी नै छ । आ.व. ०६७/६८ देखि प्राविधिक तथा माध्यमिक शिक्षाको रकम प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा शून्य थियो र हाल अप्रत्यक्ष उत्तरदायी

बजेटमा यी रकमहरुले महत्वपूर्ण स्थान ओगटेका पाइन्छ । हालका वर्षहरुमा माध्यमिक तथा प्राविधिक शिक्षामा गरिएको खर्चले महिलाहरुलाई अप्रत्यक्ष लाभ पुऱ्याउने देखिन्छ ।

बजेट विनियोजन तथा खर्च स्थिति

प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट जस्तै यसमा पनि सरकारले विनियोजन गरेको रकम कति मात्रामा खर्च गर्न सकियो र महिलाहरु अप्रत्यक्षरुपमा लाभान्वित भए भन्ने कुराको विश्लेषण यहाँ गर्न खोजिएको छ। बजेटको उपयोगको स्थिति प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा भन्दा अप्रत्यक्ष उत्तरदायी बजेटमा राम्रो देखिन्छ। समग्र उपयोग स्थितिको आँकलन तालिका नं. ४.९.९ मा दिइएको छ।

तालिका नं. ४.९.९

अप्रत्यक्ष लैंगिक बजेटको उपयोग स्थिति (प्रतिशतमा)

क्र.सं.	शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
१	प्राथमिक शिक्षा	९३.२६	५७.०५	८९.२८	९०.५४	९२.११
२	माध्यमिक शिक्षा	११०.८९	१२२.१९	९६.८७	११५.११	९४.००
३	उच्च शिक्षा	–		२८.०१	९८.०९	९८.५५
४	प्राविधिक शिक्षा	११२.८०	१०५.१२	९२.३४	७६.७७	९७.६८
५	शैक्षिक विकास	१००.२९	८४.१४	७६.२४	८८.८१	९६.७५
६	अनुगमन र प्रशासन	४०.००	–	–	–	
समग्र उपयोग स्थिति		९६.४१	१०७.३४	७५.२४	८९.६१	९५.९९

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

समग्र उपयोग स्थिति हेर्दा आ.व. २०६५/६६ अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको ९६.४१ प्रतिशत बजेट खर्च गर्न सकिएको देखिन्छ भने आ.व. ०६६/६७ मा १०७.३४ प्रतिशत पुगेको देखिन्छ। यसबाट विनियोजनभन्दा थप रकम शिक्षाको चालु खर्चका लागि उपयोग गर्नका लागि आर्थिक वर्ष चल्दै गर्दा रकम व्यवस्था भएको भन्न सकिए पनि यस्तो रकम कसरी व्यवस्था भयो भन्न भने सकिँदैन। विनियोजन गरेको बजेटभन्दा खर्चस्थिति बढी भएको स्थितिमा यस्तो हुन आउँछ तर आ.व. २०६७/६८ मा भने उपभोग स्थितिमा ह्रास आएको देखिन्छ। विविध शीर्षक तथा वर्ष अनुसार विनियोजित रकमको खर्च स्थिति माथिको टेवलमा देखाइएको छ।

४.४.३. तटस्थ बजेट

प्राविधिक रुपमा विभिन्न सूचांकहरुको कुल योग २० भन्दा कम भएको स्थितिको बजेट तटस्थ बजेट हो । व्यावहारिक रुपमा लैंगिक स्थितिको लेखाजोखा नभएको स्थिति हो। यो बजेटले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा महिलालाई प्रभाव नपार्ने हुँदा लैंगिक मूल प्रवाहीकरणमा यसको भूमिका तटस्थ रहने स्थिति भएको हुँदा यहाँ विस्तृत व्याख्या गरिएको छैन । प्रत्यक्ष, अप्रत्यक्ष बजेट र तटस्थ बजेटको स्थितिलाई तल देखाइएको छ।

तालिका नं. ४.१०

शिक्षाको लैंगिक उत्तरदायी बजेट (खर्चभएको रकम)

शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
प्रत्यक्ष बजेट (%)	६४.२५	३१.३९	२९.७३	२६.८२	२४.१९
अप्रत्यक्ष बजेट(%)	५.७४	२.१८	५.९२	७.२४	६.८७
तटस्थ बजेट(%)	३०.०२	६६.४४	६४.३५	६५.९३	६८.९४
कुल बजेट र शिक्षा (%)	१००.००	१००.००	१००.००	१००.००	१००.००

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

आ.व. २०६५/६६ मा ६४.२५ प्रतिशत रकम प्रत्यक्ष रूपमा महिलाहरुलाई लाभ पुऱ्याउने खालको थियो भने ३०.०२ प्रतिशत बजेट तटस्थ थियो। यो आर्थिक वर्ष छाडेर अन्य वर्षलाई हेर्दा ६४ प्रतिशतभन्दा बढी रकम तटस्थ बजेटमा रहेको पाइन्छ। समग्र शिक्षा क्षेत्रको बजेटमा आ.व. ०६६/६७ देखि ६९/७० सम्म अधिकांश बजेट तटस्थ भएको देखिन्छ भने मात्र ३१.३९ देखि २४.१९ प्रतिशत रकम मात्रै महिलाहरुलाई प्रत्यक्षमा लाभ पुग्ने भएको देखिन्छ। प्रत्यक्ष र अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको हिस्सा अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको भन्दा धेरै छ। समग्रमा आँकलन गर्दा, आ.व. ६६/६७ देखि आ.व. ०६९/७० सम्मको समयावधिमा मात्र ३१ देखि ३५ प्रतिशत शिक्षा बजेटको रकमले लैंगिक मूलप्रवाही कारण र महिलाहरुलाई लाभ पुग्ने गरी खर्च भएको तथ्यांकले दर्शाउँछ।

७. सञ्चालित कार्यक्रमको सान्दर्भिकता र औचित्य

विद्यालय शिक्षाको क्षेत्रमा सञ्चालित कार्यक्रमहरुलाई लैङ्गिक दृष्टिकोण र गरिबोन्मुख दृष्टिकोणबाट विश्लेषण गर्ने गरिएको पाइन्छ। राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय आ-आफ्नो प्रयोजनका लागि मात्र बजेट र कार्यक्रमको वर्गीकरण गरेका हुन्छन्। हालसम्मको अभ्यासअनुसार कार्यक्रम के कति गरिबोन्मुख र लैङ्गिक समावेशी छ भनेर वृहत् रुपमा विश्लेषण गर्ने प्रचलन देखिएको छैन। शिक्षा मन्त्रालयले सवै क्रियाकलापको सूक्ष्म रुपमा विश्लेषण गरेर तिनीहरुको गरिबोन्मुख र लैंगिक पक्ष निर्धारण गरेको पाइँदैन। विद्यालय शिक्षाको क्षेत्रमा कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र सुधार योजना आफैँमा लैंगिक रुपमा समावेशी र गरिबोन्मुख हुन सक्तछ। यसको मतलब यसभित्र रहेका विविध क्रियाकलापहरु लैंगिक र गरिबोन्मुख दृष्टिकोणबाट उत्तिकै समावेशी छन् भन्न सकिँदैन। उदाहरणका लागि शिक्षक तलब तथा शिक्षक तालिम जस्ता क्रियाकलाप तटस्थ हुनसक्छन्। तसर्थ पहिलो कार्य विद्यालय क्षेत्र सुधार कार्यक्रमभित्रका प्रत्येक क्रियाकलापहरुको विश्लेषण गरी यसको अवस्था एकिन गर्नुपर्ने हुन्छ। यस किसिमको विश्लेषणले मात्र शिक्षाका क्रियाकलापहरु के कति गरिबमुखी छन् वा के कति लैंगिक रुपमा समावेशी छ छैन भनेर एकीन गर्न सक्छन्।

यसैगरी सबै बजेट उपशीर्षकको वर्गीकरण पनि त्यति व्यावहारिक नहुन सक्छ। शिक्षक तलब भत्ता शीर्षकको वर्गीकरण व्यावहारिक छैन। यस शीर्षकबाट के कति महिला लाभान्वित छन्, के कति लक्षितवर्ग वा समूह लाभान्वित छन् भनेर हेर्ने परिपाटी विकास भएमा त्यसबाट प्राप्त सूचना केही हदसम्म व्यवहारिक हुन सक्छन्।

हाल कार्यान्वयमा रहेको छात्रा छात्रवृत्ति कार्यक्रमबाट छात्राहरुलाई सहयोग पुग्ने भएकोले यसलाई लैंगिक रुपमा प्रत्यक्ष प्रभाव पार्ने सम्हमा राखिन्छ। सरकारको तर्फबाट बर्सेनि अर्बौं रूपैयाँ खर्च भए प्राप्त गर्नेको हकमा सो रकमको मात्रा न्यून छ। लगभग १० प्रतिशतभन्दा बढी मूल्यवृद्धि भएको हाम्रो मुलुकमा विगत पाँच वर्षदेखि प्रति एकाइ छात्रवृत्तिको रकम रू ४०० मात्र रहेको छ। यो कार्यक्रम लैंगिक रुपमा प्रत्यक्ष प्रभाव दिने समूहमा पर्छ तर प्रश्नचाँहि यसबाट छात्राहरुको जिवनमा कति मात्रामा प्रभाव पार्न सफल रह्यो भन्ने हो। तसर्थ कार्यक्रम लैंगिक वा गरिबीको दृष्टिकोणबाट कस्तो छ भन्ने एउटा प्रश्न हो। सो कार्यक्रमको पर्याप्तता र सार्न्दभिकता कस्तो छ भन्ने अर्को प्रश्न हो। नेपालको सन्दर्भमा दोस्रो पक्षमाथि विरलै मात्र छलफल हुने गरेको छ। बजेट तथा कार्यक्रमको छलफलमा कार्यक्रमको उपस्थिति र सो को गुणस्तर एवंसार्न्दभिकता दुबै पक्ष माथि विश्लेषण हुनु आवश्यक छ।

सार्वजनिक बजेटका सन्दर्भमा बजेटको पर्याप्तता, समन्यायिकता र कार्यक्षमता एवं प्रभावकारीतालाई मुख्य विश्लेषणका आधार मान्ने गरिन्छ। कुनै पनि क्रियाकलाप तय गर्दा सो आवश्यक भए नभएको, कार्यान्वयनका लागि पर्याप्त मात्रामा बजेट व्यवस्था भए नभएको र यसको कार्यक्षमता एवं प्रभावकारिता के कस्तो रहेको जस्ता पक्षहरुमा ध्यान दिनुपर्छ। यी पक्षहरुमा ध्यान दिन नसकिएमा बजेटबाट अपेक्षित प्रतिफल प्राप्त गर्न सकिदैन। प्राप्त भएमा पनि त्यसको दिगो प्रभाव रहन सक्दैन। यी सूचकको कसीमा छात्रवृत्ति कार्यक्रम खरो रुपमा उत्रन सक्दैन। हालको छात्रवृत्ति कार्यक्रम गरिबमुखीभन्दा वर्ग वा समूहमुखी छन्। समूहलाई सुविधा दिँदा गरिबले पनि पाउँछन् भन्ने एउटा पक्ष हो तर सो प्रचलन न्यायसंगत एवं युक्तिपूर्ण भने होइन। विद्यालय क्षेत्र सुधार कार्यक्रम भित्रका धेरै क्रियाकलापहरु यस समूहमा पर्न सक्छन्।

हाल गरिबमुखी भनिएको निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरण, विद्यालय भौतिक पूर्वाधार विकास एवं सुधार कार्यक्रमहरुको पर्याप्तताका सम्बन्धमा पनि समय-समयमा प्रश्न उठ्ने गरेको पाइन्छ। निःशुल्क पाठ्यपुस्तक वितरण कार्यलाई निश्चय पनि गरिबमुखी कार्यक्रममा राख्न सकिन्छ। यसबाट सबैले लाभ पाएका छन् तर त्यसको सकारात्मक असर बढी मात्रामा गरिब, छात्रा, लक्षित समूहमा पर्छ। तर यसको प्रभावकारी कार्यान्वयन अर्को महत्वपूर्ण पक्ष हो। विद्यार्थीले समयमा पाठ्यपुस्तक प्राप्त गर्न सके सकेनन्, पाउनुपर्ने सबैले पाउन सके सकेनन् भन्ने प्रश्नहरु पनि उत्तिकै सार्न्दभिक र महत्वपूर्ण छन्। यो पाठ्यपुस्तक र्दुगम स्थानमा रहेका विद्यार्थीहरुले प्राप्त गर्न नसक्ने हो भने त्यसको औचित्य पुष्टि गर्न कठिन हुन्छ।

कुनै पनि कार्यक्रम के कति समावेशी छ र त्यसबाट लक्षितवर्गले के कति लाभ पाउन सक्यो भन्ने पक्षलाई केन्द्रमा राखेर बजेट तथा कार्यक्रमको विश्लेषण आवश्यक हुन्छ। जुन समूहको चेतनाको स्तर न्यून छ, गरिबी र अभाव छ, आफ्ना लागि के-कस्ता सुविधा उपलब्ध छन् भन्ने जानकारी छैन र जसले आफ्ना लागि अवसारको खोजी र छानोट गर्न सक्दैन त्यो समूहका सचेत सदस्यहरुले राज्यका स्रोत र साधनमा छिटो पहुँच स्थापित गर्न सक्छन्। कार्यान्वयन गरिएका कार्यक्रमहरु अपर्याप्त भएमा सो नपुग्ने समूह भनेको सुदूर ग्रामीण बस्ती र गरिब नै हो। तसर्थ बजेट तथा कार्यक्रमहरु लक्षित समूहका लागि पुग्ने किसिमबाट तय गरिनु आवश्यक छ। अन्यथा, कार्यक्रम समावेशी हुँदैमा लक्षित समूहले लाभ नपाउन सक्छ।

५. गरिबी न्यूनीकरणको दृष्टिकोणबाट शिक्षा बजेट विश्लेषण

यस अध्यायमा नेपालको शिक्षा क्षेत्रको बजेटमा के कति रकम गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने छ ? बाँकी रकम कति छ ? गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने बजेटमा विभिन्न शीर्षकहरुको स्थिति के कस्तो छ ? ती शीर्षकहरुको शिक्षा क्षेत्रको बजेटको प्रतिशत हिस्सा कति छ ? भैरहेको खर्च कति हदसम्म गरिबी न्यूनीकरणलाई सहयोग गर्नेछ ? आदि कुराहरुको विश्लेषण गरिनेछ। गरिबी न्यूनीकरण भनी विनियोजन गरेको बजेट कति प्रतिशतसम्म खर्च हुन सक्यो र त्यो बजेटको उपयोगस्तर के कस्ता छ जस्ता तथ्यहरुको पनि यसमा विश्लेषण गरिएको छ।

५.१ शिक्षा क्षेत्रमा गरिबीको न्यूनीकरण बजेट

शिक्षा क्षेत्रमा गरिबीलाई प्रत्यक्ष प्रभाव पार्ने बजेटको स्थिति र अन्य बजेटको स्थिति तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ। पूर्व अध्यायबाट प्रष्ट हुन्छ कि नेपालको बजेटको १५.६७ प्रतिशत देखि लिएर १७.११ प्रतिशतसम्म शिक्षामा लगानी भएको पाइन्छ। यसरी शिक्षामा लगानी गरेको बजेट के कति मात्रामा गरिबीलाई हटाउन प्रयोग भएको छ अथवा गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुग्ने खालको छ भन्ने कुरा यस अध्यायमा विश्लेषण गरिएको छ।

तालिका नं. ५.१

शिक्षामा विनियोजित बजेट र गरिबी न्यूनीकरण (रु. हजारमा)

आर्थिक वर्ष	गरिबमुखी बजेट	प्रतिशत	तटस्थ बजेट	प्रतिशत	जम्मा
०६५/६६	२६६९३९३२	६८.२९	१२३९२४७५	३१.७१	३९०८६४०७
०६६/६७	१८३०४२१६	३९.२७	२८३१२४५६	६०.७३	४६६१६६७२
०६७/६८	२०११८८९६	३४.७९	३७७०८६४६	६५.२१	५७८२७५४२
०६८/६९	२१९७२२२६	३४.३८	४१९४६६१३	६५.६२	६३९१८८३९
०६९/७०	१७०८५२३१	२६.९३	४६३४६१६६	७३.०७	६३४३१३९७

स्रोत: रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

माथिको तालिकामा नेपालको वार्षिक बजेटको शिक्षा क्षेत्रमा गरिने व्ययको अनुमान प्रस्तुत गरिएको छ। शिक्षा क्षेत्रमा खर्च गरिने भनी बजेटमा अनुमान गरिएको रकम रू. हजारमा प्रसतुत गरिएको छ। यो विनियोजित रकम हो। यसको आँकडा राष्ट्रिय बजेटसँग मिल्छ। विनियोजित रकम र खर्च रकममा अन्तर हुन्छ। बजेटमा विनियोजन हुँदैमा देशमा व्याप्त गरिबी घटेर जाँदैन गरिबी घट्नका लागि खर्चित रकम गरिबहरुको हातमा पुगेको हुनु आवश्यक छ। अत: गरिबीको प्रभावलाई आँकलन गर्न बजेटको खर्च भएको रकमको विश्लेषण हुनु जरूरी छ जुन तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ५.२

शिक्षा क्षेत्रको बजेटको खर्च रकम र गरिबी न्यूनीकरण (रु. हजारमा)

आर्थिक वर्ष	गरिबमुखी बजेट	तटस्थ बजेट	जम्मा
०६५/६६	२३८७५७०७	११६०२४६५	३५४७८१७२
०६६/६७	२९७३४५२२	१६४७६९६५	४६२११४८७
०६७/६८	१७५४८७००	३७४३८२६२	५४९८६९६२
०६८/६९	१८१४६७५३	४३९०६२६३	६२०५३०१६
०६९/७०	१५५४०२९१	४४५९४८१४	६०१३५१०५

स्रोत: अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग (२०६५-२०६९)

तालिका नं. ५.२ मा शिक्षा क्षेत्रको बजेटको खर्च रकम प्रस्तुत गरिएको छ। अर्थमन्त्रालय तथा रा.यो.आयोगका अनुसार आ.व. ०६५/६६ देखि आ.व. ०६९/७० सम्मको बजेटमा गरिबीलाई प्रत्यक्ष अभाव पुग्ने रकम पहिलो हरफमा दिइएको छ। जस्तै आ.व. ०६५/६६ मा गरिबीलाई प्रत्यक्ष लाभा पुग्ने रकम २४२५६३३५ हजार रूपैयाँ थियो। गरिबीलाई अप्रत्यक्ष लाभ पुग्ने र तटस्थ बजेटलाई "अन्य' बजेटमा राख्न सकिन्छ। प्रत्यक्ष लाभ पुग्ने र अन्य वा तटस्थ बजेटको हिस्सा कुल बजेटमा कति प्रतिशत थियो भन्ने कुरा पछि विश्लेषण गरिएको छ।

अर्थ मन्त्रालय अथवा नेपाल सरकारको भाषामा ग्रामीण क्षेत्र लगानी हुने सरकारी बजेट, ग्रामीण क्षेत्रमा आय आर्जनमा सघाउ पुऱ्याउने कार्यक्रमहरु, ग्रामीण क्षेत्रमा क्षमता विकाससम्बन्धी कार्यक्रमहरु, सामाजिक सुरक्षाका कार्यक्रमहरु, सामाजिक परिचालनको सरकारी खर्च, सामाजिक क्षेत्रमा लगानी गरिने रकम, स्थानीय निकायलाई दिने अनुदान, विभिन्न क्षेत्र वर्ग र जनजातिको उत्थानका लागि गरिने लक्षित कार्यक्रमहरु तथा गरिबी निवारणमा केन्द्रित सरकारी खर्चलाई गरिबीलाई प्रत्यक्ष योगदान पुऱ्याउने खर्च भनिएको छ (अर्थमन्त्रालय २०६८, मंसिर, पृ. ७८)।

तालिका नं. ५.३

शिक्षा क्षेत्रको विनियोजित बजेट

शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
गरिबमुखी बजेट	६८.२९	३९.२७	३४.७९	३४.२७	२६.९३
अन्य	३१.७१	६०.७३	६५.२१	६५.६२	७३.०७
कुल बजेट	१००	१००	१००	१००	१००

स्रोत: रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

नेपाल सरकारको विनियोजित बजेटको स्थिति आंकलन गर्दा गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश आ.व. २०६५/६६ मा ६८.७९ प्रतिशत थियो। सो अंश क्रमशः घट्दै गई आ.व. ०६९/७० मा २६.९३ प्रतिशतमा झरेको पाइन्छ। यी वर्षहरुमा अन्य बजेटको अंश क्रमशः बढ्दै गएको पाइएको छ। विनियोजित बजेट र खर्च बजेटको स्थिति हेर्दा खर्च बजेटमा गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश विनियोजित बजेटमा भन्दा घटेको देखिन्छ (तालिका नं. ५.४)।

तालिका नं. ५.४

शिक्षा बजेटको खर्च (प्रतिशतमा)

शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
गरिबमुखी बजेट	६७.३०	६४.३४	३१.९१	२९.२४	२५.८४
तटस्थ बजेट	३२.७०	३५.६६	६८.०९	७०.७६	७४.१६
कुल बजेट	१००	१००	१००	१००	१००

स्रोत: रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

तालिका ५.४ मा राष्ट्रिय योजना आयोगले बजेटका कार्यक्रमलाई दिएको गरिबमुखी संकेतका आधारमा गणना गरिएको गरिबमुखी बजेट र तटस्थ बजेटको खर्च तथा तीनको हिस्सा प्रस्तुत गरिएको छ, जसलाई तलको चार्टका आधारमा विश्लेषण गर्न सकिन्छ।

चार्ट: ५.१

गरिबमुखी बजेट र तटस्थ बजेटको खर्च



शिक्षा क्षेत्रको खर्च बजेटलाई हेर्दा गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश प्रतिशत क्रमश: घट्दै गएको पाइन्छ। आ.व. २०६५/६६ मा गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने बजेट ६७.३० प्रतिशत थियो भने आ.व. ०६९/७० मा २५.८४ प्रतिशतमा झरेको पाइन्छ। अन्य क्षेत्रको बजेटको हिस्सा क्रमश: बढ्दै गएको देखिन्छ।

५.३ गरिबलाई प्रत्यक्ष योगदान पुऱ्याउने बजेट

बजेटको खर्च भएको रकमले गरिबीलाई न्यूनीकरणमा सहयोग पुऱ्याएको हुन्छ। खर्च नभई फ्रिज भएको रकमले गरिबीलाई कुनै प्रभाव पार्दैन। त्यसैले यहाँ शिक्षा क्षेत्रमा खर्च भएको रकमको विश्लेषण गरिएको छ।

तालिका नं. ५.५

गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान दिने शैक्षिक बजेट (रु. हजारमा)

शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
प्राथमिक शिक्षा	२१२८२५८१	१७६५६२९६	११९८७४५	९९३५५१	१३७०३२५
माध्यमिक शिक्षा (निमाविसहित)	१७३२१५८	५९२८०८	-	-	-
उच्च शिक्षा	६४६२७४	८४१८०९	-	-	-
प्राविधिक शिक्षा	९९५९१	२२७११०	५२१९३७	७८६१७३	३३११७०
शैक्षिक विकास	७९२९६	१०४१६४९९	१५८२८०१८	१६३५७४३१	१३८३००२४
अनुगमन तथा प्रशासन	३५८०७				
कुल योग	२३८७५७०७	२९७३४५२२	१७५४८७००	१८१३७१५५	१५५३१५१९

स्रोतः अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग (२०६५-२०६९)

राष्ट्रिय योजना आयोगले शिक्षा बजेटका उपशीर्षकहरुलाई एउटा वर्षमा गरिबमुखी र अर्को वर्षमा अन्य वा तटस्थ तथा त्यसको विपरीत हुने गरी गरिबी संकेत प्रदान गरेकोले बजेटको अंक घटी बढी भएको वा कुनै-कुनै वर्षमा प्रत्यक्ष लाभ हुने वर्गमा कुनै बजेट नभएको पनि देखिएको हो । तर, यसरी परिवर्तन हुनाको कारणबारे अध्ययनका क्रममा राष्ट्रिय योजना आयोग वा अर्थ मन्त्रालयबाट थप जानकारी प्राप्त भएन । प्राथमिक शिक्षा, माध्यमिक शिक्षा (निमावि सहित), उच्च शिक्षा, प्राविधिक शिक्षा, र अनुगमन तथा प्रशासनमा आ.व. २०६५/६६ देखि ०६९/७० सम्म के कति खर्च भएको थियो भन्ने कुरा तालिका ५.५ मा देखाइएको छ । यी वर्षहरुमा शिक्षा क्षेत्रका उपशीर्षकहरुमध्ये कुन उपशीर्षकले गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने खचको के कति अंश धारण गरेको छ भन्ने कुरा तालिका नं. ५.६ मा देखाइएको छ ।

तालिका नं. ५.६

शिक्षा क्षेत्रका विविध शीर्षक गरिबी न्यूनीकरण बजेटमा हिस्सा प्रतिशत

शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
प्राथमिक शिक्षा	८९.२७	१६.७	६.८३	५.४८	८.८२
माध्यमिक शिक्षा (निमाविसहित)	७.२७	१.९९	-	-	-
उच्च शिक्षा	२.७१	२.८३	-	-	-
प्राविधिक शिक्षा	०.४२	०.७६	२.९७	४.३३	२.१३
शैक्षिक विकास	०.३३	३५.०३	९०.१९	९०.१९	८९.०४
अनुगमन तथा प्रशासन	०.१५				
कुल योग	१००	१००	१००	१००	१००

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

गरिबी न्यूनीकरणलाई भनी खर्च गरिएको अथवा गरिबीलाई प्रत्यक्ष प्रभाव पार्ने मानिएको शिक्षा क्षेत्रको बजेटमध्ये आ.व. ०६५/६६ मा प्राथमिक शिक्षामा ८९.२७ प्रतिशत खर्च भएको देखिन्छ भने बाँकी दोस्रो ठूलो रकम नि.मा.वि सहितको माध्यमिक शिक्षामा परेको देखिन्छ । आ.व. ०६५/६६ पछि शिक्षा क्षेत्रको गरिबी न्यूनीकरणको बजेटको अधिकांश हिस्सा शैक्षिक विकासकमा खर्च भएको पाइन्छ । आ.व. २०६६/६७ देखि आ.व. ०६९/७० सम्मको स्थिति आंकलन गर्दा ३५.०३ प्रतिशत देखि ९०.१४ प्रतिशत सम्म खर्च भएको पाइन्छ । शैक्षिक

विकास पछिको दोस्रो ठूलो अंक प्राथमिक शिक्षामा खर्च गरेको देखिन्छ । यस क्षेत्रमा आ.व. ०६६/६७ देखि आ.व. ०६९/७० सम्म ५.४८ प्रतिशत देखि लिएर ५९.३८ प्रतिशतसम्म खर्च भएको पाइन्छ । यसपछिको प्रमुख अंक प्राविधिक शिक्षामा देखिन्छ । आ.व. २०६७/६८ देखि आ.व. ०६९/७० सम्म माध्यमिक शिक्षा र उच्च शिक्षामा गरिबी न्यूनीकरणको बजेट शुन्य छ ।

समग्र रुपमा विश्लेषण गर्दा शैक्षिक विकास र प्राथमिक शिक्षाअन्तर्गतका उपशीर्षकहरुले गरिबी न्यूनीकरणको ९० प्रतिशतभन्दा बढी बजेट उपभोग गरेको पाइन्छ । अतः यी दुई शीर्षकहरुको विस्तृत व्याख्या गरौं ।

तालिका नं. ५.७

शैक्षिक विकास र गरिबी न्यूनीकरण

शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
पाठ्यक्रम विकास केन्द्र	१८.३६	–	–	–	–
पुस्तकालयहरु	०.००	–	–	–	–
शैक्षिक विकासका लागि राष्ट्रिय केन्द्र	०.००	–	–	–	–
शैक्षिक जनशक्ति विकास केन्द्र	८१.६४	–	–	–	–
विद्यालय क्षेत्र सुधार कार्यक्रम	०.००	१.५७	२.७०	१.४४	१.७३
विद्यालय क्षेत्र ए सुधार कार्यक्रम बी	०.००	९८.४३	९७.३०	९८.५६	९८.२१
सीपविकास परियोजना	०.००	–	–	–	–
कुल	१००	१००	१००	१००	१००

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

शैक्षिक विकास शीर्षकअन्तर्गत आ.व. ०६५/६६ मा पाठ्यक्रम विकास केन्द्रमा १८.३६ प्रतिशत खर्च भएको देखिन्छ । बाँकी ८१.६४ प्रतिशत खर्च शैक्षिक जनशक्ति विकास केन्द्र खर्च भएको पाइन्छ । पाठ्यक्रम विकास केन्द्रअन्तर्गत भएको खर्चले प्रत्यक्ष वा परोक्षरुपमा पाठ्यपुस्तक प्रकाशनमा सहयोग गर्ने र नेपाल सरकरको निःशुल्क पाठ्यपुस्तक वितरण कार्यक्रम रहेको हुँदा यसले गरिबी न्यूनीकरणमा योगदान पुऱ्याएको भन्न सकिन्छ । सामान्य तया नेपाली प्रचलनअनुसार सरकारी विद्यालयमा पढ्ने बालबालिकाहरु निम्न आय स्तर भएका परिवारहरुबाट आउने गर्छन् । त्यसैले यस्तो खर्चलाई गरिबी न्यूनीकरणको खर्च भनिएको हुनसक्छ । वास्तविक रुपमा स्थितिको आँकलन गर्दा यी निःशुल्क रुपमा वितरीत पाठ्यपुस्तक गरिबीको रेखामुनी बसेका जनसंख्यामा शतप्रतिशत पुग्छ भन्ने मान्न सकिँदैन । कतिपय गरिबीको रेखामाथिको जनसंख्या पनि सरकारी विद्यालयमा पठन-पाठन गरेको पाइन्छ तर त्यस्तो जनसंख्यालाई पनि यसले आय आर्जनमा सहयोग पुऱ्याएको हुन्छ ।

आ.व. ०६५/६६ मा मूल रुपमा शैक्षिक जनशक्ति विकास केन्द्रमा ८१.६४ प्रतिशत रकम खर्च भएको पाइएको छ । शैक्षिक जनशक्ति विकास केन्दले शिक्षकहरुको क्षमता अभिवृद्धि, शिक्षकका लागि विभिन्न तालिमहरु, प्र.अ. को नेतृत्व क्षमता विकाससम्बन्धी तालिम आदि प्रदान गर्छ । अत : यी क्षेत्रमा गरिने खर्चले शिक्षक कर्मचारीहरुको आयआर्जन तथा क्षमता अभिवृद्धिको काम गर्छ र तस्ता सै खर्च गरिबीको रेखामुनी रहेका गरिब जनतालाई सीधै उत्थान गर्न सहयोग गर्छ भन्न सकिँदैन ।

तालिका नं. ५.७ का अनुसार आ.व. २०६६/६७ देखि ०६९/७० सम्म शैक्षिक विकास नामको सम्पूर्ण बजेट विद्यालय क्षेत्र सुधार कार्यक्रममा खर्च भएको देखिन्छ । केन्द्रबाट सञ्चालित कार्यक्रमलाई विद्यालय क्षेत्र सुधार कार्यक्रम 'बी' भनिएको छ भने जिल्ला जिल्ला स्तरबाट सञ्चालित कार्यक्रमलाई विद्यालय क्षेत्र सुधार भनिएको छ । यी दुवैमा गरिएको खर्च जोड्दा शैक्षिक विकासको खर्च शतप्रतिशत हुन आउँछ । विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत जिल्लास्तरीय कार्यक्रमलाई छुट्टै बजेट शीर्षकमा राखिएकाले यसलाई केन्द्रमा प्रयोग गर्न नपाईने व्यवस्था गरेको देखियो । जसले गरिबी न्यूनीकरण प्रतिको संवेदनशीलतासमेत दर्शाउँछ । यसमा दलित र छात्र छात्रवृत्ति कार्यक्रम पनि रहेकोले बहिष्करणमा परेका छात्रात्रालाई विद्यालय क्षेत्रमा ल्याउन यसले अनुकूल वातावरण सिर्जना गर्न सक्ने देखिन्छ । छात्राहरुलाई छुट्टै सरसफाइ कक्षा तथा सुरक्षाको प्रत्याभूति प्रदान गर्छ । अतः यसबाट सामाजिक बञ्चितीकरणको गरिबीलाई घटाउन काम गर्छ । बालबालिकालाई पिउने पानी सरसफाइ तथा शौचालयको व्यवस्था गर्छ । अतः यस्ता कार्यक्रमहरुले आम गरिबी, मानवीय गरिबी तथा सामाजिक बञ्चितीकरणको गरिबी न्यून गर्न योगदान पुऱ्याएको मान्न सकिन्छ ।

प्राथमिक शिक्षा र गरिबी न्यूनीकरण

तालिका नं. ४.६ का अनुसार शैक्षिक विकास पछिको महत्वपूर्ण शीर्षक प्राथमिक शिक्षा हो । प्राथमिक शिक्षाअन्तर्गत कुन-कुन उपशीर्षकहरु छन् ती शीर्षकहरुको अंश के कति छ भन्ने कुरा तालिका नं. ४.८ मा देखाइएको छ ।

तालिका नं. ५.८

प्राथमिक शिक्षाका विविध शीर्षकहरूमा गरिबी न्यूनीकरण बजेट (प्रतिशतमा)

शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
सहिद तथा द्वन्द्व पीडित सन्तति शिक्षा	०.२३	२.३०	२.९१	७.१५	५.७१
सबैका लागि शिक्षा, शिशुविकास कार्यक्रम	-	-	-	-	-
सबैका लागि शिक्षा प्राथमिक शिक्षा	५६.५८	-	-	-	-
सबैका लागि शिक्षा कार्यक्रम	३३.१७	३८.८२	-	-	-
शिक्षाका लागि खाद्य	२.८९	२१.८३	४८.४७	१७.१५	३३.१६
एकीकृत वि. शिक्षा संरचना	०.३५	-	-	-	-
अनौपचारिक शिक्षा केन्द्र	०.०३	०.२६	०.५३	०.९२	०.६५
र रा. साक्षरता अभियान	४.७३	३०.४९	४३.३१	६३.८४	४२.१६
भौतिक सुविधा सुधार आयोजना	०.२२	-	-	-	-
सामुदायिक वि. क्षमता अभिवृद्धि	१.५९	४.२७	०.६१	३.८९	११.९२
विद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रम	०.०५	-	-	-	-
विशेष शिक्षापरिषद्	०.१८	२.०४	४.१६	७.०६	६.४२
कुल	१००	१००	१००	१००	१००

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

प्राथमिक शिक्षाअन्तर्गतका शीर्षकहरुमा सहिद तथा द्वन्द्वपीडित सन्तति शिक्षा, शिक्षाका लागि खाद्य, अनौपचारिक शिक्षा तथा साक्षरता अभियान, सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम र विशेष शिक्षापरिषद्का शीर्षकहरुले आ.व. ०६५/६६ देखि आ.व. ०६९/७० सम्म निरन्तरता पाएको देखिन्छ । अन्य शीर्षकहरु आ.व. ०६५/६६ मा मात्रै केन्द्रित देखिन्छ । प्राथमिक शिक्षाअन्तर्गतका शीर्षकहरुको अध्ययन गर्दा, बजेटको अधिकांश हिस्सा शिक्षाका लागि खाद्य कार्यक्रम तथा अनौपचारिक शिक्षा र सक्षरता अभियानले ओगटेको देखिन्छ । बजेटको अधिकांश हिस्सा ओगटेका यी दुई शीर्षकहरुको सार्थकताले प्राथमिक शिक्षाको गरिबी न्यूनीकरणको सार्थकतालाई प्रतिविम्बित गर्छ ।

सहिद तथा द्वन्द्वपीडित सन्तती शिक्षा

द्वन्द्वकालमा सहिद भएका, वेपत्ता पारिएका, मानिसहरुका सन्ततीहरुलाई शिक्षा दिने उद्देश्यले नेपाल अधिराज्यभर ५ वटा सहिद स्मृति आवासीय विद्यालय स्थापना गरी शिक्षा दिने काम भएको छ । ०६७/६८ मा ११०६ विद्यार्थीहरुले यी संस्थाहरुबाट आवासीय सुविधा तथा शिक्षा पाएका थिए (अर्थमन्त्रालय, २०६९) कुल प्राथमिक शिक्षामध्ये सहिद तथा द्वन्द्वपीडित सन्तती शिक्षामा ०.३३ प्रतिशतदेखि लिएर ७.१५ प्रतिशतसम्म खर्च भएको पाइन्छ । यस्तो शिक्षाले आम गरिबीलाई पूर्णरुपमा सम्बोधन गरेकोमा शंका हुनसक्छ तर यसले शिक्षाको माध्यमबाट मानवीय गरिबी हटाउन राम्रो योगदान पुर्‍याएको मान्न सकिन्छ । लाभान्वित विद्यार्थीहरुको संख्या भने राष्ट्रिय रुपमा नगन्य हुन सक्दछ । यो शीर्षकले आ.व. ०६५/६६ देखि ०६९/७० सम्म निरन्तरता प्राप्त गरेको छ ।

सबैका लागि शिक्षा : प्राथमिक शिक्षा एवं सबैका लागि शिक्षा कार्यक्रम

यो कार्यक्रम आ.व. ०६५/६६ सम्म सीमित थियो । सन् २०१५ सम्ममा सबैका लागि शिक्षा पुर्‍याउने अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो । यसअन्तर्गत दलित र पिछडिएका छात्रछात्रालाई छात्रवृत्ति, विद्यालयको भौतिक सुधार, बालविकास समाहित शिक्षा, साक्षरता कार्यक्रम आदि छन् (रा.यो.आ. २०६५) । यसअन्तर्गत नयाँ कक्षाकोठा निर्माण, विद्यालय पुनःस्थापना, जिल्ला शिक्षा कार्यक्रम निर्माणलगायत ८ लाख ७ हजार २४२ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको थियो । अत यस्ता कार्यक्रमहरुले गरिबी

न्यूनीकरणलाई प्रत्यक्ष योगदान पुऱ्याएको पाइन्छ (रा.यो.आ. २०६५) । केही कार्यक्रमहरु जस्तै जिल्ला शिक्षा कार्यालय निर्माण, कक्षा कोठा निर्माण, आदि कार्यक्रमलाई आयगरिबीलाई हटाउन मदत नपुऱ्याए तापनि शिक्षाको अभावमा व्याप्त भएको मानवीय गरिबी न्यून गर्न सफल भएको मान्न सकिन्छ । अर्कातर्फ शिक्षामा समावेशीकरण गरी सामाजिकीकरण गर्नका लागि पनि यी यस्ता कार्यहरु पूर्वाधारका रुपमा आवश्यक मान्न सकिन्छ ।

शिक्षाका लागि खाद्य कार्यक्रमः प्राथमिक शिक्षाअन्तर्गत राखिएका शीर्षकहरुमा शिक्षाका लागि खाद्य एक महत्वपूर्ण शीर्षक हो, जसले यस क्षेत्रेको गरिबी न्यूनीकरण बजेटेको ४८.४८% (आ.व. ०६७/७७) हिस्सा ओगटेको पाइन्छ । यो शीर्षकले पाँचै वर्षहरुमा निरन्तरता पाएको छ । सन् २००२ मा विश्व खाद्य कार्यक्रमको सहयोगमा सञ्चालित यस कार्यक्रमको समाप्त हुने मिति सन् २००८ भए तापनि म्याद थप भैरहेको पाइन्छ । यो कार्यक्रमले डोटी, डडेलधुरा, बैतडी, अछाम, वझाङ, बाजुरा, दार्चुला, जाजरकोट, सल्यान, दोलखा, रुकुम आदि स्थानहरुमा छात्र छात्राका लागि नियमित दिवा खाजा उपलब्ध गराउँदै आएको छ । यस कार्यक्रमबाट लाखौं विद्यार्थी दिवा खाजाबाट लाभान्वित भएका छन् । यी जिल्लासहित तराईका ५ जिल्ला (पर्सा, रौतहट, सर्लाही, धनुषा र महोत्तरीमा छात्र छात्राहरुलाई मासिक २ लिटरका दरले खानेतेल वितरण गरिँदै आएको छ । यस्तै सल्यान, बाजुरा, बझाङ, डोटी, डडेलधुरा बैतडी, र दार्चुला गरी ८ जिल्लाहरुमा गर्भवती तथा सुत्केरी महिला र ६-३६ महिनाका बच्चाहरुलाई न्युट्रिमिस्क नामक पौष्टिक आहार वितरण गरिँदै आएको छ (रा.यो.आ., २०७०) ।

एकीकृत विद्यालय शिक्षा संरचना कार्यक्रमहरूको रकम आ.व. ०६५/६६ सम्म मात्रै सीमिति थियो । त्यसपछिका वर्षहरुमा यसको खर्च शून्य देखिन्छ । अनौपचारिक शिक्षा केन्द्रमा खर्च गरिएको रकमले निरन्तरता त पाएको छ तर त्यसको प्राथमिक शिक्षाअन्तर्गतको हिस्सा १ प्रतिशतभन्दा कम देखिन्छ ।

अनौपचारिक शिक्षा राष्ट्रिय साक्षरता अभियान

अर्को महत्वपूर्ण शीर्षक, जसले आ.व. ०६६/६७ देखि ०६९/७० सम्म को आँकडामा प्राथमिक शिक्षामा अधिकतम प्रतिशत खर्चको हिसा ओ गटेको “औपचारिक शिक्षा राष्ट्रिय साक्षरता अभियान” हो । उदाहरणका लागि आ.व. ०६८/६९ मा प्राथमिक शिक्षाअन्तर्गतको कुल खर्चमा यसको हिसा ६३.३४% थियो ।

औपचारिक शिक्षा राष्ट्रिय साक्षरता अभियान आ.व. ०५५/५६ देखि सञ्चालन हुँदै आएको आयोजना हो । उदाहरणका लागि आ.व. ०६५/६६ मा १ अरव ४ करोड रूपैयाँ छुट्टाइएको थियो (रा.यो.आ. २०६५) । देशबाट निरक्षता उन्मूलन गर्दै असाक्षर, बीचैमा विद्यालय छोड्नेहरु र पेशागत उन्नति खोज्नेहरुलाई निरन्तर शिक्षाको अवसर प्रदान गर्नु यस कार्यक्रमको उद्देश्य हो । यस कार्यक्रमअन्तर्गत अनौपचारिक शिक्षा संयोजकको व्यवस्थापकीय कार्यशाला तालिम सञ्चालन गर्ने, न.पा., गा.वि.स. तथा अन्य संघ संस्थाको माग वमोजिम साक्षारन्तर कक्षाको पुस्तक वितरण गर्ने आदि कार्यक्रमहरु गरिन्छ ।

साक्षरोत्तर शिक्षाको पाठ्यपुस्तक र तालिम सामग्रीको परिमार्जन गर्ने, आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने, दलित र पिछडिएका समूहलाई प्रोत्साहन गर्ने र सघनरुपमा अनोपचारिक प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरु दुवै आएका छन् । (रा.यो.आ. ०६५) यसका अलावा कृषि पशुपालन, फलफूलगायत स्थानीय तहमा उपलब्ध हुन सक्ने सीप र प्रविधिहरुलाई प्रोत्साहन गर्ने खालका सीप विकास कार्यक्रम सञ्चालन गर्छ (रा.यो.आ. ०७०, पृ. १०७) । नव साक्षर महिलाहरुलाई प्रोत्साहनका साथ सिप विकास तालिम प्रदान गरिन्छ । उदाहरणका लागि आ.व. ०६८/६९ मा २३५२ केन्द्रहरुमा ६८,७७० जनालाई यसतो तालिम (१२ दिने) प्रदान गरिएको थियो (रा.यो.आ. ०७०)

यी कार्यक्रमहरुको विश्लेषण गर्दा अनौपचारिक शिक्षामार्फत खर्च हुने बजेटले गरिबीको रेखामुनी रहेका तथा निम्न आय स्तरका मानिसहरुका लागि शिक्षा तथा सीपमूलक तालिमको अवसर प्रदान गर्छ । निःशुल्क पाठ्यपुस्तक वितरण, निःशुल्क शिक्षा तथा तालिम प्रदान गर्दा गरिब तथा न्यून आय भएका मानिसहरुलाई शिक्षा, सीप र क्षमता अभिवृद्धि गर्ने कार्यमा ठोस योगदान पुगेको मान्न सकिन्छ । शिक्षामार्फत मानवीय गरिबी, आयमूलक कार्यक्रमद्वारा आम गरिबी तथा पिछडिएका समूहलाई प्रोत्साहन गरी साक्षरता प्रदान गर्दा सामाजिक वञ्चितीकरणको गरिबी हटाउन सहयोग गरेको मान्न सकिन्छ । तर यी शीर्षकमार्फत भएका सवै खर्चहरु गरिबीको रेखामुनी रहेका व्यक्तिहरुमा मात्रै पुग्छ भन्न सकिँदैन । गरिबलाई गरिबीको धरातलवाट माथि उठ्न मौका भने यसले प्रदान गर्छ ।

भौतिक सुविधा सुधार (विस्तार) आयोजनाः यस शीर्षकअन्तर्गत आ.व. ०६५/६६ मात्रै रकम छुट्याइएको देखिन्छ । यो रकम आ.व. ०६५/६६ मा प्राथमिक शिक्षा नामक बजेटेको १ प्रतिशत भन्दा कम थियो । अत यसको असर खासै प्रभावकारी देखिँदैन । यो कार्यक्रम ०६५/६६ मा

सञ्चालन भएर आ.व. ०६६/६७ मा समाप्त भएको थियो । आ.व. ०६५/६६ मा ८५ लाख ५० हजार कुल बजेट छुट्याइएको थियो । यस कार्यक्रमअन्तर्गत विद्यालय कक्षाकोठा निर्माण, विद्यालय वातावरणमा सुधार, खानेपानीको व्यवस्था, शौचालयको निर्माण जस्ता कार्यक्रमहरु पर्छन । यस्ता कार्यक्रमहरुले प्रत्यक्षरुपमा गरिबी निवारण गर्दैनन् तर शिक्षाका लागि अनुकूल वातवरण भने सिर्जना गर्छन् ।

सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रमः यो कार्यक्रम आ.व. ०६४/६५ देखि सञ्चालन हुँदै आएको कार्यक्रम हो । सबैका लागि शिक्षाको उद्देश्य प्राप्तिको उद्देश्यले यो कार्यक्रम सञ्चालन भएको हो । यस कार्यक्रमअन्तर्गत विद्यालयहरुलाई अनुदान, क्षमता विकास कार्यहरु, छात्रवृत्ति वितरण, कक्षाकोठा निर्माण, फर्निचर व्यवस्था, जि.शि. कार्यालय भवन निर्माण आदिजस्ता कार्यक्रमहरु पर्छन (रा.यो.आ., ०६५) । यी यस्ता कार्यक्रमहरुले शिक्षा विकासलाई योगदान पुऱ्याएको हुन्छ, मानवीय गरिबी न्यून गर्छ तर यस्ता कार्यक्रमहरुबाट गरिबीको रेखामुनि रहेका आम गरिब जनताहरुको उत्थानमा प्रत्यक्ष प्रभाव पारेको मान्न सकिँदैन ।

विद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रमः यो कार्यक्रम सन् २००३ मा सुरु भएको हो । २००८ मा समाप्त हुने भनिएको यो कार्यक्रम विश्व बैंकको अनुदान तथा ऋण रकममा सञ्चालित थियो । आ.व. ०६५/६६ मा १ करोड २५ लाख रूपैयाँ यसलाई छुट्याइएको थियो (रा.यो.आ. ०६५ पृ. ७१) । विद्यालयको व्यवस्थापनमा स्थानीय जनसमुदायको संलग्नता बढाइ शैक्षिक गुणस्तर बढाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन भएको हो । यसले विद्यालयहरुलाई समुदायमा हस्तान्तरण गर्ने र ती विद्यालयहरुलाई अनुदान दिने कार्य गर्छ । यो कार्यक्रमले पनि आम गरिबीलाई खासै सम्बोधन गरेको देखिँदैन । आ.व. ०६५/६६ मा प्राथमिक शिक्षाअन्तर्गतको बजेटमा यसको हिस्सा एक प्रतिशतभन्दा कम थियो ।

विशेष शिक्षा परिषद्: विशेष शिक्षापरिषद्को खर्च भनेको साधारणतर्फको खर्च हो जुन बजेटमा विशेष शिक्षापरिषद्लाई विनियोजन गरिएको हुन्छ र विशेष शिक्षापरिषद्ले खर्च गर्छ । कुल प्राथमिक शिक्षाअन्तर्गत राखिएका शीर्षकहरुमा आ.व. ०६५/६६ मा यसपरिषद्को अंश मात्र ०.१८ प्रतिशत थियो र यी खर्च आ.व. ०६५/६६ पछी बढ्दै गएको देखिन्छ । विशेष शिक्षापरिषद्ले विशेष आवश्यकता समूहका व्यक्तिहरुलाई शिक्षा प्रश्न गर्छ । सुस्तश्रवण तथा बहिरा, शारीरिक अपांग, शारीरिक रुपले असक्षम, कमजोर सिकाइ क्षमता, दृष्टिविहीन, बहुअपांगता र संवेगात्मक असन्तुलन भएका व्यक्तिहरुलाई आवश्यक शिक्षा प्रदान गर्ने काम विशेष शिक्षा परिषद्बाट हुने हुँदा यस अन्तर्गत भएको खर्चलाई गरिबी न्यूनीकरणमा भएको खर्च भनिएको हो । यसले मानवीय गरिबी, सामाजिक बञ्चितीकरणको गरिबी तथा केही हदसम्म आमगरिबी समेतमलाई न्यून गर्न सहयोग गरेको हुन्छ ।

गरिबी न्यूनीकरणको बजेट र यसको उपयोगको स्थिति

नेपालको शिक्षा क्षेत्रमा के केति बजेट विनियोजन भएको छ, गरिबी न्यूनीकरण भनि के कति छुट्याइएको छ र यसरी विनियोजन भएको बजेटको कति खर्च भएको छ भन्ने कुरा तालिका नं. ४.१ मा देखाइएको छ । गरिबी न्यूनीकरण भनि विनियोजन गरेको बजेट के कति प्रतिशतसम्म उपयोग हुन सक्थ्यो भन्ने कुरा तालिम नं. ५.९ मा देखाइएको छ ।

तालिका नं. ५.९ :

विनियोजित गरिबी न्यूनीकरण बजेटको उपयोग स्थिति (प्रतिशत)

शीर्षक	०६५/६६	०६६/६७	०६७/६८	०६८/६९	०६९/७०
प्राथमिक शिक्षा	९१.९	७५.४	६८.२	५४.४	९३.२
माध्यमिक शिक्षा (नि.मा.वि. सहित)	९०.४	९५.६	-	-	-
उच्च शिक्षा	५३.६	६५.५	-	-	-
प्राविधिक शिक्षा	४०.१	७३.७	८२.६	५७.१	९०.६
शैक्षिक विकास	९४.९	८०.९	८९.३	८७.२	९०.७
अनुगमन तथा प्रशासन	४०.०				
समग्र उपयोग स्थिति	८९.४	७९.२	८७.२	८२.६	९१.०

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

तालिका नं. ५.९ का अनुसार समग्र गरिबी न्यूनीकरणको बजेटको उपयोग स्थिति आ.व. ०६५/६६ मा ८९.४ प्रतिशत थियो । यसको अर्थ बजेटमा विनियोजन भएको बजेट ८३.२४ प्रतिशत खर्च हुन सक्यो भने बाँकी १०.९६ प्रतिशत खर्च हुन सकेन । खर्च हुन नसक्नु भनेको बजेट विलय हुनु हो । विनियोजित गरिबी न्यूनीकरण बजेटको उपयोग स्थिति आ.व. ०६६/६७ ह्रास भएर ७९.२० प्रतिशतमा झरेको देखिन्छ । लगभग त्यही हाराहारीमा आ.व. ०६७/६८ र ०६८/६९ को बजेट उपयोगको स्थिति देखिन्छ । आ.व. ०६९/७० मा उपयोग स्थितिमा सुधार भएर ९१ प्रतिशत पुगेको छ । अतः नेपालको विनियोजित बजेटको उपयोग स्थिति ८०-९० प्रतिशतको हाराहारीमा देखिन्छ । त्यसैले विनियोजित बजेट पनि खर्च हुन नसक्नुले नेपाल सरकारको प्रशासनिक कमजोरीलाई उजागर गर्छ ।

गरिबी न्यूनीकरण बजेटको शीर्षकगत विश्लेषण गर्दा उच्चशिक्षा तथा प्राविधिक शिक्षाको उपयोग स्थिति अति कमजोर देखिन्छ । उच्च शिक्षालाई छुट्याएको बजेटको मात्र ५३.६४ प्रतिशत सम्म मात्र आ.व. ०६५/६६मा खर्च हुन सकेको थियो भने आ.व. ६६/६७ मा पनि मात्र ६५.४७ प्रतिशत देखिन्छ । त्यस्तै प्राविधिक शिक्षाको बजेटेको उपयोग स्थिति आ.व. ०६५/६६ अति न्यून देखिन्छ । अर्थात मात्र ४०.१२ प्रतिशत थियो । यो उपयोग स्थिति बढ्दै आ.व. ०६७/६८ मा ८६.४१ प्रतिशतमा झरेको देखिन्छ । आ.व. ०६९/७० को स्थिति भने ९०.६२ प्रतिशत थियो । अन्य शीर्षकहरुमा भन्दा प्राविधिक शिक्षा उपयोगको स्थितिमा ज्यादा उतार चढाव आएको देखिन्छ । प्राथमिक शिक्षा, माध्यमिक शिक्षाको, शैक्षिक विकास शीर्षकअन्तर्गतका वजटेको उपयोग स्थिति तुलनात्मक रुपमा राम्रो देखिन्छ । समग्रमा हेर्दा नेपाल सरकारको बजेट खर्च गर्न सक्ने दक्षता कमजोर भएको पाइन्छ ।

आर्थिक र सामाजिक रुपमा पछाडि परेको क्षेत्रमा खर्च गरिने रकमलाई गरिबमुखी बजेट भन्न सकिने धारणाका आधारमा यो अध्ययनका क्रममा मानव विकास सूचकांकका आधारमा पछाडि परेको वा गरिब जिल्ला बाजुराको शिक्षा बजेटको सामान्य अध्ययन गरिएको थियो । जिल्लाको आर्थिक वर्ष २०६८/६९ को बजेट र खर्च तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.१०

बाजुरा जिल्लामा शिक्षा बजेट र खर्च

क्र.सं.	बजेट उपशीर्षक	विनियोजन कूल बजेट	खर्च	खर्च छ
१	जिल्ला शिक्षा कार्यालय	५,६३०,८३७.८७	५,५४१,७२२.८७	९८.४२
२	परीक्षा नियन्त्रण कार्यालय	५८८,५००.००	५८८,५००.००	१००.००
३	सबैका लागि शिक्षाः प्राथमिक शिक्षा	१६,९८७,४७५.००	१६,९२७,८७४.००	९९.६५
४	विभिन्न मावि तथा निमावि	८३,५३०,०८७.००	८३,५३०,०७१.००	१००.००
५	विद्यालय शिक्षक किताबखाना	८,२९३,९७२.००	८,२९३,९७२.००	१००.००
६	अनौपचारिक शिक्षा केन्द्र	३०,०००.००	३०,०००.००	१००.००
७	दोस्रो उच्च शिक्षा परियोजना	३,३९७,४४०.००	३,३९७,४४०.००	१००.००
८	उच्च माध्यमिक शिक्षा	८,०१२,१६०.००	८,०१२,१६०.००	१००.००
९	सबैका लागि शिक्षाः बालविकास कार्यक्रम	१,३६५,०४७.००	१,३६५,०४०.००	१००.००
१०	अनौपचारिक शिक्षा राष्ट्रिय साक्षरता अभियान	६,१२६,६२०.००	६,०९८,९३२.००	९९.५५
११	विद्यालय क्षत्र सुधार कार्यक्रम	१३२,११६,०२२.००	१३०,७०९,०५२.००	९८.९४
१२	विद्यालय क्षेत्र सुधार कार्यक्रम (पुँजीगत)	६०,०००.००	६०,०००.००	१००.००
जम्मा		२६६१३८१६०.९	२६४५५४७६३.९	९९.४१

स्रोतः अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग (२०६५-२०६९)

माथिको तालिकामा बाजुरा जिल्लामा विनियोजन हुने लगभग सतप्रतिशत रकम उपयोग भएको देखिन्छ । बाजुरा जिल्लामा जाने कुल १२ वटा उपशीर्षक अन्तर्गतको बजेटमध्ये ८ वटा उपशीर्षकमा शतप्रतिशत खर्च भएको देखिन्छ । तर, विद्यालय क्षेत्र सुधार कार्यक्रमको जम्मा ६०,००० रूपैयाँ अर्थात् कुल बजेटको ०.०२ प्रतिशत मात्र पुँजीगत बजेटको हिस्सा रहेकाले त्यसबाट त्यहाँको शिक्षाको गुणस्तर वृद्धिको

सम्भावना कम रहनसक्ने देखिन्छ । तुलनात्मक रुपमा कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरु अर्थात् लक्षित समूहको शिक्षाका लागि सञ्चालन हुने क्रियाकलाप रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रममा झण्डै ५० प्रतिशत रकम विनियोजन भएकोले यसलाई गरिबी न्यूनीकरणका दृष्टिकोणले सकारात्मक मान्न सकिने देखियो । विनियोजित बजेटको सतप्रतिशत रकम खर्च हुनुलाई सकारात्मक मान्न सकिने भएपनि विनियोजन र खर्चमा एक रूपैयाँ पनि अन्तर नआउनुको कारण अनुदानका रुपमा विद्यालयमा जाने रकमहरुलाई सोझै खर्चमा अभिलेख गरिने हुनाले खर्चको यथार्थ चित्रण नभएको हुनसक्ने संभावना पनि देखिन्छ ।

बजेट विनियोजन र नतिजाबीचको भिन्नता

निश्चित लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि सरकारले प्रत्येक वर्ष नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका लागि बजेटको व्यवस्था गरेको हुन्छ । विगत पाँच वर्षको बजेट निर्माणसम्बन्धी अभ्यासको पुनरावलोकना गर्दा के देखियो भने सरकारी निकायहरुले कार्यक्रम तथा बजेट निर्धारण गर्दा विभिन्न सिद्धान्तहरु अवलम्वन गरेका हुन्छन् । बजेट निर्माणमा जुनसुकै सिद्धान्त अवलम्बन गरे पनि त्यसका लागि अध्यावधिक सूचना आवश्यक पर्छ । कार्यक्रमसँग सम्बन्धित सूचना जे जति मात्रामा वस्तुगत रुपमा प्राप्त हुन सक्छन्, बजेट तथा कार्यक्रम त्यतिनै मात्रामा कार्यान्वयन योग्य हुन्छन् । छलफल गर्दा के पाइयो भने नेपालको सन्दर्भमा बजेट निर्माणमा प्रयोग गरिने सूचना एक वा दुई वर्ष अगाडि वा सोभन्दा पनि अगाडिको हुने रहेछ ।

उदाहरणका लागि शिक्षा विभागले प्रकाशन गर्ने फ्ल्यास रिपोर्ट विद्यालय शिक्षाको कार्यक्रम तर्जुमा गर्दा प्रयोग गरिने साधन हो । आर्थिक वर्षको मध्येदेखि अर्को आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया सुरू हुन्छ । अर्थात् २०६८/६९ को बजेट निर्माण कार्यको सुरूवात २०६७ असोज/कात्तिकबाट हुन्छ । २०६७ सालको कात्तिक मंसीरसम्म २०६६ सालको शैक्षिक तथ्याङ्क मात्र उपलब्ध हुन्छ । यसबाट के देखिन्छ भने २०६६ सालको तथ्याङ्कका आधारमा २०६८/६९ सालको बजेट निर्माणको काम सुरू हुन्छ ।

पुस माघतिर २०६७ सालको तथ्यांक प्रकाशन भइसकेपछि बजेटका कतिपय सन्दर्भमा परिमार्जन गर्न त सकिन्छ । त्यसो गर्दा पनि २०६७ को तथ्याङ्कको आधारमा २०६८/६९ को बजेट तर्जुमा हुन्छ । विद्यार्थी संख्या, उत्तीर्णदर, टिकाउदर आदिमा हुने परिवर्तनले २०६७ को तथ्यांकको आधारमा हुने परिवर्तनले २०६७ को तथ्यांकको आधारमा तयार गरिएको बजेट कार्यान्वयन गर्दा कतै नपुग त कतै बढी हुने अवस्था आएको देखिन्छ । यस अवस्थाले पनि विनियोजित बजेट पुग-अपुग हुन्छ । विभागका एक सहभागीका अनुसार कार्यान्वयन निकायमा रहेको बजेट अपुग भएमा माग गर्ने र बढी भएमा चुप लागेर बस्ने प्रवृत्ति रहेको पक्ष उजागर भयो । यसले उपलब्ध बजेटको उच्चतम सदुपयोगमा प्रश्नचिन्ह खडा गर्ने गरेको पाइयो । यो सन्दर्भ लैंगिक र गरिबमुखी बजेटको सन्दर्भमा पनि उत्तिकै लागू हुन्छ ।

माथि उल्लेख गरिसकियो कि बजेट तथा कार्यक्रम निश्चित उद्देश्य हासिल गर्नमा केन्द्रित हुन्छन् । लक्ष्य तथा उद्देश्यमा जे-जति प्रस्टता हुन्छ त्यति नै सो उद्देश्य हासिल गर्न सकियो वा सकिएन भन्ने विषय मापन गर्न सजिलो हुन्छ । मुलुकको आवधिक योजनामा उल्लेख गरिएका लक्ष्य तथा उद्देश्य नै बजेट निर्माणको समेत लक्ष्य तथा उद्देश्य हुनुपर्ने हो । राजनीतिक अस्थिरता र दृष्टिकोणमा आउने परिवर्तनको कारणले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमका प्राथमिकतामा तालमेल नमिलेको देखिन्छ । सिद्धान्तः दीर्घकालीन ढाँचाको खाकाभित्र रहेर त्यसलाई हासिल गर्ने दिशामा बजेट तथा कार्यक्रम परिलक्षित गरिएका हुन्छन् । नेपालको सन्दर्भमा आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमको बीच मध्यकालीन बजेट संरचना, मध्यकालीन खर्च संरचना, व्यावसायिक योजना जस्ता साधनहरु अभ्यासमा ल्याउने प्रयास भएका छन् । जे-जस्ता साधनहरु प्रयोगमा ल्याइए तापनि यीनको उद्देश्य भनेको मुलुकका प्रयासहरु निश्चित समयसम्म निर्धारित लक्ष्य हासिल गर्नमा केन्द्रित गर्नु हो ।

मुलुकमा हालसम्म विनियोजित बजेटबाट के कति उपलब्धि हासिल भयो, विनियोजित बजेट र प्राप्त उपलब्धिको बीचको सहसम्बन्धसम्बन्धी अध्ययन कमै मात्र भएका होलान् । यी कार्यमा लैंगिक उत्तरदायी र गरिबमुखी बजेट भएकाले यो दरमा उपलब्धि हासिल भयो भन्न सक्ने अवस्था नरहेको भए पनि समग्रमा हासिल भएको उपलब्धिलाई बजेट तथा कार्यक्रम समेतको योगदानमा हासिल भएको मान्नुपर्ने हुन्छ । यसैगरी गरिबीको पक्षसँग सम्बन्धित र लैंगिक पक्षसँग सम्बन्धित सूचकहरुमा हालसम्मको आवधिक उपलब्धिलाई सहस्राब्दी विकास लक्ष्यको प्रगति समीक्षा प्रतिवेदनले देखाएको छ । तर शिक्षा क्षेत्रमा गरिबीसँग सम्बन्धित र लैंगिक पक्षसँग सम्बन्धित विषयमा कति लगानी भयो र सोबाट केकति मात्रामा उपलब्धि हासिल भयो भन्न कठिन छ ।

गरिबोन्मुख बजेट तटस्थ बजेट

अध्याय
पाँच

शिक्षा बजेट : राजस्व र स्रोत विश्लेषण

१. परिचय

सरकारले वार्षिक आय व्यय विवरण अर्थात् बजेट निर्माण गर्दा खर्चका स्रोतहरुको विश्लेषण गरेको हुन्छ । सरकारले विभिन्न किसिमका प्रत्यक्ष तथा अप्रत्यक्ष करहरु र दस्तुर तथा सेवा शुल्कका साथै विभिन्न किसिमका गैरकर राजस्व उठाउँछ। यसरी देशभित्र उठ्ने राजस्वलाई सरकारको आम्दानीको आन्तरिक स्रोत भनिन्छ । सरकारले दातृ निकायहरुबाट प्राप्त गर्ने अनुदानलगायतका वैदेशिक सहायता वाह्य स्रोतमा पर्दछन्। राजस्व र अनुदानबाट पनि खर्च गर्न नपुग भएमा सरकारले ऋण लिने गर्छ। यसरी विभिन्न किसिमका राजस्वहरु, अनुदान एवं देश बाहिर र आन्तरिक रुपमा उठाउने ऋणलाई बवेटका स्रोतका रुपमा लिइन्छ ।

तालिका : ६.१

नेपाल सरकारको राजस्व तथा अनुदान

आ.व.	कुल राजस्व	प्रतिशत	अनुदान	प्रतिशत	कुल राजस्व तथा अनुदान
२०६५/६६	१३९,९४४,०८१	८४.१४	२६,३८२,८६७	१५.८६	१६६,३२६,९४८
२०६६/६७	१७७,९९१,८७२	८२.२०	३८५४५९७१	१७.८०	२१६,५३७,८४३
२०६७/६८	१९८,३७६,३२०	८१.२०	४५,९२२,१७६	१८.८०	२४४,२९८,४९६
२०६७/६८	२४४,३७४,०९९	८५.६९	४०,८१०,२८१	१४.३१	२८५,१८४,३८०
२०६९/७०[१]	२९५,७२९,०२५	८७.६०	४१,८५०,१९६	१२.४०	३३७,५७९,२२१

स्रोत: अर्थ मन्त्रालय (२०६५-२०६९)

नेपाल सरकारले आर्थिक वर्ष वर्ष २०६५/६६ देखि २०६९/७० सम्म नेपाल सरकारले संकलन गरेको राजस्व तथा विभिन्न निकायबाट प्राप्त अनुदानको विवरण माथिको तालिका प्रस्तुत गरिएको छ, जसलाई तलको चार्टका आधारमा विश्लेषण गर्न सकिन्छ ।

१ राजस्वको संशोधित अनुमान

चार्ट : ६.१

नेपाल सरकारको राजस्व तथा अनुदान



स्रोतः अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग (२०६५-२०६९)

आर्थिक वर्ष २०६५/६६ नेपाल सरकारले संकलन गरेको राजस्व र दातृमुलुक तथा संस्थाबाट प्राप्त अनुदानको कुल योगमा राजस्वको हिस्सा ८१.२० प्रतिशत देखि ८७.६० प्रतिशत देखिन्छ । अर्थात् नेपाल सरकारको आम्दानीको पाँच भागको चार भाग हिस्सा राजस्वको देखिन्छ ।

सरकारी खर्च धान्नका लागि राजस्व र अनुदानमात्र अपर्याप्त भएको अवस्थामा सरकारले मुलुकभित्र र बाहिरबाट ऋण पनि उठाउन सक्छ । यसरी उठाइने वैदेशिक ऋणलाई पनि वाह्य स्रोतका रुपमा लिन सकिन्छ ।

तालिका ६.२

कुल बजेटका आन्तरिक र वाह्य स्रोतको हिस्सा (प्रतिशतमा)

आर्थिक वर्ष	नेपाल सररकार	वैदेशिक सहायता		
		वैदेशिकअनुदान	वैदेशिक ऋण	जम्मा
२०६५/६६	७२.१२	१९.९५	७.९२	२७.८८
२०६६/६७	७२.५४	१९.९२	७.५४	२७.४६
२०६७/६८	७४	१९.३४	६.५८	२५.९२
२०६८/६९	७४.०७	१८.२२	७.७	२५.९३
२०६९/७०	८२.०१	११.६१	६.३८	१७.९९

स्रोतः रा.यो.आ. र अर्थ मन्त्रालय (२०६५-२०६९) तथा अध्यताको गणना

नेपाल सरकारको आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० को कुल वार्षिक बजेटमा आन्तरिक र बाह्य स्रोतको अवस्था तालिका ६.२ मा प्रस्तुत गरिएको छ, जसलाई तलको चार्टका आधारमा विश्लेषण गर्न सकिन्छ ।

चार्ट ६.२

कुल बजेटका विभिन्न स्रोतको हिस्सा



स्रोतः अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग (२०६५-२०६९)

माथिको तालिकामा आर्थिक वर्ष २०६५/६६ देखि २०६८/६९ सम्म कुल बजेटमा आन्तरिक र वाह्य स्रोतको हिस्सा प्रायः स्थिर देखिन्छ। २०६५/६६ र २०६६/६७ आन्तरिक स्रोतको हिस्सा क्रमशः ७२.१२ र ७२.५४ प्रतिशत देखिन्छ भने आर्थिक वर्ष २०६७/६८ र २०६८/६९ मा यो हिस्सा ७४ प्रतिशतमा देखिन्छ। वैदेशिक सहायतामा पनि अनुदान र ऋणको हिस्सा प्रायः स्थिर नै देखिन्छ। आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा आन्तरिक स्रोतको हिस्सा बढेर ८२ प्रतिशत पुगेबाट सरकार आन्तरिक स्रोतमा बढी निर्भर बन्दै गएको देखिन्छ।

२. शिक्षा बजेटको स्रोत

शिक्षा क्षेत्र राजस्व उठाउने बेग्लै क्षेत्र होइन। समग्र बजेटमा आन्तरिक र बाह्य स्रोतको हिस्सा रहेजस्तै शिक्षा क्षेत्रका कार्यक्रमहरु पनि नेपाल सरकारको आन्तरिक स्रोत र विभिन्न किसिमका वाह्य स्रोतबाट सञ्चालन हुन्छन्। तर, शिक्षा सम्बद्ध विभिन्न निकाले सञ्चालन गर्ने क्रियाकलापहरुका सन्दर्भमा भने आन्तरिक र वाह्य स्रोतलाई निम्न आधारमा व्याख्या गर्न सकिन्छ।

शिक्षाका लागि आवश्यक पर्ने रकम विभिन्न स्रोतबाट व्यवस्था गर्ने गरिन्छ। यसलाई सार्बजनिक र निजी भनेर व्याख्या गर्ने गरिएको पनि पाइन्छ। यसैगरी यसलाई आन्तरिक र बाह्य भन्ने चलन पनि रहेको छ।

आन्तरिक स्रोत : यसअन्तर्गत सार्वजनिक र निजी स्रोतहरु पर्छन्। सार्वजनिक स्रोतअन्तर्गत कर प्रणालीबाट संकलन गरिएका र बैंकिक एवं गैरबैंकिक प्रणालीबाट संकलन गरिएका रकमहरु पर्छन्। निजी स्रोतअन्तर्गत व्यक्ति वा घरपरिवारबाट शिक्षामा खर्च हुने रकम पर्छ। यसका साथै संगठित निजीक्षेत्रबाट शिक्षामा खर्च हुने वा प्राप्त हुने रकमलाई पनि यसमा राख्ने गरिन्छ। सैद्धान्तिक रुपमा शिक्षामा निजीक्षेत्रबाट रकम प्राप्त हुने भए तापनि यसको मात्रा एकिन गर्न र अनुमान गर्न निकै कठिन हुने गर्दछ। यसैगरी आन्तरिक स्रोततर्फ अर्धसरकारी निकायहरु पनि पर्छन्।

बाह्य स्रोत : सरकारलाई आफ्नो मुलुकभन्दा अन्यत्रबाट प्राप्त हुने रकमलाई यसमा राख्ने गरिन्छ। अन्तर्राष्ट्रिय निकायहरुबाट सरकारलाई प्राप्त भएको र सरकारी लेखा प्रणालीमा अंकित रकम एवं अन्य गैरसरकारी क्षेत्रलाई प्राप्त भएको रकम यसमा पर्छन्।

यसैगरी शिक्षाको बजेटलाई सरकारी स्रोत, गैरसरकारी स्रोत, विद्यालयकै आफ्नै स्रोत र अन्य शीर्षकबाट प्राप्त स्रोतमा वर्गीकरण गर्न पनि सकिन्छ।

विगत ५ आर्थिक वर्षको शिक्षा बजेटलाई केलाउने हो भने शिक्षा क्षेत्रमा कुल विनियोजित बजेट मध्ये ३१ प्रतिशतसम्म वैदेशिक सहयोगको मात्रा रहने गरेको छ। यो रकम विभिन्न कार्यक्रममा आबद्ध हुने गर्छ, जुन कुल बजेटमा वैदेशिक सहयाताको हिस्साभन्दा बढी हो। आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्म शिक्षा बजेटमा वैदेशिक सहयोगको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६.३ : शिक्षा बजेटमा आन्तरिक र वाह्य स्रोत

विषय	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९	२०६९/७०
कुल बजेटमा शिक्षा बजेटको हिस्सा	१६.५६	१६.३०	१७.११	१६.६१	१५.६७
शिक्षा बजेटमा नेपाल सरकारको हिस्सा	७१.८३	६८.७८	७७.५१	७६.१६	८०.८१
शिक्षा बजेटमा वैदेशिक सहयोगको हिस्सा	२८.१७	३१.२२	२२.४९	२३.८४	१९.१९
प्राथमिक शिक्षामा नेपाल सरकारको हिस्सा	६३.९३	६०.३९	७१.३३	७०.१३	७५.०८
प्राथमिक शिक्षामा वैदेशिक सहयोगको हिस्सा	३६.०७	३९.६१	२८.६७	२९.८७	२४.९२

स्रोत: अर्थ मन्त्रालय (२०६५-२०६९)

माथिको तालिका अनुसार कुल बजेटमा महत्वपूर्ण हिस्सा ओगटेको शिक्षा क्षेत्रको बजेटमा वैदेशिक सहयताका हिस्सा र राष्ट्रिय बजेटमा रहने सो हिस्सामा प्राय: समानता देखिन्छ। तालिका ६.२ र ६.३ का आधारमा तुलना गर्दा कुल बजेटमा वाह्य स्रोतको हिस्सा क्रमश: घट्दै गएको देखिन्छ भने शिक्षामा घटबढ भइरहेको देखिन्छ । अर्थात् शिक्षाका कार्यक्रममा तुलनात्मक रुपमा बाह्य स्रोतको बढी प्रभाव देखिन्छ ।

शिक्षा बजेटमा आन्तरिक र वाह्य स्रोतको हिस्सालाई तलको चार्टका आधारमा विश्लेषण गर्न सकिन्छ ।

चार्ट ६.३

शिक्षा बजेटमा नेपाल सरकार तथा वैदेशिक सहयोगको अंश



स्रोत: अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग (२०६५-२०६९)

शिक्षा क्षेत्रको कुल बजेटमा आन्तरिक र बाह्य स्रोतको हिस्सा विभिन्न वर्षहहरुमा फरक-फरक देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा कुल बजेटको २८.१७ प्रतिशत वैदेशिक सहायताबाट बेहोरिएको देखिन्छ भने आर्थिक वर्ष १९.१९ प्रतिशत हिस्सा मात्र वैदेशिक सहायताबाट बेहोरिएको छ। यसबाट शिक्षा क्षेत्रको बजेटको आकारमा वैदेशिक सहायताको प्रभाव देखिन्छ। सबै आर्थिक वर्षमा प्राथमिक शिक्षामा समग्र शिक्षा बजेटमा भन्दा ज्यादा वैदेशिक सहयोगको हिस्सा देखिन्छ। आर्थिक वर्ष २०६६/६७ मा झण्डै ४० प्रतिशत वैदेशिक सहयोगको हिस्सा रहनुले आधारभूत शिक्षाका लागि समेत सरकार दातृ निकायको भर पर्नुपर्ने अवस्था दर्शाउँछ । विपन्न वर्गले आधारभूत शिक्षा पाउने सबैलाई शिक्षा दिने नीति कार्यान्वयन गर्न समेत सरकार परनिर्भर रहिरहेको माथिकको तथ्यांकबाट देखिन्छ।

अर्थमन्त्रालयका अधिकारीहरुका अनुसार दातृ निकायको सहयोगको ठूलो मात्रा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत परिचालन हुन्छ। यस किसिमको गैरसरकारी संघसंस्थाहरु समाज कल्याणपरिषद्मा दर्ता हुनुपर्ने व्यवस्था भए पनि यस किसिमका संस्थाहरुले वर्षभरि कुन-कुन क्षेत्रमा के कति रकम प्राप्त गरे र खर्च गरे भन्ने विवरण सार्वजनिक हुने गरेको पाइँदैन । नेपाल भित्रिएको कुल रकमका सम्बन्धमा अनौपचारिक अनुमान गरिए पनि रकम शिक्षा क्षेत्र र अन्य क्षेत्रमा के कति मात्रामा प्रयोग भयो भन्ने विवरण अर्थ र शिक्षा मन्त्रालयसँग उपलब्ध नभएको पाइयो ।

नेपालजस्तो अल्प विकसित मुलुकमा व्यक्तिगत रुपमा विभिन्न दाताहरुले पनि सहयोग उपलब्ध गराउने गरेको विवरण जानकारीमा आउने गर्दछ । यस किसिमका दाताहरुमा विदेशी नागरिक र नेपाली नागरिक (विदेशमा बसेका) दुवै पर्छन् । यससम्बन्धी ठोस विवरण कहीं कतै छैन । अनुमान गर्ने आधार पनि तथ्यगत छैनन् । (अर्थ मन्त्रालय, २०७०)

३. शिक्षा क्षेत्रका कार्यक्रममा वैदेशिक सहायताको हिस्सा एवं सहयोग गर्ने निकाय

शिक्षाको क्षेत्रमा आ. व. २०६५/०६६ देखि हालसम्म निरन्तररुपमा सहयोग गर्ने निकायहरुमा एसियाली विकास बैंक, डेनमार्क, फिनल्यान्ड, नर्वे, डिएफआईडी, विश्वबैंक, युनिसेफ, युरोपियन युनियन, अस्ट्रेलियन सहयोग निकाय, विश्वखाद्य कार्यक्रम आदि छन् । यी निकायहरुका साथमा युनेस्को, जाइका, यूएसआईडीजस्ता निकायहरुको सहयोग पनि रही छ । यी निकायहरुले विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक व्यावसायिक शिक्षा तथा तालिम आदिमा सहयोग उपलब्ध गराएका छन । यसरी उपलब्ध गराउने सहयोग अनुदान र ऋणको रुपमा छ । तल दिइएको रकम दातृ निकायहरुले सरकारको रातो किताबमार्फत उपलब्ध गराएको सहयोग हो । दातृ निकायहरुले यस रकमबाहेक प्राविधिक सहयोगको रुपमा पनि नेपाल सरकार र शिक्षा क्षेत्रलाई सहयोग गरेका हुन्छन् ।

विभिन्न दातृ संस्थाबाट नेपाल सरकारलाई प्राप्त भएको अर्थात् रातो किताबमा उल्लेख भएको सहयोगको मात्रा देहायबमोजिम छ ।

तालिका नं. ६.४

शिक्षा बजेटमा वैदेशिक सहयोगको प्रकृति

विषय	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९	२०६९/७०
शिक्षा बजेटमा नेपाल सरकारको हिस्सा	७१.८३	६८.७८	७७.५१	७६.१६	८०.८१
शिक्षा बजेटमा वैदेशिक सहयोगको हिस्सा	२८.१७	३१.२२	२२.४९	२३.८४	१९.१९
शिक्षा बजेटमा वैदेशिक अनुदानको हिस्सा	२०.८३	२३.९५	२१.५९	२२.२८	१९.१९
शिक्षा बजेटमा वैदेशिक ऋणको हिस्सा	७.३४	७.२८	०.९०	१.५६	०.००
वैदेशिक सहायतामा अनुदानको हिस्सा	७३.९४	७६.७०	९५.९९	९३.४५	१००.००
वैदेशिक सहायतामा ऋणको हिस्सा	२६.०६	२३.३०	४.०१	६.५५	०.००

स्रोत: अर्थ मन्त्रालय (२०६५-२०६९)

शिक्षा बजेटमा नेपाल सरकार र दातृ निकायको योगदान तथा वैदेशिक सहायताको प्रकार माथिको तालिकामा प्रस्तुत गरिएको छ । जसलाई तलका चार्टका आधारमा विश्लेषण गर्न सकिन्छ ।

चार्ट ६.४

शिक्षा बजेटमा वैदेशिक अनुदान र ऋणको हिस्सा



आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्म आइपुग्दा शिक्षा क्षेत्रमा वैदेशिक ऋण कम हुँदै गएको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ र २०६६/६७ मा शिक्षा कुल शिक्षा बजेटको ३.३४ प्रतिशत वैदेशिक ऋणको हिस्सा रहेकोमा आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा ऋणको कुनै पनि हिस्सा नभएको देखिन्छ। वैदेशिक ऋण र अनुदानको अनुपात तलको चार्टमा प्रस्तुत गरिएको छ।

चार्ट ६.५

शिक्षा बजेटमा वैदेशिक अनुदान र ऋणको अनुपात



माथिको चार्टमा देखाइएअनुसार शिक्षा क्षेत्रमा वैदेशिक सहायतामध्ये अनुदानको हिस्सा निरन्तर बढेको र ऋणको हिस्सा घटेको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा अनुदानको मात्रा ७३.९४ प्रतिशत रहेकामा आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा यो हिस्सा सतप्रतिशत पुगेको देखिन्छ।

४. वैदेशिक सहायताको उपयोगिता र औचित्य

सामान्यतया वैदेशिक सहयोग विकास कार्यका लागि लिइने हुन्छ। विकास कार्यअन्तर्गत चालू र पुँजीगत गरी दुवै प्रकृतिका कार्यहरु पर्छन्। निश्चित कार्यका लागि लिइने वैदेशिक सहयोग चालू र पुँजीगत दुवै क्षेत्रमा प्रयोग भएको हुन्छ। उदाहरणका लागि विभिन्न कार्यशाला अन्तरक्रिया आदिमा खर्च भएको रकमलाई चालू खर्चअन्तर्गत राख्ने गरिन्छ भने विद्यालय भवन निर्माण कार्यमा खर्च भएको रकमलाई पुँजीगत शीर्षकमा राख्ने गरिन्छ।

वैदेशिक सहयोगबाट गर्न नहुने कार्य भनेको यस शीर्षकअन्तर्गत आउने रकमलाई सरकारी कार्यालयहरु सञ्चालन र तलबभत्तामा खर्च हुँदैन। सिद्धान्तमा यसो भन्ने गरिए तापनि बजेट सहयोगबाट प्राप्त भएको रकम सरकारले निश्चित खाकाभित्र रहेर जुनसुकै क्षेत्रमा पनि खर्च गर्न सक्ने देखिन्छ। यसैगरी पुल्ड फण्ड (नेपाल सरकार र विभिन्न दातृ निकायको सहयोग रहने कोष) भित्र प्राप्त भएको रकम यो शीर्षकमा सरकार र यो क्षेत्रमा दातृ निकायको खर्च गर्ने भन्न मिल्दैन। यस अवधारणामा सरकार र दातृ निकायले विद्यमान सहयोग निरन्तर राख्ने वा निश्चित प्रतिशतमा बेहोर्ने भन्ने एकिन गरिएको हुन्छ।

तर व्यवहारमा सरकारले बजेट निर्माण गर्दा आन्तरिक स्रोतबाट धान्ने किसिमबाट मात्र नियमित एवं उपभोग प्रकृतिका शीर्षकहरुमा बजेट विनियोजन गरेको हुन्छ। उदाहरणका लागि शिक्षक तलबभत्तामा सरकारको आफ्नै स्रोतबाट धान्ने किसिमबाट रकम विनियोजन गरिएको पाइन्छ। तर शिक्षक व्यवस्थापनमा सुधार ल्याउने कार्यमा ठूलै रकम आवश्यक परेमा उक्त समयमा वैदेशिक सहयोग प्रयोग गर्न सकिने हुन्छ।

वैदेशिक सहयोगको बारेमा चर्चा गर्दा यसबाट प्राप्त रकम पुँजी निर्माण तथा एक पटकमात्र खर्च गरेर प्रतिफल प्राप्त गरिने क्षेत्रमा प्रयोग गरियो गरिएन भन्ने हो। एकपटक खर्च गरेर लामो समयसम्म प्रतिफल लिन सकिने क्षेत्रमा यस किसिमको रकमलाई प्रयोग गर्न सकेमा यो बढी लाभदायक हुन्छ। तर सधैं एवं नियमित रुपमा आवश्यक पर्ने वा निरन्तर रुपमा आवश्यक पर्ने शीर्षकहरुमा दातृ निकायको सहयोग मुलुकका लागि घातक हुनसक्छ। यो अवस्था आउनु भनेको मुलुकको अर्थतन्त्रका लागि अत्यन्त कमजोर अवस्था हो। विगत पाँच वर्षको बजेट हेर्दा शिक्षाको अवस्थामा यस किमिसको अवस्था देखिएको छैन।

५. शिक्षा बजेटमा वैदेशिक सहयोगमा (वा संयुक्त रूपमा) सञ्चालित कार्यक्रम तथा तिनको लैंगिक एवं गरिबमुखी पक्ष

वैदेशिक सहायताबाट विद्यालय शिक्षाको क्षेत्रमा आ. व. २०६५/०६६ देखि २०६९/७० सम्म सञ्चालित कार्यक्रमर प्रभावित क्षेत्रका हिसाबले सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यकम, शिक्षक शिक्षण परियोजना, रोजगारीका लागि सीप परियोजना, विद्यालय क्षेत्र सुधार कार्यकम, विद्यालय पौष्टिक आहार कार्यकम, व्यावसायिक तालिम तथा क्षमता विकास परियोजना, सीप विकास परियोजनाजस्ता कार्यक्रमतथा परियोजनाहरु कार्यान्वयनमा रहेको पाइन्छ । यसका साथमा अन्य ससाना कार्यकमहरु पनि कार्यान्वयनका छन् तर यी कार्यक्रमतथा परियोजनाहरु र तिनले समेट्ने क्षेत्रका हिसाबले कम प्रभावशाली पाइन्छन् । विद्यालय शिक्षाका क्षेत्रमा सञ्चालित कार्यकमहरुलाई प्राथमिकताका हिसाबले पनि महत्वपूर्ण मान्नुपर्ने हुन्छ ।

मुलुकले आधारभूत तथा प्राथमिक शिक्षालाई दसौं योजनामा र सोभन्दा पछि पहिलो प्राथमिकतामा राखेको हुनाले यसअन्तर्गत सञ्चालनमा रहेका कार्यक्रमहरु गरिबी न्यूनीकरण र समावेशीता बढाउनका लागि प्रत्यक्ष रुपमा सकारात्मक रहेका छन् । फेरी आधारभूत तथा प्राथमिक शिक्षा परियोजनामा उल्लेख गरिएका कतिपय कार्यकमहरु हालसम्म पनि निरन्तर (बरू यसको क्षेत्र विस्तार गरिएको छ) रुपमा कार्यान्वयनमा रहेका छन । उदाहरणका लागि छात्रा छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्रावास सञ्चालन, साक्षरता कार्यक्रम सञ्चालन, अनौपचारिक शिक्षा अन्तर्गत बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन, समावेशी शिक्षाअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन, बालविकास कार्यक्रम, शिक्षक तालिम, पाठ्यक्रम तथा पाठ्यपुस्तकमा परिमार्जन तथा सुधार आदि ।

बृहत रुपमा विश्लेषण गर्दा विगत २० वर्षदेखि विद्यालय शिक्षाको कार्यक्रममा तात्विक भिन्नता रहेको पाइँदैन । मात्र फरक केमा देखिन्छ भने विगतमा केन्द्रबाट धेरै कार्यक्रमसञ्चालन गरिन्थे । विद्यालय निर्माण तथा सुधारका लागि विद्यालय छनोट गर्ने कार्य केन्द्रबाट हुने गर्दथे तर अहिले आएर विद्यालयमा धेरै अनुदान जाने र सो विद्यालयबाट नै खर्चगर्ने परिपाटी बढेको छ । क्षमता विकासमा धेरै खर्च भएको छ । जिल्ला तथा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको छ । कार्यक्रमको मूल मर्म र भावनामा त्यति धेरै परिवर्तन आएको छैन । बरू क्षेत्र र आकार बढेको चाहिँ पक्कै छ ।

शिक्षाको क्षेत्रमा हाल सञ्चालनमा रहेका कार्यक्रमहरुले पनि गरिबी र लैंगिक पक्षलाई कुनै न कुनै रुपमा समेटेको देखिन्छ । तर कार्यक्रमले के कसरी गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याएको छ भन्ने विश्लेषणका लागि आवश्यक आँकडाहरु प्राप्त हुन सकेको छैन । उदाहरणका लागि विद्यालयको भौतिक वातावरण सुधार तथा मर्मतबाट स्थानीय तहमा विद्यालय निर्माण हुने, स्थानीय तहमा सरकारी रकम जाने त्यसबाट रोजगारी सिर्जना हुने, अर्थतन्त्रमा सकारात्मक असर पर्ने भनेर व्याख्या गर्ने त गरिन्छ तर त्यस किसिमका कार्यक्रमबाट खास-खास गरिबको अवस्थामा त्यति ठूलो भिन्नता आउन सक्दैन । अति गरिबका लागि आवासीय विद्यालय सञ्चालन गर्ने, त्यस समूहका बालबालिकाहरुलाई निःशुल्क शिक्षाका साथमा खान बस्नको समेत व्यवस्था गर्ने कार्यबाट गरिबहरुलाई प्रत्यक्ष पभाव पर्ने पर्थ्यो । अहिलेको वर्गीकरणबाट हेर्ने हो भने विद्यालय भवन निर्माण र आवासीय विद्यालय सञ्चालन दुवै गरिबी र लैंगिक दृष्टिकोणबाट सकारात्मक र प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । कार्यक्रम र बजेटबाट गरिब र महिलामा पर्ने प्रभावको मात्रामा फरक हुनसक्छ । उदाहरणमा प्रस्तुत गरिए झैं विश्लेषण गर्ने हो हाल सञ्चालनमा रहेका कार्यक्रमहरुको प्रभाव मध्यमस्तरको हुनसक्छ ।

बालविकास कार्यक्रमको प्रभाव महिला र छात्राहरुमा विशेष हुनसक्छ । तर सहजकर्ताको तलब भत्ता न्यून रहेको कारणले गर्दा यसको प्रभाव पनि त्यति माथिल्लो कोटीमा राख्न सकिदैन । फेरि महिलामा प्रभाव त पऱ्यो तर कुन समूहका महिलाले रोजगारी पाइरहेका छन भन्ने विषय अर्को महत्वपूर्ण पक्ष हो । अनि यसरी खुलेका बालविकासका कार्यक्रमहरु के कस्तो स्थानमा सञ्चालनमा छन् भन्ने विषयले पनि गरिबलाई कति प्रभाव पाऱ्यो भन्ने विषय निर्धारण गर्छ । छात्रवृत्तिको हकमा सबैलाई दिनु राम्रो हो । तर रू ४०० ले गरिबलाई कति प्रभाव पार्न सक्दछ । उक्त रकम धनीका लागि त केही पनि होइन तर त्यसबाट गरिबले पनि आशातित सफलता पाउन सक्ने देखिँदैन ।

यसरी हेर्दा के देखिन्छ भने कार्यकमहरु गरिबी र लैंगिक दृष्टिकोणबाट सकारात्मक हुँदाहुँदै पनि त्यसको प्रभाव लक्षित समूह र वर्गमा न्यून हुनसक्छ । गरिब र लैंगिक नाममा कार्यक्रम खर्च देखिने, रकम खर्च हुने तर त्यसको प्रभाव उनीहरुमा नै न्यून हुने अवस्था हुन सक्दछ । सूक्ष्म विश्लेषण गरेर हेर्दा अहिलेका धेरै कार्यकमहरु यस समूहमा पर्ने देखिन्छ । कार्यक्रम सञ्चालन भएका छन्, सरकारको रकम पनि खर्च भइरहेको छ, प्रगति पनि भइरहेको छ, लक्षित वर्गले अपेक्षाकृत लाभ लिन सकेको छैन । अहिले सञ्चालनमा रहेका धेरै कार्यक्रमहरु यस श्रेणीमा पर्न सक्छन् । तर यसको मतलब हालका कार्यक्रमबाट केही नभएको भन्ने पनि होइन, प्रभाव पनि परेको छैन भन्ने पनि होइन, मूल कुरो त यही कार्यक्रम र बजेटबाट धेरै काम हुन सक्थ्यो भन्ने हो ।

हाल शिक्षाको क्षेत्रमा वैदेशिक अनुदानबाट कार्यकमहरु र यीनका मुख्य-मुख्य ध्येयहरु देहायबमोजिम छन् ।

क) विद्यालयक्षेत्र सुधार योजना (२००९ देखि २०१५)

विद्यालय शिक्षामा खासगरी आधारभूत तहको शिक्षाको पहुँचमा वृद्धि गर्ने, गुणस्तरमा सुधार गर्ने र शैक्षिक सेवा प्रवाहका लागि संस्थागत क्षमता सुदृढ गर्ने उद्देश्यका साथ विद्यालयक्षेत्र सुधार कार्यक्रम आर्थिक वर्ष २०६६/०६७ देखि कार्यान्वयनमा ल्याइएको हो । यस कार्यक्रमले सबैका लागि शिक्षा कार्यक्रमलगायत अन्य शैक्षिक कार्यक्रमबाट हालसम्म प्राप्त गरेका उपलब्धिहरुमा थप प्रयास गर्नका साथै नयाँ-नयाँ कार्यक्रम पनि समावेश गरी विगतका राम्रा कार्यक्रमको निरन्तरता र थप नयाँ गरी दुवै किसिमका कार्यक्रमलाई समावेश गरेको छ। कार्यक्रम तयार गर्दा अन्तरिम संविधान, तीन वाय अन्तरिम योजना, सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, सहस्राब्दी विकास लक्षले लिएका अपेक्षाहरुको ढाँचाभित्र रहेर तयार गरिएको छ ।

यस कार्यक्रमले विद्यालयशिक्षालाई एकीकृत संरचनामा लगि शैक्षिक सेवा प्रवाहमा सुधार गर्न, स्थानीय तह, शिक्षक, अभिभावक, विद्यालय स्वयम्लाई आफ्ना बालबालिकाको आधारभूत तहको शिक्षाप्रति जिम्मेवार बनाउन तयार गर्ने उद्देश्य लिएको छ। यसबाट विद्यालय शिक्षामा गुणस्तर विकास गर्ने र माध्यमिक तहमा व्यावसायिक एवं सीपमूलक शिक्षालाई प्रवेश गराउने खाका स्वीकार गरिएको छ। विद्यालय शिक्षामा समन्यायिक पहुँचको सुनिश्चितता गर्न, शैक्षिक गुणस्तर र सान्दर्भिकतामा सुधार गर्न र विद्यालयशिक्षा प्रणालीको आन्तरिक सक्षमताको सुधार गर्नका लागि विद्यालयक्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । कार्यक्रमबाट समग्र रुपमा आर्थिक लाभ प्राप्त भई गरिबी घटाउनमा सहयोग पुग्नका साथै सामाजिक लाभ प्राप्त हुने अपेक्षा गरिएको छ ।

कार्यक्रमका मुख्य विशेषताहरू

नेपालको अन्तरिम संविधानको मर्मबमोजिम आधारभूत तहसम्मको शिक्षा निःशुल्क रुपमा सुनिश्चित गर्ने र अनिवार्य आधारभूत शिक्षाको लागि स्थानीय तह/निकाय/सरकारलाई तयार गर्ने एवं प्रोत्साहन गर्ने । यस कार्यक्रमले केन्द्र र स्थानीय तहको बीचमा सामूहिक जिम्मेवारी बहन गर्नको लागि अवधारणात्मक कार्यढाँचाको विकास गरेको छ । पछाडि परेका समूहका व्यक्तिहरुको लागि विशेष किसिमको सहयोग उपलब्ध गराउने कार्यक्रम पनि समावेश गरेको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमले समुदायको क्षमता विकास, सिकाइ वातावरणको विकास, मातृभाषामा शिक्षा, सिकाइ सामग्रीको विकास एवं प्रयोगमा जोड र समग्र रुपमा शैक्षिक सेवा प्रवाहमा जोड दिएको छ। यस सन्दर्भमा बहुकक्षा शिक्षण, स्थानीय पाठ्यक्रम आदिजस्ता पक्षहरु महत्वपूर्ण रुपमा छन् ।

विद्यालयक्षेत्र सुधार कार्यक्रमले हाल विद्यालय शिक्षामा कायम रहेको ४ तहको संरचालाई जम्मा २ तहमा समायोजन गर्ने दृष्टिकोण राखेको छ। यसबाट एकीकृत विद्यालयशिक्षाको संरचना कायम हुन गई समग्र विद्यालय शिक्षाको पहुँचमा वृद्धि हुनका साथै गुणस्तरीय शिक्षा उपलब्ध गराउन पनि सहयोग पुग्ने अपेक्षा गर्न सकिने देखिन्छ ।

विद्यालय शिक्षामा शिक्षक, अभिभावक, प्रधानाध्यापक, विद्यार्थी, स्थानीय निकाय, केन्द्र सरकार सबैको जवाफदेहिताको व्यवस्था गरिएको छ। शिक्षकहरुको लागि न्यूनतम शैक्षिक योग्यतामा परिवर्तन गर्न आधारभूत तहमा प्रमाणपत्र र माध्यमिक तहमा स्नातकोत्तर तहको शैक्षिक योग्यता र तालिम हुनुपर्ने प्रावधान राख्न खोजिएको देखिन्छ ।

विद्यालयक्षेत्र सुधार कार्यक्रम निर्माण गर्दा यसमा सम्बद्ध पक्षको सहभागीता सुनिश्चित गर्न विद्यालयक्षेत्र सुधार कार्यक्रम विभिन्न चरणहरुमा पार गरी यहाँसम्म आइपुगेको छ । समितिको व्यवस्था ७ वर्षे विद्यालयक्षेत्र सुधार योजनाको विकास, ५ वर्षे विद्यालयक्षेत्र सुधार योजनाको विकास र परीक्षणको कार्यक्रमहरुको विकास र परीक्षण गरिएका छन् ।

कार्यक्रमका अवयवहरू

१ प्रारम्भिक बाल विकास,
२ आधारभूत शिक्षा,
३ माध्यमिक शिक्षा,
४ साक्षरता र निरन्तर शिक्षा,
५ प्राविधिक तथा व्यावसायिक तालिम (शिक्षा),
६ शिक्षकको पेशागत विकास,
७ क्षमता विकास,
८ अनुगमन तथा मूल्यांकन,
९ कार्यक्रम व्यवस्थापन ।

वित्तीय ढाँचा

१ विद्यालयक्षेत्र सुधार कार्यक्रम सरकार र दातृ निकायको संयुक्त सहयोगमा कार्यान्वयन गर्न खोजिएको छ । यसको जम्मा अनुमानित बजेट २६२६ मिलियन अमेरिकी डलर छ । सोमध्ये लगभग २००२ मिलियन अमेरिकी डलर सरकारबाट व्यहोरिने भएको छ भने बाँकी रकम ६२४ मिलियन अमेरिकी डलर दातृ निकायबाट सहयोग लिन खोजिएको छ । कार्यक्रमको जम्मा बजेटमध्ये लगभग २४ प्रतिशत जति बाह्य सहयोग प्राप्त गर्ने अनुमान गरिएको छ ।

२ यस कार्यक्रमलाई पुलिङ र नन पुलिङ साझेदारहरुले सहयोग गरिरहेका छन् । पुलिङ साझेदारहरुमा एसियाली विकास बैङ्क, अष्ट्रेलियन एड, डेनमार्क, युरोपेली सङ्घ, डीएफआईडी, फिनल्यान्ड, नर्वे, युनिसेफ, विश्व बैङ्क रहेका छन् ।

ख) व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना

३ व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना सीपयुक्त र तत्काल रोजगार बजारमा माग भएबमोजिम कामदार आपूर्ति गर्न गुणस्तरीय तालिमको पहुँच विस्तार गर्न र नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई सुदृढ गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको हो । जुलाई २०११ देखि अक्टोबर २०१५ सम्म कार्यान्वयनमा रहने यस परियोजनाको कुल लागत ६ करोड ९ लाख अमेरिकी डलर छ । परियोजनाले खास गरी सुविधाविहीन युवा समूह जस्तैः गरिब, सुविधाविहीन क्षेत्रमा बसोबास गर्ने समुदाय, महिला, दलित, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति र अपाङ्गता भएका समूहलाई लक्षित गरी समावेशी तरिकाबाट प्राविधिक शिक्षा र व्यावसायिक तालिमको पहुँच वृद्धिमा क्रियाशील छ । यो परियोजना विश्वबैंकको सहयोगमा सञ्चालनमा छ ।

परियोजनाका उद्देश्यहरू

१ सीपयुक्त तथा रोजगार उन्मुख जनशक्तिको आपूर्तिमा सहयोग गर्नु ।

२ तालिम रोजगारको प्रणालीको कार्यसर्म्पादन र जवाफदेहीमा सुधार गर्नु ।

३ नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पद्धतिलाई सुदृढ गर्नु ।

४ अविकसित क्षेत्र र उपेक्षित वर्गलाई लक्षित गरी गुणस्तरीय तालिमको पहुँच वृद्धि गर्नु ।

परियोजनाका अवयवहरू

१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित विद्यमान कार्यक्रमलाई सहयोग पुऱ्याउनु र उक्त संस्थामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।

२ प्राविधिक शिक्षामा सुधारका लागि तालिम प्रदायक संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।

३ छोटो अवधिको व्यावसायिक तालिम र थप सिकाइ पहिचानमा सहयोग गर्ने ।

४ परियोजना व्यवस्थापन, अनुगमन तथा मूल्यांकन ।

ग) दोस्रो उच्च शिक्षा परियोजना

नेपाल सरकार र विश्व बैंकबीच ३० अप्रिल २००७ मा भएको सम्झौताअनुसार यो परियोजना २७ जुलाई २००७ देखि सुरू भई १५ जनवरी २०१४ मा सम्पन्न हुनेछ । दोस्रो उच्चशिक्षा परियोजनाको कुल लागतमध्ये ६० मिलियन अमेरिकी डलर (६ करोड अमेरिकी डलर) विश्व बैंकले बेहोर्ने छ भने बाँकी रकम नेपाल सरकारले बेहोर्ने छ । कुल ६० मिलियन अमेरिकी डलरमध्ये विश्वविद्यालय अनुदान आयोगले ४५.८३ मिलियन अमेरिकी डलर खर्च गर्ने छ भने बाँकी १४.१७ मिलियन अमेरिकी डलरको शिक्षा विभागमार्फत् हुनेछ । यो परियोजना कार्यान्वयन गर्ने मुख्य निकायका रुपमा विश्वविद्यालयअनुदान आयोग छ । यस परियोजनाका निम्नलिखित ४ अवयवहरु छन्:

सुधार अनुदानः यस अवयवअन्तर्गत दुई सहायक अवयवहरु (Sub-components) छन् : संस्थागत सुधार अनुदान र अनुसन्धान अनुदान । संस्थागत सुधार अनुदानका तीन प्रकारका अनुदान प्रदान गरिने छ : (क) प्रोत्साहन अनुदान (ख) कार्य सम्पादन अनुदान र (ग) जोडकोष अनुदान । यस परियोजनाले गुणस्तर, व्यवस्थापन, विद्यार्थी सहभागिता एवं आर्थिक रुपले दिगो संस्थाका रुपमा विकास गर्न चुनिएका सूत्रमा आधारित लगानी आत्मसात् गर्ने पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय तथा त्रिभुवन विश्वविद्यालयका

३ वटा आङ्गिक स्वायत्त क्याम्पसहरु, विकेन्द्रीकृत क्याम्पसहरु, सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरु, १० वटा विकेन्द्रित क्याम्पसहरुलाई प्रोत्साहन अनुदान प्रदान गर्नेछ । त्यस्तैगरी Scheme A का ९ वटा, B का १० वटा, C का २८ वटा र D का गरी ४३ वटा गरी जम्मा ९० वटा सामुदायिक क्याम्पसहरुलाई सुधार अनुदानमा भाग लिन, रणनीतिक योजना तयार पार्न प्रोत्साहन अनुदान प्रदान गरिएको छ । यस परियोजनाले ३ वटा विश्वविद्यालयहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराउँदै आएको छ ।

विद्यार्थी वित्तीय सहायता कार्यक्रमः गरिबी मापन परीक्षण फारमको उपयोग गरी उच्च माध्यमिक/स्नातक तहका लागि छात्रवृत्तिका लागि विद्यार्थीहरुको छनोट, छनोट भएका विद्यार्थीहरुको Verification, छनोट भएका विद्यार्थीहरुको बैंक खाता खोली छात्रवृत्ति वितरण र Work Study तथा Fund Raising का लागि सरोकारवालाहरुको परिचालन गर्दै आएको छ ।

उच्च माध्यमिक शिक्षामा सुधारः सामुदायिक उच्च माध्यमिक विद्यालयहरुको विकास एवं सुदृढीकरण गर्न सुधार अनुदान, कार्य सम्पादन अनुदान र जोडकोष अनुदान शिक्षा विभाग र उच्च माध्यमिक शिक्षापरिषद्को समन्वयमा सञ्चालन भइरहेको छ ।

उच्चशिक्षामा प्रणालीगत क्षमता अभिवृद्धिः राष्ट्रिय उच्चशिक्षा नीतिमा समसामयिक सुधार गरी उच्चशिक्षा प्रणालीको विकास गर्दै लाने र ती आवश्यकताहरुसँग सुहाउने किसिमको कानुनी रुपरेखाको विकास गर्ने, गुणस्तर सुनिश्चितता एवं प्रत्यायन प्रणालीको स्थापना गर्ने, उच्चशिक्षा प्रणालीका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको स्थापना गर्ने, सूत्रमा आधारित लगानीको ढाँचा विकास गर्ने, विश्वविद्यालयअनुदान आयोगको क्षमता, दक्षता र सीप अभिवृद्धि तथा विकास गर्ने, उच्चशिक्षाका विभिन्न तहगत नीतिहरुलाई अध्ययन गरी समयसापेक्ष बनाउनुनै यसको उद्देश्य हो ।

घ) शिक्षाका लागि खाद्य कार्यक्रम

नेपाल सरकार तथा विश्व खाद्य कार्यक्रमबीच मिति २६ सेप्टेम्वर २००७ मा भएको सम्झौताअनुसार सन् २००८ देखि २०१० सम्म कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको थियो । यस अवधिमा निश्चित जिल्लाका निश्चित गाउँ विकास समितिहरुमा दिवा खाजा कार्यक्रम, छात्रा उत्प्रेरणा कार्यक्रम, जूका निवारण र मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम सञ्चालन गरिए । नेपाल सरकार र संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रमसँग सम्झौता भएअनुसार सन् २०१२ सम्म कार्यक्रमलाई निरन्तरता दिने सम्झौता भएअनुसार १६ जिल्लाहरुमा विभिन्न कार्यक्रम सञ्चालनमा छन् । यो परियोजना कार्यान्वयनका लागि छुट्टै परियोजना कार्यालय नक्साल, काठमाडौंमा छ । यसका उद्देश्य देहायबमोजिम छन् ।

दीर्घकालीनः खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरुका समुदायका बालबालिकाहरुलाई आभारभूत शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने तथा विद्यार्थीहरुको पोषण र स्वास्थ्य स्थितिमा सूधार ल्याउने ।

अल्पकालीनः विद्यार्थी भर्नादरमा वृद्धि गर्ने, दैनिक हाजिरी प्रतिशतमा वृद्धि गर्ने, विद्यालयबाट कक्षा छाडी जाने (भाग्ने दरलाई घटाउने, विद्यार्थीहरुको अध्ययन क्षमतामा वृद्धि गर्ने, विद्यार्थीहरुको पोषण एवं स्वास्थ्य स्थितिमा सुधार ल्याउने, छात्राहरुको भर्ना प्रतिशतमा वृद्धि गर्ने, गर्भवती तथा सुत्केरी आमा एवं शिशुहरुको स्वास्थ्य सुधारमा टेवा पुऱ्याउने र विद्यालयपरिवार र समुदायको संयुक्त प्रयासमा लैङ्गिक भेदभाव हटाई कार्यकममा आमाहरुको (महिला) सहभागिता बढाउने ।

प्रमुख कार्यक्रमहरू

दिवा खाजा कार्यक्रम (Mid-day Meal): आर्थिक वर्ष २०६७/६८ मा दिवा खाजा कार्यक्रम ११ जिल्लामा सञ्चालन भइरहेको छ । यस कार्यक्रमअन्तर्गत कक्षा १ देखि ५ सम्मका र बाल विकास केन्द्र, वैकल्पिक शिक्षा कार्यक्रम तथा प्राथमिक शिक्षा विस्तार कार्यक्रमसहितका १,९४,००० छात्र/छात्राहरु लाभान्वित भइरहेका छन् ।

छात्रा उत्प्रेरणा कार्यक्रम (Girls Incentive Programme-GIP): शिक्षाका लागि खाद्य कार्यक्रम (FFEP) लागू भएका ११ जिल्लाहरुको साथै तराईका ५ जिल्लाहरु (धनुषा, महोत्तरी, सर्लाही, रौतहट र पर्सा मा समेत गरी १६ जिल्लाहरुमा कक्षा २ देखि ५ सम्मका ६५३५२ छात्राहरुलाई प्रति महिना २ लिटर का दरले खाने तेल घर लैजाने राशनको रुपमा उपलब्ध गराइएको छ ।

मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम (Mother and Child Health Care-MCHC): आर्थिक वर्ष २०६७/०६८ मा ८ जिल्लाका ४२ वटा गाउँविकास समितिहरुमा यो कार्यक्रम सञ्चालन भइरहेको छ । यो कार्यक्रमबाट २९,००० सहायतार्थी लाभान्वित भइरहेका छन् ।

६. वैदेशिक सहयोग : चुनौती

कुनै पनि मुलुकले अर्को मुलुकलाई सधैं सहयोग गर्दैन र चाहेर पनि सहयोग गर्न सक्दैन र चाहँदैन पनि । वैदेशिक सहयोग पनि निश्चित उद्देश्य र आशयबाट प्रेरित भएको हुन्छ । फेरि सहयोग प्राप्त गर्ने मुलुकले पनि सधैं सहयोग लिइराख्छु भन्ने सोचाइ राख्नु पनि त्यति राम्रो हुँदैन । सहयोग प्राप्त गर्ने मुलुकले के कति समयको लागि सहयोग लिने हो र त्यसपछि सन्चालित कार्यक्रम के कसरी सञ्चालन हुन्छन भन्ने बारेमा स्पष्ट कार्ययोजना बनाएको हुनुपर्दछ । यसो गर्न सकेमा मुलुकले वैदेशिक सहयोग यति समय पछि बन्द हुन्छ भन्न सक्छ । यो सधैं लिने सोचाई राख्नु राम्रो हुदैहोइन । बिना योजना वैदेशिक सहयोग लिने र लिइराख्ने कार्यले परनिर्भरता बढाउने हुन्छ । दातृ निकायले एकैपटक सहयोग झिक्दा सहयोग प्राप्त गर्ने मुलुकमा असन्तुलनको स्थिति आउन सक्छ । कतिपय कार्यक्रमहरु रोकिन्छन् । सरकारले चाहेर पनि ती कार्यमा थप स्रोत विनियोजन गर्न सक्दैन । सुधारको गति बन्द हुनसक्ने देखिन्छ ।

वैदेशिक सहयोग एक दिन बन्द हुन्छ र लिने मुलुकले पनि बन्द गर्छु भन्नुपर्छ । ढिलो वा चाँडो यो बन्द गर्नुपर्ने हुनाले जसले जति छिटो आफ्नो स्रोत परिचालन गर्न सक्यो त्यति राम्रो हुन्छ । तर वैदेशिक सहयोग लिएर पुँजी निर्माण गर्ने, भौतिक संरचना निर्माण गर्ने र मानवीय पुँजी निर्माण गर्ने जस्ता कार्यहरु गर्न सकेमा यसबाट फाइदा हुन्छ । यसले मुलुकमा आवश्यक पूर्वाधार निर्माण गर्न र विकासमा अगाडि बढ्न सहयोग गर्दछ । जब सञ्चालन हुन्छ, त्यसपछि आफ्नै स्रोतबाट गर्ने सोचाई राख्नुपर्छ ।

७. शिक्षा बजेट र राजस्व

शिक्षा क्षेत्र सार्वजनिक वित्तको एक प्रमुख क्षेत्र हो । यसले सरकारको वार्षिक बजेटको सरदरमा १६ देखि १७ प्रतिशतसम्म हिस्सा लिएको देखिन्छ । तर, यस क्षेत्रबाट राजस्वको योगदान उल्लेखनीय छैन । शिक्षा क्षेत्रअन्तर्गत राजस्वको योगदान शिक्षा सेवा शुल्क र गैरकर राजस्वअर्न्तगत विभिन्न शीर्षकहरुबाट हुनेगर्दछ । शिक्षा क्षेत्रमा राजस्वमा योगदान गर्ने गैरकर राजस्व पनि हो यसअन्तर्गत विभिन्न किसिमका सेवा शुल्क, दस्तुर जरिवाना पर्दछन् । गैरकर राजस्वमा शिक्षा क्षेत्रको सेवा शुल्क वा दस्तुरको हिस्सा के कति छ भन्ने एकिन तथ्याङ्क भने अध्ययनका क्रममा भेटिएन ।

शिक्षा क्षेत्रमा सरकार, स्थानीय निकाय एवं अन्य संगठित क्षेत्रबाट रकम संकलन र खर्च भइरहेको छ । एकीकृत प्रणाली र उपयुक्त नीतिको अभावमा यसरी संकलन र खर्च हुने रकम राष्ट्रिय लेखा प्रणालीमा अंकित हुन सकेका छैनन् । सामुदायिक विद्यालयले जुनसुकै शीर्षकमा विद्यार्थी वा अभिभावकबाट शुल्क उठाएको भए पनि त्यसका बारेमा शिक्षा विभागमा रिपोर्टिङ गर्ने व्यवस्था नभएको विभागका अधिकारीहरुद्वारा जानकारी दिइयो । यस्ता शुल्कलाई एकीकृत गरी अंकित गर्न सकेमा शिक्षा क्षेत्रबाट राजस्वमा हुने योगदान र शिक्षा क्षेत्रले प्राप्त गर्ने बजेटको मात्रा एकिन सकिने थियो । औपचारिक तथ्याङ्कहरुका अनुसार शिक्षा क्षेत्रबाट राजस्वमा भएको योगदान भन्दा र खर्चको प्रतिशत निकै उच्च छ देखिन्छ ।

८. नेपाल सरकारको शैक्षिक कार्यक्रम (जस्तैः विद्यालय शिक्षा, उच्च शिक्षामा) उठाइने शुल्कहरू

वर्तमान कानुनअनुसार आधारभूत तहको शिक्षा निःशुल्क छ । विभिन्न लक्षित समूहका लागि माध्यमिक तहको शिक्षा पनि निःशुल्क छ । यस प्रावधानअनुसार विद्यालय तथा शैक्षिक संस्थाले विद्यार्थीसँग शिक्षण तथा अन्य कुनै पनि किसिमको शुल्क लिन सक्दैन । यी तहबाहेक अन्य अवस्थामा विद्यालय तथा शिक्षण संस्थाहरुले शुल्क लिन पाउने व्यवस्था रहेको छ । शिक्षा नियमावलीले संस्थागत विद्यालयको हकमा विद्यालयको स्तरअनुसार शुल्क लिन पाउने व्यवस्था गरेको भए तापनि सामुदायिक विद्यालयमा यो प्रावधान कार्यान्वयन भएको पाइँदैन । यसकासाथै विद्यालयले लिने शुल्कमा एकरुपमा कायम हुन पनि बाँकी रहेको शिक्षा विभागका अधिकारीहरुबाट जानकारी प्राप्त भयो ।

विभिन्न शैक्षिक संस्थाले जे जस्तो आधारमा शुल्क लिने गरेको भए तापनि ती शुल्कहरु नेपाल सरकारको केन्द्रिय लेखा प्रणालीमा देखिने व्यवस्था छैन । कसले कति रकम उठायो र के मा खर्च गऱ्यो भन्ने बारेमास्पष्ट सूचना छैन । यस शीर्षकअन्तर्गत उठ्ने रकम गैरकर शीर्षकमा राख्ने गरिएको भए तापनि यसबाट उठेको रकम केन्द्रीय प्रणालीमा देखिने गर्दैन । यसरी जम्मा भएको रकम सबै ठाउँमा दुरूपयोग भको छ भन्ने नहुन सक्छ तर पनि जनताबाट उठेको रकम के कसरी विनियोजन र प्रयोग भएको छ भन्ने बारेमा एकरुपता पाउन सकिँदैन । भनाइको मतलब कुनै संस्थाले धेरै शुल्क उठाएको हुनाले उक्त संस्थालाई सरकारतर्फबाट जाने अनुदानमा यति रकम घटाउने वा बढाउने भन्ने गरेको पाइदैन । कुनै विद्यालय स्थानीय तहमा अत्यन्त धनीभए पनि वा उसँग धेरै स्थानीय स्रोत भए तापनि त्यसले सरकारबाट पाउने अनुदानमा त्यसलाई गणना गरेको देखिदैन । उ धनी भएर कम अनुदान दिउँ, अर्को गरिब भएर बढी अनुदान पाउँछ भन्ने आधार छैन । तसर्थ सरकारको अनुदान स्थानीय स्रोतको उपलब्धता र प्रयोगमा आधारित हुन सकेको छैन ।

विद्यालय वा शिक्षण संस्थामा स्थानीय सहयोग आवश्यक हुन्छ । यस किसिमको सहयोगले सरकारको भार कम गर्नमा पनि सहयोग गर्न सक्छ । स्थानीय तहमा उपलब्ध स्रोतबाट राम्रा काम हुनसक्छन् । जनताको अपनत्व बढाउन सहयोगी पनि हुन सक्छ । तर यस किसिमको सहयोगलाई केन्द्रीय सहयोगसँग मिलाउन सकेमात्र उपलब्धिमूलक हुनसक्छ अन्यथा स्रोतको सदुपयोगमा प्रश्न उठाउन सकिन्छ ।

यस किसिमको रकम विद्यालय स्तरमामात्र नभएर जिल्ला शिक्षा कार्यालय र शैक्षिक संस्था तथा निकायहरुमा पनि छ । स्थानीय कोषको रुपमा रकम संकलन गर्ने र प्रयोग गर्ने प्रचलनले समानान्तर प्रणालीको विकास गरेको छैन भन्ने आधार छैन । एउटै कार्यमा दुई शीर्षकबाट रकम प्रयोग भएको हुनसक्छ ।

१०. शिक्षा सेवा शुल्क

आर्थिक ऐन २०६४ मार्फत यो सर्वप्रथम शिक्षा सेवा करको नामबाट नेपाल सरकारले निजी क्षेत्रमा आफ्ना बालबालिका बढाउने अभिभावकले शिक्षा विद्यालयलाई बुझाउने भर्ना तथा अध्यापन शुल्कमा तिर्ने गरी यो कर लगाएको थियो । यो शिक्षा सेवामा लाग्ने अप्रत्यक्ष कर हो । सुरूमा ५ प्रतिशत रहेको यो करको दर आर्थिक वर्ष २०६६/६७ बाट १ प्रतिशत कायाम गरिएको छ । यो कर ग्रामीण र पछाडि परेको क्षेत्रका विद्यार्थीलाई सहयोग गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको भएता पनि यो करबाट उढ्ने रकम अन्य करहरुजस्तै राष्ट्रिय लेखामा अभिलेख हुने भएकोले शिक्षा क्षेत्रको खर्चका लागि यो राजस्वको उपयोग हुन्छ भन्ने छैन । (राजस्व महाशाखा, अर्थ मन्त्रालय, २०७०)

शिक्षा सेवा शुल्कलाई राजस्वमा शिक्षा क्षेत्रको योगदानका रुपमा लिन सकिन्छ । आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० मा कुल राजस्वमा शिक्षा सेवा शुल्कको योगदानको अवस्था तल प्रस्तुत गरिएको छ ।

तालिका नं. ६.५

कुल राजस्वमा शिक्षा सेवा शुल्क (रु. हजारमा)

आ.ब.	शिक्षा सेवा शुल्क	कुल राजस्व	कुल राजस्वमा शिक्षा सेवा शुल्कको हिस्सा (प्रतिशतमा)
२०६५/६६	१६,५१४	१४३,४७४,४८९	०.०१
२०६६/६७	१६६,९४८	१७७९९१८७२	०.०९
२०६७/६८	२०४,४५२	१९८३७६३२०	०.१०
२०६८/६९	२२३,१४४	२४४,३७४,०९९	०.०९
२०६९/७०[२]	३२६,९३५	२९५,७२९,०२५	०.११

स्रोत : अर्थ मन्त्रालय (२०६५-२०६९)

कुल राजस्वमा शिक्षा शिक्षा सेवा शुल्कको योगदानलाई माथिको तालिकामा देखाइएको छ । कुल राजस्वमा शिक्षा सेवा शुल्कको हिस्सा ०.०१ प्रतिशतदेखि ०.११ प्रतिशतसम्म पुगेको देखिएको छ । यसबाट शिक्षा क्षेत्रले राजस्वमा थोरै भए पनि योगदान गरेको देखिन्छ । शिक्षा सेवा शुल्कको योगदान विस्तारै बढ्नसक्ने देखिन्छ । विभिन्न आर्थिक वर्षमा यो शिक्षा सेवा शुल्कमा परिवर्तनको दरलाई तलको चार्टमा प्रस्तुत गरिएको छ ।

२ प्रक्षेपीत राजस्व

चार्ट ६.६

शिक्षा सेवा शुल्कको योगदानको अवस्था



माथिको चार्टबाट शिक्षा सेवा शुल्कको वृद्धिदर उल्लेख्य रहेको देखिएको छ । पछिल्ला वर्षहरुमा यो करको कार्यान्वयनको अवस्थामा सुधार आउँदै गरेको अर्थ मन्त्रालयका राजस्व महाशाखाबाट जानकारी दिइयो ।

शिक्षा सेवा शुल्क कानुनद्वारा संस्थागत विद्यालयहरुले सरकारलाई बुझाउने रकम हो । यो रकम विद्यालयले अभिभावकबाट संकलन गरी सरकारलाई बुझाएको हुन्छ । आन्तरिक राजस्व विभागका अनुसार यो कर मुख्यत: संस्थागत विद्यालयहरुको मासिक शिक्षण शुल्क, भर्ना शुल्क, उच्च शिक्षा सञ्चालन गर्ने विश्वविद्यालयहरु तथा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुको वैदेशिक मुद्रा सटहीमा लाग्छ । यो करको प्रभावकारी कार्यान्वयन हुन सकेमा कुल राजस्वमा शिक्षा क्षेत्रको योगदान बढ्नुका साथै गरिब विद्यार्थीको सहायताका लागि उपलब्ध हुने स्रोतको मात्रा पनि बढ्ने देखिन्छ ।

अध्याय

छ

निष्कर्ष र सुझाव

अध्याय ३ मा उल्लेख गरिएको विधिबाट यो अध्ययन सम्पन्न गरिएको हो । यो अध्ययन नेपाल सरकार अर्थ मन्त्रालयले गरिबोमान्मुख र लैंगिक बजेटको परिभाषा गर्ने प्रयोजनका लागि तयार गरिएका सूचक र ती सूचकका आधारमा गरिएको वर्गीकरणलाई आधार मानिएको थियो । उपलब्ध आँकडाका आधारमा गरिएको विश्लेषणबाट देखिएका नतिजा तथा निष्कर्षहरु तल प्रस्तुत गरिएको छ ।

नेपाल सरकारले आफूले कार्यान्वयन गर्ने योजना तथा कार्यक्रम तथा बजेट गरिबमुखी वा लैंगिकमैत्री भए वा नभएको मापन गर्ने प्रयास गरेको दखिन्छ ।

नेपाल सरकरको बेग्लै शिक्षा नीति नभएको तर संविधान, ऐन, नियमावली तथा आवधिक योजनाहरुमा शिक्षाका नीतिगत प्राथमिकता झल्किएको पाइयो । तर, गरिबी र लैंगिक दृष्टिकोणले शिक्षाका नीतिहरु प्रस्ट देखिएनन् । आवधिक योजना तथा वार्षिक बजेटमा उल्लेखित कार्यक्रममा भने धेरै हदसम्म सामन्जस्यता कायाम भएको देखियो ।

शिक्षा बजेट आर्थिक वर्ष २०६५/६६ बाट २०६९/७० सम्म आइपुग्दा मौद्रिक मूल्यमा ३९ अर्वबाट बढेर ६३ अर्ब पुगेको देखिन्छ । मौद्रिक मूल्यलाई आधार मान्दा पाँच वर्षको अन्तरालमा यो करिव ६२ प्रतिशतको वृद्धि हो । तर, मूल्यवृद्धिलाई ध्यान दिँदा बजेटको बास्तविक वृद्धि त्योभन्दा कम छ ।

शिक्षा क्षेत्रको बजेटको विश्लेषण गर्दा कुल बजेटलाई गरिबी न्यूनीकरणलाई प्रत्यक्ष प्रभाव पार्ने र अन्य वा तटस्थ गरी २ भागमा विभाजन गर्न सकिन्छ । राष्ट्रिय योजना आयोगको संकेतलाई आधार मानेर आ.व. ०६५/६६ देखि आ.व. ०६९/७० सम्मको खर्च स्थिति हेर्दा सरकारी परिभाषाअनुसार कुल शैक्षिक वजेटेको ६७.४२ प्रतिशत देखि २५.८४ प्रतिशतसम्म गरिबीलाई प्रत्यक्ष प्रभाव वा लाभ पुग्ने गरी विभिन्न वर्षहरुमा खर्च गरिएको देखियो । जवकि अर्थ मन्त्रालयको तथ्यांकअनुसार सो हिस्सा ६७ देखि ९१.३८ प्रतिशतसम्म देखियो । योजना आयोगको तथ्यांकअनुसार गरिबलाई प्रत्यक्ष लाभ पुग्ने बजेटको हिस्सा क्रमशः घट्दै गएको देखियो भने अर्थमन्त्रालको आँकडामा यो बढिरहेको देखियो ।

आर्थिक वर्ष २०६५/६६ मा योजना आयोगका अनुसार शिक्षा बजेटको ६५.३४ प्रतिशत हिस्सा प्रत्यक्ष रुपमा महिलाप्रति उत्तरदायी देखिन्छ भने सो वर्ष अर्थ मन्त्रालयको आँकडाअनुसार शिक्षा बजेटको ३.८४ प्रतिशत हिस्सामात्र प्रत्यक्ष रुपमा लैंगिक उत्तरदायी भएको देखिन्छ । २०६९/७० मा आइपुग्दा अर्थ मन्त्रालयले शिक्षा बजेटको ६५.३३ प्रतिशत प्रत्यक्ष लैंगिक उत्तरदायी भएको देखाएको छ, जबकी योजना आयोगले सो वर्ष शिक्षा बजेटको २५.२२ प्रतिशत मात्र प्रत्यक्ष रुपमा लैंगिक उत्तरदायी भएको जनाएको छ । यसबाट अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगजस्ता राज्यका महत्वपूर्ण निकायका बीचमा नै गरिबमुखी बजेटबारेको बुझाइमा अन्तर रहेको पाइयो । उपलब्ध आँकडाका आधारमा लैंगिक र गरिबमुखी बजेटको हिस्सामा विभिन्न वर्ष र निकायपिच्छे भएको घटबढको कारण पहिचान हुन सकेन ।

बजेटको कार्यक्रमगत आधारमा विश्लेषण गर्नका तोकिएका सूचक र उपलब्ध आँकडा अपर्याप्त देखिए । लैगिक बजेटका सन्दर्भमा सूचकहरु स्पष्ट रुपमा परिभाषित भएको देखिए पनि कार्यक्रमलाई विश्लेषण गर्नमा ती सूचकको के कसरी प्रयोग भयो भन्ने जानकारी कतै भटिएन । शिक्षा बजेटको निर्माण र कार्यान्वयनमा संलग्न हुने शिक्षा मन्त्रालय र विभाग जस्ता निकायले आफैं गरिबी र लैंगिक बजेटको परिभाषा गर्ने गरिएको जानकारी बजेटमा संलग्न अधिकारीहरुसँगको अन्तर्वार्ताका क्रममा पनि प्राप्त हुन सकेन । यसवाट बजेटको विश्लेषण र वर्गीकरणको आधार पूर्ण वैज्ञानिक र व्यावहारिक बनाउन नसकिएको देखिन्छ ।

गरिबी न्यूनीकरण बजेटको आठवटा सूचकमध्ये क) ग्रामीण क्षेत्रमा लगानी हुने सरकारी रकम ख) स्थानीय निकायमा जाने अनुदान रकम ग) सामाजिक क्षेत्रमा लगानी गरिने रकम जस्ता सूचकहरु अत्यन्त अवैज्ञानिक देखिए । यी तीनवटा सूचकका आधारमा शिक्षा, स्वास्थ, स्थानीय विकास जस्ता मन्त्रालयका सवै बजेट स्वतः गरिबी न्यूनीकरण बजेट हुनुपर्ने देखिन्छ । त्यसैले बजेटलाई नतिजासँग आबद्ध गर्ने पद्धति विकास नगरी यी सूचकको प्रयोग गर्दा बजेट वर्गीकरण गर्नुको औचित्य पुष्टि हुन सक्ने देखिएन ।

बजेटको लैंगिक र गरिबोन्मुख पक्षका सन्दर्भमा निष्चित निश्कर्षमा पुग्नका लागि आवश्यक बस्तुगत सूचनाको अभाव देखियो । सूचकहरु विषयगत वा सैद्धान्तिक खालको भएकाले त्यसको व्यवहारमा प्रयोग गर्ने वा विश्लेषण गर्ने दुवैलाई सहयोगी हुने देखिएन ।

शिक्षा क्षेत्रका कार्यक्रम लैंगिक र गरिबमुखी देखिए तर बजेटको प्रभाव र परिणाम मापन भएको देखिएन ।

राष्ट्रिय योजना आयोगको तथ्याङ्कलाई आधार मानेर समग्रमा गरिबीलाई लाभ पुग्ने बजेटलाई विभिन्न शीर्षकमा विभाजन गरी विश्लेषण गर्दा बजेटको अधिकांश हिस्सा शैक्षिक विकासमा खर्च भएको पाइयो । आ.व. २०६६/६७ पछिको स्थिति आंकलन गर्दा यसको हिस्सा ७०-९० प्रतिशतको बीचमा पाइन्छ । शैक्षिक विकास शीर्षकअन्तर्गत विद्यालय क्षेत्र सुधार कार्यक्रमले निरन्तरता प्राप्त गरेको छ । आ.व. ०६६/६७ पछि यसको हिस्सा शैक्षिक विकासमा शतप्रतिशत पाइन्छ । अतः विद्यालय क्षेत्र सुधार कार्यक्रमको सान्दर्भिकताले गरिबी न्यूनीकरणको सान्दर्भिकतालाई दर्शाउँछ । विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गतका अधिकांश क्रियाकलापहरु गरिब र छात्राहरुलाई लाभ दिने खालको नै देखिन्छ ।

गरिबी न्यूनीकरण बजेको दृष्टिकोणबाट प्राथमिक शिक्षा अर्को महत्वपूर्ण कार्यक्रम हो । आ.व. ०६६/६७ पछि यसको हिस्सा शिक्षा क्षेत्रमा ५.४८ देखि १७.७८ प्रतिशतसम्म छ । यसरी प्राथमिक शिक्षाअन्तर्गत राखिएका शीर्षकहरुको विश्लेषण गर्दा शिक्षाका लागि खाद्य, अनौपचारिक शिक्षा र साक्षरता अभियानले बजेटको अधिकांश अंक ओगटेको पाइन्छ ।

त्यसपछिको ठूलो शीर्षक भनेको सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम हो । खासगरी शिक्षा लागि खाद्य औपचारिक शिक्षा र साक्षरता अभियानले कुनै न कुनै क्षेत्रमा आम गरिबी, मानवीय गरिबी, तथा सामाजिक वञ्चितीकरणको गरिबीलाई घटाउन योगदान पुऱ्याएको देखिन्छ । सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम खासगरी विद्यालयलाई अनुदान दिने र फर्निचर आदि भौतिक सुविधा विस्तार कार्यक्रम गर्ने हुँदा यसले गरिबीको रेखामुनी रहेका आम गरिबी सीधै सम्बोधन गर्न सक्दैन । शैक्षिक विकास लागि भने यसको योगदान महत्वपूर्ण मानिन्छ ।

बजेट लैंगिक उत्तरदायी वा गरिबमुखी भए वा नभएको विश्लेषण गर्दा शिक्षा क्षेत्रको बजेट समग्र बजेटभन्दा बढी मात्रा लैंगिक र गरिबमुखी देखियो । तर, बजेटको लैंगिक र गरिबोन्मुख पनका वारेमा निकाय पिच्छेको फरक बुझाइ रहेको राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको तथ्यांकको विश्लेषण बाट देखियो ।

शिक्षा बजेटको अधिकांश हिस्सा चालू खर्चअन्तर्गतका शीर्षकहरुले लिएको देखिन्छ । पुँजीगत खर्च नगन्य मात्रामा हुँदा गरिबको स्तर उकास्न तथा महिलाको मूलप्रावाहीकरण र विकासमा शिक्षा बजेटको कम भूमिका रहने देखिन्छ । त्यसैले नतिजाका आधारमा हेर्दा शिक्षा बजेट कम लैंगिक उत्तरदायी र गरिबमुखी देखिन्छ तर लागतको दृष्टिकोणबाट हेर्दा भने विद्यालय शिक्षामा अधिकांश हिस्सा बजेट जाने र छात्र र छात्रालाई विद्यालय शिक्षाले समान रुपमा योगदान गर्ने तथा यो सरकारी विद्यालयको शिक्षाका लागि छुट्याएको बजेट हुनाले निम्न र मध्यम बर्गलाई हित गर्ने बुझ्न सकिन्छ । त्यस आधारमा शिक्षा बजेटलाई लैंगिक उत्तरदायी र गरिबोन्मुख भन्न सकिन्छ ।

लैंगिक बजेटका हकका महिला र पुरूषलाई समान रुपमा योगदान गर्ने बजेटलाई प्रत्यक्ष लैंगिक उत्तरदाष्यी बजेट भनि गरिएको व्याख्याले कतै तटस्थ बजेटलाई पो लैंगिक उत्तरदायी बजेट भनिएको हैन ? भन्ने प्रश्न जन्माउँछ । अझ थोरै महिला र बढी पुरूषमा जाने बजेटलाई अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेट भनिएको छ ।

दुई महत्वपूर्ण निकायका विचमा नै बजेटको लैंगिक झुकाव र गरिबोन्मुखपन बारेको बुझाइमा अन्तर रहनुले गरिब र लैंगिक बजेटको परिभाषा गर्न बनाइएका क्रमशः पाँच र ८ वटा सूचकहरुको बुझाइ व्यक्ति र संस्था पिच्छे हुनसक्ने अवस्थाको संकेत मिल्छ ।

राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०६५/६६ देखि शैक्षिक विकासका खर्चहरुलाई लैंगिक उत्तरदायी भएको देखाएको छ भने पछिल्लो वर्षहरुमा अन्य शीर्षकहरुका कार्यक्रमहरु प्रत्यक्ष उत्तरदायी नभएको देखाएको छ ।

अर्थ मन्त्रालयले प्रकाशन गर्ने रातो किताबमा गरिएको वर्गीकरण र शिक्षा मन्त्रालयले वार्षिक योजना तथा कार्यक्रमका लागि आन्तरिक रुपमा गरेको वर्गीकरणमा अन्तर देखिएको छ । शिक्षा मन्त्रालयको वर्गीकरणमा शैक्षिक विकासलाई बेग्लै बजेट शीर्षकअन्तर्गत राखिएको पाइएन । यसबाट बजेटको कार्यान्वयनको अनुगमन र मूल्यांकनमा जटिलता आउनसक्ने देखियो ।

प्राथमिक शिक्षाअन्तर्गतका सहिद तथा द्वन्द्वपीडित बालबालिका शिक्षा, शिक्षाका लागि खाद्य कार्यक्रम (प्रा.वि पौष्टिका आहार), अनौपचारिक शिक्षा, पूर्व प्राथमिक शिक्षा तथा बालविकास कार्यक्रमले पुरूष र महिलालाई समान वा महिलालाई बढी लाभ पुग्ने हुनाले यी कार्यक्रमा हुने खर्चलाई लैंगिक उत्तरदायी बजेटको खर्च भन्न सकिने देखिन्छ ।

विद्यालय क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम, तथा विशेष शिक्षा परिषद्‌ले प्राथमिक शिक्षाको प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको अधिकांश हिस्सा ओगटेको पाइन्छ। यी उपशीर्षकहरुले पाँचैवर्षसम्म निरन्तरता पाइएको छ। अत : यी उपशीर्षकहरुको महत्व तथा यिनले लैंगिक समानता र मूलप्रवाहीकरणमा खलेको भूमिकाले प्राथमिक शिक्षाको बजेटले लैंगिक समानतामा पारेको प्रत्यक्ष प्रभावलाई इंकित गर्दछ।

सीप विकास परियोजनाले कार्यक्षमता अभिवृद्धि गर्ने हुँदा यस उपशीर्षकअन्तर्गत गरिएको खर्चलाई समेत लैंगिक उत्तरदायी वजेटको रूपमा लिन सकिने देखियो।

अध्ययनका क्रममा शिक्षा क्षेत्रको विभिन्न परियोजना तथा कार्यक्रमहरुमा खर्च गरिएको रकमले महिला तथा पुरूष दुवैलाई लाभ पुऱ्याए तापनि महिलालाई कम लाभ र पुरूषलाई बढी लाभ पुगेको स्थितिलाई अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेट भनी परिभाषित गरेको पाइयो।

अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको अधिकांश हिस्सा प्राथमिक शिक्षा तथा प्राविधिक शिक्षाअन्तर्गत खर्च भएको देखिन्छ।

अर्कातर्फ शिक्षक शिक्षण परियोजनाले शिक्षकहरुको कार्यदक्षतामा अभिवृद्धि गर्ने र जसमा महिला शिक्षकसमेत रहने हुनाले पनि यसलाई अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको रुपमा राख्नु वर्तमान परिभाषाअनुसार उपयुक्त नै देखिन्छ।

अप्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको अधिकांश रकम (४८.२%) देखि ३०.८७%) सम्म प्राविधिक शिक्षाले ओगटेको देखिन्छ।

राष्ट्रिय योजना आयोगका अनुसार आ.व. ०६७/६८ देखि प्राविधिक तथा माध्यमिक शिक्षाको रकम प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटमा शून्य थियो र हाल अप्रत्यक्ष उत्तरदायी बजेटमा यी रकमहरुले महत्वपूर्ण स्थान ओगटेको पाइन्छ।

आ.व. २०६५/६६ मा ७० प्रतिशत रकम महिलाहरुलाई लाभ पुऱ्याउने खालको थियो भने बाँकी २९.८५ बजेट तटस्थ थियो। यो आर्थिक वर्ष छाडेर अन्य वर्षलाई हेर्दा ६४ प्रतिशतभन्दा बढी रकम तटस्थ बजेटमा पाइन्छ। समग्र शिक्षा क्षेत्रको बजेटमा आ.व. ०६६/६७ देखि ६९/७० सम्म अधिकांश बजेट तटस्थ भएको देखिन्छ भने मात्र ३५ देखि ३१ प्रतिशत रकम मात्रै महिलाहरुलाई लाभ पुग्ने भएको देखिन्छ।

समग्रमा आँकलन गर्दा, आ.व. ६६/६७ देखि आ.व. ०६९/७० सम्मको समयावधिमा मात्र ३१ देखि ३५ प्रतिशत शिक्षा वजेटको रकमले लैंगिक मूलप्रवाही कारण र महिलाहरुलाई लाभ पुग्ने गरी खर्च भएको तथ्यांकले दर्शाउँछ।

विनियोजित बजेट र खर्च वजेटको स्थिति हेर्दा खर्च बजेटमा गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश विनियोजित बजेटमा भन्दा घटेको देखिन्छ (तालिका नं. ५.४)

शिक्षा क्षेत्रको खर्चलाई हेर्दा गरिबीलाई प्रत्यक्ष लाभ पुग्ने बजेटको अंश प्रतिशत क्रमशः घट्दै गएको पाइन्छ। अन्य क्षेत्रको बजेटको हिस्सा क्रमशः बढ्दै गएको देखिन्छ।

राष्ट्रिय योजना आयोगले शिक्षा बजेटका उपशीर्षकहरुलाई एउटा वर्षमा गरिबमुखी र अर्को वर्षमा अन्य वा तटस्थ तथा त्यसको विपरीत हुने गरी गरिबी संकेत प्रदान गरेकोले बजेटको अंक घटि बढि भएको वा कुनै-कुनै वर्षमा प्रत्यक्ष लाभ हुने वर्गमा कुनै बजेट नभएको पनि देखियो। यसरी परिवर्तन हुनाको कारणबारे अध्ययनका क्रममा राष्ट्रिय योजना आयोग वा अर्थ मन्त्रालयबाट थप जानकारी प्राप्त भएन।

गरिबमुखी बजेटको हकमा केन्द्र र जिल्लाबाट सञ्चालित विद्यालय क्षेत्र सुधार कार्यक्रममा गरिएको खर्च जोड्दा शैक्षिक विकासको खर्चको शतप्रतिशत हुन आउँछ। बहिष्करणमा परेका छात्राछात्रालाई विद्यालय क्षेत्रमा ल्याउन यसले अनुकूल वातावरण सिर्जना गर्दछ। छात्राहरुलाई छुट्टै सरसफाइ कक्षा तथा सुरक्षाको प्रत्याभूति प्रदान गर्छ।

प्राथमिक शिक्षाअन्तर्गतका शीर्षकहरुको अध्ययन गर्दा, बजेटको अधिकांश हिस्सा शिक्षाका लागि खाद्य कार्यक्रम तथा अनौपचारिक शिक्षा र साक्षरता अभियानले ओगटेको देखिन्छ। बजेटको अधिकांश हिस्सा ओगटेका यी दुई शीर्षकहरुको सार्थकताले प्राथमिक शिक्षाको गरिबी न्यूनीकरणको सार्थकतालाई प्रतिविम्बित गर्दछ।

सबैका लागि शिक्षाः प्राथमिक शिक्षाअन्तर्गतका केही कार्यक्रमहरु जस्तै जिल्ला शिक्षा कार्यालय निर्माण, कक्षा कोठा निर्माण, आदि कार्यक्रमलाई आय गरिबीलाई हटाउन मदत नपुऱ्याए तापनि शिक्षाको अभावमा व्याप्त भएको मानवीय गरिबी न्यून गर्न सफल भएको मान्न सकिन्छ।

शिक्षाका लागि खाद्य कार्यक्रमबाट लाखौं विद्यार्थी दिवा खाजाबाट लाभान्वित भएका छन्। यसबाट यो कार्यक्रम गरिबमुखी रहेको र यसमा जाने बजेटलाई गरिबमुखी बजेट भन्न सकिन्छ।

अनौपचारिक शिक्षा राष्ट्रिय साक्षरता अभियानअन्तर्गत निःशुल्क पाठ्यपुस्तक वितरण, निःशुल्क शिक्षा तथा तालिम प्रदान गर्दा गरिब तथा न्यून आय भएका मानिसहरुलाई शिक्षा, शिप र क्षमता अभिवृद्धि गर्ने कार्यमा ठोस योगदान पुगेको मान्न सकिन्छ । शिक्षामार्फत मानवीय गरिबी, आयमूलक कार्यक्रमद्वारा आम गरिबी तथा पिछडिएका समूहलाई प्रोत्साहन गरी साक्षरता प्रदान गर्दा सामाजिक वञ्चितीकरणको गरिबी हटाउन सहयोग गरेको मान्न सकिन्छ । गरिबलाई गरिबीको धरातलवाट माथि उठ्ने मौका भने यसले प्रदान गर्दछ ।

सामुदायिक विद्यालय क्षेमता अभिवृद्धि कार्यक्रमअन्तर्गत विद्यालयहरुलाई अनुदान, क्षमता विकास कार्यहरु, छात्रवृत्ति वितरण, कक्षाकोठा निर्माण, फर्निचर व्यवस्था, जि.शि. कार्यालय भवन निर्माण आदिजस्ता कार्यक्रमहरु पर्छन् (रा.यो.आ., ०६५) । यी यस्ता कार्यक्रमहरुले शिक्षा विकासलाई योगदान पुऱ्याएको हुन्छ, मानवीय गरिबी न्यून गर्दछ तर गरिबीको स्तर उकास्न प्रत्यक्ष लाभ हुन्छ भन्नचाहिँ सकिँदैन ।

विशेष शिक्षापरिषद्अन्तर्गत हुने खर्चले मानवीय गरिबी, सामाजिक बञ्चितीकरणको गरिबी तथा केही हदसम्म आमगरिबी समेतमलाई न्यून गर्न सहयोग गरेको हुन्छ ।

जिल्ला शिक्षा कार्यालयहरुमार्फत खर्च हुने जिल्लास्तरीय कार्यक्रमहरु तुलनात्मक रुपमा गरिबमुखी रहेको अध्ययनबाट देखियो तर यसरी हुने खर्चको अभिलेख पूर्ण वैज्ञानिक हुन नसकेको र नतिजासँग आबद्ध नभएको पाइयो ।

गरिबी न्यूनीकरण भनी विनियोजन गरेको बजेटको ८२ देखि ९० प्रतिशतसम्म मात्रै उपयोग गर्न सकेको देखिन्छ । अतः नेपाल सरकारको बजेट खर्च गर्न सक्ने क्षमता बढाउने ठाउँ पर्याप्त छ ।

स्रोत र राजस्व विश्लेषणको नतिजा

शिक्षा क्षेत्रको कुल बजेटमा आन्तरिक र बाह्य स्रोतको हिस्सा विभिन्न वर्षहहरुमा फरक-फरक देखिन्छ । आर्थिक वर्ष २०६५/६६ मा कुल बजेटको २८.१७ प्रतिशत वैदेशिक सहायताबाट बेहोरिएको देखिन्छ भने आर्थिक वर्ष १९.१९ प्रतिशत हिस्सा मात्र वैदेशिक सहायताबाट बे होरिएको छ । यसबाट शिक्षा क्षेत्रको बजेटको आकारमा वैदेशिक सहायताको प्रभाव रहने देखिन्छ ।

शिक्षा क्षेत्रमा वैदेशिक सहायतामध्ये अनुदानको हिस्सा निरन्तर बढेको र ऋणको हिस्सा घटेको देखिन्छ । आर्थिक वर्ष २०६५/६६ मा अनुदानको मात्रा ७३.९४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा यो हिस्सा सतप्रतिशत पुगेको देखिन्छ ।

आर्थिक वर्ष २०६६/६७ मा झण्डै ४० प्रतिशत वैदेशिक सहयोगको हिस्सा रहनुले आधारभूत शिक्षाका लागि समेत सरकार दातृ निकायको भर पर्नुपर्ने अवस्था दर्शाउँछ ।

आर्थिक वर्ष २०६५/६६ र २०६६/६७ मा शिक्षा कुल शिक्षा बजेटको ३.३४ प्रतिशत वैदेशिक ऋणको हिस्सा रहेकामा आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा ऋणको कुनै पनि हिस्सा नभएको देखिन्छ ।

वैदेशिक सहायताबाट विद्यालय शिक्षाको क्षेत्रमा आ. व. २०६५/०६६ देखि २०६९/७० सम्म सञ्चालित कार्यक्रम र प्रभावित क्षेत्रका हिसाबले सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, शिक्षक शिक्षण परियोजना, रोजगारीका लागि सीप परियोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय पौष्टिक आहार कार्यक्रम, व्यावसायिक तालिम तथा क्षमता विकास परियोजना, सीप विकास परियोजनाजस्ता कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयनमा रहेको पाइन्छ ।

शिक्षा क्षेत्रले सरकारी राजस्वमा उल्लेखनीय योगदान गरेको पाइएन । विभिन्न किसिमका शुल्कहरुलाई राष्ट्रिय लेखामा आवद्ध नगरिएकाले शिक्षा क्षेत्रको योगदानको एकिन तथ्याङ्क प्राप्त हुन सकेन । तर, शिक्षा क्षेत्रले आफ्नै स्रोतबाट शिक्षाको खर्चको महत्वपूर्ण हिस्सा बेहोरिरहेको जानकारी प्राप्त भयो ।

विभिन्न शैक्षिक संस्थाले उठाउने शुल्कहरु नेपाल सरकारको केन्द्रीय लेखा प्रणालीमा देखिने व्यवस्था छैन । कसले कति रकम उठायो र केमा खर्च गऱ्यो भन्ने बारेमास्पष्ट सूचना छैन । यस शीर्षकअन्तर्गत उठ्ने रकम गैरकर शीर्षकमा राखिनुपर्ने भए तापनि यसबाट उठेको रकम केन्द्रीय प्रणालीमा देखिँदैन ।

शिक्षा क्षेत्रअन्तर्गत राजस्वको योगदान शिक्षा सेवा शुल्क र गैरकर राजस्वअन्तर्गत विभिन्न शीर्षकहरुबाट हुने गरेको देखिन्छ । शिक्षा क्षेत्रमा राजस्वमा योगदान गर्ने गैरकर राजस्व पनि हो यसअन्तर्गत विभिन्न किसिमका सेवा शुल्क, दस्तुर जरिवाना पर्छन् । गैरकर राजस्वमा शिक्षा क्षेत्रको सेवा शुल्क वा दस्तुरको हिस्सा के कति छ भन्ने एकिन तथ्याङ्क भने अध्ययनका क्रममा भेटिएन ।

कुल राजस्वमा शिक्षा सेवा शुल्कको हिस्सा ०.०१ प्रतिशतदेखि ०.११ प्रतिशतसम्म पुगेको देखिएको छ। यसबाट शिक्षा क्षेत्रले राजस्वमा थोरै भए पनि योगदान गरेको देखिन्छ।

शिक्षा नियमावलीले संस्थागत विद्यालयको हकमा विद्यालयको स्तरअनुसार शुल्क लिन पाउने व्यवस्था गरेको भए तापनि सामुदायिक विद्यालयमा यो प्रावधान कार्यान्वयन भएको पाइदैन।

सुझाव

शिक्षा क्षेत्रमा प्रस्ट नीतिगत व्यवस्था गरी शिक्षा नीति र बजेट तथा कार्यक्रमका बीच तादम्यता कायाम गर्नुपर्ने देखिन्छ।

बजेट विश्लेषणका नतिजा तथा तथ्यगत आधारमा के भन्न सकिन्छ भने गरिबमुखी र लैंगिक पक्ष मापन गर्ने विद्यमान अभ्यास र सूचकहरुमा परिमार्जन आवश्यक छ। बजेट उपशीर्षकलाई सिंगै रूपमा वर्गीकरण गर्नेभन्दा पनि त्यसभित्रका क्रियाकलापहरुलाई छुट्टाछुट्टै रुपमा वर्गीकरण गरी त्यसको आधारमा एउटा बजेट शीर्षक के कति मात्रामा प्रत्यक्ष प्रभाव पार्ने, अप्रत्यक्ष प्रभाव पार्ने र तटस्थ भनेर छुट्याउँदा त्यो ज्यादा वास्तविक र वस्तुनिष्ठा बन्न सक्छ। यसले हालका क्रियाकलापहरुको पुनरावलोकन गर्न पनि सहयोग गर्छ।

सूचकहरुलाई वैज्ञानिक र व्यवहारमा सबैले एउटै अर्थमा प्रयोग गर्न सकिने खालको बनाइनु आवश्यक छ।

बजेट तथा कार्यक्रम निर्माण गर्दा पर्याप्तता, समन्यायिकता, कार्यसक्षमता जस्ता पक्षहरुमा ध्यान दिनुपर्छ। गरिबी, लैंगिक पक्ष, दुर्गम र सामाजिक सांस्कृतिक पक्ष जस्ता विषयहरु यिनै माथिका तीनवटा सिद्धान्तभित्र रही तय गर्नपर्छ। कार्यक्रम र बजेटको गरिबमुखी र लैंगिक पक्ष विकास कार्यक्रमहरुमा लागू गर्नुपर्ने हुन्छ। साधारण प्रकृतिका खर्चहरुमा यो विश्लेषण गर्नभन्दा पनि विद्यमान संगठन, संरचना, जनशक्ति जस्ता पक्षहरु नै विश्लेषण गर्नु आवश्यक हुन्छ। संरचना नै गरिबमुखी र लैंगिक उत्तरदायी बनाएपछि कार्यक्रमहरु स्वतः समावेशी बन्न सहयोग पुग्छ।

सरकारले तर्जुमा गरेको बजेट कति मात्रामा गरिबमुखी र लैंगिकमुखी छ भन्ने पक्षमा सरकारले विश्लेषण गरेर सोसम्बन्धी सूचना सार्वजनिक जानकारीमा ल्याउने व्यवस्था गरिनुपर्छ। यसरी प्रकाशित सूचनामा विभिन्न तहमा अन्तर्क्रिया र छलफलसमेत आवश्यक पर्छ। बजेट तथा कार्यक्रम के कति गरिब तथा लैंगिकमुखी बनाउने भन्ने विषय विद्यमान नीति, कार्यरत जनशक्तिको क्षमता र संरचना आदिमा समेत निर्भर रहने हुनाले यसतर्फ पर्याप्त ध्यान दिनुपर्छ। साथै, व्यक्तिगत, संगठनगत र प्रणालीगत क्षमता वृद्धि आवस्यक हुन्छ।

वस्तुगत तथ्यांक र सूचना नै वस्तुगत योजना तथा कार्यक्रम र बजेट निर्माणको अधार हुन्छ। बजेट तथा कार्यक्रमलाई गरिबमुखी र लैंगिक उत्तरदायी बनाउन यससँग सम्वन्धित खण्डीकृत सूचनाहरु तयारी अवस्थामा राख्नुपर्छ। सो को विश्लेषण पनि आवश्यक हुन्छ। जसले आगामी बाटो तय गर्नसमेत दबाब सिर्जना हुन पुग्छ। यी माथिका पक्षका साथमा सरकारको प्रतिवद्धता अति आवश्यक हुन्छ।

बजेट प्रक्रियामा संलग्न सवै निकायको बुझाइमा एकरूपता हुने गरी वर्तमान प्रणाली सुधार गर्नुपर्छ। जसले बजेटलाई गरिबोन्मुख र लैंगिक आधारमा वर्गिकरण गर्नुको औचित्य स्थापित गर्दछ।

एउटै कार्यक्रमको निरन्तरता भईरहँदा लैंगिक र गरिबोन्मुख बजेटको हिस्सामा धेरै हेरफेर देखिनुले त्यस्तो फरकको कारण माग गर्दछ। आगामी वर्षहरुमा वर्तमान पद्धतिलाई व्यापक सुधार गर्नुपर्ने हुन्छ। सरकारले नै लगानी, प्रतिफललाई आधार मानेर शिक्षा बजेटको विश्लेषण गर्नु आवश्यक देखिन्छ जसले नीतिगत सुधारमा सघाउन सक्छ।

सामुदायिक विद्यालयहरुले विभिन्न उठाउने गरेका शुल्क वा सहयोगको अभिलेखको अभावमा शिक्षामा यो क्षेत्रबाट कति योगदान भइरहेको छ भन्ने एकिन गर्न सकिने अवस्था नरहेकोले यसमा सुधार आवश्यक छ।

विद्यालय शिक्षमा वैदेशिक सहयोगबाट सञ्चालित कार्यक्रहरुको दिगोपनका बारेमा पर्याप्त गर्नुपर्ने आवस्यकता देखिन्छ।

प्राथमिक शिक्षालाई वैदेशिक सहयोगले प्रभावित गर्ने अवस्था रहँदा शिक्षामा गरिबमुखी कार्यक्रमको निरन्तरता र प्रभावकारितामा समेत असर पर्नसक्ने भएकोले त्यस्ता कार्यक्रमहरु आन्तरिक स्रोतबाटै सञ्चालन गर्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

शिक्षा सेवा शुल्कको प्रभावकारी कार्यान्वयन गर्नसके शिक्षा क्षेत्रले शिक्षा बजेटको उल्लेख्य हिस्सा बेहोर्न सक्ने देखिन्छ। यो शुल्कलाई गरिबका लागि शिक्षामा खर्च गर्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

सन्दर्भ सामग्रीहरु

अर्थ मन्त्रालय (२०६८ मंसिर), बजेट तर्जुमा दिग्दर्शन २०६८ (पाँचौ संस्करण), सिंहदरवार, काठमाडौँ ।

अर्थमन्त्रालय (२०६८), आर्थिक सर्वेक्षण (२०६८/६९), सिंहदरवार, काठमाडौँ ।

रा.यो.आ. (२०६५). आर्थिक वर्ष २०६५/६६ को वार्षिक विकास कार्यक्रम, सिंहदरवार, काठमाडौँ ।

रा.यो.आ. (२०७०). वार्षिक विकास कार्यक्रम (आ.व. २०७०/७१), सिंहदरवार, काठमाडौँ ।

अर्थमन्त्रालय (२०६९), आर्थिक सर्वेक्षण (२०६९/७०), सिंहदरवार, काठमाडौँ ।

अर्थमन्त्रालय (२०६५/६६-२०७०/७१), व्यय अनुमानको विवरण, सिंहदरवार, काठमाडौँ ।

रा.यो.आ. (२०६५-६८). आर्थिक वर्ष २०६५/६६-२०६८/६९ को वार्षिक विकास कार्यक्रम, सिंहदरवार, काठमाडौँ ।

शिक्षा विभाग (२०६८, विद्यालय क्षेत्र सुधार कार्यक्रमको वार्षिक रणनीति कार्यन्वयन योजना तथा वार्षिक कार्यक्रम र बजेट २०६८, २०६९ ।

शिक्षा विभाग (२०१३), flash report, Bhaktapur, Nepal.

UNDP (2013) सहस्राब्दी विकास लक्ष्य प्रतिवेदन ।

Ministry of Education (2009), *School Sector Reform Plan 2009-2015*, Singhadurbar, Kathmandu.

अर्थमन्त्रालय- क (२०६९), लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन-२०६९, सिंहदरवार, काठमाडौँ ।

अर्थमन्त्रालय (२०६९), आर्थिक सर्वेक्षण (२०६८/६९), सिंहदरवार, काठमाडौँ ।

अर्थमन्त्रालय (२०७०), व्यय अनुमानको विवरण, सिंहदरवार, काठमाडौँ ।

Madhi, A.Y.E (2008). *Budget analysis for pro-poor spending.* UNDP Sudan. Retrive from http://www.sd.undp.org/publictions/Budget%20Analysis.pdf.

National Planning Comission (2012). *Nepal public expendiure tracking study on primary education.* Singh Darbar, kathmandu: National Planning Comission.

Patel, V (2003). *Gender budget- A case study of India. Department of Economics,* Unviersity of Mumbai, CAS Working Paper series 7(7)/2003.

Rasimbi, M. (2003). *A pro-poor and gender analysis of Tanzania budget*. A working paper presented at one day consulting meetingt organized by East African Gender Budget Network. Retrieve from : http://boks.google.com.np/books/about/a_pro_poor_and_gender_analysis_ofTanzan.html?id=E7mzAAAAIAAJ&redir_esc=y

MOF (2011). *Estimates of expenditure for fiscal year 2010/11.* Singh Darbar, Kathmandu: Government of Nepal, MInistryof Finance (MOF.).

विश्वविद्यालय अनुदान आयोगबाट प्रकाशित विभिन्न प्रतिवेदनहरु ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट प्रकाशित प्रतिवेदनहरु ।

उच्च माध्यामिक शिक्षा परिषद्का वार्षिक प्रतिवेदनहरु ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९) जनगणनाको प्रतिवेदन ।

बजेट वक्तव्यको अनुसुची, अर्थ मन्त्रालय (२०६५-२०६९) ।

अनुसूची १

यो अध्ययन तथा विश्लेषणका क्रममा प्रयोग गरिएका नेपाल सरकारको केन्द्रीय बजेटअन्तर्गत शिक्षा बजेटको आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको बजेट तथा खर्चसम्बन्धी आँकडा तथा राष्ट्रिय योजना आयोगले बजेट उपशीर्षकहरुमा प्रदान गरेको लैंगिक तथा गरीबि न्यूनीकरणको संकेतअनुसारको बजेट आँकडा ।

आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको शिक्षा मन्त्रालयको बजेट र खर्च स्थिति (रू. हजारमा)

कार्यक्रमहरु	२०६५/६६		२०६६/६७		२०६७/६८		२०६८/६९		२०६९/७०	
	विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	प्रक्षेपीत खर्च
प्राथमिक शिक्षा	२३४९७४४३	२१५५१९९१	१७१९६५५४	१८७४५८३२	१९२७९३३४	१८५८७८८५	२२०४२८१२	२१७८९५०५	२३०७१०७८	२१६६२७२९
द्वन्द्वपीडित परिवार सन्तति शिक्षा	५००००	५००००	५००००	६००००	४९५००	४९५००	५१०००	७१०००	७८२००	७८२००
सबैका लागि शिक्षा : शिशु विकास कार्यक्रम	१०४००	४४९३	४४६५६	२६९०६	१५७७८५	११५९६७	१४८७१२	१०९७५७	११०७५४	१००३५३
सबैका लागि शिक्षा : प्राथमिक शिक्षा	१२३७६३४६	१२०६०२२६	१३८५३८२९	१६२४४११४	१७३६०५८९	१७२७३१७३	२००६६६३०	२०६८६१९७	२१४९०७९८	२०१९२०५१
सबैका लागि शिक्षा कार्यक्रम	८२९४०४७	७५५२९६७	१०५६३७६	१०१३८०१		०				
शिक्षाका लागि खाद्य कार्यक्रम	६१९८९७	३९६९२६	६३४०७०	३८४४३४	७७८५४९	४१९३३०	८२६६०९	१७०३७३	५००५४०	४५४४०७
एकिकृत विद्यालय शिक्षा संरचना कार्यक्रम	७९७५९	२७०६५	७६८२५	४८२९१		०				
अनौपचारिक शिक्षा केन्द्र	५६५१	६०२३	६५९३	६७८८	८४८०	७९१९	७७११	९१०९	८८०९	८९१४
अनौपचारिक शिक्षा : राष्ट्रिय साक्षरता अभियान	१०४००००	९८२७२४	१०४००००	७९६३१६	६८०८६०	६३०५९४	७०००००	६३४३००	६३२१००	५७७७३९
भौतिक सुविधा सुधार कार्यक्रम	८५५०	४७७९४		०		०				
विद्यालय क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम	६२५३९२	१०५०८५	३८३७६०	१११३९३	१७४६००	२७३४६	१७४६००	३८६११	१८०४७५	१६३३३०
विद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रम	१२५००	८२०१		०		०				
विशेष शिक्षा परिषद्	४००१६	४५५७०	४७०००	५३२५१	६५४५०	६४०५६	६७०००	७०१५८	६९४०२	८७७३५
शिक्षक शिक्षा परियोजना	३३१४४०	२६१८८७		०		०				
जनसंख्या शिक्षा	३४४५	३०३०	३४४५	५३८	३५२१	०	५५०			
माध्यमिक शिक्षा	९१०२२७१	८४३३३९२	८७६७५१८	९४६२८४६	१००९०५२८	९८३३६२७	१०९०३३५२	११६२६८२६	११८४९८९२	११५०६१६१
उच्च माध्यमिक शिक्षा परियोजना	१६७२१३	२७०८११	३५११४४	४२९०५१	८४१७४३	८१५४३५	८५००००	९७८३९७	९८११५९	९२२३०५
माध्यमिक शिक्षा सहयोग कार्यक्रम	२१४३७५४	१८९९६१५	६२००००	५९२८०८		०				
परीक्षा नियन्त्रण कार्यालय	१३५८१९	१८६४४०	२०९४३०	२३८२१७	२६८१८१	२६७७९५	२८८९१४	३०१५६७	३५५७२०	३२७३१८
विभिन्न माध्यमिक तथा निम्न माध्यमिक विद्यालय	६६५५४८५	६०७६५२६	७५८६९४४	८२०२७७०	८९८०६०४	८७५०३९७	९७६४४३८	१०३४६८६२	१०५१३०१३	१०२५६५३८
शैक्षिक विकास	१०२४५८	९८०३४	१२९८८२०४	१०५१९८८१	१७८६८०८७	१५९३१७५२	१८८९०१३२	१६४७९६३७	१५३६१९६५	१३९५११८४
पाठ्यक्रम विकास केन्द्र	१५३३६	१६०७१	१६९०७	१८२१५	१९५०६	१७६१३	१९५४१	२१३९९	२२२४०	२५१७२
पुस्तकालयहरु (केशर, डिल्लीरमण, राष्ट्रिय)	१०९८९	१०७६४	१३०५०	११५०९	१४६५१	११९२६	१५०५४	१४०७३	१४०७१	१३४९५
राष्ट्रिय शैक्षिक विकास केन्द्र	०	०		०	७००	०				
युनेस्को राष्ट्रिय आयोग	७९५१	७९७४	९२८५	९२८५	१९२०३	९२०३	१००००	१००००	८०४२	८०४२
राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्र	६८१८२	६३२२५	७६५०५	६४३७३	८४५५२	६४९९२	८६४०७	७६७३४	७६९५४	७४४५१
विद्यालय क्षेत्र सुधार कार्यक्रम (केन्द्रीय स्तर)		०	३७९६३६	१०२५२४३९	५७०९४०	३४९४५२	३८१४८४	२३६३६४	२६८६८८	२३९६२६
विद्यालय क्षेत्र सुधार कार्यक्रम (जिल्ला स्तर)		०	१२४९२८२१	१६४०६०	१७१५८५३५	१५४७८५६६	१८३७७६४६	१६१२१०६७	१४९७१९७०	१३५९०३९८
प्राविधिक शिक्षा	४७२३२४	३५२३९९	७६९२८६	७११७४२	१३६१९२५	१२५७५५५	२३१५०८५	१७७७२७९	१३०६५५६	१२७६१९१
प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)	२१९११३	२४०८०८	४५४०२६	४७४४३२	७२०६२३	७२४२९८	९२५२१९	९७६९१६	९२६९१६	९३०८३१
रोजगारीका लागि सीप कार्यक्रम	२४८२११	९९५९१	३०८२६०	२२७११०	६३१९८२	५२१९३७	७७८८७५	६७१८८१		
मनमोहन पोली टेक्नीक इन्स्टीच्युट	५०००	१२०००	७०००	१०२००	९३२०	११३२०	१४१९०	१४१९०	१४१९०	१४१९०
व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि कार्यक्रम		०					५९६८०१	११४२९२	३६५४५०	३३११७०
उच्च शिक्षा	४२८२६४६	३८१८३८३	४९६५९४०	४८४२०४९	५८०७०१८	४९८२५९५	५७६७३६६	६२१५०८१	६४४८२८२	६४३२०५४
दोस्रो उच्च शिक्षा परियोजना	१२०४७९४	६४६२७४	१२८५७००	८४१८०९	११४५१२८	३२०७०५	८६३१६६	८४६६४६	११२१०८२	११०४८५४
विश्व विद्यालय अनुदान आयोग	३०७७८५२	३१७२१०९	३६८०२४०	४०००२४०	४६६१८९०	४६६१८९०	४९०४२००	५३६८४३५	५३२७२००	५३२७२००
अनुगमन तथा प्रशासन	१६२९२६५	१२२३९७३	१९२९१७०	१९२९१३७	३४२०६५०	४३९३५४८	४०००१४२	४१६४६८८	५३९३६२४	५३०६७८६
अनुगमन तथा मुल्यांकन कार्यक्रम					१०२५०	९१२५	१०५५०	९५९८	९५९७	८७७२
शिक्षा विभाग	२४३३१	२५८७१	२६६९९	२८०३१	२९५८०	७९१९३	२९८५९	४७७५५	३४६४३	३३९५०
जिल्ला शिक्षा कार्यालय	३२०२५१	३०२७७०	३७१००६	३५१११४	४२३२२७	३५८७२३	४१७०१६	४५५९८१	४५४८१०	४१७२६७
शिक्षा मन्त्रालय	१२५३३३	१६५४८१	१७७४६०	१९३८३८	२७३९३९	२०५२१३	२३७४८७	१८७४६९	२०००५४	१८४५७८
क्षेत्रीय शिक्षा निर्देशनालय	२८०२४	२४६१०	३१७५१	२७०३५	४३५८५	३५६८४	४३१२२	४२१०९	३७४४७	३६५४५
विद्यालय शिक्षक किताबखाना	२५१८१२	४२९४३४	३४६९२८	४५७२९५	७३३९१५	१०५३२१७	७८६९५६	१०३११७८	११८१६७६	११६४३९४
शिक्षक निबृत्तिभरण सुविधा	७९००००	२४००००	९०००००	८०००००	१८२४०००	२५७४०००	२३०००००	२२९९९९४	३२९९९९३	३२९९९८६
शिक्षक सेवा आयोग	८९५१४	३५८०७	७५३२६	७१८२४	८२१५४	७८३९३	१७५१५२	९०६०४	१७५४०४	१६१२९४
जम्मा	३९०८६४०७	३५४७८१७२	४६६१६६७२	४६२११४८७	५७८२७५४२	५४९८६९६२	६३९१८८८९	६२०५३०१६	६३४३१३९७	६०१३५१०५

स्रोत : बार्षिक विकास कार्यक्रम, राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोगले विभिन्न आर्थिक बर्षमा बजेट उपशिर्षकहरूलाई प्रदान गरेको गरिबी तथा लैङ्गीक संकेत[1]

कार्यक्रमहरू	२०६५/६६		२०६६/६७		२०६७/६८		२०६८/६९	
	ग	लै	ग	लै	ग	लै	ग	लै
प्राथमिक शिक्षा								
द्वन्द्वपीडित परिवार सन्तति शिक्षा	१	१	१	१	१	२	१	२
सबैका लागि शिक्षा : शिशु विकास कार्यक्रम	२	२	२	२	३	२	३	२
सबैका लागि शिक्षा : प्राथमिक शिक्षा			२	३	२	३	२	३
सबैका लागि शिक्षा कार्यक्रम	१	१						
शिक्षाका लागि खाद्य कार्यक्रम	१	१	१	१	१	१	१	१
एकिकृत विद्यालय शिक्षा संरचना कार्यक्रम	१	१	३	२				
अनौपचारिक शिक्षा केन्द्र	१	१	१	१	१	१	१	१
अनौपचारिक शिक्षा : राष्ट्रिय साक्षरता अभियान	१	२	१	१	१	२	१	२
भौतिक सुविधा सुधार कार्यक्रम	१	२						
सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम	१	१	१	१	१	१	१	१
विद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रम	१	१						
विशेष शिक्षा परिषद्	१	१	१	१	१	१	१	१
शिक्षक शिक्षण परियोजना	२	२						
जनसंख्या शिक्षा			२	२	२	२	२	२
माध्यमिक शिक्षा								
उच्च माध्यमिक शिक्षा परियोजना	२	३	२	२	२	२	२	२
माध्यमिक शिक्षा सहयोग कार्यक्रम	२	२	१	१				
परीक्षा नियन्त्रण कार्यालय	२	३	२	३	२	३	२	३
विभिन्न माध्यमिक तथा निम्न माध्यमिक विद्यालय	२	३	२	३	२	३	२	३
शैक्षिक विकास								
पाठ्यक्रम विकास केन्द्र	१	३	२	३	२	३	२	३
पुस्तकालयहरु (केशर, डिल्लीरमण, राष्ट्रिय)	२	३	२	३	२	३	२	३
राष्ट्रिय शैक्षिक विकास केन्द्र								
युनेस्को राष्ट्रिय आयोग	२	२	२	२	३	३	३	३
राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्र	१	१	२	२	२	२	२	२
विद्यालय क्षेत्र सुधार कार्यक्रम (केन्द्रीय स्तर)			१	१	१	१	१	१
विद्यालय क्षेत्र सुधार कार्यक्रम (जिल्ला स्तर)			१	१	१	१	१	१
प्राविधिक शिक्षा								
प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)	२	२	२	२	२	२	२	२
रोजगारीका लागि सीप कार्यक्रम	१	१	१	१	१	२	१	२
मनमोहन पोली टेक्नीक इन्स्टीच्युट	२	२	२	२	२	२	२	२
व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि कार्यक्रम							१	२
उच्च शिक्षा								
दोस्रो उच्च शिक्षा परियोजना	१	१	१	१	२	२	२	२
विश्व विद्यालय अनुदान आयोग	२	३	२	३	२	३	२	३
अनुगमन तथा प्रशासन								
अनुगमन तथा मुल्यांकन कार्यक्रम					३	३	३	३
शिक्षा विभाग	२	३	२	३	२	३	२	३
जिल्ला शिक्षा कार्यालय	२	३	२	३	२	३	२	३
शिक्षा मन्त्रालय	२	३	२	३	२	३	२	३
क्षेत्रीय शिक्षा निर्देशनालय	२	३	२	३	२	३	२	३
विद्यालय शिक्षक किताबखाना	२	३	२	३	२	३	२	३
शिक्षक निबृत्तिभरण सुविधा	२	३	२	३	२	३	२	३
शिक्षक सेवा आयोग	१	२	२	३	२	३	२	३

स्रोत : बार्षिक विकास कार्यक्रम, राष्ट्रिय योजना आयोग

ग = गरिबउन्मूख संकेत, लै = लैंगिक संकेत

१ आर्थिक बर्ष २०६९/७० मा राष्ट्रिय योजना आयोगले बार्षिक विकास कार्यक्रम प्रकाशन नगरेकोले आर्थिक बर्ष अध्ययनमा २०६८/६९ कै संकेतलाई आधार मानिएको छ । गरिबी संकेत ३ भेटिएकोमा त्यसलाई तटस्थ बजेटका रुपमा गणना गरिएको छ ।

गरिबमुखी बजेट

आर्थिक बर्ष २०६५/६६ देखि २०६९/७० सम्मको शिक्षा बजेटमा गरिबमुखी बजेट (राष्ट्रिय योजना आयोगले गरिबी संकेत नं. १ दिएको)

Headings	2065/66	2066/67	2067/68	2068/69	2069/70
Primary Education	23152158	3217799	1757439	1826920	1469526
Conflict - Victims Family Education Program-conducted by Martyr's	50000	50000	49500	51000	78200
Education for All - Child Development Program					
Education for All - Primary Education	12376346				
Education for All Program	8294047	1056376			
Food for Education Program - Primary School Nutritius Food	619897	634070	778549	826609	500540
Integrated School Education Structural Program	79759				
Non formal Education Center	5651	6593	8480	7711	8809
Non-formal Education & National Literacy Campaign	1040000	1040000	680860	700000	632100
Physical Facility Improvement Project	8550				
School Sector Capacity Development Program	625392	383760	174600	174600	180475
School Transfer and Incentive Program	12500				
Special Education Council	40016	47000	65450	67000	69402
Secondary Education	1915737	620000			
Higher Secondary Education					
Secondary Education Support Program	1915737	620000			
Higher Education	1204794	1285700			
Second Higher Education Project	1204794	1285700			
Technical Education	248211	308260	631982	1375676	365450
Council for Technical Ed. & Vocational Training -including Special					
Skills for Employment Program	248211	308260	631982	778875	
Vocational Education & Training Enhancement Project				596801	365450
Educational Development	83518	12872457	17729475	18759080	15240658
Curriculum Development Centre	15336				
Libraries-3 -Dilli Raman, Keshar, National					
National Center for Educational Development	0				
National Educational Manpower Development Center	68182				
School Sector Reform Program (Center)		379636	570940	391984	268688
School Sector Reform Program (District)		12492821	17158535	18367096	14971970
Skills Development Project					
Monitoring and Administration	89514			10550	9597
Monitoring and Evaluation Program					9597
Teacher Service Commission	89514				
Grand Total	26693932	18304216	20118896	21972226	17085231

स्रोत: वार्षिक विकास कार्यक्रम, राष्ट्रि योजना आयोग

गरीमूखी बजेट

आर्थिक बर्ष २०६५/६६ देखि २०६९/७० सम्मको शिक्षा बजेटमा तटस्थ बजेट (राष्ट्रिय योजना आयोगले गरीबि संकेत नं. २ दिएको)[१]

Heading	2065/66	2066/67	2067/68	2068/69	2069/70
Primary Education	345285	13978755	17521895	20215892	21601552
Education for All - Child Development Program	10400	44656	157785	148712	110754
Education for All - Primary Education		13853829	17360589	20066630	21490798
Population Education	3445	3445	3521	550	
Teachers Education Project	331440				
Integrated School Education Structural Programme		76825			
Secondary Education	7186534	8147518	10090528	10903352	11849892
Higher Secondary Education	167213	351144	841743	850000	981159
Office of the Examination Controller	135819	209430	268181	288914	355720
Secondary Education Support Program	228017				
Various Secondary & Lower Secondary Schools	6655485	7586944	8980604	9764438	10513013
Higher Education	3077852	3680240	5807018	5767366	6448282
Second Higher Education Project			1145128	863166	1121082
University Grant Commission	3077852	3680240	4661890	4904200	5327200
Technical Education	224113	461026	729943	939409	941106
Council for Technical Ed. & Vocational Training -including Special	219113	454026	720623	925219	926916
Manmohan Poly Technique Institute	5000	7000	9320	14190	14190
Educational Development	18940	115747	138612	131002	121307
Curriculum Development Centre		16907	19506	19541	22240
Libraries-3 -Dilli Raman, Keshar, National	10989	13050	14651	15054	14071
National Center for Educational Development			700		
National Commission For UNESCO	7951	9285	19203	10000	8042
National Educational Manpower Development Center		76505	84552	86407	76954
Monitoring and Administration	1539751	1929170	3420650	3989592	5384027
Department of Education	24331	26699	29580	29859	34643
District Education Offices	320251	371006	423227	417016	454810
Ministry of Education	125333	177460	273939	237487	200054
Regional Education Directorates	28024	31751	43585	43122	37447
School Teacher's Documentation	251812	346928	733915	786956	1181676
Teacher Pension Facilities	790000	900000	1824000	2300000	3299993
Teacher Service Commission		75326	82154	175152	175404
Monitoring and Evaluation Programme			10250		
Grand Total	12392475	28312456	37708646	41946613	46346166

स्रोतः वार्षिक विकास कार्यक्रम, राष्ट्रि योजना आयोग

१ राष्ट्रिय योजना आयोगले प्रकाशन गर्ने बार्षिक विकास कार्यक्रममा कतै-कतै गरिबउन्मुख संकेत ३ दिइएको भेटिएकोमा यो अध्ययन प्रयोजनका लागि त्यसलाई पनि तटस्थ बजेटमा नै गणना गरिएको छ।

लैङ्गिक उत्तरदायी बजेट

आर्थिक बर्ष २०६५/६६ देखि २०६९/७० सम्मको शिक्षा बजेटमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट (राष्ट्रिय योजना आयोगले लैङ्गिक संकेत नं. १ दिएको)

Headings	2065/66	2066/67	2067/68	2068/69	2069/70
Primary Education	22103608	3217799	1027079	1075920	759226
Conflict - Victims Family Education Program-conducted by Martyr's	50000	50000			
Education for All - Primary Education	12376346				
Education for All Program	8294047	1056376			
Food for Education Program - Primary School Nutritius Food	619897	634070	778549	826609	500540
Integrated School Education Structural Program	79759				
Non formal Education Center	5651	6593	8480	7711	8809
Non-formal Education & National Literacy Campaign		1040000			
School Sector Capacity Development Program	625392	383760	174600	174600	180475
School Transfer and Incentive Program	12500				
Special Education Council	40016	47000	65450	67000	69402
Secondary Education	1915737	620000			
Secondary Education Support Program	1915737	620000			
Higher Education	1204794	1285700			
Second Higher Education Project	1204794	1285700			
Technical Education	248211	308260			
Skills for Employment Program	248211	308260			
Educational Development	68182	12872457	17729475	18769630	15240658
National Center for Educational Development	0				
National Educational Manpower Development Center	68182				
School Sector Reform Program -SSR		379636	570940	391984	268688
School Sector Reform Program -SSR B		12492821	17158535	18377646	14971970
Skills Development Project					
Grand Total	25540532	18304216	18756554	19845550	15999884

स्रोत: वार्षिक विकास कार्यक्रम, राष्ट्रिय योजना आयोग

लैङ्गिक उत्तरदायी बजेट

आर्थिक बर्ष २०६५/६६ देखि २०६९/७० सम्मको शिक्षा बजेटमा अप्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट (राष्ट्रिय योजना आयोगले लैङ्गिक संकेत नं. २ दिएको)

Headings	2008/2009	2009/2010	2010/2011	2011/2012	2012/2013
Primary Education	1393835	48101	891666	900262	821054
Conflict - Victims Family Education Program-conducted by Martyr's			49500	51000	78200
Education for All - Child Development Program	10400	44656	157785	148712	110754
Non-formal Education & National Literacy Campaign	1040000		680860	700000	632100
Physical Facility Improvement Project	8550				
Population Education	3445	3445	3521	550	
Teachers Education Project	331440				
Secondary Education	395230	351144	841743	850000	981159
Higher Secondary Education	167213	351144	841743	850000	981159
Secondary Education Support Program	228017				
Higher Education			1145128	863166	1121082
Second Higher Education Project			1145128	863166	1121082
Technical Education	224113	461026	1361925	2315085	1306556
Council for Technical Ed. & Vocational Training -including Special	219113	454026	720623	925219	926916
Manmohan Poly Technique Institute	5000	7000	9320	14190	14190
Skills for Employment Program			631982	778875	
Vocational Education & Training Enhancement Project				596801	365450
Educational Development	7951	76505	85252	86407	76954
National Center for Educational Development			700		
National Commission For UNESCO	7951				
National Educational Manpower Development Center		76505	84552	86407	76954
Monitoring and Administration					
Teacher Service Commission	89514				
	89514				
Grand Total	2110643	936776	4325714	5014920	4306805

स्रोतः वार्षिक विकास कार्यक्रम, राष्ट्रिय योजना आयोग

लैङ्गिक उत्तरदायी बजेट

आर्थिक बर्ष २०६५/६६ देखि २०६९/७० सम्मको शिक्षा बजेटमा तटस्थ बजेट (राष्ट्रिय योजना आयोगले लैङ्गिक संकेत नं. ३ दिएको)

Headings	2065/66	2066/67	2067/68	2068/69	2069/70
Primary Education		16292405	17570600	20686197	20192051
Conflict - Victims Family Education Program-conducted by Martyr's					
Education for All - Child Development Program					
Education for All - Primary Education		13853829	17360589	20066630	21490798
Food for Education Program - Primary School Nutritius Food					
Integrated School Education Structural Program		76825			
Non formal Education Center					
Non-formal Education & National Literacy Campaign					
School Sector Capacity Development Program					
Special Education Council					
Secondary Education	6791304	7796374	9248785	10053352	10868733
Higher Secondary Education					
Office of the Examination Controller	135819	209430	268181	288914	355720
Various Secondary & Lower Secondary Schools	6655485	7586944	8980604	9764438	10513013
Higher Education	3077852	3680240	4661890	4904200	5327200
Second Higher Education Project					
University Grant Commission	3077852	3680240	4661890	4904200	5327200
Technical Education					
Council for Technical Ed. & Vocational Training -including Special					
Manmohan Poly Technique Institute					
Vocational Education & Training Enhancement Project					
Educational Development	26325	39242	53360	44595	44353
Curriculum Development Centre	15336	16907	19506	19541	22240
Libraries-3 -Dilli Raman, Keshar, National	10989	13050	14651	15054	14071
National Commission For UNESCO		9285	19203	10000	8042
National Educational Manpower Development Center					
School Sector Reform Program -SSR					
School Sector Reform Program -SSR B					
Monitoring and Administration	1539751	1929170	3420650	3989592	5393624
Department of Education	24331	26699	29580	29859	34643
District Education Offices	320251	371006	423227	417016	454810
Ministry of Education	125333	177460	273939	237487	200054
Monitoring and Evaluation Program			10250		9597
Regional Education Directorates	28024	31751	43585	43122	37447
School Teacher's Documentation	251812	346928	733915	786956	1181676
Teacher Pension Facilities	790000	900000	1824000	2300000	3299993
Teacher Service Commission		75326	82154	175152	175404
Grand Total	11435232	27375680	34745274	39058369	43124708

स्रोत: वार्षिक विकास कार्यक्रम, राष्ट्रिय योजना आयोग

अनुसूची २

नेपाल सरकारले विद्यालय तहमा अध्ययनरत दलित तथा छात्रालाई प्रदान गर्ने छात्रवृत्ति रकममा उनिहरुको पुहुँचको अवस्थाका बारेमा कपिलबस्तु जिल्लाका पाँचवटा सामुदायीक विद्यालयलाई नमूनाका रूपमा लिई सार्वजनिक खर्च पछ्याउने विधिको प्रयोग गरी गरिएको मामिला अध्ययनको प्रतिवेदन

छात्रवृत्तिमा छात्रा र दलित विद्यार्थीको पहुँच

सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधिद्वारा गरिएको मामिला अध्ययन (Case Study) २०७०

FREEDOM FORUM

छात्रवृत्तिमा छात्रा र दलित विद्यार्थीको पहुँच

सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधिद्वारा गरिएको मामिला अध्ययन (Case Study) २०७०



फ्रिडम फोरम

थापाथली, काठमाडौं, नेपाल

यो मामिला अध्ययन प्रतिवेदन विश्व बैंकको नेपालमा जवाफदेहिता कार्यक्रम (PRAN) अन्तर्गत अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) द्वारा सञ्चालित कार्य सिकाइका लागि अनुदान सुविधाबाट प्राप्त सहयोगमा कार्यान्वयन भएको परियोजनाको उपज हो । यस दस्तावेजमा प्रस्तुत सूचना तथा व्यक्त गरिएका नतिजा, व्याख्या र निष्कर्षहरूले विश्व बैंक, PRAN अथवा CECI का धारणालाई प्रतिविम्बित गर्दैनन् ।

© सर्वाधिकार फ्रिडम फोरम

प्रकाशनः **फागुन, २०७०**

अध्यता/प्रतिवेदक
किशोर महर्जन
अनिरुद्र न्यौपाने

अध्ययन सहयोगी
दानबहादुर कार्की
दिपनारायण अर्याल

विषय सूची

क.	प्राक्कथन	**क**
१.	परिचय	**१**
२.	अध्ययन कार्य र विधि	**५**
३.	कार्ययोजना र जनशक्ति	**६**
४.	बजेट निर्माण र कार्यान्वयन	**७**
५.	छात्रवृत्ति वा शिक्षा बजेट अख्तियारी र निकासा प्रक्रिया :	**७**
६.	अध्ययनबाट प्राप्त जानकारीको प्रस्तुति र विश्लेषण	**८**
७.	संस्थागत टिप्पणी	**१७**
८.	प्रमुख चुनौती र सुझाव	**१८**
९.	निष्कर्ष	**१८**
१०.	सन्दर्भ सामग्री	**२०**
११.	अध्ययनका दौरान सम्पर्क गरिएको व्यक्तिहरूको नामावली	**२१**

प्राक्कथन

नेपालको सरकारी बजेटलाई पारदर्शी र पहुँचयोग्य बनाउने उद्देश्यले फ्रिडम फोरमले नेपालको शिक्षा क्षेत्रको बजेटमा केन्द्रित रहेर अध्ययन र विश्लेषणको कार्य गरेको छ । यस क्रममा शिक्षा बजेटमा उल्लेखनीय हिस्सा रहेको छात्रवृत्ति कार्यक्रमको कुशल कार्यान्वयन भए नभएको बारेमा अध्ययन गर्नु र सम्बन्धित सो सुविधामा लक्षित समूहको पहुँचको अवस्था थाहा पाउनु आवश्यक भएकाले कपिलवस्तु जिल्ला र जिल्लामा रहेका पाँचवटा सार्वजनिक विद्यालयको नमुना लिएर हामीले छात्रा र दलित छात्रवृत्तिको सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधि प्रयोग गरी मामिला अध्ययन (Case Study) गरेका छौं । छात्रा र दलितको छात्रवृत्तिमा आधारित रहेर यो अध्ययन गरिएको हो ।

यो अध्ययनमा विशेषज्ञता प्रदान गर्ने अध्ययन टोलीका टोली नेता किशोर महर्जन, अध्ययनको संयोजन गर्ने सामाजिक जवाफदेहिता अभ्यासकर्ता मित्र अनिरुद्र न्यौपाने तथा अध्ययनमा संलग्न मित्रहरू दानबहादुर कार्की र दिपनारायण अर्याललाई धन्यवाद छ । कार्य सिकाइका लागि अनुदान सुविधाअन्तर्गत यो सर्वेक्षण गर्नेलगायत विभिन्न क्रियाकलापमा फ्रिडम फोरमलाई सघाउने विश्व बैंकको नेपालमा सामाजिक जवाफदेहिता कार्यक्रम (PRAN) एवं अनुदान सञ्चालन संस्था अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) प्रति आभार व्यक्त गर्दछौं ।

यो सर्वेक्षणमा संलग्न टोलीलाई अमूल्य सूचना र सहयोग प्रदान गर्नु हुने शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय कपिलवस्तुका पदाधिकारी तथा कर्मचारी, सर्वेक्षण गरिएका विद्यालयका प्राचार्य, सह-प्राचार्य, शिक्षक, लेखाका कर्मचारी, विद्यार्थी, व्यवस्थापन समिति र अभिभावकहरूलाई विशेष धन्यवाद । साथै यो प्रतिवेदन तयारीका क्रममा महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नुहुने प्राध्यापक डा. श्रीकृष्ण श्रेष्ठलगायतका विशेषज्ञहरूप्रति पनि आभार प्रकट गर्दछौं ।

यो प्रतिवेदन सर्वेक्षेणका सिलसिलामा प्राप्त सूचनामा आधारित छ । यो सर्वेक्षणमा एउटा जिल्ला र केवल पाँचवटा विद्यालयलाई मात्र लिइएकाले यसबाट प्राप्त नतिजाले मुलुकको समग्र अवस्था चित्रण नगर्न पनि सक्छ । तर, यो अध्ययनबाट प्राप्त सूचनाले सुधारका लागि महत्वपूर्ण सुझाव सम्बन्धित निकायलाई दिनेछ भन्नेमा भने हामी विश्वस्त छौं । यो पूर्ण लेखापरीक्षण होइन । यसमा आएका सूचनालाई आधार मानेर कुनै पनि विद्यालय वा एउटा जिल्लाप्रति सकारात्मक वा नकारात्मक धारणा निर्माण गर्नमा नभई छात्रवृत्ति कार्यक्रमका सबल र दुर्वल पक्ष पहिचान गर्न र समस्याको निराकरण गर्नमा यो सर्वेक्षणले सघाउनेमा हामी विश्वस्त छौं ।

तारानाथ दाहाल
अध्यक्ष
फ्रिडम फोरम

१. परिचय

शिक्षा विकासको जग हो । विश्वभरिका देशहरूले आफ्नो नागरिकको ज्ञान र सीप विकासको निम्ति शिक्षालाई विशेष महत्व दिइरहेका छन् । विकासशील होस् वा विकसित देश सबैले शिक्षामा प्रशस्त मात्रामा लगानी गरिरहेका छन् । नेपालले पनि वार्षिक कुल सरकारी बजेटको १६ प्रतिशतदेखि १७ प्रतिशतसम्म यस क्षेत्रमा विनियोजन गरिरहेको छ । आ.व. २०७०/७१ मा कुल बजेट रु. ५१७ अर्बमध्ये लगभग रु. ८१ अर्ब शिक्षामा विनियोजन गरिएको छ । शिक्षामा विनियोजित बजेट र कुल ग्रहस्थ उत्पादनको अनुपात ४.३४ प्रतिशतसम्म पुगेको तथ्यांक अर्थमन्त्रालयको छ । (आर्थिक सर्वेक्षण २०६९/७०, अर्थ मन्त्रालय)

शिक्षाले गरिबी निवारणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वासअनुरूप शिक्षाको बजेट विनियोजन गरिबमुखी रहेको अर्थ मन्त्रालयको तथ्याङ्क छ । आर्थिक वर्ष २०७०/७१ मा शिक्षाका लागि विनियोजित बजेटको झण्डै ९२ प्रतिशत रकम गरिबमुखी रहेको अर्थ मन्त्रालयको आँकडामा देखिन्छ (आय व्ययको शीर्षकगत वार्षिक अनुमान, आर्थिक वर्ष २०७०/७१, अर्थ मन्त्रालय) । यसैगरी घरमा महिला शिक्षित हुँदा परिवार नै शिक्षित हुने मान्यतालाई अंगिकार गरी शिक्षामा महिला उन्मुखतालाई पनि जोड दिएको देखिन्छ। आ.व. २०७०/७१ मा बजेटमा करिब ६७.८ प्रतिशत रकम महिलालाई प्रत्यक्ष लाभ पुग्ने गरी विनियोजन गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

नेपालको शिक्षालाई मूलतः विद्यालय शिक्षा र उच्च शिक्षामा विभाजन गर्न सकिन्छ। विद्यालय शिक्षातर्फ सन् २००९ देखि विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू गरिएको छ, जसअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) र माध्यमिक शिक्षा (कक्षा ९-१२) र उच्च माध्यमिक शिक्षा (कक्षा ११-१२) मा वर्गीकरण गरिएको छ। विद्यमान ऐनबमोजिम भने कक्षा १-५ लाई प्राथमिक, कक्षा ६-८ लाई निम्नमाध्यमिक र कक्षा ९-१० लाई माध्यमिक शिक्षाको रूपमा लिइएको छ । यसैगरी बालविकास (ECD) र पूर्वप्राथमिक कक्षाहरू पनि सञ्चालनमा छन् । अधिकांश विद्यालय प्राथमिक स्तरका छन् । निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयमा पनि प्राथमिक शिक्षा दिइएको छ । तर, केही मात्रामा निम्नमाध्यमिक, माध्यमिक र उच्चमाध्यमिक मात्र पनि सञ्चालनमा छन् ।

यसरी सञ्चालित विद्यालयलाई मोटामोटी रूपमा ४ किसिममा वर्गीकरण गर्न सकिन्छ।

(क) पूर्ण सामुदायिक विद्यालय
(ख) समुदायबाट व्यवस्थित विद्यालय
(ग) सामुदायिक (सरकारी सहयोग आंशिक रूपमा प्राप्त गर्ने वा सहयोग पाउनुपर्ने तर पाइनसकेका विद्यालय (मदरसा, गुम्बा, गुरुकुल, आश्रम, विहार आदिमा सञ्चालित विद्यालय एवं शैक्षिक संस्थालाई पनि यसअन्तर्गत राख्न सकिन्छ)
(घ) संस्थागत (निजी सार्वजनिक गुठी एवं कम्पनीअन्तर्गत सञ्चालित) विद्यालय ।

माथि उल्लिखत विभिन्न किसिमका विद्यालयहरूमध्ये सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यालर्थीहरूलाई सरकारले विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

१.२. छात्रा र दलित छात्रवृत्ति

गरिबी निवारण र महिला विकासमा योगदान पुऱ्याउन सबै नागरिक शिक्षित हुन आवश्यक छ। सबैका लागि शिक्षा

पुऱ्याउने उद्देश्य प्राप्तिका लागि नेपाल सरकारले छात्रा तथा दलित र अन्य छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याएको छ। छात्रवृत्ति संसारभरि नै विद्यार्थी भर्ना बढाउने, विद्यार्थीलाई विद्यालयमा टिकाउने र विद्यालय छोड्ने क्रममा कमी ल्याउने एक उत्तम उपायका रूपमा देखापरेको छ । सरकारले छात्रा, दलित, जेहेन्दार, विपन्न, असहाय तथा गरिव, अपाङ्ग, लक्षित जनजाति, द्वन्द्वपीडित र सहिद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति प्रदान गर्छ। यीमध्ये छात्रा र दलित छात्रवृत्ति प्रमुख रूपमा छन्। यी कार्यक्रम देशमा निकै लोकप्रिय पनि रहेको विश्वास गरिन्छ। यी कार्यक्रमले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेको प्रतिबद्धतालाई समेत आत्मसात गरेको देखिन्छ। हाल सरकारले आधारभूत शिक्षा (१-८) तर्फ सामुदायिक विद्यालयका सतप्रतिशत छात्रालाई छात्रवृत्ति प्रदान गर्ने नीति अबलम्बन गरेको छ। साथै, सो तहसम्म सम्पूर्ण दलित विद्यार्थीलाई पनि छात्रवृत्ति प्रदान गरिन्छ। विद्यार्थीका अवस्था हेरि वार्षिक रु. ४००।- मा नबढ्ने गरी छात्रा र दलितलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था हाल कायम छ।

१.३. अध्ययनको महत्व र सान्दर्भिकता

छात्रवृत्तिका लागि नेपाल सरकारले वार्षिक शिक्षा बजेटको उल्लेख्य हिस्सा खर्च गरिरहेको छ। यसरी खर्चिएको रकम लक्षित वर्गमा पुगेको छ कि छैन ? कति पुगेको छ भनी जाँच गर्ने कार्य गर्नु आवश्यक छ। छात्रवृत्ति बजेट, निकासा प्रक्रिया, यसमा विभिन्न निकायको भूमिका, प्रक्रियामा हुने चुहावट, सेवाग्राहीको दृष्टिकोण र यसको सिंहावलोकन गर्नु पनि आवश्यक छ। यसैलाई दृष्टिगत गरी सामाजिक जवाफदेहिता अभ्यासको अंगका रूपमा फ्रिडम फोरमले छात्रा र दलित छात्रवृत्तिमा भएको सार्वजनिक खर्चका सम्बन्धमा सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधि प्रयोग गरी मामिला अध्ययन गरेको छ। आर्थिक वर्ष २०६३/६४ देखि सामुदायिक विद्यालयमा अध्ययन गर्ने आधारभूत तहका सबै छात्रा र दलित विद्यार्थीलाई नेपाल सरकारले छात्रवृत्ति रकम उपलब्ध गराउँदै आएको पृष्ठभूमिमा यस्तो छात्रवृत्तिबापत हुने सार्वजनिक खर्चको लेखाजोखा गर्नु आवश्यक ठानी यो अध्ययन गरिएको हो।

तलका तालिका दलित र छात्रा छात्रवृत्तिको सन्दर्भका अध्ययन गर्नुको औचित्य प्रस्ट हुन्छ।

शिक्षा मन्त्रालयबाट प्रकाशित शैक्षिक तथ्याङ्क (फ्ल्यास रिपोर्ट, २०६९) का अनुसार विद्यालय शिक्षाअन्तर्गत विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीको संख्या निम्नबमोजिम छ।

तालिका नं १: तहगत रूपमा जम्मा विद्यार्थी भर्ना संख्या (संस्थागत र सामुदायिक विद्यालयको कुल योग)

कक्षा	छात्रा	छात्र	जम्मा
आधारभूत (१-८)	३२३७६७५	३१६२२१०	६३,९९,८८५
माध्यमिक (९-१०)	४३७००७	४४१०४०	८७८,०४७
उच्च माध्यमिक (११-१२)	१९५५६५	१९१९५१	३८७५१६
जम्मा	**३८७०२४७**	**३७९५२०१**	**७६६५४४८**

तालिका नं २ : सामुदायिक विद्यालयतर्फ विद्यार्थी भर्ना संख्या

कक्षा	छात्रा	छात्र	जम्मा
आधारभूत (१-८)	२८१२५२०	२६१००९६	५४२२६१६
माध्यमिक (९-१०)	३६८४४७	३५३६९८	७२२१४५
उच्च माध्यमिक (११-१२)	१५९०९१	१४३२४३	३०२३३४
जम्मा	**३३४००५८**	**३१०७०३७**	**६४४७०९५**

तालिका नं. ३ : दलित विद्यार्थी भर्ना संख्या (संस्थागत र सामुदायिक विद्यालयको कुल योग)

कक्षा	छात्रा	छात्र	जम्मा
आधारभूत (१-८)	६०६२०४	५८८४९९	११९४७३३
माध्यमिक (९-१०)	४४२७७	४८७६०	९३०३७
उच्च माध्यमिक (११-१२)	१३४८९	१५९९८	२९४८७
जम्मा	**६६३९७०**	**६५३२५७**	**१३१७२२७**

तालिका १ र २ मा प्रस्तुत तथ्याङ्कअनुसार विभिन्न तहमा अध्ययन गर्ने कुल विद्यार्थीमध्ये झण्डै ८४ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययन गर्छन् । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीमध्ये झण्डै ५२ प्रतिशत जति छात्राको संख्या देखिन्छ, जसमा करिब ८४ प्रतिशत आधारभूत तहका छन् । त्यसैगरी, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने कुल विद्यार्थी संख्याको करिब १७.१८ प्रतिशत दलित विद्यार्थीको संख्या देखिन्छ, जसमध्ये ठूलो हिस्साले सामुदायिक विद्यालयमा अध्ययन गर्छन् । यति ठूलो संख्याका विद्यार्थीहरूको शिक्षामा योगदान गर्नका लागि सरकारले लिएको नीतिको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ । यसमा भएका कमीकमजोरी हटाउन सघाउनका लागि वर्तमान अवस्थाको यथार्थ चित्रण हुनु आवश्यक छ । यस्ता सूचना सरकारलाई उपलब्ध गराउन यो अध्ययनले सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ ।

१.४. कार्य जिम्मेवारी

(क) फ्रिडम फोरमले अध्ययनको उद्देश्य र सीमा तय गरी त्यसमा विशेषज्ञ सहायता प्रदान गर्न अनुसन्धानकर्ता श्री किशोर महर्जनलाई छनोट गरी प्रश्नावली तयार गर्नेदेखि अध्ययन प्रक्रिया अघि बढाउन टोलीको नेताको जिम्मा दिइयो । सामाजिक जवाफदेहिता अभ्यासकर्ता अनिरुद्र न्यौपानेको संयोजन र अनुसन्धानमा सघाउनका लागि दानबहादुर कार्की र स्थानीय सहयोगीसमेत ३ जनाको सर्वेक्षण टोलीलाई कपिलवस्तु जिल्लामा छात्रा र दलित छात्रवृत्ति सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण कार्यको जिम्मा दिइ कार्य पूरा गरियो ।

१.४. उद्देश्य र क्षेत्र

१.४.१ उद्देश्य

सर्वेक्षणको प्रमुख उद्देश्य छात्रा र दलित विद्यार्थीको छात्रवृत्तिमा पहुँचको अवस्था चित्रण गर्नु हो । यस अतिरिक्त निम्न सहायक उद्देश्य छन् :

(क) छात्रवृत्ति रकम प्रवाह हुँदा विभिन्न तहका विभिन्न प्रक्रियाको पहिचान गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनका क्रममा हुने चुहावट, भिन्नताको पहिचान र मूल्याङ्कन गर्ने ।

(ग) प्रक्रियाको पालना, खर्चको व्यवस्थापन, आवश्यक अभिलेखीकरण र खातापाताको विश्लेषण गरी छात्रवृत्तिको वर्तमान पद्धतिमा आवश्यक सुधारका लागि स्पष्ट दृष्टिकोण र सुझाव दिने ।

(ग) छात्रवृत्ति कार्यक्रमको प्रभाव आंकलन गर्ने ।

१.४.२ कार्यक्षेत्र

अध्ययनको कार्यक्षेत्र निम्नबमोजिम थियो

(क) अध्ययन टोलीले सार्वजनिक खर्च पछ्याई सर्वेक्षणको विधिद्वारा छात्रा र दलित छात्रवृत्तिको मामिला अध्ययन गर्ने ।

(ख) यसको निम्ति आवश्यक प्रश्नावली, कार्यसूची तयार गरी सम्बन्धित सबै पक्षसँग सम्पर्क र समन्वय गरी अध्ययन गर्ने ।

१.५ प्रतिवेदन

(क) अध्ययनबाट प्राप्त आँकडाका आधारमा टोलीले मस्यौदा प्रतिवेदन तयार गर्ने ।

(ख) मस्यौदामाथि आवश्यक छलफल गरी सो को निष्कर्ष समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने ।

१.६. अध्ययनको सीमा

(क) टोलीले कपिलवस्तु जिल्लाका ४ सय ५८ सामुदायिक विद्यालयमध्ये ५ वटा सामुदायिक विद्यालयमा अवलोकन समीक्षा, छलफल, उपलब्ध आँकडा र अभिलेखको आधारमा सार्वजनिक खर्च पछ्याई सर्वेक्षणको विधिबाट यो अध्ययन गरेको हो । यो पूर्णस्तरको सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण नभई केही विद्यालय तथा सीमित संख्याका लाभग्राहीसम्म मात्र पुगेर गरिएको मामिला अध्ययन हो । उपलब्ध समयभित्र प्राप्त भएको सूचना र अभिलेखको आधारमा अध्ययन गरिएको छ । ।

(ख) कपिलवस्तु जिल्लामा मात्र गरिएको यो अध्ययनका लागि लिइएको नमुना विद्यालयको संख्या पनि कम भएकाले यो अध्ययनले समग्र मुलुकको छात्रवृत्ति कार्यक्रम कार्यान्वयनको अवस्थाको चित्रण नगर्न पनि सक्छ ।

(ग) यो अध्ययन पूर्ण लेखापरीक्षण कार्य होइन । अतः अध्ययनको नतिजाको प्रयोगमा ध्यान पुऱ्याउनु उचित हुन्छ । यसले आन्तरिक नियन्त्रण, रकमको प्रयोगमा रहेको विद्यमान चुनौतीको झलक मात्र प्रस्तुत गर्छ ।

(घ) अध्ययनमा निम्न माध्यमिक, माध्यमिक र उच्चमाध्यमिक विद्यालयलाई लिइए पनि आधारभूत तहमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

२. अध्ययन कार्य र विधि

२.१ सामान्य कार्यविधि

अध्ययनको उद्देश्य प्राप्तिका लागि टोली र फ्रिडम फोरमबीचको छलफलबाट अध्ययनका निम्न कार्यविधिहरू पहिचान गरिएको थियो ।

(क) टोलीले छात्रा र दलित छात्रवृत्तिमा भएको सार्वजनिक खर्च पछ्याई सर्वेक्षणको विधिमार्फत मामिला अध्ययन गर्ने।

(ख) टोलीले सर्वेक्षणको खाका तयार गर्ने, योजना बनाउने र सर्वेक्षण कार्यान्वयन गर्ने।

(ग) अध्ययनका लागि फ्रिडम फोरमले आवश्यक सबै व्यवस्था गर्ने ।

२.२ अध्ययन विधि

अध्ययनको दौरानमा निम्न विधि अपनाइएको थियो

(क) फ्रिडम फोरम र सर्वेक्षण टोलीबीच छलफल

(ख) छात्रा र दलित छात्रवृत्तिसम्बन्धी नेपाल सरकारको विद्यमान अभिलेख/प्रतिवेदन/मार्गदर्शन र निर्देशिकाको अध्ययन

(ग) सर्वेक्षण औजार/विधिको विकास र परिमार्जन

(घ) जिल्ला र विद्यालय छनोट

(ङ) सर्वेक्षणका लागि फारम र प्रश्नावली तयारी

(च) स्थलगत अध्ययन

(छ) प्रतिवेदन तयारी

२.३ जिल्ला र विद्यालय छनोट

शिक्षा विभागले प्रकाशन गर्ने शैक्षिक तथ्याङ्क समेटिएको प्ल्यास रिपोर्ट-२०६९ अनुसार कपिलवस्तु जिल्लाकम आधारभूत तहमा भर्ना भएका विद्यार्थी संख्याको करीव १९ प्रतिशत दलित विद्यार्थी छन् । कपिलवस्तु जिल्लामा अध्ययन गर्न सहज तथा समय, पारवहन, भौतिक विविधताको दृष्टिकोणले पनि उपयुक्त देखिएको कारणले पनि सो जिल्लालाई छनोट गरिएको हो ।

जिल्लाको २ उच्च माध्यमिक विद्यालय, १ माध्यमिक विद्यालय र २ निम्न माध्यमिक विद्यालय गरी ५ वटा विद्यालयमा सर्वेक्षण कार्य गरिएको थियो । जिल्ला शिक्षा कार्यालय कपिलवस्तुबाट प्राप्त जानकारीअनुसार दलित विद्यार्थी रहेका विद्यालय मध्येबाट अध्यययनको सहजतालाई समेत ख्याल गरी तल उल्लिखित विद्यालय अध्ययनका लागि लिइएका हुन् ।

२.४ अध्ययनका लागि प्रश्नावली

अध्ययन टोलीले विषेशज्ञहरूको परामर्शमा सर्वेक्षेणका लागि आवश्यक सूचना संकलन गर्ने उपकरणका विभिन्न निकाय र तहका लागि बेग्ला-बेग्लै प्रश्नावली तयार गरेको थियो ।

क) शिक्षा विभागको निम्ति प्रश्नावली

ख) जिल्ला शिक्षा कार्यालयको निम्ति प्रश्नावली

ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको निम्ति प्रश्नावली

घ) विद्यालयको निम्ति प्रश्नावली

ङ) सरोकारवालासँग समूह छलफलको निम्ति प्रश्नावली

२.५. सूचना संकलन विधि

सूचना संकलनका लागि निम्न विधि अबलम्बन गरिएको थियो ।

क) राष्ट्रिय स्तरका बजेट सूचना अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र शिक्षा विभागको प्रकाशित दस्तावेजहरूबाट लिइएको थियो ।

ख) शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय र विद्यालयबाट तयार गरिएका प्रश्नावलीको आधारमा जिम्मेवार अधिकारीहरूबाट सूचना र जानकारी लिइएको थियो ।

ग) शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय कपिलवस्तुवाट थप सूचना इमेल र फ्याक्समार्फत पनि प्राप्त गरिएको थियो

घ) समूह छलफलमा उठेका विषयलाई अध्ययनमा संलग्न सदस्यहरूले टिपोट गरेका थिए ।

ङ) विद्याथीहरूसँग सोधपुछका लागि विद्यालय र विद्यार्थीको घरमा पनि अध्ययन टोलीका सदस्यहरू पुगेका थिए ।

२.५ आँकडा विश्लेषण

संकलित तथ्याङ्कलाई तालीकरण र गरी त्यसैका आधारमा आँकडाहरूको विश्लेषण गरिएको छ । विश्लेषण गर्दा नीतिगत व्यवस्था र वास्तविक अवस्थाको बीचमा पनि तुलना गरिएको छ । अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरू विश्लेषण गरी टोली नेताबाट मस्यौदा प्रतिवेदन तयार पारिएको हो । मस्यौदामा विशेषज्ञहरूको राय र पृष्ठपोषणका लिएर त्यसैका आधारमा यो अध्ययन प्रतिवेदनलाई पूर्णता दिइएको हो ।

३) कार्ययोजना र जनशक्ति

३.१ कार्ययोजना

अध्ययनको सुरुवात मंसिर १२, २०७० देखि भएको थियो । कार्य तीन चरणमा सम्पन्न भएको थियो ।

प्रथम चरण: योजना (एक साता)

दोस्रो चरण: आँकडा संकलन र तालिकीकरण (पाँच दिन)

तेस्रो चरण: विश्लेषण र प्रतिवेदन (एक साता)

चौथो चरण: प्रतिवेदनमाथि विशेषज्ञको राय तथा सम्पादन(एक साता)

३.२ जनशक्ति

अध्ययनमा निम्न जनशक्ति निम्न चरणमा संलग्न थिए ।

किशोर महर्जन - टोली नेता प्रथम,दोस्रो र तेस्रो चरण

अनिरुद्र न्यौपाने - सामाजिक जवाफदेहिता अभ्यासकर्ता तथा अध्ययन व्यवस्थापक, सबै चरण

दानबहादुर कार्की - अध्ययन सहयोगी दोस्रो चरण

दिपनारायण अर्याल - स्थानीय सहयोगी

४) बजेट निर्माण र कार्यान्वयन

बजेट आगामी आर्थिक वर्षको आय र व्ययको अनुमानित विवरण हो । नेपालमा हरेक वर्षको साउन १ गतेदेखि अर्को

वर्षको असार मासान्तलाई आधार मानी नेपाल सरकारले बजेट निर्माण गर्छ। नेपाल सरकारको केन्द्रीय बजेट निर्माणको संयोजन र नेतृत्व अर्थ मन्त्रालयले गर्ने भए पनि यसका अन्य निकायहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ। बजेट निर्माणमा शिक्षा मन्त्रालयलगायत सबै विषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगको पनि निकै ठूलो भूमिका रहेको हुन्छ। विकासका कार्य गर्नका लागि तयार गरिने विकास बजेट निर्माणमा राष्ट्रिय योजना आयोगको अझै महत्वपूर्ण भूमिका हुन्छ। यसरी निर्माण हुने बजेटलाई अर्थ मन्त्रालयले अन्तिमरूप दिएर नेपाल सरकार मन्त्रिपरिषद्बाट पारित गरी व्यवस्थापिका संसद्मा स्वीकृतिका लागि पेस गरिन्छ। यसरी बजेट स्वीकृत भइसकेपछि स्वीकृत बजेटको सीमाभित्र रहेर नेपाल सरकारका विभिन्न निकायले बजेट कार्यान्वयन गर्छन्। शिक्षा बजेटमा केन्द्रित रहेर बजेट निर्माण र कार्यान्वयनको प्रक्रिया तल उल्लेख गरिएको छ।

- राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वको स्रोत समितिले स्रोत अनुमान गरेपश्चात् बजेट समितिले बजेटको आकार, मन्त्रालयको हिस्सा, निर्धारण गर्छ र संसदको मार्ग दर्शनसमेत बजेट निर्माणका निम्ति अर्थ मन्त्रालयमार्फत शिक्षा मन्त्रालयमा पठाउँछ।
- शिक्षा मन्त्रालयले मार्ग दर्शनको साथमा मध्यकालीन खर्च संरचनालाई ध्यानमा राखी बजेट सीमा विभाग, जिल्ला शिक्षा कार्यालयमा पठाउँछ।
- शिक्षा विभागबाट प्राप्त मार्ग दर्शन बजेट सीमाबमोजिम प्रत्येक जिल्लामा वार्षिक रणनीति कार्यान्वयन योजना र वार्षिक कार्यक्रम र बजेट तयार गराई क्षेत्रीय निर्देशनालयमा व्यापक छलफल गरी विभागबाट वार्षिक कार्ययोजना तयार पारिन्छ। छात्रवृत्तिको हकमा शैक्षिक तथ्याङ्क समेटिएको रिपोर्ट अर्थात् फ्ल्यास रिपोर्टमा रहने सूचनामा आधारित रहेर बजेटको आकार निर्धारण गरिन्छ। त्यसमा संशोधन आवश्यक भएमा जिल्लाले प्रमाणसहित सो कार्य गर्न सक्दछ। (स्रोतः शिक्षा मन्त्रालय)
- कार्यक्रम, स्रोत, बजेट, चालू र पुँजीगत खर्चलगायतमा राष्ट्रिय योजना आयोगमा व्यापक छलफल गरी अर्थ मन्त्रालयले बजेटलाई अन्तिमरूप दिई संसद्को स्वीकृतिका लागि पठाउँछ र संसदमा आवश्यक छलफल गरी बजेट पारित हुन्छ। यसरी संसद्बाट पारित बजेटको अधिनमा रही सबै निकायहरूले खर्चहरू गर्नुपर्छ। (स्रोतः अर्थ मन्त्रालय, बजेट तजुमा दिग्दर्शन, २०६९)
- यसरी स्वीकृत बजेटको अधिनमा रही अन्य विषयत मन्त्रालयले जस्तै शिक्षा मन्त्रालयले पनि मन्त्रालय र अन्तर्गतका निकायहरूका मार्फत बजेट कार्यान्वयन गर्छ।

५) छात्रवृत्ति वा शिक्षा बजेट अख्तियारी र निकासा प्रक्रिया :

- बजेटको स्वीकृतिपछि अर्थ मन्त्रालयले रातो पुस्तकबमोजिम शिक्षा मन्त्रालयलाई अख्तियारी प्रदान गर्छ। शिक्षा मन्त्रालयले पनि खर्च अख्तियारी शिक्षा विभागसमेत विभिन्न केन्द्रीय निकायहरूमा पठाउने व्यवस्था छ। साथै शिक्षा विभागले महालेखा नियन्त्रकको कार्यालयलाई कोष तथा नियन्त्रक कार्यालयमार्फत रकम निकासा गर्न अनुरोध गर्दछ।
- प्राप्त बजेटको परिधिभित्र रही राष्ट्रिय योजना आयोगको स्वीकृतिमा विषयगत मन्त्रालयहरूले विकाससँग सम्बन्धित कार्यक्रम र बजेटमा सामान्य हेरफेर गर्न सक्छन्। छात्रवृत्तिका सन्दर्भमा रकम हेरफेर गर्ने कार्य अर्थ मन्त्रालयले

मात्र गर्न सक्छ ।

- सामान्यतया शिक्षा बजेटको रकम संसद्बाट पारित भएपछि अर्थ मन्त्रालयबाट शिक्षा मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने व्यवस्था छ । शिक्षा मन्त्रालयले शिक्षा विभागलाई अख्तियारी दिन्छ । शिक्षा विभागले वार्षिकरूपमा जिल्ला कोष तथा नियन्त्रण कार्यालयलाई रकम निकासाको निम्ति अनुरोध गर्दछ । सो कार्यालयले विभागको स्वीकृतिमा चौमासिक रूपमा जिल्ला शिक्षा कार्यालयलाई निकासा प्रदान गर्दछ र जिल्ला शिक्षा कार्यालयले विद्यालय तथ्याङ्क र लेखा शाखाको सिफारिसका आधारमा विद्यालयको अनुरोध र प्रस्तुत अभिलेखको आँकडाको जाँचपछि रकम निकासा गर्दछ ।

- छात्रवृत्तिको बजेटका सन्दर्भमा शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयहरूलाई बजेट निकासा दिन्छ । यसरी प्राप्त बजेको अधिनमा रही जिल्ला शिक्षा कार्यालयहरूले विद्यालयहरूलाई एकमुष्ट छात्रवृत्ति रकम निकासा दिन्छन् । विद्यालयहरूले विद्यार्थीलाई छात्रवृत्ति रकम वितरण गर्छन् ।

६. अध्ययनबाट प्राप्त जानकारीको प्रस्तुति र विश्लेषण

६.१. रकम प्रवाहको प्रक्रिया र समय

सामान्यतया: जिल्ला शिक्षा कार्यालयबाट विद्यालयको रकम निकासामा ढिलाइ नहुने गरेको जानकारी जिल्ला शिक्षा कार्यालयले दियो । निकासाको निम्ति निश्चित ढाँचा भने नभएको जानकारी पनि सर्वेक्षणको क्रममा जिल्ला शिक्षा कार्यालयबाट पाइयो । सामान्यतया: वैदेशिक सहायताको हकमा स्रोतको उपयोगिता हेरेर मात्र निकासा हुन्छ । जिल्ला विकास समितिबाट स्वीकृति लिई सञ्चालन हुने पूर्व प्राथमिक विद्यालयको शिक्षकको तलबका हकमा रकम निकासा गर्दा जिल्ला विकास समितिको सिफारिस आवश्यक हुन्छ ।

शिक्षा विभागबाट जिल्ला शिक्षा कार्यालय कपिलवस्तुलाई दलित र छात्रा छात्रवृत्तिको सबै रकम दास्रो चौमासिकभित्र वितरण गरिसक्ने गरी निकासाका लागि स्वीकृत गरिएको जानकारी विभागको योजना तथा कार्यक्रम शाखाबाट प्राप्त भयो । आर्थिक वर्ष २०६९/७० मा नेपाल सरकारले पूर्ण बजेट समयमा सार्वजनिक नगरेकाले सबै रकम एकैपटक निकासा गर्न नसकिए तापनि छात्रवृत्ति रकम भने २०६९ फागुन महिना अघि नै निकासा गर्न स्वीकृत गरिएको जानकारी सर्वेक्षणमा दिइएको थियो । तर, विभागको आर्थिक व्यवस्थापन शाखाको अभिलेखअनुसार सबै छात्रवृत्ति रकम आर्थिक वर्षको अन्तिम महिना अर्थात् २०७० असार १८ गते मात्र निकासा भएको देखिन्छ । विभागबाट निकासा भएदेखि विद्यार्थीहरूले छात्रवृत्ति रकम प्राप्त गर्दासम्मको समय तलको तालिकामा देखाइएको छ ।

तालिका नं ४ : आर्थिक वर्ष २०६९/७० को छात्रवृत्ति रकम प्रवाहको समय

शिक्षा विभागबाट जिल्ला शिक्षा कार्यालयलाई निकासा	विद्यालयको नाम	निकासा पाएको मिति	छात्रवृत्ति वितरणको मिति
२०७० असार १८ गते	श्री उच्च मावि, बर्कलपुर	२०७० जेठ	२०७० भदौ
	श्री महेन्द्र उच्च मावि, कोपवा	२०७० असार	२०७० मंसिर
	श्री मावि, हरिहरपुर	२०६९ फागुन	२०७० असोज
	जनज्योति निमावि, महेन्द्रकोट	२०७० असार	२०७० असार
	त्रिशक्ति निमावि, दुविया	२०७० साउन	२०७० असोज

स्रोत : शिक्षा विभाग र विद्यालयहरू (सर्वेक्षण)

शिक्षा विभागको आर्थिक व्यवस्थापन महाशाखाबाट आर्थिक वर्ष २०६९/७० को बजेट समयमा नआएकोले छात्रवृत्ति रकम समयमा निकासा गर्न नसकिएको जानकारी पाइयो । छात्रवृत्तिको रकमको हकमा जिल्ला शिक्षा कार्यालयले वार्षिक एकमुष्ट रूपमा विद्यालयलाई रकम प्रदान गरेको पाइयो । तर, छात्रवृत्ति रकम निकासा गर्दा विद्यालय पिच्छे फरक-फरक समयमा रकम निकासा गरेको पाइयो । शिक्षा विभागबाट छात्रवृत्ति शीर्षकको रकम जिल्ला शिक्षा कार्यालयलाई निकासा दिनुअघि नै सर्वेक्षणमा समेटिएका ५ मध्ये २ वटा विद्यालयलाई जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले निकासा दिएको देखियो अन्य ३ विद्यालयलाई भने विभागबाट जिल्ला शिक्षा कार्यालयले रकम प्राप्त गरेपछि मात्र निकासा दिइएको देखियो । विद्यालयले छात्रवृत्ति रकम प्राप्त गर्ने समयमा एकरूपता नभएको माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

कपिलवस्तु जिल्लामा छानिएका विद्यालयमध्ये एउटा विद्यालयले २०६९ फागुन र एउटाले जेठ, दुई विद्यालयले असार महिना र एकले साउन महिनामा छात्रवृत्तिबापतको रकम प्राप्त गरेको बताएका बताएका थिए । विद्यालयले विद्यार्थीलाई २०७० असार, भदौ, असोज, मंसिर र पुस महिनामा वितरण गरेको देखिन्छ । एक महिनादेखि सात महिनासम्म छात्रवृत्ति रकम विद्यालयमा नै रहेको देखिन्छ । विभागबाट अघिल्लो आर्थिक वर्षमा निकासा भएको रकम पछिल्लो आर्थिक वर्षमा मात्र विद्यालय र लक्षित विद्यार्थीसम्म पुगेको पनि भेटियो ।

कुनै-कुनै विद्यालयले वार्षिक उत्सवमा र अभिभावक भेलामा रकम वितरण गरेको देखिन्छ । विद्यालयहरूले शिक्षा कार्यालयमा माग गरेभन्दा कम रकम निकासा पाउने गरेको र प्रायः रकम अपुग हुने गरेको जानकारी अध्ययनका क्रममा दिइयो सबैलाई रु. ४०० का दरले वितरण गर्न पुग्ने गरी रकम निकासा नहुँदा दामासाहीले छात्रवृत्ति रकम वितरण गर्नुपरेको गुनासो विद्यालयहरूको रह्यो, खास गरी छात्रा छात्रवृत्तितर्फ यस्तो हुने गरेको बताइयो । दलित विद्यार्थीको हकमा भने माग आवश्यक केही थप रकम निकासा भएको पाइयो ।

६.२ शिक्षा बजेट तथा छात्रवृत्ति बजेट र खर्च

१. आव २०७०/७१ मा सरकारले रु. २.१४ अर्ब विभिन्न छात्रवृत्तिको निम्ति विनियोजन गरेको छ । जुन कुल शिक्षा बजेटको २.६५ प्रतिशत र कुल राष्ट्रिय बजेटको ०.४१ प्रतिशत छ । यसमध्ये छात्रा र दलितको छात्रवृत्तिको मात्रा अत्याधिक छ ।

छात्रवृत्तिमा विनियोजित बजेट खर्च नभएको पनि देखिन्छ । आर्थिक वर्ष २०६८/६९ मा कुल शिक्षा बजेट र छात्रवृत्ति बजेट खर्चको यथार्थ अवस्था तल प्रस्तुत छ ।[1]

तालिका नं ५: आ.व. २०६८/६९ मा छात्रवृत्ति बजेट र खर्च

बजेट शीर्षक	वार्षिक बजेट	कुल खर्च (रु. हजारमा)	उपयोग (प्रतिशतमा)
छात्रवृत्ति	२,३८०६८६	१९७१५००	८२.८१
कुल शिक्षा बजेट	६३, ९१८, ८६९	६२०३५००	९७.०

(स्रोत: रातो किताब, आ.व. २०७०/७१ अर्थ मन्त्रालय)

कुल शिक्षा बजेटको खर्च प्रगति सन्तोषजन रहे तापनि छात्रवृत्तिको खर्च प्रगति उत्साहजनक नभएको देखिन्छ। छात्रवृत्तिको उपयोग कम हुनुले छात्रवृत्ति बजेट निर्माणमा वा कार्यक्रम कार्यान्वयन कहाँ कमजारी भएको हो, खोजी गर्नुपर्ने देखिन्छ।

२. छात्रवृत्तिको बजेट निर्माण र रकम निकासा गर्दा शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयहरूको प्रस्तावलाई आधार मान्छन् । यसरी तयार भएको बजेट नै रकम निकासाको आधार हो । जिल्ला शिक्षा कार्यालय कपिलवस्तुबाट प्राप्त जानकारीअनुसार जिल्लाले प्रस्ताव गरेको बजेट तथा शिक्षा विभागबाट प्राप्त आँकडाअनुसार निकासा भएको रकम तालिका ५ मा प्रस्तुत छ ।

तालिका नं ६. जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले आर्थिक वर्ष २०६९/७० का लागि प्रास्ताव गरेको बजेट र शिक्षा विभागबाट निकासा भएको रकम

छात्रवृत्ति	जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले प्रस्ताव गरेको बजेट (१)	शिक्षा विभागबाट निकासा भएको रकम (२)	निकासा र प्रस्तावित बजेट बीचको अन्तर (२-१)
छात्रा	१८६०८०००	१७७२२०००	(८८६,४००)
दलित	९४३६०००	९५९८४००	१६२,४००
जम्मा	**२८०४४०००**	**२७३२००००**	**७२४,०००**

(स्रोत: जिल्ला शिक्षा कार्यालय कपिलबस्तु र शिक्षा विभाग भक्तपुर)

माथिको तालिका अनुसार छात्रा छात्रवृत्तिको हकमा जिल्ला शिक्षा कार्यालयले जिल्लाका लागि प्रस्ताव गरेको बजेटभन्दा शिक्षा विभागबाट निकासाका लागि स्वीकृत भएको रकम ८ लाख ८६ हजा ४ सय रुपैयाँ कम देखिन्छ। अर्कातिर, दलित छात्रवृत्तिको हकमा भने जिल्ला शिक्षा कार्यालयले माग गरेको भन्दा विभागबाट निकासाका लागि स्वीकृत भएको रकम बढी देखिन्छ । विभागको आर्थिक व्यवस्थापन शाखामा फरक-फरक छात्रवृत्ति शीर्षकमा के कति निकासा भयो भन्ने अभिलेख नभएकोले स्वीकृत रकम र निकासाको रकममा फरक परे वा नपरेको जानकारी प्राप्त हुन सकेन ।

कपिलवस्तु जिल्लाका लागि विभागबाट निकासा भएको कुल छात्रवृत्ति रकमभन्दा खर्च कम भएको देखिन्छ, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

[1] यो अध्ययन आर्थिक वर्ष २०६९/७० को हो तर यथार्थ खर्चको आँकडा प्राप्त नभएकोले यहाँ अघिल्लो वर्षको आँकडालाई सन्दर्भका रूपमा राखिएको छ ।

तालिका न ७ : आ.व. २०६९/७० मा छात्रवृत्ति रकम निकासा र खर्च

विवरण	रकम	हिस्सा (प्रतिशतमा)
छात्रवृत्तिबापतको जम्मा निकासा	३,५१,३४,८९२	
छात्रवृत्तिमा जम्मा खर्च	३,१८,८६,९४१	९०.७६
खर्च नभई फ्रिज भएको रकम	**३२४७९५१**	**९.७४**

(स्रोत, आर्थिक व्यवस्थापन शाखा, शिक्षा विभाग)

माथिको तालिका अनुसार कपिलवस्तु जिल्लामा छात्रवृत्तिबापत निकासा भएको रकममध्ये ९०.७६ प्रतिशत रकममात्र खर्च हुन सकेको र बाँकी ९.२४ प्रतिशत रकम खर्च नभई फ्रिज भएको देखिन्छ । छात्रवृत्तिको अधिकांश हिस्सा ओगट्ने छात्रा र दलित छात्रवृत्तिमा पनि यो अवस्था रहेको प्रस्ट हुन्छ ।

२. छात्रा र दलित छात्रवृत्तिसम्बन्धी जिल्ला शिक्षा कार्यालय कपिलवस्तुबाट उपलब्ध आँकडा तथा शिक्षा विभागबाट प्राप्त आँकडाअनुसार आर्थिक वर्ष २०६९/७० मा कपिलवस्तु जिल्लाका लागि भएको छात्रवृत्ति रकमको निकासा र जिल्लामा भएको खर्चको विवरण निम्नबमोजिम छ ।

तालिका नं ८: शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको अभिलेखअनुसार दलित र छात्रा छात्रवृत्ति

छात्रवृत्ति	शिक्षा विभागको योजना तथा कार्यक्रम शाखाको अभिलेखअनुसार निकासाका लागि स्वीकृत रकम (१)	जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको अभिलेखअनुसार जिल्लामा प्राप्त रकम (२)	जि.शिका. बाट सम्बन्धित शीर्षकमा खर्च भएको रकम (३)	र जिल्ला शिक्षा कार्यालयबाट खर्च भएको र विभागबाट निकासाका लागि स्वीकृत रकमको अन्तर(४=३-१)
छात्रा	१७७२१६००	१७६७०६३१	१७६७०६३१	(५०९६९)
दलित	९५९८४००	९०१०८३०	९०१०८३०	(५८७४७०)
जम्मा	**२७३२००००**	**२६६८१४६१**	**२६६८१४६१**	(६३८५३९)

(स्रोत : शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय कपिलवस्तु)

दलित र छात्रा छात्रवृत्तिको रकमको निकासाको रकमबारे शिक्षा विभाग, योजना शाखाको तथ्याङ्क र जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कका बीचमा अन्तर देखिन्छ। शिक्षा विभागको पत्रका आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी हुने भए पनि कोलेनिकामा सबै छात्रवृत्तिलाई एउटै शीर्षकमा राख्ने र लेखा शाखाले पनि छात्रवृत्ति रकमलाई एउटै शीर्षकमा अभिलेखन गर्ने हुनाले छात्रवृत्तिको शीर्षकभित्र हेरफेर गर्न सकिने सम्भावना रहन्छ । शिक्षा विभागको आर्थिक व्यवस्थापन शाखामा दलित र छात्रा छात्रवृत्तिको फरक अभिलेख नहुनु र कोष तथा लेखा नियन्त्रक कार्यालयले

पनि सबै छात्रवृत्ति खर्चलाई एउटै शीर्षकमा अभिलेख गर्ने गरेको कारणले यी दुई शीर्षकमा जिल्ला र विभागको आँकडा फरक पर्नाको यथार्थ कारण पत्ता लाग्न सकेन ।

विभागको कार्यक्रम कार्यान्वयन गर्ने शाखाको अभिलेख र शिक्षा कार्यालयले प्राप्त गरेको रकमको अभिलेख फरक पर्नुले छात्रा र दलित छात्रवृत्तिको रकम सेवाग्राहीसम्म पुग्ने कुरामा समस्या रहेको सहजै आँकलन गर्न सकिन्छ। दुवै शीर्षकमा विभागबाट भएको निकासाभन्दा खर्च कम भएको देखिन्छ। जिल्ला शिक्षा कार्यालयबाट विद्यालयहरुलाई दिइएको निकासा र खर्चको रकम भने एउटै रहेको देखिन्छ जबकी जम्मा छात्रवृत्तिको हकमा विभागको निकासाको ९० प्रतिशत मात्र खर्च भएको तथ्यांक छ । त्यसैले, खर्चको पारदर्शिताका लागि प्रत्येक शीर्षक छुट्टाछुट्टै देखाउनु आवश्यक छ । विभागले निकासा गरेको रकम खर्च भएर केही रकम बाँकी हुनुपर्ने देखिए पनि जिल्ला शिक्षा कार्यालयको अभिलेखमा प्राप्त भएको रकम नै कम देखिएकाले खर्च नभएर बाँकी हुनुको कारण र त्यसको प्रयोगबारे थप विश्लेषण गर्न सकिएन ।

३. जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले आर्थिक वर्ष २०६९/७० का लागि दलित र छात्रा छात्रवृत्तिका लागि प्रस्ताव गरेको बजेट र शिक्षा विभागबाट निकासा भएको रकम तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९ : प्रस्तावित बजेट र खर्च (नेरुमा)

छात्रवृत्ति	बजेट	खर्च	बजेट र खर्चको अनुपात (प्रतिशतमा)
छात्रा	१८६०८०००	१७६७०६३१	९५
दलित	९४३६०००	९०१०८३०	९५.५
जम्मा	**२८०४४०००**	**२६६८१४६१**	९५.१

स्रोत : जिल्ला शिक्षा कार्यालय (सर्वेक्षण)

बजेट र खर्चको ढाँचामा हेर्दा ९५ प्रतिशत जति खर्च भएको देखिन्छ। शिक्षा कार्यालयको आँकडा हेर्दा आवश्यकभन्दा ५ प्रतिशत कम बजेट निकासा प्राप्त भएको र त्यसले लक्षित समूहमा पर्याप्त रकम पुऱ्याउन नसकिएको देखिन्छ। त्यसैले, बजेट प्रस्ताव गर्दा यथोचित विधि र प्रक्रिया पुगे वा नपुगेको एकिन गरी जिल्ला शिक्षा कार्यालयले आवश्यक बजेट मात्र प्रस्ताव गर्नुपर्ने देखिन्छ। त्यसैगरी जिल्लामा आवश्यक भएजति रकम निकासा गर्ने र खर्च पनि हुने व्यवस्था गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ, जसले स्रोतको उचित विनियोजन र खर्च भई वास्तविक लक्षित समूहलाई लाभ पुग्छ ।

४. जिल्लामा छात्रा र दलित छात्रवृत्ति पछ्याउने क्रममा ५ वटा विद्यालय छनोट गरी सर्वेक्षण गरिएको थियो । प्राप्त आँकडाअनुसार आर्थिक वर्ष २०६९/७० मा जिल्ला शिक्षा कार्यालयबाट छात्रा र दलित छात्रवृत्ति शीर्षकमा निकासा ५ विद्यालयलाई निकासा दिइएको, विद्यालयले प्राप्त गरेको र विद्यालयले खर्च गरेको रकम निम्नबमोजिम देखिन्छ।

तालिका नं १० : छानिएका विद्यालयका लागि छात्रवृत्ति रकम निकासा, प्राप्ति र खर्च (ने.रु.मा)

छात्रवृत्ति	जिल्ला शिक्षा कार्यालय कपिलवस्तुबाट छनोट गरिएका ५ विद्यालयलाई निकासा दिइएको रकम	५ विद्यालयले प्राप्त गरेको कुल रकम	५ विद्यालयको खर्च रकम	विद्यालयहरूमा बाँकी देखिनुपर्ने रकम
छात्रा	४३८०००	४०९७२५	४२१७२५	१६२७५
दलित	१९२०००	१६९४००	१४६४००	४५६००
जम्मा	**६३००००**	**५७९१२५**	**५६८१२५**	**६१८७५**

छात्रा र दलित छात्रवृत्तिका लागि जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले निकासा गरेको भनि अभिलेखन गरेको रकम र विद्यालयले प्राप्त गरेको भनी अभिलेख गरेको रकम फरक देखिन्छ । दुवै शीर्षकमा जिल्ला शिक्षा कार्यालयले निकासा गरेको रकमभन्दा विद्यालयहरूको अभिलेखमा प्राप्त भनी उल्लेख भएको रकम कम देखिन्छ। खर्चतर्फ छात्रातर्फ निकासा भएको भन्दा धेरै र दलिततर्फ थोरै खर्च भएको देखिन्छ । समग्रमा विद्यालयहरूले प्राप्त गरेको भनी उल्लेख भएको रकमभन्दा खर्च भएको भनी उल्लेख गरेको रकम कम देखिन्छ ।

विद्यालयमा लेखा शाखा नरहेको तथा आर्थिक अभिलेख प्रणाली कमजो र देखियो । खातापाता व्यवस्थित तरिकाले राखिएको पनि भेटिएन । सामान्यतया: जिल्ला शिक्षा कार्यालयबाट रकम प्राप्त भइसकेपछि प्राप्त भएको रकम फरक शीर्षकमा अभिलेखन गरेको हुनसक्ने अनुमान गर्न सकिए तापनि विद्यालयबाट त्यसको थप जानकारी हुन सकेन ।

६.३. छात्रा र दलित विद्यार्थी संख्या

छात्रवृत्तिको बजेट विद्यार्थी संख्यामा आधारित भएर निर्माण हुने भएकोले आँकडा यथार्थ हुनुपर्छ। अध्ययनमा समेटिएको कपिलवस्तु जिल्ला र शिक्षा विभागको आँकडामा छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या समान देखिँदैन । त्यसैगरी विद्यालयको अखिलेखमा उल्लिखित छात्रवृत्ति प्राप्त गर्ने छात्रा र दलित विद्यार्थी संख्या र जि.शि.काले छात्रवृत्ति प्राप्त गर्न कायम गरेको विद्यार्थी संख्यामा भिन्नता देखिन्छ, जसले तल्लो तहदेखि बजेट निर्माणमा प्रायेग भएको आँकडामा त्रुटिको आशंका गर्न सकिन्छ, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ११ मा शिक्षा मन्त्रालयले प्रकाशन गर्ने शैक्षिक तथ्याङ्क (फ्ल्यास रिपोर्ट), २०६९ र जिल्ला शिक्षा कार्यालय कपिलवस्तुसँग रहेको सामुदायिक विद्यालयका विद्यार्थी संख्यासम्बन्धी आँकडा प्रस्तुत गरिएको छ। सामुदायिक विद्यालयमा अध्ययन गर्ने दलित संख्याको मात्र बेग्लै तथ्याङ्क फ्लास रिपोर्टबाट प्राप्त हुन नसकेकोले आँकडाको तुलना गर्नका लागि छात्राको संख्या छात्राको आँकडालाई मात्र तलको तालिकामा प्रस्तुत गरिएको हो ।

तालिका नं ११ : फ्लास रिपोर्ट २०६९ र जिल्ला शिक्षा कार्यालयको आँकडा अनुसार छात्रा संख्या

कक्षा	जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको आँकडा	फ्लास रिपोर्ट २०६९ अनद्रसार को आँकडा	भिन्नता
१	१२,२०७	१४५४८	२३४१
२	९७२६	११५१९	१७९३
३	८१८४	९४३६	१२५२
४	६३५२	७२३९	८८७
५	५३९८	६०८३	६८५
६	४३८९	४५२६	१३७
७	४१६६	४२९०	१२४
८	३५७३	३६८०	१०७
जम्मा	**५३९९५**	**६१३२१**	**७३२६**

माथिको तालिका अनुसार छात्रातर्फ जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको आँकडाभन्दा फ्लास रिपोर्ट २०६९ को आँकडामा उल्लिखित छात्राको संख्या ७३२६ ले बढी छ। यसले छात्रवृत्तिको बजेट र खर्चमा प्रयोग हुने आँकडामा त्रुटिको आशंका गर्न सकिन्छ। छात्रवृत्ति बजेट विद्यार्थी संख्यामा भर पर्ने भएकाले आँकडाको त्रुटिले बजेटमा ठूलो असर पर्न सक्दछ। सही र यथार्थपरक बजेटको निम्ति यस्ता त्रुटि हटाउन आवश्यक छ। त्यसैले, गुणस्तरीय आँकडा प्राप्त गर्ने संयन्त्रको विकास गर्न आवश्यक देखिन्छ।

तालिका नं १२ : शैक्षिक सत्र २०६९ मा छात्रवृत्ति पाउने विद्यार्थी संख्याबारे विद्यालयहरू र जिल्ला शिक्षा कार्यालयमा रहेको अभिलेख

विद्यालय	विद्यालय र जिल्ला शिक्षा कार्यालयमा रहेको छात्राहरूको आँकडा			विद्यालय र जिल्ला शिक्षा कार्यालयमा रहेको दलित विद्यार्थीको आँकडा		
	विद्यालय	जिल्ला शिक्षा कार्यालय	फरक	विद्यालय	जिल्ला शिक्षा कार्यालय	फरक
महेन्द्र उच्च मावि, कोपवा	२०६	२८६	८०	१३	२६	१३
त्रिशक्ति निमावि, दुविया	८९	८५	४	५४	४२	(१२)
श्री जनज्योति निमावि, महेन्द्रकोट	१२१	१३०	९	४७	८४	३७
श्री मावि निम्डाँडा, हरिहरपुर	३६२	३४७	(१५)	९६	९३	(३)
श्री उच्च मावि, वर्कलपुर	२४७	२७७	(३०)	१५६	१९४	३८
जम्मा	**१०२५**	**११२५**	**१००**	**३६६**	**४३९**	**७३**

जिल्ला शिक्षा कार्यालयमा रकर्ड गरिएका विद्यार्थी संख्याभन्दा विद्यालयमा रकर्ड गरिएका विद्यार्थी संख्या कम देखिन्छ। दुईवटा विद्यालयमा जिल्ला शिक्षा कार्यालयको रेकर्डमा भन्दा बढी छात्रा संख्या देखियो तर समग्रमा विद्यालयमा भन्दा

जिल्ला शिक्षा कार्यालयको रकेर्डमा १ सयजना बढी छात्रा संख्या देखियो। दलिततर्फ २ वटा विद्यालयमा रहेको विद्यार्थी संख्या जिल्ला शिक्षा कार्यालयमा कायाम रहेको संख्याभन्दा बढी भएको देखिन्छ तर समग्रमा विद्यालयको अभिलेखमा भन्दा जिल्ला शिक्षा कार्यालयको अभिलेखमा ७३ जना बढी दलित विद्यार्थी संख्या देखिन्छ। यसरी आँकडामा भिन्नता देखिनुले छात्रवृत्ति बजेटको सही सदुपयोग हुन नसकेको आशंका गर्न सकिन्छ। आँकडा दुरुस्त राख्न एउटा भरपर्दो संयन्त्रको विकास गर्नु आवश्यक देखिन्छ। सही आँकडा नै यथार्थपरक बजेटको मेरुदण्ड हो।

तालिका ११ र १२ लाई केलाउने हो भने शिक्षा बजेटको कार्यान्वयनमा संलग्न तल्ला एकाइहरूले यथार्थभन्दा बढी संख्या माथिल्ला एकाइमा पठाउने गरेको देखियो। विद्यालयमा भन्दा शिक्षा कार्यालय र शिक्षा कार्यालयमा भन्दा शिक्षा विभागमा बढी विद्यार्थी संख्या देखिनुले यो तथ्य प्रमाणित हुन्छ।

६.४. छात्रा र दलित छात्रवृत्तिको कार्यान्वयनको प्रभावकारिता :

६.४.१ सेवाग्राही सर्वेक्षणको विश्लेषण :

छात्रा र दलित छात्रवृत्तिको प्रभावकारिता र विश्वसनीयता आँकलन गर्ने हेतुले सेवाग्राही सर्वेक्षण पनि गरिएको थियो। ५ विद्यालयको २९ सेवाग्राही अर्थात् छात्रवृत्ति पाउने विद्यार्थीसँग गरिएको अन्तर्वार्तामा निम्न विषय उजागर भएका थिए।

(क) छात्रवृत्ति रकमबारे सचेतना

छात्रवृत्तिबारे सम्पूर्ण विद्यार्थीलाई जानकारी भएको देखिएन। छात्रवृत्तिको प्रक्रियाबारे जानकारी दिने नगरिएको र रकमबारे कतै कक्षा शिक्षकमार्फत र कतै रकम वितरण गर्दा मात्र जानकारी दिने गरेको पाइयो। छात्रवृत्ति रकम ४ सय हुने बारेमा ७० प्रतिशत विद्यार्थीलाई मात्र जानकारी भएको पाइयो। अन्तर्वार्तामा समेटिएका २९ विद्यार्थीमध्ये पूरै छात्रवृत्ति रकम (रु.४००) जम्मा ११ जना अर्थात् ३८ प्रतिशतले प्राप्त गरेको, १ जना अर्थात् ३.५ प्रतिशतले प्राप्त नै नगरेको र १७ जना अर्थात् ५८.५ प्रतिशतले रु. २०० भन्दा बढी र रु. ४०० भन्दा कम प्राप्त गरेको पाइयो। ९३ प्रतिशत विद्यार्थीले छात्रवृत्ति रकम भदौदेखि कात्तिक महिनामा प्राप्त गरेको देखिन्छ। छात्रवृत्ति कार्यान्वयन निर्देशिका २०६८ अनुसार जिल्ला शिक्षा कार्यालयबाट रकम प्राप्त भएपछि वितरणको प्रक्रिया सुरु गर्ने र वितरणको समय विद्यालय व्यवस्थापन समितिले तोक्ने व्यवस्था छ तर वितरणको समय भने तोकिएको छैन।

(ख) रकमको उपयोगमा सरसल्लाह

अन्तर्वार्तामा समेटिएका २९ जनामध्ये १८ जना अर्थात् करिब ६३ प्रतिशतले छात्रवृत्ति रकम कलमकापी किन्न उपयोग गरेको, ४ जना अर्थात् १४ प्रतिशतले पोसाक किनेको र २ जना अर्थात् ७ प्रतिशतले झोला किनेको र ४ जना अर्थात् १४ प्रतिशतले अभिभावकलाई दिएको पाइयो। धेरैजसो अर्थात् ५३ प्रतिशतले अविभावकसँग सरसल्लाह गरी खर्च गरेको देखिन्छ।

(ग) प्रक्रिया/नियमितता/रकम संकलन

छात्रवृत्ति प्रक्रियाबारे ९६ प्रतिशत अर्थात् २८ जनालाई थाहा नभएको पाइयो। छात्रवृत्ति प्राप्त गर्ने ९६ प्रतिशत विद्यार्थी नियमित विद्यालय गइरहेको देखिन्छ। छात्रवृत्ति प्राप्त गरेका मध्ये ५९.५ अर्थात् १७ जनाले छात्रवृत्ति रकम स्वयम् संकलन गरेको र बाँकीको रकम अभिभावकले प्राप्त गरेको देखिन्छ।

(घ) समानता/सहयोग/पर्याप्तता

छात्रवृत्ति रकम वितरण गर्दा सबैलाई समान रूपमा नगरिने गरेको भनी १४ प्रतिशत विद्यार्थीले गुनासो गरे । ३१.५ प्रतिशतले समान रूपमा रकम प्राप्त गरेको र बाँकीलाई थाहा नभएको पाइयो । रकमबाट ७० प्रतिशतलाई छात्रवृत्ति रकमले केही सहयोग भएको लागेको, १६ प्रतिशतलाई पुर्ण सहयोग भएको र १४ प्रतिशतलाई केही नभएको लागेको पाइयो । प्रायः सबै विद्यार्थीको छात्रवृत्ति रकम अपर्याप्त रहेको धारणा पाइयो ।

(ङ) अपेक्षित रकम र वितरण समय

सेवाग्राहीहरूले वार्षिक रु. ५ सयदेखि ६ हजारसम्म अपेक्षा राखेको पाइयो । ३५ प्रतिशतले नयाँ शैक्षिकसत्र सुरु हुँदा पाउनु राम्रो हुने धारणा राखे, ५२.५ प्रतिशतले परीक्षा अगाडि हुनुपर्छ भन्ने धारणा राखे भने र १२.५ प्रतिशतले जहिले दिए पनि फरक नपर्ने धारणा राखे ।

६.४.२. समूह छलफल/ सरोकारवाला विश्लेषण

सर्वेक्षणमा छात्रा र दलित छात्रवृत्तिको प्रभावकारिता र घर-घरमा पर्ने असरको आँकलन गर्न व्यवस्थापन समितिसमेतको अभिभावक भेला गराई समूह छलफल गरी जम्मा १२ जना अभिभावक भेला भएका थिए, सो भेलामा निम्न विषयमा छलफल भई निम्न तथ्य प्रकाशमा आएको थियो .

(क) छात्रवृत्ति रकमबारे सचेतना

भेलामा सहभागी प्रायः सबैलाई छात्रवृत्तिबारे थाहा भएको पाइयो । एउटा विद्यालयका अभिभावकहरूले विद्यालयले विद्यार्थीको निम्ति रु. १ सय २० रुपैयाँ टाई र पेटीका लागि काटेको जानकारी पनि दिइएका थिए । विद्यालयमा उपलब्ध अभिलेखमा भने यसरी रकम कट्टा गरेको देखिँदैन ।

(ख) वितरण समय र प्रापक

छात्रवृत्ति रकम वितरण हुने समयबारे विद्यार्थीहरूले अभिभावकलाई जानकारी दिने गरेको पाइयो ।
विद्यालयले व्यवस्थापन समिति र शिक्षकको छलफलबाट विद्यार्थीको उपस्थितिमा अभिभावकलाई रकम हस्तान्तरण गरेको पाइयो, सहभागी सबैको छात्रवृत्तिको रकम अत्यन्त न्यून भएको गुनासो पाइयो ।

(ग) खर्चसम्बन्धी निर्णय : समूहमा

खासगरी दलित छात्रवृत्ति वितरण गरेको दिन अभिभावकले रक्सी खाएर मातेको भन्ने जानारी पनि दिइयो । अन्यथा, खर्चको निर्णय विद्यार्थी र अभिभावक मिलेर नै गर्ने गरेको देखियो ।

(घ) छात्रवृत्तिले ल्याएको परिवर्तन

रकम अत्यन्त न्यून भएकाले खासै परिवर्तन ल्याउन नसकेको तर पढ्न गए सरकारले पैसा दिन्छ भन्ने मनोविज्ञान भएको । विद्यालयहरूकाबीच र एउटै विद्यार्थीहरूका बीचमा एउटै मापदण्डका आधारमा समान रूपमा रकम वितरण हुने सुनिश्चितताका लागि सम्वन्धित निकायको पर्याप्त निगरानी हुनुपर्ने देखिन्छ ।

(ङ) तह र शैक्षिक जीवनमा असर :

शैक्षिकभार केही मात्रामा कम भएको। शैक्षिक जीवनमा खासै असर नपुगेको तर थोरबहुत विद्यार्थीले सम्मानित भएको महसुस गरेको।

७) संस्थागत टिप्पणी :

सर्वेक्षणको दौरान बजेट खर्चको विश्लेषणको अलावा विभिन्न आँकडा अभिलेखको अध्ययन र पदाधिकारी, व्यक्तिहरूसँगको छलफलबाट केन्द्र र जिल्लास्तरमा प्रकाशमा आएका तथ्य निम्न छन् :

७.१ केन्द्रीयस्तर (नेपाल सरकार, शिक्षा मन्त्रालय र शिक्षा विभाग) :

शिक्षा मन्त्रालय र शिक्षा विभागको अभिलेखीकरण र प्रतिवेदनको गुणस्तरमा प्रगति भएको देखिएको छ। खासगरी वित्तीय व्यवस्थापन कार्ययोजना र कार्यक्रम कार्यान्वयन विधिमा सुधार भएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७०/७१ प्रकाशनमा आएको छ, जसमा छात्रवृत्ति, खासगरी छात्रा र दलित छात्रवृत्तिसम्बन्धी कार्यान्वयन विधि विस्तृत रूपमा व्याख्या गरिएको छ। यसअघि छात्रवृत्ति कार्यान्वयन निर्देशिका २०६८ (मस्यौदा) बमोजिम छात्रवृत्ति कार्यक्रम सञ्चालन भइरहेको थियो। कार्यान्वयन पुस्तिकाका आधारमा कार्यान्वयनको अध्ययन गर्दा केही कमी कमजोरी देखापरेको थियो।

(क) अ.व. २०६८/६९ मा कुल बजेटको ९७.१ प्रतिशत सदुपयोग भएको थियो, तर छात्रवृत्तितर्फ मात्र ८२.८ प्रतिशत खर्च भएको थियो। यसले कार्यान्वयनतर्फ कमी कमजोरी रहेको इंगित गर्छ।

(ख) कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट निकासा फारममा उपशीर्षक ३५०८०३३ मा छात्रवृत्ति रकम स्रोत र दातृ निकायको आधारमा मात्र वर्गीकरण गरिएको तर छात्रा र दलित छात्रवृत्ति भनी छुट्टाछुट्टै शीर्षक नभएकाले गर्दा कुनै एक कार्यक्रम मात्रको खर्च पछ्याउन सजिलो छैन।

(ग) छात्रवृत्ति वितरण गरिसकेपछि त्यसको अनुगमनको छुट्टै प्रतिवेदन बुझाउने व्यवस्था नभएको देखिन्छ।

(घ) वार्षिक रणनीतिक कार्यान्वयन योजना निर्माण गर्न ढिलाइ भएकाले गर्दा कार्यक्रम नै ढिलो कार्यान्वयन भएको देखिन्छ।

७.२.जिल्ला शिक्षा कार्यालय

(क) बजेट र खर्चको हकमा विभागबाट छात्र र दलित छात्रवृत्तिको निम्ति निकासा भएको र जिल्लामा खर्च भएको रकममा भिन्नता देखियो । यसरी फरक पर्न आएको रकमको अभिलेख कतै देखिएन । शिक्षा विभागले प्रकाशन गर्ने शैक्षिक तथ्याङ्क (फ्ल्यास रिपोर्ट) र जिल्ला शिक्षा कार्यालयको शैक्षिक आँकडाको बीचमा उल्लेख्य भिन्नता पाइयो ।

(ख) छात्रा र दलित विद्यार्थीको संख्या विद्यालयको अभिलेखमा भन्दा जिल्ला शिक्षा कार्यालयको अभिलेखमा बढी पाइयो। त्यसैगरी जिल्ला शिक्षा कार्यालयको अभिलेखमा भन्दा फ्ल्यास रिपोर्टमा बढी विद्यार्थी संख्या देखियो।

(ग) विद्यालयहरूलाई एकै समयमा छात्रवृत्ति रकम निकासा नगरी भिन्न-भिन्न मितिमा दिने गरेको पाइयो ।

(घ) जि.शि.का.ले छात्रवृत्ति प्राप्त गर्ने विद्यालय, विद्यार्थी संख्या र छात्रवृत्ति निकासाको सूचना वेबसाइटमा नराखेको भेटियो।

(ङ) छात्रवृत्ति समिति क्रियाशील नरहेको पाइयो ।

(च) जि.शि.का.ले अनुगमन भ्रमण योजना नबनाएको र अनुगमन प्रतिवेदन तयार गर्ने परिपाटि नभएको पाइयो। वित्तीय अनुगमन पनि पर्याप्त देखिएन।

(छ) विद्यालयबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन र सामाजिक परीक्षणको अभिलेख राख्ने गरेको पाइएन ।

७.३ विद्यालयहरू

(क) निकासा र खर्चतर्फ छात्रा र दलित छात्रवृत्ति वितरणपछि बाँकी देखिनुपर्ने रकमको अभिलेख नराखिएको पाइयो ।
(ख) जि.शि.का. बाट निकासाभन्दा विद्यालयले कम रकम प्राप्त गरेको देखाएको तर खर्च भने प्राप्त रकमभन्दा बढी देखियो।
(ग) छात्रातर्फ निकासा प्राप्त भएको भन्दा बढी र दलिततर्फ कम रकम खर्च भएको देखियो।
(घ) जि.शि.का.को अभिलेखमा भन्दा विद्यालयको अभिलेखमा विद्यार्थी संख्या कम देखियो।
(ङ) सामान्यतः हरहिसावको अभिलेख राख्ने व्यवस्था कमजोर रहेको **पाइयो**। उच्च माध्यमिक र माध्यमिक विद्यालयमा भन्दा निम्न माध्यमिक विद्यालयको लेखा प्राणाली झनै कमजोर देखियो। अधिकांश विद्यालयमा नगद खाता, लेजर र आयव्यय विवरण भेटिएन।
(च) शैक्षिक सत्रको बीचमा भर्ना भएको विद्यार्थीलाई पनि छात्रवृत्ति कार्यक्रममा समावेश गरेको पाइयो ।
(छ) कुनै विद्यालयमा दोहोरो छात्रवृत्ति प्रदान गरिएको पनि पाइयो ।
(ज) छात्रवृत्ति वितरणको सूचना दिने तरिकामा एकरूपता पाइएन ।
(झ) छात्रवृत्ति रकमको वितरणपछि भर्पाइको रूपमा रजिस्टरमा हस्ताक्षर गरिएको भेटियो । रकम नलेखी हस्ताक्षर गरेको पनि भेटियो । अभिभावकले प्राप्त गर्दा औंठाछाप पनि लगाएको पाइयो।
(ञ) लेखापरीक्षकको छनोटका सम्बन्धमा व्यवस्थापन समितिका कतिपय सदस्यलाई थाहा नै नभएको पाइयो।
(ट) निमाविमा सम्पूर्ण आर्थिक सूचना प्रधानाध्यापकलाई मात्र थाहा भएको र अन्य शिक्षकहरू अनविज्ञ रहेको पाइयो।
(ठ) छात्रवृत्तिसम्बन्धी निर्णयहरू निर्णय पुस्तिकामा नचढाउने गरेको भेटियो ।

८. प्रमुख चुनौती र सुझाव :

छात्रा र दलित छात्रवृत्तिको बजेट विद्यार्थी संख्यामा भर पर्छ। विद्यार्थी संख्याको हकमा विभिन्न तहमा विभिन्न तहमा फरक-फरक आँकडाहरू देखाइएको छ। कुन आँकडा भरपर्दो र विश्वसनीय छ भनी ठम्याउन गाह्रो छ, जसले गर्दा खर्च पछ्याइ र उद्देश्यअनुरूपको बजेट खर्च सर्वेक्षण गर्न सजिलो छैन। मन्त्रालय, विभाग, जि.शि.का. को अपर्याप्त सूचना र विद्यालयको कमजोर आँकडा र कमजोर अनुगमनले छात्रवृत्ति कार्यक्रमको उद्देश्य प्राप्तिमा कठिनाइ रहेको देखिन्छ। त्यसकारण यसलाई चुस्त, दुरुस्त राख्न र खर्चको अधिकतम सदुपयोग र प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ।

(क) विद्यालय र विद्यार्थीका सूचना तथा आँकडा अद्यावधिक गर्ने प्रणालीको विकास गर्ने।
(ख) तथ्यपूर्ण सूचना र आँकडाको आधारमा यथार्थपरक बजेट निर्माण गर्ने।
(ग) समयमै छात्रवृत्ति रकमको उपलब्धता र प्रवाहको सुनिश्चितता गर्ने।
(घ) जि.शि.का.ले छात्रवृत्तिसम्बन्धी स्थानीयरूपमा छात्रा र दलित छात्रवृत्तिको निम्ति निकासा र वितरणको आचारसंहिता एवं निर्देशिका बनाएर एकरूपता ल्याउने र छात्रवृत्तिसँग सम्बन्धित सबै अभिलेख अध्यावधिक गरी स्रोत केन्द्रमा राख्ने । सो अभिलेखका आधारमा दण्ड, सजायको प्रवधानको विकास गर्ने।
(ङ) विद्यालयमा सरल लेखा प्रणाली लागू गर्ने र व्यवस्थापन समिति, प्रधानाध्यापक, लेखापाल वा लेखा हेर्ने शिक्षकलाई सोसम्बन्धी तालिम दिने।
(च) छात्रवृत्ति कार्यक्रम, छात्रवृत्तिको रकम, वितरण प्रक्रिया, वितरणको समय र उपयोगिता जस्ता विषयमा विद्यालयका

विद्यार्थीको निम्ति सचेतना कार्यक्रम सञ्चालन गर्ने। कक्षा शिक्षकबाट विद्यार्थीलाई अभिमुखीकरण गर्नु उपयुक्त हुन्छ।

(छ) छात्रवृत्तिलाई विद्यार्थीको हाजिरी र उनीहरूको आचरणसँग आबद्ध गर्ने जसबाट अनुशासनलाई मदत पुग्छ भने छात्रवृत्ति पाउनका लागि पूरा गर्नुपर्ने मापदण्डको पनि पालना हुन्छ ।

(ज) हिन भावना र नकारात्मक उत्प्रेरणालाई हतोत्साही गर्न छात्रवृत्ति रकम वितरण गर्दा समान रूपले गर्ने अन्यथा असमान रूपमा वितरण गर्नुपर्नाको कारणबारे विद्यार्थीहरूलाई जानकारी दिने।

९. निष्कर्ष

छात्रवृत्ति सदुपयोगको निम्ति शिक्षा मन्त्रालय र विभागबाट अपनाइएको उपाय र संकल्पको बाबजुद कार्यान्वयनतर्फ खासगरी नियन्त्रण, प्रक्रियाको आत्मसात र अनुगमनमा प्रशस्त कमी कमजोरी देखा पर्नुले बजेट र कार्यक्रमको उद्देश्य पुरा हुनेमा आशंका विद्यमान छ। यसको निम्ति माथिल्लो तहको संकल्पको निरन्तरताको साथसाथै क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूको गुणस्तरीय र यथार्थपरक आँकडाको तयारी विद्यालयमा सरल लेखा प्रणालीको कार्यान्वयन, गुणस्तरीय लेखापरीक्षणका निम्ति सक्रिय भुमिका र अनुगमनको आवश्यकता छ। जि.शि.का., विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, लेखापरीक्षक र अभिभावक बीचमा सन्तुलनको पनि उत्तिकै आवश्यक छ।

खासगरी विद्यालय र विद्यार्थी संख्याको यथार्थपरक आँकडा तयार पार्नु अत्यन्त आवश्यक छ। यसैबाट छात्रवृत्ति रकम विनियोजनदेखि कार्यान्वयन, अनुगमन र नियन्त्रण गर्न सजिलो हुन्छ। यस्ता अनुसन्धान, अध्ययन, सर्वेक्षणजस्ता कार्यले छात्रवृत्ति लक्षित समूहमा पहुँचमा देखापरेको चुनौतीको सामना गर्न, कार्यक्रममा आवश्यक सुधार र परिमार्जन गर्न, यथार्थपरक बजेटको निर्माण र प्रभाव आँकलन गर्न सहयोग गर्छ। त्यसैले सरकार र नागरिक तहबाट यस किसिमका अध्ययनहरू निरन्तर गर्नु आवश्यक देखिन्छ।

सन्दर्भ सामग्री

१. आ.व २०७०/७१ को बजेट वक्तव्य, अर्थ मन्त्रालय, नेपाल सरकार।

२. आ.व २०७०/७१ को रातो किताब, अर्थ मन्त्रालय, नेपाल सरकार।

३. आ.व २०६९/७० को रातो किताब, अर्थ मन्त्रालय, नेपाल सरकार।

४. आ.व २०६८/६९ को रातो किताब, अर्थ मन्त्रालय नेपाल सरकार।

५. फ्ल्यास रिपोर्ट २०६९ शिक्षा विभाग, नेपाल सरकार।

६. छात्रवृत्ति कार्यान्वयन निर्देशिका २०६८, शिक्षा विभाग नेपाल सरकार।

७. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७०, शिक्षा विभाग, नेपाल सरकार।

८. नेपालमा बजेट तर्जुमा तथा कार्यान्वयन व्यवस्था र विभिन्न निकायको भूमिका, प्राड नेपाल

९. शैक्षिक बुलेटिन २०६९, जिल्ला शिक्षा कार्यालय, कपिलवस्तु।

१०. *Consolidated Report (2011-12), DoE, GON*

११ *Public Expenditure Tracking and Facility Surveys: A general Note on Methodology - Swarnim Waglé and Parmesh Shah of the Social development Department at The World Bank Group*

१२ *School Sector Reform Program-Public Expenditure Tracking Survey/Fund Flow Tracking Survey for 2011/12, NK Sharma and Company, Tripureswor, Kathmandu, May 2013*

१३ *Status Report 2011, Department of Education, Government of Nepal*

१४ *Using Public Expenditure Tracking Surveys to Monitor Projects and Small Scale Program - A Guidebook – Maragreta Kozoil and Courtney Tolmie*

अध्ययनका दौरान सम्पर्क गरिएका व्यक्तिहरूको नामावली

१.	दुर्गा कँडेल	उप-सचिव शिक्षा विभाग
२.	कृष्ण पौडेल	शाखा अधिकृत, शिक्षा विभाग
३.	सूर्यप्रसाद भुसाल	निमित्त जिल्ला शिक्षा अधिकारी, कपिलवस्तु
४.	चित्रबहादुर केसी	लेखा अधिकृत, शिक्षा विभाग
५.	खिमबहादुर डिसी	विद्यालय निरिक्षक, जि.शि.का
६.	विनोदकुमार पौडेल	लेखापाल, जि.शि.का
७.	विश्वप्रसाद अर्याल	प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तु
८.	तुलसी पन्थी	लेखा अधिकृत, कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तु
९.	अशोककुमार यादव	प्रधानाध्यापक, श्रीमावि हरिहरपुर
१०.	तनु श्री भण्डारी	सह-प्राचार्य, महेन्द्र उच्च मावि, कोपवा
११.	गोपालकृष्ण दुबे	लेखापाल, महेन्द्र उ.मा.वि., कोपवा
१२.	युवराज बेलबासे	प्रधानाध्यापक, श्री त्रिशक्ति नि.मावि, दुविया
१३.	रविराज घिमिरे	प्रधानाध्यापक, श्री जनज्योति नि.मा.वि, महेन्द्रकोट
१४.	रायबहादुर विक	शिक्षक, श्री जनज्योति निमावि, वीरपुर
१५.	वासुदेव खनाल	सह-प्राचार्य, श्री उ.मा.वि बर्करपुर
१६.	रोमकान्त बेलबासे	अध्यक्ष, विद्यालय व्यवस्थापन समिति, श्री त्रिशक्ति निमावि
१७.	शेरबहादुर विक	अभिभावक
१८.	कमल बेलबासे	अभिभावक
१९.	निर्मला न्यौपाने	अभिभावक
२०.	प्रेमनारायण बेलबासे	अभिभावक
२१.	ठाकुरप्रसाद पन्थी	अभिभावक
२२.	दीनानाथ मरासिनी	अभिभावक
२३.	नेत्रप्रसाद पौडेल	अभिभावक
२४.	मगरु थारु	अभिभावक
२५.	सीता विक	अभिभावक
२६.	हरिप्रसाद पन्थी	अभिभावक
२७.	शेरबहादुर विक	अभिभावक

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम मूल्यप्रति प्रतिवद्ध पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मी, प्राध्यापक–शिक्षक, समाजशास्त्री तथा विकास कार्यकर्ताहरूको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो ।

सूचनाको हक, बजेट र वैदेशीक सहयोगको पारदर्शिता, ओपन डाटा, सार्वजनिक वित्त व्यवस्थापनमा सुधार लगायत सामाजिक जवाफदेहीता प्रवर्धनका गतिविधिमार्फत आम जनतालाई लोकतन्त्रको प्रतिफल प्राप्त गर्ने अवस्थामा पुऱ्याउन यो संस्था प्रयासरत छ ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरू यसका सदस्य वन्न सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनसँग सहकार्य गरेर अगाडि वढ्ने हाम्रो नीति रहेको छ ।

सम्पुर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरु केही छैन भन्ने फ्रिडम फोरम ठान्छ ।

FREEDOM FORUM

फ्रिडम फोरम

पोष्ट बक्सः २४२९२, थापाथली, काठमाण्डौं, नेपाल

फोनः ४१०२०३०/४१०२०२२, फ्याक्सः ४२२६०९९

इमेलः info@freedomforum.org.np

वेबसाईटः www.freedomforum.org.np, www.nepalpressfreedom.org

ISBN 9937888409